खोटाङ जिल्लाको दिक्तेल–रूपाकोट–मझुवागढी क्षेत्रमा प्रचलित नेपाली लोककथाको संरचना

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय,
नेपाली केन्द्रीय विभागअन्तर्गत दर्शनाचार्य-विद्यावारिधि तह
तेस्रो सत्रको शोधप्रबन्ध (७२०) को
प्रयोजनका लागि
प्रस्तुत

शोधप्रबन्ध

शोधकर्ता
अर्जुनकुमार श्रेष्ठ
दर्शनाचार्य-विद्यावारिधि तह
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौँ
२०८१

प्रतिबद्धता

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागमा दर्शनाचार्य-विद्यावारिधि तहको उपाधि हासिल गर्नका लागि ***खोटाङ जिल्लाको दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा प्रचलित नेपाली लोककथाको संरचना*** शीर्षकको प्रस्तुत शोधप्रबन्ध मैले शोधनिर्देशक प्रा. डा. कृष्णप्रसाद न्यौपानेज्यूको निर्देशनमा तयार पारेको हुँ । मैले यस शोधप्रबन्धको कुनै पनि पाठ वा अंश कुनै प्रयोजनका निमित्त अन्यत्र उपयोग गरेको छैन र अन्य कुनै लेख वा ग्रन्थबाट बिना उद्धरण कुनै पनि अंश उद्धृत गरेको छैन भनी प्रतिवद्धता व्यक्त गर्दछु । यस प्रतिवद्धता विपरीत कुनै प्रमाण भेटिएमा वा अन्यथा हुन गएमा म त्यसप्रति पूर्ण जवाफदेही हुनेछु ।

शैक्षिक सत्र : २०७९/८०
रोल नं. : १३
त्रि वि दर्ता न : ६-१-२२३-८-९९
मिति : २०८१/०७/२५

.....
अर्जुनकुमार श्रेष्ठ

शोधनिर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको दर्शनाचार्य-विद्यावारिधि तहका शोधार्थी श्री अर्जुनकुमार श्रेष्ठले दर्शनाचार्य-विद्यावारिधि तह तेस्रो सत्रको पाठ्यांश सङ्केत (७२०) को परिपूर्ति गर्ने प्रयोजनार्थ ***खोटाङ जिल्लाको दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा प्रचलित नेपाली लोककथाको संरचना*** शीर्षकको शोधप्रबन्ध मेरा निर्देशनमा तयार पार्नुभएको हो । स्थलगत अध्ययनबाट सामग्री सङ्कलन गरी परिश्रमपूर्वक तयार पारिएको प्रस्तुत शोधकार्यप्रति म सन्तुष्ट छु । त्यसकारण यसको आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागमा सिफारिस गर्दछु ।

.....

प्रा.डा. कृष्णप्रसाद न्यौपाने

शोधनिर्देशक

नेपाली केन्द्रीय विभाग

त्रि. वि. कीर्तिपुर

मिति : २०८१/०७/२५

त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्काय

नेपाली केन्द्रीय विभाग, कीर्तिपुर

स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको दर्शनाचार्य-विद्यावारिधि तहका शोधार्थी श्री अर्जुनकुमार श्रेष्ठले दर्शनाचार्य-विद्यावारिधि तह तेस्रो सत्रको पाठ्यांश सङ्केत (७२०) को प्रयोजनार्थ तयार पार्नुभएको ***खोटाङ जिल्लाको दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा प्रचलित नेपाली लोककथाको संरचना*** शीर्षकको शोधप्रबन्धलाई नेपाली विषयमा दर्शनाचार्य-विद्यावारिधि उपाधिको प्रयोजनको निम्ति आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

शोधप्रबन्ध मूल्याङ्कन समिति

नाम	**हस्ताक्षर**
१. प्रा.डा.कृष्णप्रसाद न्यौपाने (विभागीय प्रमुख तथा शोधनिर्देशक)	.....
२. प्रा.डा. षडानन्द पौड्याल (बाह्य परीक्षक)	.....
३. सहप्रा.डा. दुर्गाबहादुर घर्ती (आन्तरिक परीक्षक)	.....

मिति : २०८१/०७/ २५

कृतज्ञताज्ञापन

खोटाङ जिल्लाको दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा प्रचलित लोककथाको संरचना शीर्षकको प्रस्तुत शोधप्रबन्ध मैले त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभागको दर्शनाचार्य-विद्यावारिधि तह तेस्रो सत्रको पाठ्यांश सङ्केत ७२० को प्रयोजनार्थ आदरणीय गुरू नेपाली केन्द्रीय विभागका विभागीय प्रमुख प्रा.डा. कृष्णप्रसाद न्यौपानेको निर्देशनमा तयार पारेको हुँ । यो शोधप्रबन्ध तयारीका सन्दर्भमा आफ्नो कार्यव्यस्तताका बिच पनि समय निकालेर निर्देशन तथा विविध सल्लाह प्रदान गर्नु हुने आदरणीय गुरू नेपाली केन्द्रीय विभागका विभागीय प्रमुख तथा शोधनिर्देशक प्रा.डा. कृष्णप्रसाद न्यौपाने, बाह्य परीक्षक प्रा.डा. षडानन्द पौड्याल तथा आन्तरिक परीक्षक सहप्रा.डा. दुर्गाबहादुर घर्ती गुरूप्रति म कृतज्ञता प्रकट गर्दछु ।

दर्शनाचार्य-विद्यावारिधि तहको अध्ययनका लागि आवश्यक पूर्वाधार तयार गरी पठनपाठनको उपयुक्त वातावरण मिलाइ दिने नेपाली केन्द्रीय विभाग तथा अध्ययनका क्रममा निरन्तर सहयोगका साथै मार्गदर्शन गराउनु हुने यस विभागका आदरणीय गुरूहरूप्रति कृतज्ञ छु । शोधकार्यका लागि आवश्यक सामग्री उपलब्ध गराउने नेपाली विभागीय पुस्तकालय, त्रि.वि.केन्द्रीय पुस्तकालयका साथै नेपाली केन्द्रीय विभागका कर्मचारी महेश तिवारीलगायत सबैप्रति पनि म आभारी छु । अध्ययनका लागि कक्षाकोठादेखि हालसम्म सहयोग गर्ने मेरा सहपाठी मित्रहरूलाई धन्यवादज्ञापन गर्दछु ।

अन्त्यमा म त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग, दर्शनाचार्य-विद्यावारिधि कार्यक्रमको तेस्रो सत्रका लागि तयार पारिएको प्रस्तुत शोधप्रबन्ध आवश्यक मूल्याङ्कनका लागि यस नेपाली केन्द्रीय विभागसमक्ष प्रस्तुत गर्दछु ।

शैक्षिक सत्र : २०७९/८०
रोल नं. : १३ .....
त्रि वि दर्ता न : ६-१-२२३-८-९९ अर्जुनकुमार श्रेष्ठ
मिति : २०८१/०७/२५

विषयसूची

पहिलो परिच्छेद
शोधपरिचय

१.१	विषयपरिचय	१
१.२	समस्याकथन	२
१.३	उद्देश्य	२
१.४	पूर्वकार्यको समीक्षा	३
१.५	अध्ययनको औचित्य र महत्त्व	१०
१.६	शोधको सीमाङ्कन	१०
१.७	शोधविधि	११
	१.७.१ सामग्री सङ्कलनविधि	११
	१.७.२ सामग्री विश्लेषणविधि	१२
१.८	शोधप्रबन्धको रूपरेखा	१३

दोस्रो परिच्छेद
खोटाङ जिल्लाको दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रको परिचय

२.१	विषयपरिचय	१४
२.२	खोटाङ जिल्लाको दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रको परिचय	१४
	२.२.१ भौगोलिक अवस्था	१४
	२.२.२ ऐतिहासिक परिचय	१५
	२.२.३ सामाजिक अवस्था	१५
	२.२.४ आर्थिक अवस्था	१६
	२.२.५ शैक्षिक अवस्था	१७
२.३	निष्कर्ष	१७

तेस्रो परिच्छेद
खोटाङ जिल्लाको दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा प्रचलित लोककथाको वर्गीकरण

३.१	विषयप्रवेश	१८
३.२	लोककथाको परिचय	१८
३.३	लोककथा वर्गीकरणको सैद्धान्तिक परिचय	२०
३.४	खोटाङ जिल्लाको दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा प्रचलित लोककथाको वर्गीकृत विश्लेषण	२२
	३.४.१ विषयवस्तुका आधारमा लोककथाको वर्गीकरण	२३

३.४.२ भावका आधारमा लोककथाको वर्गीकरण २६
३.४.३ शिल्पविधानका आधारमा लोककथाको वर्गीकरण २८
३.४.४ उद्देश्यका आधारमा लोककथाको वर्गीकरण २९
३.५ खोटाङ जिल्लाको दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा प्रचलित नेपाली लोककथाको वर्गीकरण ३०
३.६ निष्कर्ष ३१

चौथो परिच्छेद

खोटाङ जिल्लाको दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा प्रचलित लोककथाको संरचनात्मक संरचना

४.१ विषयप्रवेश ३३
४.२ लोककथाको संरचनाको सैद्धान्तिक आधार ३४
४.२.१ लोककथाको संरचना ३५
४.२.२ लोककथाको संरचक घटकहरूको परिचय ३८
४.३ 'अन्धा भाग्य' कथाको विश्लेषण ४७
४.३.१ कथानक ४७
४.३.२ सहभागी ४८
४.४.३ परिवेश ५०
४.३.४ उद्देश्य ५०
४.३.५ भाषाशैलीगत विन्यास ५०
४.४ 'ऋणको भारी' लोककथाको संरचनात्मक विश्लेषण ५१
४.४.१ कथानक ५१
४.४.२ सहभागी ५२
४.४.३ परिवेश ५४
४.४.४ उद्देश्य ५५
४.४.५ भाषाशैलीगत विन्यास ५५
४.५ 'कलीको धर्म' लोककथाको संरचनात्मक विश्लेषण ५६
४.५.१ कथानक ५६
४.५.२ सहभागी ५७
४.५.३ परिवेश ५८
४.५.४ उद्देश्य ५८
४.५.५ भाषाशैलीगत विन्यास ५९
४.६ 'चतुरे कान्छाको कथा' लोककथाको संरचनात्मक विश्लेषण ५९
४.६.१ कथानक ५९
४.६.२ सहभागी ६१
४.६.३ परिवेश ६३

४.६.४ उद्देश्य ६४
४.६.५ भाषाशैलीगत विन्यास ६४
४.७ 'टुहुराको पनि दिन फिर्छ' लोककथाको संरचनात्मक विश्लेषण ६५
४.७.१ कथानक ६५
४.७.२ सहभागी ६७
४.७.३ परिवेश ६८
४.७.४ उद्देश्य ६९
४.७.५ भाषाशैलीगत विन्यास ७०
४.८ 'तर्साउने पाटीको कथा' लोककथाको संरचनात्मक विश्लेषण ७०
४.८.१ कथानक ७१
४.८.२ सहभागी ७३
४.८.३ परिवेश ७५
४.८.४ उद्देश्य ७५
४.८.५ भाषाशैलीगत विन्यास ७६
४.९ 'दाजुभाइको कथा' लोककथाको संरचनात्मक विश्लेषण ७६
४.९.१ कथानक ७६
४.९.२ सहभागी ७०
४.९.३ परिवेश ८१
४.९.४ उद्देश्य ८१
४.९.५ भाषाशैलीगत विन्यास ८१
४.१० 'बुद्धिको खेल' लोककथाको संरचनात्मक विश्लेषण ८२
४.१०.१ कथानक ८२
४.१०.२ सहभागी ८५
४.१०.३ परिवेश ८७
४.१०.४ उद्देश्य ८७
४.१०.५ भाषाशैलीगत विन्यास ८७
४.११ 'मुसा र मानिस' लोककथाको संरचनात्मक विश्लेषण ८८
४.११.१ कथानक ८८
४.११.२ सहभागी ८९
४.११.३ परिवेश ९१
४.११.४ उद्देश्य ९१
४.११.५ भाषाशैलीगत विन्यास ९२
४.१२ 'स्त्रीको खेल' लोककथाको संरचनात्मक विश्लेषण ९२
४.१२.१ कथानक ९३
४.१२.२ सहभागी ९५
४.१२.३ परिवेश ९६

४.१२.४ उद्देश्य ९७
४.१२.५ भाषाशैलीगत विन्यास ९७
४.१३ निष्कर्ष ९७

पाँचौं परिच्छेद
सारांश तथा निष्कर्ष

५.१ सारांश ९९
५.२ निष्कर्ष १०२

परिशिष्ट

परिशिष्ट (क) : दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा प्रचलित नेपाली लोककथा १०७
परिशिष्ट (ख) : स्रोतव्यक्तिको नामावली १२९
परिशिष्ट (ग) : दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रको नक्सा १३०

सन्दर्भ सामग्रीसूची १३१

पहिलो परिच्छेद

शोधपरिचय

१.१ विषयपरिचय

नेपालको कोशी प्रदेशअन्तर्गत खोटाङ जिल्लास्थित सदरमुकामको रूपमा दिक्तेल-रूपाकोट-झुवागढी नगरपालिका रहेको छ । दिक्तेल-रूपाकोट-मझुवागढी नगरपालिका खोटाङ जिल्लाको सदरमुकाममा अवस्थित छ । यसको पूर्वमा भोजपुर जिल्ला, पश्चिममा हलेसी तुवाचुङ नगरपालिका र रावाबेशी गाउँपालिका, उत्तरमा केपिलासगढी तथा ऐँसेलुखर्क गाउँपालिका र दक्षिणमा साकेला गाउँपालिका रहेको छ । यसका साथै यस नगरपालिकाभित्र मझुवागढी, देवीस्थान कालिकाभगवती, रूपाकोट, भुलभुले, महुरेगढी, साप्सुधाप, मेरुङडाँडा, सहदेवगढी, गुप्तेश्वर, सिद्धेश्वर गुफा आदि ऐतिहासिक, धार्मिक, साँस्कृतिक तथा पर्यटकीय क्षेत्रहरू अवस्थित छन् । खोटाङ जिल्लाको तत्कालीन सदरमुकाम रहेको साबिकको दिक्तेल गा.वि.स र आसपासका लफ्याङ्ग, खाल्ले र बाम्राङ्ग गाविसहरूलाई समेटेर दिक्तेल नगरपालिका घोषणा भएको थियो । सङ्घीय नेपालको पुनर्संरचनासँगै खोटाङ जिल्लाको सदरमुकाम दिक्तेलमा केन्द्र रहने गरी एक मात्र नगरपालिकाको रूपमा साबिकको दिक्तेल नगरपालिका र साबिकका नेर्पा, चिउरीडाँडा, निर्मलीडाँडा, पाथेका, खार्मी, जालपा, नुनथला, बुइपा र बिजयखर्क लगायतका तेह्र गाविसहरूलाई समावेश गरी रूपाकोट मझुवागढी नगरपालिकाको गठन भयो । २०७३ मा स्थानीय तह पुनर्संरचनापश्चात् साबिकका खार्मी, चिरीडाँडा, जाल्पा, निर्मलीडाँडा, बिजयखर्क, बुइपा, नुनथला, नेर्पा र पाथेका गाविसहरू तथा दिक्तेल न.पा. सम्मिलित गरी यस नगरपालिकको गठन भएको हो । यो नगरपालिका पन्ध्र वडामा विभाजित छ ।

लोकजीवनमा मौखिक परम्परमा हस्तान्तरित हुँदै आएका लोकआख्यानात्मक कथाहरू नै लोककथा हुन् । एउटाले भन्ने र अर्कोले सुन्ने चलन भएकाले यस्ता कथालाई भन्ने कथा पनि भनिन्छ । लोककथामा जीवनका कुनै एक पाटोलाई प्रतिविम्बित गरेको हुन्छ । लोककथामा लोकजीवनका विभिन्न मिथक, किस्सा तथा किंवदन्तीहरूलाई मूल विषय बनाएको हुन्छ । विशेषगरी लोककथा ग्रामीण समाजमा मेलापात गर्दा, कामको थकान मेटाउन, हाटबजार जाँदा, आउँदा, चाडपर्व मनाउँदा लोककथा भन्ने र सुन्ने गरिन्छ । यसरी श्रुतिपरम्पराबाट अगाडि बढ्ने लोककथामा मौलिकता पाइन्छ । लोककथाले अतीतलाई मात्र नभई

वर्तमानलाई समेत चित्रण गरेको हुन्छ । साथै लोककथाले तत्कालीन समाजको मनोदशालाई देखाउँछ । त्यसैले प्रस्तुत शोधकार्यमा आधुनिकतासँगसँगै हराउँदै गएका दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा प्रचलित लोककथाहरूको सङ्कलन तथा विश्लेषण गरिएको छ ।

संरचनाबिना कुनै पनि साहित्यिक विधा पूर्ण हुन सक्दैन । लोककथाको पनि आआफ्नै संरचना हुन्छ । संरचनाको सम्बन्ध उपकरण, घटक वा तत्त्वसँग रहेको हुन्छ । लोककथा बन्न चाहिने आवश्यक तत्त्वहरू नै लोककथाका मूल संरचक हुन् । संरचक घटकहरूले लोककथाको पहिचान दिन्छ । मूलतः लोककथाका घटकहरू कथानक, सहभागी पात्र, परिवेश, उद्देश्य र भाषाशैलीगत विन्यास हुन् । संरचनात्मक अध्ययनमा तिनै घटकका आधारमा विश्लेषण गर्न सकिन्छ । प्रस्तुत शोध दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा प्रचलित लोककथाको संरचनात्मक विश्लेषण गर्नुसँग सम्बन्धित हुने भएकाले यहाँ सङ्कलित लोककथाको परिचय, विभाजन, संगठन, कथानक, सहभागी, परिवेश, उद्देश्य र भाषाशैलीगत विन्यासका आधारमा विश्लेषण गरिएको छ ।

दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा प्रचलित लोककथाको बारेमा अहिलेसम्म पनि विधातात्त्विक अध्ययन, संरचनात्मक अध्ययन आदि कुनै पनि अध्ययन भएका छैनन् । यस क्षेत्रमा प्रचलित लोककथाको संरचनाको बारेमा अध्ययन नभएको हुँदा त्यस रिक्तताको परिपूर्तिका लागि यो अध्ययन गरिएको छ । यस क्षेत्रमा पाइने कथाहरूको संरचनाको अध्ययन लोकसाहित्यको क्षेत्रमा महत्त्वपूर्ण प्राप्ति हुन्छ ।

१.२ समस्याकथन

प्रस्तुत शोधकार्यको मूल शोधसमस्या दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा प्रचलित लोककथाको संरचनात्मक अध्ययन गर्नु हो । यस शोधसमस्यालाई समाधान गर्नका लागि निम्नानुसारका शोधप्रश्नहरू निर्धारण गरिएका छन् :

(क) दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा केकस्ता लोककथा प्रचलित छन् ?

(ख) दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा प्रचलित लोककथाको संरचना केकस्तो छ ?

१.३ उद्देश्य

दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा प्रचलित लोककथाको संरचनात्मक अध्ययन गर्नु नै यस शोधकार्यको मुख्य उद्देश्य हो । प्रस्तुत शोध समस्याको समाधानका लागि निम्नानुसारका उद्देश्यहरू राखिएका छन् :

(क) दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा प्रचलित लोककथाको वर्गीकरण र व्याख्या गर्नु

(ख) दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा प्रचलित लोककथाको संरचना विश्लेषण गर्नु,

१.४ पूर्वकार्यको समीक्षा

प्रस्तुत शोध दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा प्रचलित लोककथाको संरचनात्मक विश्लेषणसँग सम्बन्धित छ । दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा प्रचलित लोककथाबारे गरेका कार्यहरू नै यस अध्ययनको पूर्वकार्यका सामग्रीहरू हुन् । त्यसै गरी संरचनाको सैद्धान्तिक परिचयसँग सम्बधित सामग्री पनि हुन् । यहाँ लोककथाका बारेमा विभिन्न विद्वान्हरूले गरेका कार्यहरूलाई कालक्रमिक रूपमा प्रस्तुत गरिएको छ :

तुलसी दिवस (२०३३) का *नेपाली लोककथा : केही अध्ययन* नामक पुस्तकमा केही प्रचलित नेपाली लोककथाहरूको सङ्कलन गरी सांस्कृतिक-ऐतिहासिक लोककथा, अर्ती उपदेशका लोककथा, पशुपन्क्षीका लोककथा, मानव विशेषका स्वभाव र प्रकृतिसँग सम्बन्धित लोककथा, अतिमानवीय रूपका लोककथा, दैविक लोककथा, फलफूका लोककथा, साहस र बहादुरीका लोककथा, धार्मिक लोककथा गरी फरक फरक आधारमा लोककथाको वर्गीकरण गरेका छन् । खोटाङ जिल्लाको दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा प्रचलित लोककथाको वर्गीकरण गरी अध्ययन अनुसन्धान नभएकोले उक्त रिक्तता पुरा गर्न र लोककथाको संरचनात्मक विश्लेषण गर्न यसबाट सहयोग प्राप्त भएको छ ।

धर्मराज थापा र हंसपुरे सुवेदी (२०४१) ले *नेपाली लोकसाहित्यको विवेचना* नामक पुस्तकमा नेपाली लोकसाहित्यको इतिहास, विकासक्रम, विशेषता, महत्त्व, वर्गीकरण तथा नेपाली लोकसाहित्यका विविध पक्षहरूका बारेमा विवेचना गरेका छन् । लोककथाको विशेषता, वर्गीकरण र विश्लेषण खण्डमा लोककथालाई धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक लोककथा, मानवीय तथा अति मानवीय लोककथा, पशुपन्क्षीका लोककथा, दैवीलोककथा र विविध लोककथामा वर्गीकरण गरेका छन् । यस पुस्तकमा दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा केकस्ता लोककथा प्रचलनमा रहेका छन् भन्ने कुरा उल्लेख गरिएकोले उक्त रिक्तता पुरा गर्न प्रस्तुत पूर्वकार्यले दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा प्रचलित लोककथाको वर्गीकरणका लागि सहयोग पुऱ्याएको छ ।

मोहनराज शर्मा (२०४८) ले *शैलीविज्ञान (सिद्धान्त र समालोचना)* नामक पुस्तकमा कुनै पनि विधाको कृति वा पाठको शैलीवैज्ञानिक तरिकाले विश्लेषण गर्न सक्ने बताएका छन् । यसमा उनले शैलीविज्ञानको सिद्धान्त, संरचनाको अर्थ, स्वरूप, कविताको आख्यानात्मक संरचनाबारे पनि उल्लेख गरेका छन् । यसले पूर्वकार्यमा आख्यानमा चरित्रको प्रयोग कसरी भएको हुन्छ भनी चरित्रको शैलीवैज्ञानिक वर्गीकरणसमेत गरिएको हुनाले प्रस्तुत पूर्वकार्यले दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा प्रचलित लोककथाको वर्गीकरणका गर्न र संरचनात्मक प्रारूप निर्माणका लागि यसले सघाएको छ ।

मोतीलाल पराजुली (२०५४) ले *नेपाली लोककथाका अभिप्रायको अध्ययन* शीर्षकको विद्यावारिधि शोधप्रबन्धमा नेपाली लोककथामा पाइने अभिप्रायको सङ्कलन गरी तिनको तुलनात्मक अध्ययन र विश्लेषण गरी अभिप्रायको अनुक्रमणिका तयार पार्ने काम गरेका छन् । यस अध्ययनमा खोटाङको दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा प्रचलित लोककथामा पाइने अभिप्रायका बारेमा विश्लेषण नगरिएको उक्त अपूर्णता पुरा गर्न यस पूर्वकार्य उपयोगी मानिएको छ । यस शोधप्रबन्धमा समग्र लोककथामा पाइने अभिप्रायको अनुक्रमणिका तयार भएकाले खोटाङ जिल्लाको दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा प्रचलित नेपाली कथामा पाइने संरचनाको विश्लेषणका लागि सहयोगी भएको छ ।

चूडामणि बन्धु (२०५८) ले *नेपाली लोकसाहित्य नामक* पुस्तकमा लोककथाको परिचय, विशेषता, मिथककथा, लोककथा र आधुनिक कथाको अन्तर देखाएका छन् । त्यसैगरी उनले यस पुस्तकमा लोककथाको वर्गीकरण, अध्ययन परम्परा, अध्ययन पद्धति, लोककथामा अभिप्राय र छ ओटा नमुना लोककथासमेत प्रस्तुत गरेका छन् । उनले प्रस्तुत पुस्तकमा लोककथाका सन्दर्भमा लोककथाको सैद्धान्तिक स्वरूप, सामग्री सङ्कलन, अध्ययन परम्परा र केही नमुना लोककथा प्रस्तुत गरेका छन् तर यसका नेपाली लोककथाबाहेक अन्य जातिका लोककथाबारे जानकारी तथा संरचनाको विश्लेषण नभएका कारण सो रिक्तता पूरा गर्न र लोककथाको सिद्धान्त निर्माण यस पुस्तकले सहयोग पुऱ्याएको छ ।

खगेन्द्रप्रसाद लुइटेल (२०६२) ले *कविताको संरचनात्मक विश्लेषण* नामक पुस्तकमा संरचनात्मक दृष्टिकोणबाट कवितालाई प्रगीतात्मक, आख्यानात्मक र नाटकीय कवितामा वर्गीकरण गर्न सकिने उल्लेख गरेका छन् । त्यसैगरी कविताको संरचनात्मक पक्षको विश्लेषण गर्दा संरचनाका पूर्णता, परिवर्तनशीलता र स्वनिष्ठताजस्ता विशेषताहरू रहने, आख्यानात्मक कविताको विश्लेषण भाव वा विचार, सहभागी, परिवेश, उद्देश्य, दृष्टिविन्दु र

भाषाशैलीगत विन्यासका आधारमा गर्न सकिने उल्लेख गरेका छन् । साथै यी कतिपय आधारहरू अन्य विधा (कथा, लोककथा, नाटक) मा समेत प्रयोग गर्न सकिने कुरा उल्लेख गरेका छन् । त्यसैले संचनात्मक दृष्टिकोणले दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रको लोककथाको विश्लेषण नगरिएकाले सोही रिक्ततालाई पूरा गर्न यस पुस्तकले दिएको ढाँचामा अपनाइएको छ ।

खगेन्द्रप्रसाद लुइटेल र मोहनराज शर्मा (२०६३) ले *लोकवार्ताविज्ञान र लोकसाहित्य* नामक पुस्तकमा लोककथाको पूर्वीय, पाश्चात्य आधारमा लोककथाको वर्गीकरण तथा नेपाली लोककथाको वर्गीकरणका आधार र प्रकारबारे उल्लेख गरेका छन् । यसका साथै यस पुस्तकमा लोककथाको उत्पत्तिसम्बन्धी दृष्टिकोण, लोककथाका कथानक, चरित्र, परिवेश, उद्देश्य, भाषा र शैलीको विस्तृत विश्लेषण गरेका छन् । लोककथालाई पौराणिक, पशुपन्क्षीमूलक, सामान्य र यथार्थ लोककथा गरी वर्गीकरण गरेका छन् । यसमा पनि नेपाली लोककथाबाहेक अन्य जातिको लोककथाबारे उल्लेख नभएकाले सो रिक्ततालाई पूर्ण गर्न यसले सघाएको छ । प्रस्तुत शोधप्रबन्ध लोककथाको संरचनात्मक विश्लेषणमा केन्द्रित भएकाले प्रस्तुत पूर्वकार्यले दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा प्रचलित लोककथाको वर्गीकरणका लागि सहयोग पुऱ्याएको छ ।

खगेन्द्रप्रसाद लुइटेल (२०६३) ले *'लोकसाहित्यको विधागत वर्गीकरण'* शीर्षकको लेखमा लोकसाहित्यका विभिन्न विधाहरूबारे उल्लेख गरेका छन् । लुइटेलले लोककथा, लोककविता, लोकगाथा, लोकगीत, लोकनाटक, गाउँखाने कथा, उखान, टुक्का र मन्त्रजस्ता विधाहरूको उल्लेख गरेका छन् । उल्लिखित ती विधालाई प्रस्तुति, श्रेणी, माध्यम, आकार र प्रकारको आधारमा वर्गीकरणसमेत गरेका छन् । यिनै आधारमा हेर्दा लोककथालाई माध्यमका आधारमा गद्य, प्रस्तुतिका आधारमा श्रव्य, श्रेणीका आधारमा स्थूल, आकारका आधारमा लघु र प्रकारका आधारमा लोकगद्य विधाका रूपमा लिएको पाइन्छ । प्रस्तुत शोधले खोटाङ जिल्लाको दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा प्रचलित लोककथाको संरचनात्मक विश्लेषण गर्न यस पुस्तकले सहयोग पुऱ्याएको छ ।

खगेन्द्रप्रसाद लुइटेल (२०६८) ले *'संरचनाको स्वरूप विशेषता'* शीर्षकको र लेखमा संरचनाको अर्थलाई प्रष्ट पारेका छन् । संरचनाको मुख्य अर्थ कुनै वस्तु वा कृतिको पूर्ण, परिवर्तनशील र स्वनिष्ठ व्यवस्था भन्ने हुन्छ । निर्माण वा बनोटका आवश्यक अङ्गहरूको समष्टि एवम् कृतिको सम्पूर्णता तथा त्यसको निर्माण गर्ने घटकहरूको कुल योगलाई

संरचना भनिने, साहित्यको संरचना अमूर्त हुन्छ भनी उल्लेख गरेका छन् । ती सबैलाई अर्थपूर्ण ढङ्गले आकृति प्रदान गर्ने काम कथानक, बिम्ब, प्रतीक आदिले गर्ने कुरा उल्लेख गरिएको छ । प्रस्तुत पूर्वकार्यले खोटाङ जिल्लाको दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा प्रचलित लोककथाको संरचनात्मक विश्लेषणसँग सम्बन्धित सैद्धान्तिक अवधारणा निर्माणमा महत्त्वपूर्ण सहयोग पुऱ्याएको छ ।

कृष्णप्रसाद घिमिरे (२०६९) ले *'अनुसन्धानात्मक समालोचना'* पुस्तकको लोकसाहित्य खण्डमा व्यवहारवादी लोककथाको संरचना र स्वरूप शीर्षकमा यसबारे चर्चा गरेका छन् । साथै यस पुस्तककमा लोककथाको चिनारी, लोककथाको संरचना, लोकथाको प्रयोग : विगत र वर्तमान र डकर्मी मगर कथाको स्वरूप उपशीर्षकमा लोककथाको संरचना र विश्लेषण गरेका छन् । त्यस्तै यस पुस्तकमा लोककथाको कथानकमा आधुनिक कथाको जस्तो तार्किक र मानवीय पात्रहरूको मात्र प्रयोग भएको स्थिति देखिँदैन । यसमा घटनाको शृङ्खलाद्वारा कथानक क्रियाशील भएको देखाइन्छ । लोककथाको कथावस्तु लोकजीवनबाट लिइएको हुन्छ भनी लोककथाको एक महत्त्वपूर्ण संरचक घटक कथानकबारे उल्लेख गरेका छन् । खोटाङ जिल्लाको दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा यस सम्बन्धी अध्ययन अनुसन्धान नभएकाले उक्त रिक्तता पूरा गर्न यस पुस्तकले लोककथाको सैद्धान्तिक अवधारणा बुझ्न, लोककथाको विश्लेषण गर्न सघाउ पुऱ्याएकाले पूर्वकार्यको रुपमा प्रयोग गरिएको छ ।

मोतीलाल पराजुली (२०७१) ले *'नेपाली लोककथा : सिद्धान्त र विश्लेषण'* नामक पुस्तकमा लोककथाको सिद्धान्तबारे विस्तृत विश्लेषण गरेका छन् । यसमा लोककथाका संरचना पूरा गर्नका लागि चाहिने लोककथाका बारे पनि उल्लेख गरेका छन् । साथै लोककथाको महत्त्वपूर्ण अभिप्रायबारे विस्तृत विश्लेषण गरेका छन् । त्यसका आधारमा केही लोककथाको विश्लेषणसमेत गरेका छन् । त्यसैले यस शोधकार्य खोटाङको दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा प्रचलित लोककथाको संरचनात्मक विश्लेषण गर्न उपयोगी भएकाले पूर्वकार्यको रुपमा उपयोग गरिएको छ ।

द्रोणकुमार उपाध्याय पौडेल (२०७४) ले *'लोकवार्ता सिद्धान्त र नेपाली सन्दर्भ'* नामक पुस्तकमा लोकसाहित्यको भौतिक संस्कृतिसँगको सम्बन्ध, लोकसाहित्यसँगको लोकव्यवहार, लोकविश्वास,औषधोपचार, सांस्कृतिक र धार्मिक अनुष्ठानबारे विश्लेषण गरेका छन् । साथै उनले यसमा लोकवार्ता सिद्धान्त तथा लोकसंस्कृतिको प्रयोजन, भौतिक लोकसंस्कृति, रीतिरिवाज र प्रथा, संस्कृति र धार्मिक अनुष्ठान, लोकसाहित्य, सांस्कृतिक

परिवर्तन र प्राचीन वाङ्मयको चर्चासमेत गरेका छन् । प्रस्तुत विवेच्य शोधको सैद्धान्तिक अवधारणा निर्माण गर्न यो पूर्वकार्य एक उपयोगी समाग्रीका रूपमा रहेको छ ।

नवराज भट्ट (२०७४) ले "डोटी जिल्लाको डुम्राकोट क्षेत्रमा प्रचलित लोककथाको अध्ययन" नामक अप्रकाशित दर्शनाचार्य शोधप्रबन्धमा डुम्राकोट क्षेत्रमा प्रचलित लोककथाको विधातात्त्विक आधारमा विश्लेषण गरेका छन् । उनले विश्लेषण गर्नुअघि त्यस क्षेत्रका लोककथाको सङ्कलन गरी किंवदन्तीमूलक र सामाजिक लोककथा भनी वर्गीकरण गरेका छन् । त्यसपछि कथानक, पात्र, परिवेश, उद्देश्य, दृष्टिविन्दु र भाषाशैलीका आधारमा विश्लेषण गरेका छन् । उनले लोककथाको कथाको अन्य संरचक घटक जस्तै परिचय, विभाजन र संगठनबारे उल्लेख नगरिएकाले सो रिक्ततालाई पूर्ण गर्न यस शोध गर्न लागिएको हो । यसमा अठार ओटा लोककथा सङ्कलन गरिएको छ । यस शोधकार्यमा छुटाइएको पशुपन्क्षीमूलक, अतिप्राकृतिक, पौराणिक लोककथाबारे प्रस्तुत शोधप्रबन्धमा उल्लेख गरिएको छ । भट्टले लोककथाका आधारभूतहरू (कथानक, पात्र, परिवेश, उद्देश्य, दृष्टिबिन्दु, भाषाशैली) का आधारमा मात्र विश्लेषण गरेका छन् । खोटाङ जिल्लाको दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा यस सम्बन्धी अध्ययन अनुसन्धान नभएकाले प्रस्तुत शोध लोककथाको संरचनात्मक विश्लेषणसँग सम्बन्धित भएकाले माथि उल्लिखित रिक्ततालाई पूर्ण गर्न र लोककथाको विश्लेषण गर्न सघाएको छ ।

पूर्णानन्द ओझा (२०७४) ले 'डोटी क्षेत्रमा प्रचलित लोककथाको संरचना' शीर्षकको दर्शनाचार्य तहको शोधप्रबन्धमा डोटी जिल्लामा प्रचलित पैँतालिसओटा लोककथाहरू सङ्कलन गरी दशओटा लोककथाको भ्लादिमिर प्रोपको संरचनावादी अध्ययन पद्धतिका आधारमा विश्लेषण गरेका छन् । त्यस क्षेत्रका लोककथामा लोकसमुदायका सुखदुःख, वैराग्य, चलाखी, बहादुरी, बुद्धिमानी आदि विविध अनुभूति र अनुभव समेटिएको कुरा प्रस्तुत गरेका छन् । सृष्टिसम्बन्धी लोककथा, वीरतासम्बन्धी लोककथा, अतिप्राकृतिक लोककथा तथा वीरचरित्रसम्बन्धी लोककथाले डोटी क्षेत्रको समग्र परम्परा र समुदायको जनजीवनलाई झल्काएको कुरा प्रष्ट पारेका छन् । यस पूर्वकार्यमा खोटाङको दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा प्रचलनमा रहेका लोककथाका बारेमा जानकारी नदिइएकोले उक्त रिक्तता पुरा गर्न पूर्वकार्य एक उपयोगी समाग्रीका रूपमा लिइएको छ ।

ईश्वरा पौडेल (२०७६) ले 'ट्याम्केमैयुङ क्षेत्रमा प्रचलित लोकगीतको संरचनात्मक अध्ययन' शीर्षकको दर्शनाचार्य शोधप्रबन्धमा भोजपुर जिल्लाको ट्याम्केमैयुङ क्षेत्रमा प्रचलित

छत्तिस ओटा गीतहरू सङ्कलन गरी गीतको बाह्य संरचना, पर्याधार, ढाँचा, वस्तुविधान, उद्देश्य र भाषाशैलीगत विन्यासका आधारमा संरचनात्मक विश्लेषण गरेकी छिन् । यसमा गीतको संरचनात्मक विश्लेषणको सैद्धान्तिक आधार प्रस्तुत गरेकी छन् । यस पूर्वकार्यमा खोटाङ जिल्लाको दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा यस सम्बन्धी अध्ययन अनुसन्धान नभएकाले उक्त रिक्तता पूरा गर्न संरचनावादी सिद्धान्तको अध्ययन र प्रयोगका लागि सैद्धान्तिक सहयोग प्राप्त भएको छ ।

खगेन्द्रप्रसाद लुइटेल (२०७६) ले *'लोकवार्ताविज्ञान : सिद्धान्त र विश्लेषण'* नामक पुस्तकमा लोककथाको उत्पत्तिसम्बन्धी विभिन्न दृष्टिकोणलाई सम्मिश्रण गरी मौखिक वा श्रुतिपरम्पराद्वारा सम्प्रेषित अज्ञात रचनाकारको सङ्क्षिप्त,सारगर्भित एवम् सार्विक आख्यानात्मक गद्य संरचनालाई लोककथा भनेका छन् । यसमा उनले लोकवार्ता, लोकवार्ताका प्रकार, लोकसाहित्यको उत्पत्ति, स्वरूप, विशेषता, महत्त्व, लोकसाहित्यको अध्ययन पद्धति, अनुसन्धान प्रक्रिया, लोकसाहित्यको विधागत वर्गीकरण तथा विश्लेषणसमेत गरेका छन् । त्यसैगरी लुइटेलले यस पुस्तकमा लोकसाहित्यका सबै विधाहरूको सैद्धान्तिक स्वरूप, विशेषता, तत्त्व, वर्गीकरण तथा विश्लेषणसमेत गरेका छन् । लोककथामा आख्यानको प्रधानता, विषयगत व्यापकता, सुखद समापन, अभिप्रायको प्रयोग, उत्सुकताको प्रधानता, कल्पनाको आधिक्य, मनोरञ्जनात्मकता, विशेष आदि, मध्य र अन्त्य, भाषिक सरलता, गद्यको प्रधानता र वर्णानात्मक शैलीजस्ता अभिलक्षण देखिने कुरा उल्लेखसमेत गरेका छन् । उनले लोककथा बन्न कथानक, सहभागी, परिवेश, उद्देश्य र भाषाशैलीगत विन्यासजस्ता घटकहरू अनिवार्य बताएका छन् । प्रस्तुत पुस्तकमा केही नमुना लोककथाको विधातात्त्विक दृष्टिले विश्लेषण गरेका छन् । खोटाङ जिल्लाको दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा यस सम्बन्धी अध्ययन अनुसन्धान नभएकाले उक्त रिक्तता पूरा गर्न प्रस्तुत पूर्वकार्य लोककथाको सैद्धान्तिक अध्ययन तथा विश्लेषणका लागि उपयोगी रहेको छ ।

कृष्णा अवस्थी (२०७७) ले "डोटेली लोककथाको विधातात्त्विक अध्ययन" नामक अप्रकाशित दर्शनाचार्य शोधप्रबन्धमा पन्ध्रओटा लोककथाको सङ्कलन गरी उक्त कथाहरूलाई सामाजिक र किंवदन्तीमूलक लोककथामा वर्गीकरण गरेकी छिन् । ती लोककथाको सैद्धान्तिक पक्षबारे पनि उल्लेख गर्दै लोककथाको कथानक, सहभागी, परिवेश, उद्देश्य र भाषाशैलीगत विन्यासका आधारमा विश्लेषण गरिएको छ तर लोककथाको परिचय, विभाजन र सङ्गठनबारे उल्लेख गरेकी छैनन् । सोही रिक्ततलाई पूर्ण गर्न विवेच्य

शोध लोककथाको संरचनात्मक विश्लेषणसँग सम्बन्धित भएकाले यो पूर्वकार्यलाई एक महत्त्वपूर्ण सामग्रीको रूपमा लिइएको छ ।

सन्तोष कार्की (२०७९) ले "सङ्खुवासभाको धर्मदेवी क्षेत्रमा प्रचलित लोककथाको संरचनात्मक अध्ययन" नामक अप्रकाशित दर्शनाचार्य शोधप्रबन्धमा लोककथाको सैद्धान्तिक पक्ष, लोककथाको वर्गीकरण, लोककथाका आधारमा लोककथाको विश्लेषण गरेका छन् । उक्त शोधप्रबन्धमा पन्ध्रओटा लोककथाको सङ्कलन गरी उक्त कथाहरूलाई सामाजिक किंवदन्तीमूलक, अतिप्राकृतिक, पशुपन्क्षीमूलक र पौराणिक लोककथामा वर्गीकरण गरी कथानक, सहभागी, परिवेश, उद्देश्य र भाषाशैलीय विन्यासका आधारमा विश्लेषण गरिएको छ । कृतिको सङ्गठन अर्थात् परिचय, विभाजन र सङ्गठनबारे उल्लेख नगरिएकोले सोही रिक्ततालाई पूरा गर्नका लागि यो पूर्वकार्यलाई एक महत्त्वपूर्ण सामग्रीको रूपमा लिइएको छ ।

इन्दिरा दाहाल (२०८०) ले "दमक क्षेत्रका धिमाल जातिमा प्रचलित नेपाली लोककथाको संरचनात्मक अध्ययन" नामक अप्रकाशित दर्शनाचार्य शोधप्रबन्धमा धिमाल जातिमा प्रचलित चौधओटा लोककथा सङ्कलन गरी उक्त कथाहरूलाई सामाजिक किंवदन्तीमूलक, अतिप्राकृतिक, पशुपन्क्षीमूलक र पौराणिक लोककथामा वर्गीकरण गरिएको छ । लोककथालाई कथानक, सहभागी, परिवेश, उद्देश्य र भाषाशैलीगत विन्यासका आधारमा विश्लेषण गरिएको छ । खोटाङ जिल्लाको दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा यस सम्बन्धी अध्ययन अनुसन्धान नभएकाले उक्त रिक्तता पूरा गर्न विवेच्य शोध लोककथाको संरचनात्मक विश्लेषणसँग सम्बन्धित भएकाले यो पूर्वकार्यलाई एक महत्त्वपूर्ण सामग्रीको रूपमा लिइएको छ ।

माथिका पूर्वकार्यहरूमा विभिन्न विद्वान्हरूका लेख रचनामा लोककथा, लोककथाको वर्गीकरण, संरचना र विश्लेषणको स्वरूपका चर्चा गरिएको छ । प्रस्तुत शोधकार्य दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा प्रचलित लोककथाको संरचनात्मक विश्लेषणसँग सम्बन्धित रहेको हुँदा यसका लागि उक्त पूर्वकार्यहरूले लोककथाको सैद्धान्तिक स्वरूप तथा विश्लेषणात्मक आधार निर्माण गरेका छन् । प्रत्येक लेख, कृतिहरूको आआफ्नै क्षेत्रभित्र रहेर आफ्नो उद्देश्यअनुसार सामग्री सङ्कलन तथा अध्ययन विश्लेषण गरिएको हुन्छ । लोककथाको सन्दर्भमा थुप्रै अध्ययन विश्लेषण गरिएको भए तापनि दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा प्रचलित लोककथाको सन्दर्भमा कुनै पनि अध्ययन विश्लेषण भएको पाइँदैन । दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा प्रचलित लोककथा सङ्कलन र विश्लेषण गरी

पुस्तक प्रकाशन नभएकोले यस शोधकार्यमा दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा प्रचलित लोककथाको विश्लेषण गर्न लागिएको हो । यसका लागि मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलको लोकवार्ताविज्ञान र लोकसाहित्य पुस्तकमा उल्लेख भएको लोककथाको विधासिद्धान्त र खगेन्द्रप्रसाद लुइटेलको कविताको संरचनात्मक विश्लेषण पुस्तकमा उल्लेख गरिएको संरचनावादी सिद्धान्तका आधारमा कथाको विश्लेषण गरिएको छ । अहिलेसम्म दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा प्रचलित लोककथाका संरचनात्मक अध्ययन कसैले पनि नगरेको हुँदा त्यो रिक्तता पूरा गर्न यो अध्ययन गरिएको छ ।

१.५ शोधको औचित्य र महत्त्व

लोकसाहित्यको महत्त्वपूर्ण विधाका रूपमा लोककथा रहेको छ । दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा फरक किसिमका विशेषता भएका लोककथाहरू प्रचलित छन् । यस क्षेत्रमा प्रचलित लोककथाका बारेमा अहिलेसम्म कुनै पनि किसिमको अध्ययन भएको पाइएन । यस क्षेत्रको लोककथाको सन्दर्भमा यो अध्ययन नयाँ अध्ययन हुन सक्छ । यसभन्दा अघि यस क्षेत्रमा प्रचलित लोककथाको बारेमा कसैले पनि शोधकार्य वा अध्ययन अनुसन्धान गरेको पाइएन । त्यसैले यस क्षेत्रमा प्रचलित लोककथाको संरचनात्मक अध्ययन गरी लोककथाको बारेमा जानकारी लिइएको छ । आगामी दिनमा दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्र र अन्य क्षेत्रका लोककथाको अध्ययन गर्न यो अध्ययन नयाँ प्राप्तिको रूपमा उपयोगी हुने देखिन्छ । यस शोधले लोककथाको संरचनात्मक अध्ययन कसरी गर्ने भन्ने विषयमा खासखास आधारहरू तयार गरेको छ । जुनसुकै क्षेत्रका लोककथाको संरचनात्मक अध्ययन गर्दा संरचक घटकको निर्धारण र त्यसका आधारमा खास क्षेत्रका लोककथाको विश्लेषण गर्न यो शोध सहयोगी मान्न सकिन्छ । यसका अतिरिक्त भविष्यमा लोककथाको वर्गीकरण, संरचनाको पहिचान, वस्तुविश्लेषण, उद्देश्य तथा भाषाशैलीगत विन्यासको अध्ययन गर्नका लागि पनि यो अनुसन्धान नयाँ प्राप्ति हुन सक्ने हुनाले यो शोधकार्य औचित्यपूर्ण रहको छ ।

१.६ शोधको सीमाङ्कन

प्रस्तुत शोध कोशी प्रदेशअन्तर्गतको खोटाङ जिल्लाको दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा केन्द्रित छ । यस अध्ययनका लागि खोटाङ जिल्लाको दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रभित्र पर्ने स्थानमा मात्र लोककथा सङ्कलन गरिएको छ । त्यस क्षेत्रमा बसोबास गर्ने मानिसहरूसँग प्रत्यक्ष संवाद गरी सामग्री सङ्कलन गरिएको छ । संरचनावादको सिद्धान्त

यस शोधकार्यको सैद्धान्तिक सीमा भएकाले यही संरचनावादी सिद्धान्त र अवधारणालाई प्रस्तुत शोधमा विश्लेषणको आधार बनाइएको छ । लोककथाको विश्लेषण गर्ने विभिन्न आधार भए पनि यहाँ सङ्कलित लोककथाको कथानक विन्यास, सहभागी, परिवेश, उद्देश्य र भाषाशैलीगत विन्यासको आधारमा समेत विश्लेषण गरिएको छ वा लोककथाको संरचना र प्रवृतिको आधारमा मात्र अध्ययन गरिएको छ ।

१.७ शोधविधि

प्रस्तुत शोधकार्य सम्पन्न गर्नको लागि आवश्यक सामग्री सङ्कलन र विश्लेषणका निम्ति शोधविधि निम्नानुसार रहेको छ :

१.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्य सम्पन्न गर्नका लागि प्राथमिक सामग्री र द्वितीयक सामग्रीको प्रयोग गरिएको छ । प्राथमिक सामग्रीको सङ्कलन क्षेत्रीय कार्यद्वारा गरिएको छ । यस अध्ययनको लागि सम्बन्धित भौगोलिक क्षेत्रमा प्रत्यक्ष रूपमा गएर सूचकहरूसँग कुराकानी गरी सत्रओटा लोककथा सङ्कलन गरिएको छ । प्राथमिक रूपमा सामग्रीहरूको सङ्कलन गर्दा दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा बसोबास गर्ने सबै जातजातिहरूको प्रतिनिधित्व हुने गरी गरिएको छ । कथावाचक वा सूचकहरूले भनेका कथाहरूलाई अडियो तथा भिडियो रेकर्ड गरी त्यसलाई जस्ताको तस्तै उतार गरिएको छ र उतारिएका तिनै लोककथाहरूमध्ये दशओटा लोककथालाई उदेश्यमूलक नमुनाका रूपमा लिई विश्लेषण गरिएको छ । त्यस्तै द्वितीयक सामग्रीका रूपमा पुस्तकालयीय कार्यबाट सङ्कलन गरिएको छ । लोकसाहित्य र लोककथाको सैद्धान्तिक अवधारणाको प्रारूप निर्माण गर्न सामाग्रीको सङ्कलन पुस्तकालयीय कार्यद्वारा गरिएको छ ।

१.७.२ सामग्री विश्लेषण विधि

प्रस्तुत शोधकार्यमा सामग्रीको विश्लेषण गुणात्मक पद्धतिअन्तर्गत पाठात्मक विश्लेषण विधिमा गरिएको छ । विश्लेषण गर्ने क्रममा लोककथालाई विभिन्न प्रकारमा वर्गीकरण गरी लोककथाका संरचक घटकहरूमा केन्द्रित भएर विश्लेषण गरिएको छ । कथाका संरचक घटकहरूमा कथानक, सहभागी, परिवेश, उद्देश्य र भाषाशैलीगत विन्यासलाई प्रमुख तत्त्व मानी दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा प्रचलित लोककथाको संरचनावादी सिद्धान्तका आधारमा विश्लेषण गरिएको छ ।

लोककथाको संरचनाका सम्बन्धमा विद्वान्हरूका भिन्न भिन्न विचार पाइन्छ । ज्वेतान तोदोरोवले समाख्यान विश्लेषणका लागि तीनओटा मापदण्ड मानेका छन् : समय, दृष्टिबिन्दु र रीति । रीति आख्यानात्मक सङ्कथन र त्यसलाई जागृत गराउने जगत्को भिन्नतालाई नामेट गर्ने तरिका हो । समय भनेको कथा समय हो, त्यो काल्पनिक जगत्को समय कालक्रमिक रूपमा सङ्कलित हुन्छ । दृष्टिबिन्दु पाठका घटनाहरूप्रति दृष्टि हो । यसअन्तर्गत घटना वर्णन र घटना देख्ने व्यक्तिका अभिवृत्ति पर्दछन् (तोदोरोव, सन् २००५, पृ. १५३-१५४) । जेनेट (सन् १९८०) ले तोदोरोवको अनुसरण गरेका छन् । उनले समाख्यानात्मक सङ्कथनको विश्लेषण गर्ने आधार काल, भाव र वाच्यलाई मानेका छन् (पृ. ३१) । तोदोरोवले भनेको रीति (मोड) र जेनेटले भनेको भाव (मुड) समानार्थी शब्द हुन् र ती दुवैले अनुभूति वा कार्यको ढङ्ग भन्ने बुझाउँछन् । त्यसैले मोनिका फ्लुडर्निकले वर्गीकरणलाई वाच्य, काल र रीति भनेर प्रस्तुत गरेकी छन् । वाच्यअन्तर्गत व्यक्ति, कथन समय र समाख्यान तह, कालअन्तर्गत क्रम, अवधि र आवृत्ति अनि रीतिअन्तर्गत सङ्केन्द्रीकरण पर्दछन् (फ्लुडर्निक, सन् २००९, पृ. ९९) । तिनका पनि अझ सूक्ष्म विभाजन छन् ।

विलियम लबोभले समाख्यानको संरचनागत तत्त्व विकासात्मक प्रकारको हुने भन्दै सार, अभिमुखीकरण, जटिल घटनाक्रम, मूल्याङ्कन, परिणाम र समापक गरी छ प्रकारका तत्त्वको उल्लेख गरेका छन् । सार भनेको यो के बारेमा हो ? अभिमुखीकरण भनेको को, कहिले, के, कहाँ ? जटिल कार्यव्यापार भनेको त्यसपछि के भयो ? मूल्याङ्कन भनेको के भयो त ? परिणाम भनेको अन्ततः के भयो ? भन्ने हो, समापनको उत्तर यहाँ दिइएको छैन, किनभने यो अन्य तत्त्वका तुलनमा प्रायः कम पाइन्छ (लबोभ, सन् १९७२, पृ. ३७०) । दुलानले सार र समापन दुवै समाख्यानका ऐच्छिक कुरा हुन् भनेका छन् । वास्तवमा लबोभले घटनालाई आधार बनाएका छन् । समाख्यानमा जहिलेसुकै कथा, कथावाचक सम्बोधित संलग्न रहेका हुन्छन् (दुलान, सन् २००१, पृ. २) । यी तीन तत्त्वका सम्बन्धबाट समाख्यानको संरचना भएको हुन्छ ।

सिमोर च्याटम्यानले समाख्यानका तत्त्वहरूलाई कथा र सङ्कथन गरी मुख्य दुई प्रकारमा वर्गीकरण गरेका छन् । उनले यो वर्गीकरण 'के' र 'कसरी' लाई आधार मानेको भनेका छन् । उनका अनुसार कथातत्त्व आख्यानात्मक अभिव्यक्तिको विषयवस्तु र सङ्कथनतत्त्व आख्यानात्मक अभिव्यक्ति हुन् । कथाअन्तर्गत घटना र अवस्थिति पर्दछन् ।

घटनामा कार्यव्यापार र घटना अनि अवस्थितिमा पात्र र परिवेश समाविष्ट हुन्छन् । त्यसैगरी सङ्कथनतत्त्वअन्तर्गत आख्यानात्मक सम्प्रेषणको संरचना र अभिव्यक्ति पर्दछन् (च्याटम्यान, सन् १९७८, पृ. २६) । पछि उनले त्यसलाई अझ स्पष्ट पार्दै कथानक, पात्र, परिवेश र सारवस्तुलाई कथाका तत्त्व अनि कथन र कथयिता अर्थात् भाषा र दृष्टिबिन्दुलाई सङ्कथनका तत्त्व भनेर व्याख्या गरेका छन् (च्याटम्यान, सन् १९९३, पृ. ६०७) । सङ्कथनतत्त्व सूक्ष्म र कथातत्त्व स्थूल घटक हुन् ।

जेराल्ड प्रिन्सले न्यारेटोलजी द फर्म एन्ड फर्ङ्सनिङ्ग अफ न्यारेटिभ (सन् १९८२) मा समाख्यान संरचना वर्णनकार्य, वर्णित घटनाहरू, समाख्यान व्याकरण, समाख्यान पठन र समाख्यानात्मकताले युक्त हुने चर्चा गरेका छन् । मिकी बलले न्यारेटोलजी : इन्ट्रोडक्सन टु द थिअरी अफ न्यारेटिभ (सन् १९८५/२००९) मा समाख्यानको संरचनालाई पाठ, कथाका पक्ष र कथाका तत्त्व गरी तीन वर्गमा विभाजन गरेकी छन् । पाठअन्तर्गत समाख्याता, वर्णन, समाख्यानको तह रहेका छन् । कथाका पक्षअन्तर्गत समय, शृङ्खलागत क्रम, लय, आवृत्ति, पात्र, स्थान, सङ्केन्द्रीकरणलाई राखिएको छ । कथाका तत्त्वमा घटना, सहभागी, समय र स्थानलाई राखिएको छ ।

१.८ शोधप्रबन्धको रूपरेखा

प्रस्तुत शोधप्रबन्धलाई सङ्गठित बनाउनका लागि पाँच परिच्छेदमा विभाजन गरिएको छ । यस शोधप्रबन्धको परिच्छेद विभाजनको रूपरेखा प्रस्तुत गरिएको छ :

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रको परिचय

तेस्रो परिच्छेद : दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा प्रचलित लोककथाको वर्गीकरण

चौथो परिच्छेद : दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा प्रचलित लोककथाको संरचना विश्लेषण

पाँचौँ परिच्छेद : सारांश र निष्कर्ष

परिशिष्ट

सन्दर्भ सामग्रीसूची

दोस्रो परिच्छेद

खोटाङ जिल्लाको दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रको परिचय

२.१ विषयपरिचय

दिक्तेल-रूपाकोट-मझुवागढी नगरपालिका खोटाङ जिल्लाको पश्चिम दक्षिण सिमानामा अवस्थित छ । यस नगरपालिकाले भोजपुर र ओखलढुङ्गा जिल्लाको सिमाना छुट्याएको छ । विविध जातजाति र भाषाभाषीको वासस्थान रहेको यस क्षेत्रमा जातिय विविधता पनि पाइन्छ । यस क्षेत्रमा बसोबास गर्ने हरेक जातिको आफ्नै भाषा, धर्म संस्कृति, भेषभूषा र परम्परा रहेको छ । आदिवासी जनजाति लगायत बाहुन, क्षत्रीको पनि बसोबास भएकाले यस क्षेत्रमा परापूर्वकालदेखि सुन्दै र सुनाउँदै आएका नेपाली लोककथाहरू प्रचलनमा रहेका छन् तर यहाँका कथाहरू सङ्कलन र प्रकाशनका अभावका कारण लोप हुन सक्ने सम्भावना देखिन्छ । यस क्षेत्रका बुढापाका आफ्नै भाषामा आफ्नै पाराले लोककथा भन्न रुचाएको पाइन्छ ।

२.२ खोटाङ जिल्लाको दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रको परिचय

कुनै पनि स्थानको जानकारीका लागि त्यस ठाउँको भौगोलिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक परिचय आवश्यक पर्छ । दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्र खोटाङ जिल्लाको दक्षिणी क्षेत्रमा अवस्थित रहेको छ र विविध जातजातिको बसोबास रहेको यस क्षेत्रको परिचय तल प्रस्तुत गरिएको छ :

२.२.१ भौगोलिक परिचय

दिक्तेल-रूपाकोट-मझुवागढी नगरपालिका खोटाङ जिल्लाको सदरमुकाममा अवस्थित छ । दिक्तेल-रूपाकोट-मझुवागढी नगरपालिकाको पूर्वमा भोजपुर जिल्ला, पश्चिममा हलेसी तुवाचुङ नगरपालिका र रावाबँशी गाउँपालिका, उत्तरमा केपिलासगढी र ऐँसेलुखर्क गाउँपालिका र दक्षिणमा दिप्रुङ चुइचुम्मा तथा साकेला गाउँपालिका रहेको छ । यो नगरपालिका समुद्र सतहबाट ७०० मिटरदेखि २२५० मिटरसम्मको उचाइमा अवस्थित छ भने कुल २४६.५१ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको यस नगरपालिकामा १०,७१९ परिवार सङ्ख्या रहेको छ, जसमा जम्मा जनसङ्ख्या ४३,२९५ मध्ये महिला २१,१५० र पुरुष २१,३४५ रहेका छन् । यसका साथै यस नगरपालिकाभित्र मझुवागढी, देवीस्थान कालिका भगवती, रूपाकोट, भुलभुले, महुरेगढी, साप्सुधाप, मेरूङडाँडा, सहदेवगढी, गुप्तेश्वर,

सिद्धेश्वर गुफा आदि ऐतिहासिक, धार्मिक, साँस्कृतिक तथा पर्यटकीय क्षेत्रहरू अवस्थित छन् । रूपाकोट, महुरेगढी, मभ्फुवागढी जस्ता प्राकृतिक तथा ऐतिहासिक सिमानाले घेरेको दिक्तेल-रूपाकोट-मभ्फुवागढी नगरपालिकामा लालीगुराँस, चिमाल र विभिन्न जातका लेकाली धुपी सल्लाले शोभायमान बनाएको, खयर, साल तथा अन्य मूल्यवान वन सम्पदाले भरिपूर्ण साथै रावा, साप्सु, तावा, मेवा र दिखुवाजस्ता जलस्रोतहरू रहेको वास्तवमै प्राकृतिक स्रोत र जलसाधनका दृष्टिले सुसज्जित नगरको रूपमा रहेको पाइन्छ । (भट्टराई, २०८०, पृष्ठ १)

२.२.२ ऐतिहासिक परिचय

खोटाङ जिल्लाको तत्कालीन सदरमुकाम रहेको साविकको दिक्तेल गाविस र आसपासका लफ्याङ्ग, खाल्ले र बाम्राङ्ग गाविसहरूलाई समेटेर वि.सं २०७१ वैशाख २५ गते दिक्तेल नगरपालिका घोषणा भएको थियो । सङ्घीय नेपालको पुनर्संरचनासँगै खोटाङ जिल्लाको सदरमुकाम दिक्तेलमा केन्द्र रहने गरी एक मात्र नगरपालिकाको रूपमा वि.सं. २०७३ फागुन २७ गते साविकको दिक्तेल नगरपालिका र साविकका नेर्पा, चिउरीडाँडा, निर्मलीडाँडा, पाथेका, खार्मी, जालपा, नुनथला, बुइपा र विजयखर्क गाविसहरूलाई समावेश गरी रूपाकोट मभ्फुवागढी नगरपालिकाको गठन भयो । तत्कालीन रूपाकोट मभ्फुवागढी नगरपालिकाको ऐतिहासिक प्रथम नगर सभा वि.सं. २०७४/०६/२६ बाट स्वीकृत गरी नामको अगाडि दिक्तेल थप्ने सिफारिस भई नेपाल राजपत्र खण्ड ६७, सङ्ख्या ५७, भाग ५ मिति २०७४ फागुन १४ गते प्रकाशित सूचना बमोजिम दिक्तेल-रूपाकोट-मभ्फुवागढी नगरपालिकाको नाम रहन गयो । मभ्फुवागढी किराँतहरूको ऐतिहासिक तथा साँस्कृतिक महत्त्व बोकेको स्थान हो । यहाँ हरेक मङ्सिरे पूर्णिमा र वैशाखे पूर्णिमामा साकेला उँधौली र उँभौली कार्यक्रम भव्यताका साथ सम्पन्न गरिन्छ । त्यस्तै देवीस्थान, कालिका भगवतीमा बालाचतुर्दशी, शिवरात्रि र तिज पर्वको अवसरमा मेला लाग्ने गर्दछ । रूपाकोट डाँडाबाट खोटाङ, उदयपुर, ओखलढुङ्गा, सोलुखुम्बु र भोजपुर लगायतका जिल्लाहरूको अधिकांश ठाउँहरूको दृश्यावलोकन गर्न सकिने भएकोले यसलाई प्राकृतिक भ्युटावरको रूपमा लिने गरेको पाइन्छ । (भट्टराई, २०८०, पृष्ठ १)

२.२.३ सामाजिक अवस्था

दिक्तेल-रूपाकोट-मभ्फुवागढी नगरपालिकाभित्र धेरै जाति जनजातिहरूको बसोबास भए तापनि मुख्य गरी राई, क्षत्री, ब्राह्मण, दलित, नेवार, तामाङ, मगर, गुरूङ, सन्यासी,

शेर्पा आदि जातिको बाहुल्यता रहेको पाइन्छ । यस क्षेत्रमा आदिवासी राई, नेवार, तामाङ, मगर, गुरुङ जातिको प्रमुख उपस्थिति रहेको छ भने राई र नेवारी संस्कृतिको उच्च प्रभाव परेको देखिन्छ । पूर्वी पहाडी भेगको करिव केन्द्रमा रहेको यस नगरपालिकाको विकासको सम्भावनालाई मध्य पहाडी राजमार्गको निर्माणले विस्तार गरिदिएको छ । कृषि, पशुपालन, नगदे बाली, व्यापार तथा लघु उद्यमको क्षेत्रमा नगरले महत्वपूर्ण सम्भावनाहरू बोकेको छ । युवा जनशक्तिको उपलब्धता, तराईसँगको सिधा सम्पर्क, प्राकृतिक स्रोत तथा नदीजन्य स्रोतले पनि विकासका लागि आवश्यक विद्युत् तथा निर्माण सामग्रीहरू सहज बनाएको छ । (भट्टराई, २०८०, पृष्ठ ४)

२.२.४ आर्थिक अवस्था

नेपाल मानव विकास प्रतिवेदन २०१४ मा खोटाङ जिल्लाको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादनको अनुमानित आँकडा दिएको छ । उक्त प्रतिव्यक्ति उत्पादन, नगरपालिकाको जनसङ्ख्या तथा २०१४–२०१८ सम्मको राष्ट्रिय औसत आर्थिक वृद्धिदर समेतको आधारमा यस नगरपालिकाको कुल गार्हस्थ्य उत्पादन अनुमान गरिएको छ । यस अनुमानअनुसार यस नगरपालिकाको कुल गार्हस्थ्य उत्पादन प्रचलित मूल्यमा रु. ६.४० अर्ब रूपियाँ बराबर रहेको अनुमान छ । उक्त कुल गार्हस्थ्य उत्पादनमध्ये करिब त्रिहत्तर प्रतिशत कृषि क्षेत्रले ओगटेको छ भने ब्यापार र खुद्रा व्यापारले नौ प्रतिशत, निर्माणले छ प्रतिशत र शिक्षाले तीन प्रतिशत योगदान गरेको देखिन्छ । उत्पादनमूलक क्षेत्रले करिब दुई प्रतिशतमात्र योगदान गरेको देखिन्छ (भट्टराई, २०८०, पृष्ठ १०) । यसरी यस नगरपालिकाको आर्थिक गतिविधि केलाउँदा कृषि क्षेत्रको योगदान उल्लेख्य रहेको पाइन्छ । अनुमानित आँकडाअनुसार कृषि क्षेत्र यस नगरपालिकाको आर्थिक विकासको प्रमुख आधार हुने देखिन्छ । उत्पादन र सेवामूलक क्षेत्रले आर्थिक विकास र रोजगारी सृजनामा योगदान गर्न यी क्षेत्रको उल्लेख्य वृद्धि हुनुपर्ने देखिन्छ । नेपाल मानव विकास प्रतिवेदन २०१४ अनुसार खोटाङ जिल्लाको मानव विकास सूचकाङ्क ०.४९४ रहेको छ जुन राष्ट्रिय औसत ०.४९ को हारहारीमा रहेको देखिन्छ । मानव विकास प्रतिवेदन २०१७ का अनुसार नेपालका मानव विकास सूचकाङ्क ०.५५८ भए अनुरूप यस जिल्ला र नगरपालिकाको समेत ०.५५३ रहेको अनुमान गर्न सकिन्छ । (भट्टराई, २०८०, पृष्ठ १०)

२.२.५ शैक्षिक अवस्था

खोटाङको दिक्तेल-रूपाकोट-मझुवागढी नगरपालिका शैक्षिक क्षेत्रमा निकै अगाडि रहेको छ । यस नगरपालिकाभित्र एक बहुमुखी क्याम्पस, अठारओटा माध्यमिक विद्यालय, त्रिहत्तरओटा आधारभूत विद्यालय र सतसठ्ठीओटा प्रारम्भिक बालविकास केन्द्र रहेको छ । यसैगरी एकओटा जिल्ला अस्पताल, दुईओटा सामुदायिक अस्पताल, एक निजी अस्पताल, बाह्रओटा स्वास्थ्य चौकी, दुईओटा सहरी स्वास्थ्य केन्द्र, उनन्चालिसओटा खोप केन्द्र र ग्रामीण स्वास्थ्य स्वयंसेविका १५९ जना रहेका छन् । यस नगरपालिकाको वडा नं. ४ मा मनमाया राई खानीडाँडा विमानस्थल रहेको छ । यस नगरपालिका क्षेत्रभित्र एकओटा कृषि सम्पर्क केन्द्र, सात जना कृषि प्राविधिक (एक गाविस एक प्राविधिक), तीनओटा पशु सेवा केन्द्र र तीनजना पशु सेवा प्राविधिक (एक गाविस एक प्राविधिक) रहेका छन् । (भट्टराई, २०८०, पृष्ठ ४)

२.३ निष्कर्ष

खोटाङ जिल्लाको दिक्तेल-रूपाकोट-मझुवागढी नगरपालिका जिल्लाकै बढी जनसङ्ख्या भएको नगरपालिका समुद्र सतहदेखि २२५० मिटरसम्मको उचाइमा अवस्थित छ । साविकका तेह्रओटा वडालाई मिलाएर यो नगरपालिका बनेको छ जसमा पन्ध्रओटा वडाहरू रहेका छन् । भौगोलिक हिसावले पहाडी क्षेत्रमा पर्ने यो नगरपालिको धार्मिक तथा ऐतिहासिक महत्त्व बोकेको पाइन्छ । पवित्र धार्मिक स्थलको रूपमा परिचित मझुवा कालिका देवी, भुलभुले पनि यही नगरपालिकामा पर्दछ । शैक्षिक अवस्थाको हिसाबले जिल्लाकै अब्बल नगरपालिकाको रूपमा परिचित छ । जिल्लाकै उच्च शैक्षिक संस्था दिक्तेल बहुमुखी क्याम्पस यसै नगरपालिकामा पर्दछ । अठारओटा माध्यमिक विद्यालय, त्रिहत्तरओटा आधारभूत विद्यालय र सतसठ्ठीओटा प्रारम्भिक बालविकास केन्द्र रहेको छ । नेपाल मानव विकास प्रतिवेदन २०१४ अनुसार खोटाङ जिल्लाको मानव विकास सूचकाङ्क ०.४९४ रहेको छ जुन राष्ट्रिय औसत ०.४९ को हारहारीमा रहेको देखिन्छ ।

तेस्रो परिच्छेद

खोटाङ जिल्लाको दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा प्रचलित लोककथाको वर्गीकरण

३.१ विषयप्रवेश

खोटाङ जिल्लाको दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा विभिन्न जातजातिका मानिसहरू मिलेर बसेका छन् । यहाँको विभिन्न भागमा खेतीपाती, पशुपालन र व्यापार व्यवसाय गर्दै बसेका मानिसले भन्ने सुन्ने कथा हुन् । यिनीहरूको आफ्नै संस्कार, संस्कृति, भेषभूषा, रहनसहन र चाडपर्व रहेका छन् । परापूर्वकालदेखि नै यस क्षेत्रमा लोककथा भन्ने र सुन्ने परम्परा रहेको छ । जङ्गल जाने, गाईवस्तु पाल्ने र खेतीपाती गर्ने, समुदायमा मनोरञ्जनका अतिरिक्त नीति तथा उपदेश प्रदान गर्न लोककथा भन्ने र सुन्ने गरिएको भए पनि हाल लोककथा भन्ने, सुन्ने, जान्ने मानिसको अभावका कारण यस क्षेत्रमा प्रचलित लोककथाहरू लोप हुने अवस्थामा पुगेको पाइन्छ । लोककथामा इतिहास, धर्म, संस्कृति, परम्परा आदि जोडिएर आउँछन् । त्यसैले लोककथा मानव विकाससँगै अगाडि बढेको लोकप्रिय विधा हो ।

३.२ लोककथाको परिचय

लोककथा समुदायमा निर्माण भएर प्रसारित हुँदै आएको लोकसाहित्यको महत्त्वपूर्ण विधा हो । समाजको विकासक्रमसँगै एउटा पुस्ताबाट अर्को पुस्ता हुँदै मौखिक परम्परामा हुर्किएको विधा लोककथा हो । लोककथा 'लोक' र 'कथा'को योगबाट बनेको समस्त शब्द हो । यसको अर्थ लोकको कथा भन्ने हुन्छ । संस्कृत साहित्यमा 'लोक' शब्दको प्रयोग खासगरी स्थानका रूपमा र सामान्य जनताका रूपमा गरी दुई अर्थमा प्रयोग गरिएको पाइन्छ । लोकलाई जन पनि भन्ने गरिन्छ । जन शब्दको अर्थ पनि सामान्य जनता हो । यसरी हेर्दा लोककथा शब्दले सामान्य मानिसहरूले भन्ने र सुनाउने कथा भन्ने अर्थ दिन्छ । लोककथा अङ्ग्रेजी भाषाको फोल्कटेल (folktale) को नेपाली रूपान्तरण हो । लोक शब्दको निर्माण लोकदर्शने धातुमा घञ् (अ) प्रत्यय लागेर निर्माण भएको छ । लोकदर्शने धातुको अर्थ हेर्नु, देख्नु भन्ने हुन्छ । यसै धातुबाट निर्मित लोकते शब्दका सन्दर्भबाट लोकको अर्थ हेर्नेवाला, देख्नेवाला भन्ने हुन्छ । यस परिप्रेक्षबाट लोक शब्दको सामान्य अर्थ हेर्ने वा देख्ने कार्य

सम्पन्न गर्ने समस्त जनसमुदाय हुन आउँछ (लुइटेल, २०६८, पृ. १) । लोकसाहित्यका अन्य विधाहरूमध्ये लोककथा सबै उमेर समूहका मानिसले रूचाउने परिचित विधा हो । लोककथा जुनसुकै समयमा भन्न र सुन्न सकिन्छ । यसका लागि कुनै अवसर वा विशेष दिन कुर्नु पर्दैन । काम गर्दागर्दै, चौतारामा विश्राम गर्दा, मकै नङ्ग्याउँदा, मकै छोडाउँदा, बच्चा सुताउँदा, आगो ताप्दा, मनोरञ्जनका लागि लोककथा भन्ने र सुन्ने गरिन्छ । लोककथाको प्रचलन लोकसाहित्यका धारणाको विकासपछि आएको हो । लोककथामा लोकमानसको आदिम रूप रहन्छ र प्राचीनतम समाजका मूल्य, मान्यता र आस्थाको अभिव्यक्ति यसमा हुन्छ (बन्धु, २०५८, पृ. २८५) । यस्ता अभिव्यक्तिहरू रहस्य, रोमाञ्च कुतूहलताले भरिएका हुन्छन् । लोककथा भन्नेले एकादेशमा, उहिल्यै, परापूर्वकालमा भनेर सुरू गर्छ र 'सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला' भनेर समापन गरिन्छ । यसरी भनिने लोककथा सुन्दा सुन्ने मान्छेलाई साँच्चै यस्तो भएको थियो होला र ? भन्ने लागिरहन्छ । कतिपय अवस्थामा घटनाहरू लोक मानसमा घटित भएका नै हुन्छन् भने कतिपय घटनाहरू मानव जीवनमा हुनै नसक्ने अर्थात असम्भव किसिमका काल्पनिक पनि हुन्छन् ।

लोककथा भन्ने र सुन्ने विधा भएकाले यसमा वक्ता र श्रोताको अनिवार्य सहभागिता हुन्छ । कथा वाचकले कथा भन्दै जाँदा श्रोताले हो, अँ, ए !, अनि...भन्दै कुतूहलता र समर्थन दर्साइरहन्छ । लोककथा कुनै लामा र कुनै छोटा आयामका हुन्छन् । यी कथाहरू एक पुस्ताबाट अर्को पुस्तामा जाँदा परिवर्तन भइरहन्छन् । लोककथामा पनि लिखित कथामा जस्तै आदि, मध्य र अन्त्यको श्रृङ्खला हुन्छ । लोककथामा लोकजीवनका अनुभव, घटना, हाँसो आँसु, सुख, दुःख, माया, प्रेम, नीति, उपदेश, आदि कथ्यका रूपमा आएका हुन्छन् । लोककथामा इतिहास, धर्म, संस्कृति, परम्परा, तन्त्रमन्त्र, राजामहाराजा, देवदेवी, पशुपन्क्षी, जनावर, आदिलाई विषयको रूपमा प्रयोग गरिएको हुन्छ । लोककथाका विषयहरूको सीमा बाँध्न गाह्रो छ । लोककथामा मानवीय, मानवेतर, लौकिक, अलौकिक, जड, चेतन, प्राकृतिक, कृत्रिम, आदि विभिन्न किसिमका पात्रहरू रहेका हुन्छन् र तिनले असम्भव लाग्ने घटनाहरूलाई पनि सहजै सम्भव तुल्याई वक्ता एवम् श्रोताहरूमा मनोरञ्जन प्रदान गर्ने, कुतूहलता सिर्जना गर्ने कार्य गरेका हुन्छन् (गिरी, २०५७, पृ. २४) । लोककथाका जडपात्रहरू पनि चेतन पात्रहरू जस्तै जिउँदो जाग्दो देखिन्छन् । लोककथाले लोकजीवनको वास्तविक धरातलदेखि काल्पनिक भूमिलाई पनि परिवेशको सीमामा समेटेर त्यसभित्र स्वैरकाल्पनिक, अद्भुत लाग्दा घटनाहरूलाई समाहित गरेका हुन्छन् । यसमा आदिम मानवका

भावनाहरू सङ्ग्रहित भएका हुन्छन् (पराजुली, २०५४, पृ. १३) । लोककथामा अद्भुत पराक्रम र असाधारण शक्ति भएका मान्छे, जीवजन्तु, चराचुरुङ्गी, जादुगर, अद्भुत प्रकृति आदि पात्रका रूपमा आएका हुन्छन् र तिनीहरूले अचम्मलाग्दा क्रियाकलाप गर्छन् । त्यसैले यसमा काल्पनिकता बढी हुन्छ । कथावाचकको कल्पना क्षमताअनुसार लोककथामा घटना, पात्र र परिवेश थपिन्छन् । वास्तविक लोककथाको सोझो सम्बन्ध लोकजीवनको सोच, चरित्र र जीवनपद्धतिसँग जोडिएको हुन्छ । लोककथाको कुनै भौगोलिक सीमा हुँदैन । लोककथाको परिवेश कथापिच्छे फरक फरक हुन्छ । परिवेशले कथालाई रोमाञ्चक बनाउँछ । विशेष गरेर मेलापात, अनकन्टार वनजङ्गल, नदीनाला, गुफा, कठिन समय र त्यहाँको वातावरण लोककथाका परिवेश हुन् । सरल भाषाशैलीमा भनिने र चाख मानेर सुनिने लोककथा समयअनुसार हस्तान्तरण हुँदै जान्छन् । यसरी हस्तान्तरण हुँदा ठाउँ, परिवेशअनुसार लोककथा पनि परिवर्तन हुँदै जान्छन् । लोककथामा कथानकहरू थपिने, घट्ने, पात्र परिवर्तन हुने हुन्छ । त्यसैले एउटै कथा पनि स्थान, जाति र समुदायअनुसार फरक फरक हुन सक्छ तर कथाको मूल रूप भने परिवर्तन हुँदैन । यसरी कथानक परिवर्तन हुनु पनि लोककथाको अर्को विशेषता हो ।

लोककथाको कथनमा मूलरूपमा गद्य भाषाकै प्रयोग हुने भए पनि कतिपय ठाउँमा सामान्य पद्यात्मक श्लोक र संवादमा उक्तिहरूको पनि प्रयोग भएको पाइन्छ । स्रोताले जति चाख मानेर सुन्यो वक्ताले उति नै हाउभाउसाथ कथा भन्ने गर्छ । ग्रामीण समाजमा "दिउँसो लोककथा सुनाउँदा आँखा फुट्छन्" भन्ने उक्ति प्रचलनमा रहेको छ । लोककथा सुनाउनुको प्रमुख उद्देश्य दिनभरको कामको थकाइ मेट्नुका साथै मनोरञ्जन प्रदान गर्नु पनि हो । त्यसैले परम्परागत रूपमा बेलुका फुर्सद भएर बसेका बेलामा लोककथा सुनाउने गरिन्थ्यो । तर आजकल समय र परिस्थितिअनुसार साँझमात्र नभएर विषय प्रसङ्गअनुसार जुनसुकै बेला पनि लोककथा सुन्ने सुनाउने गरिन्छ । यसै स्थानमा यसै बेला सुन्नु सुनाउनु पर्छ भनेर किटान गरिएको पनि हुँदैन ।

३.३ लोककथा वर्गीकरणको सैद्धान्तिक परिचय

खोटाङको दिक्तेल-रूपाकोट-मझुवागढी नगरपालिका क्षेत्रमा प्रचलित लोककथाहरूको संरचना अध्ययन गर्दा संरचनात्मक सिद्धान्तलाई आधार मानी विश्लेषण गरिएको छ । लोककथाको संरचक घटकहरू कथानक, सहभागी, परिवेश, उद्देश्य, भाषाशैलीको आधारमा लोककथाको संरचनात्मक विश्लेषण गरिएको छ ।

कृतिको पूर्ण, परिवर्तनशील र स्वनिष्ठ व्यवस्था नै संरचना हो । लोककथा आख्यानात्मक गद्य रचना हो । सामान्यतया कथाका संरचक घटकहरू नै लोककथाका पनि संरचक घटक हुन् । त्यसकारण लोककथाको संरचनात्मक विश्लेषण यसरी गर्न सकिन्छ :



(शर्मा, २०४८, पृ. ११६-१२५)

प्रस्तुत तालिकाले लोककथाको संरचनात्मक विश्लेषणलाई देखाउँछ । लोककथाको कथानक, सहभागी र सहभागिता, परिवेश, उद्देश्य र भाषाशैलीगत विन्यासको सैद्धान्तिक चर्चा दोस्रो परिच्छेदमा गरिएको छ । कुनै पनि साहित्यिक सिर्जनाको संरचनात्मक विश्लेषण

गर्दा माथिको ढाँचा प्रयोग गर्न सकिन्छ । यस शोधपत्रमा लोककथाको संरचनात्मक विश्लेषण माथि प्रस्तुत गरिएको ढाँचाअनुसार गरिएको छ ।

३.४ खोटाङ जिल्लाको दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा प्रचलित लोककथाको वर्गीकृत विश्लेषण

मानव जातिको उत्पत्ति र विकासक्रमसँगै मानिसले आफ्ना विचारहरूलाई सम्प्रेषण गर्ने माध्यम बनायो । त्यसपछि मनोरञ्जन प्राप्त गर्न र आफ्ना मनका विचार वा भावनाहरू साटासाट गर्नका लागि जीवन भोगाइका दुःख र पीडा सुनाउने क्रममा नै लोककथाको जन्म भएको मानिन्छ । लोकमानसले लोक भावनाहरूलाई आदान प्रदान गर्ने माध्यमका रूपमा देखापरेको लोककथा केटाकेटी, युवा तथा बुढाबुढी सबैले रुचाएको विधा हो । लोककथाको इतिहास धेरै पुरानो छ । लोककथा परापूर्वकालदेखि वक्ता र श्रोताको बिचमा एक कान दुई कान मैदान हुँदै अगाडि बढेको वा समाजमा लोकप्रिय हुँदै आएको पाइन्छ । यस विधालाई सङ्कलन गरेर राख्ने तथा व्यवस्थित अध्ययन गर्ने परम्पराको थालनी भने धेरै समयपछि मात्र भएको पाइन्छ ।

लोककथाको सङ्कलन र विश्लेषण गर्ने क्रममा विद्वान्हरूले विभिन्न तरिकाले वर्गीकरण गरी अध्ययन गरेका छन् । यस वर्गीकरणमा तुलसी दिवसले लोककथालाई दश वर्ग र नौ उपवर्ग गरी उन्नाइस वर्गमा विभाजन गरेका छन् । उनका अनुसार सांस्कृतिक, ऐतिहासिक लोककथा, अर्ती-उपदेशका लोककथाहरू, पशुपन्क्षीका लोककथाहरू, धार्मिक लोककथाहरू, पौराणिक लोककथाहरू, ठगी तथा चलाखीका लोककथाहरू, मुर्ख्याइँका लोककथाहरू, मानवका विशेष स्वभाव र प्रवृत्तिका लोककथाहरू, लोभी तथा कन्जुसका लोककथाहरू, विश्वासघातका लोककथाहरू, अतिमानवीय रूपका लोककथाहरू, भूत तथा राक्षसका लोककथाहरू, बोक्सी तथा जादुका लोककथाहरू, परी तथा अप्सराका लोककथाहरू, दैवी लोककथाहरू, फलफूलका लोककथाहरू साहस तथा बहादुरीका लोककथाहरू रहेका छन् (दिवस, २०३२, पृ. ३०) । यसैगरी धर्मराज थापा र हंसपुरे सुवेदीले धार्मिक तथा सांस्कृतिक, ऐतिहासिक लोककथा, मानवी तथा अतिमानवी लोककथा, पशुपन्क्षीका लोककथा, दैवी लोककथा र विविध लोककथामा वर्गीकरण गरेका छन् (थापा र सुवेदी, २०४१, पृ. ३४६) । पाश्चात्य विद्वान् स्टिथ टम्सनले परम्परित कथा, परीकथा, पशुकथा, नीतिकथा, पौराणिक कथा भनेर वर्गीकरण गरेका छन् भने मार्टिन ग्रेले पौराणिक कथा, किंवदन्ती, पशुकथा, परीकथा दैत्य र भूतप्रेतका कथा तथा ठट्यौली कथा भनेर

वर्गीकरण गरेका छन् । यसैगरी एन्टी आर्नेले लोककथालाई पशुकथा, दन्त्यकथा, ठट्यौली र चुट्किलाहरू गरी तीन भागमा वर्गीकरण गरेका छन् (बन्धु, २०५८, पृ. २९१) । यीबाहेक सामाजिक कथा, व्रतकथा, मनोरञ्जनात्मक कथा, पौराणिक कथा, रूप कथा, हास्य कथा, धार्मिक कथा, गीतिकथा, प्रेमकथा, उपदेश कथा, आदिका आधारमा पनि वर्गीकरण गरिएको पाइन्छ । यसैगरी मोतीलाल पराजुलीले विषयगत वर्गीकरण र उद्देश्यगत वर्गीकरण गरी लोककथालाई दुई भागमा वर्गीकरण गरेका छन् । विषयगत वर्गीकरणअनुसार पौराणिक कथा, अनुश्रुति कथा, सामाजिक कथा, अलौकिक तथा अतिरञ्जित कथा र विविध तथा उद्देश्यगत वर्गीकरण अन्तर्गत पौराणिक लोककथा, मनोरञ्जनप्रधान लोककथा, शैक्षिक प्रयोजनका लागि निर्मित लोककथामा वर्गीकरण गरी विश्लेषण गरेका छन् । शैक्षिक प्रयोजनका लागि निर्मित लोककथाहरूमा अनुश्रुति कथा, अर्ती/उपदेशका कथा, ऐतिहासिक कथा, क्रमसंवर्द्धनात्मक कथा, कारणनिर्देशक कथा, तन्त्रकथा, नीतिकथा, न्यायसम्बन्धी कथा, पराप्राकृतिक लोककथा, परी तथा अप्सराका कथा, पशुपन्क्षी, सरीसृप तथा कीटपतङ्गका कथा, प्रेमकथा, फलफूल/वृक्षवनस्पतिका लोककथा, बालकथा, बोक्सी तथा जादुटुनामुनाका कथा, भूत तथा राक्षसका कथा, मिथक, वीरकथा, व्रतकथा, सामाजिक कथा, सूत्रकथा, स्थानसम्बन्धी कथा, हास्यकथा र विविध लोककथा गरी लोककथालाई बिस प्रकारमा वर्गीकरण गरी अध्ययन गरेका छन् (पराजुली, २०७१, पृ. ६४–८३) । विविध जातजाति र धर्म सम्प्रदाय भएको नेपाललाई लोकसाहित्यको धनी देश मानिन्छ । यहाँका लोककथामा जातिगत, भाषागत, स्थलगत, भाषिकागत, भेद-उपभेदगत भिन्नता पनि पाइन्छ ।

लोककथाको वर्गीकरणका सन्दर्भमा विद्वान्हरूको विचारमा समानता भने पाइँदैन । नेपाली विद्वान्हरूले पनि विभिन्न आधारमा लोककथाको वर्गीकरण गरी अध्ययन गरेका छन् । यस शोधमा मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलको *लोकवार्ताविज्ञान र लोकसाहित्य* पुस्तकमा गरिएको वर्गीकरणलाई मुख्य आधार मानी लोककथाको वर्गीकरण गरिएको छ ।

३.४.१ विषयवस्तुका आधारमा लोककथाको वर्गीकरण

लोककथा वर्गीकरणको मुख्य अधार विषयवस्तु पनि हो । लोककथाको मुख्य कथ्यलाई विषयवस्तु भनिन्छ । लोककथाका विषयवस्तुमा व्यापकता पाइन्छ । लोककथामा आउने विषयवस्तु ठाउँ, परिवेश, समुदाय, व्यवहार, आचरण, रहनसहन आदिका आधारमा तय भएका हुन्छन् । मानवीय र मानवेतर प्राणीका स्वभाव, तन्त्रमन्त्र, जादुटुनामुना, अद्भुत कला तथा अलौकिक शक्तिलाई विषयवस्तु बनाएर लोककथा कथिएका हुन्छन् । लोककथाका

विषयवस्तु ठाउँअनुसार फरक फरक हुन सक्छन् । विषयका आधारमा लोककथालाई पाँच प्रकारमा वर्गीकरण गर्न सकिन्छ ।

(क) पौराणिक लोककथा

पुराणसँग सम्बन्धित विषयवस्तु भएको लोककथा नै पौराणिक लोककथा हुन् । महाभारत, रामायण, भागवत गीता, स्वस्थानी व्रतकथा, विष्णुमहात्म्य आदिबाट विषयवस्तु लिएर कथिएका लोककथा पौराणिक लोककथाअन्तर्गत पर्छन् । यस्ता कथामा देवीदेवता, राक्षस, अप्सरा, गन्धर्वजस्ता पात्रले अलौकिक शक्ति देखाएर सत्यको विजय गराएका हुन्छन् । यस्ता लोककथाहरूमा देवीदेवता, धर्म, व्रत, सृष्टि, ब्रह्माण्ड, महापुरुष, प्रलय वा त्यस्ता घटना, प्राकृतिक नियम आदि पौराणिक विषयवस्तुलाई आधार बनाइएको हुन्छ । ब्रह्माण्डको सृष्टि, स्थिति र प्रलय, जीवजन्तु र पदार्थको उत्पति, स्थिति र विनाश तथा विशेषताहरूको वर्णन भएको, धर्मदर्शनको व्याख्या भएको, व्रतको व्याख्या गरिएका, देवीदेवताको उत्पत्ति र स्वभाव तथा कार्यहरूको वर्णन गरिएका, स्थानीय देवीदेवता, खोलानाला, पर्वत आदिको उत्पत्तिको वर्णन गरिएका र धार्मिक आस्था भएका कथाहरू पौराणिक कथा हुन् (पराजुली, २०७१, पृ. ६५) । जस्तै : कलिको धर्म । विशेष गरेर धार्मिक विषयवस्तु समेटेर नैतिक चेतना दिने खालका कथा पौराणिक लोककथा अन्तर्गत पर्छन् ।

(ख) किंवदन्तीमूलक लोककथा

कहानीमा आधारित कथालाई किंवदन्तीमूलक लोककथा भन्ने गरिन्छ । किंवदन्तीमा समाजमा परम्परादेखि चल्दै आएका अन्धविश्वासका कुराहरू पनि हुन्छन् । यस्ता कथामा मानिसको पुरुषार्थ, राजा महाराजाका वीरता, साहस, पराक्रम, महात्मा तथा योगीहरूको अद्भुत कला आदिका बारेमा वर्णन गरिएको पाइन्छ । कुनै असत्य कुरा हुन्छन् भने कुनै अर्धसत्य कुरा हुन्छन् तर लोककथा सुन्दा परम्परादेखि नै चलेर आएको हो भनी विश्वास गर्ने पनि हुन्छन् । यस्ता कथावाचकले साँच्चै घटेको घटना जस्तै बनाएर कथा भन्ने गर्छन् । किंवदन्तीमूलक लोककथामा देवीदेवताको नभई मानवीय विशिष्ट व्यक्ति वा नायकको कथा हुन्छ । जस्तै- गुरुमापा, बुढासुब्बा आदि (शर्मा र लुइटेल, २०६३, पृ. ३८६) । यस्ता लोककथाहरू सुन्दा सत्य जस्तो लागे पनि सत्य हो भनी प्रमाणित गर्न चाहिँ कठिन हुन्छ ।

(ग) सामाजिक लोककथा

सामाजिक विषयवस्तुमा आधारित लोककथा नै सामाजिक लोककथा हो । लोककथाको स्रोत समाज हो । समाजमा बस्ने मानिसका व्यवहार, समुदायका चालचलन

तथा समाजमा घटेका घटनाहरू, धर्म, संस्कृति, चालचलन नै लोककथाका विषयहरू हुन् । समाजमा विभिन्न वर्ग, स्वभाव, चरित्र भएका मानिसहरू हुन्छन् । तिनै पात्रहरूको प्रतिनिधित्व लोककथामा हुन्छ । यसमा समाजको भोगाइ र समस्याहरू प्रतिविम्बित भएका हुन्छन् । यस्ता लोककथाहरू धुर्त्याइँ, चलाखी, ईर्ष्या, डाहा, विश्वासघात, प्रतिशोध, न्याय, अन्याय, बहुविवाह, बालविवाह, अनमेल विवाह, पारिवारिक झैझगडा, गरिबी, सतीप्रथा, अन्धविश्वास, रीतिथिति, मूल्यमान्यता, आचार, व्यवहार जस्ता विषयवस्तुमा आधारित हुन्छन् । यस्ता लोककथामा मानवीय स्वभावको विशेष चित्रण गरिएको हुन्छ (शर्मा र लुइटेल, २०६३, पृ. ३८६) । सामाजिक लोककथाका पात्रहरू मानिस नै हुन्छन् तथा समाजमा घट्न सक्ने घटनाहरूलाई कथाका रूपमा प्रस्तुत गरिन्छ (पराजुली, २०७१, पृ. ८२) । जस्तै- चतुरे कान्छा, दाजु र भाइ आदि । सामाजिक लोककथाले सिङ्गो समाज र त्यहाँ बस्ने समुदायमा घटेका गतिविधि वा सुख दुःखका घटनालाई समेट्छ ।

(घ) अतिप्राकृतिक लोककथा

प्राकृतिकभन्दा भिन्न प्रकारका कथाहरूलाई अतिप्राकृतिक लोककथा भनिन्छ । यस्ता लोककथामा अलौकिक, अद्भुत चरित्र भएका अप्राकृतिक पात्रहरूले अद्भुत वा अनौठो व्यवहार देखाउँछन् । यस्ता पात्रले सामान्य मानिसले गर्न नसक्ने कार्य चामत्कारिक ढङ्गबाट सजिलैसँग गर्न सक्छन् । प्राकृतिक वस्तुलाई मानवीकरण गरी मान्छेजस्तै बनाइएका यस्ता पात्रले हिँड्ने, बोल्ने, खाने, विवाह गर्ने, सन्तान उत्पादन गर्ने लगायतका काम गर्न सक्छन् । खिर पाक् ताउली कथाको ताउली, बजा लौरी डाङ्डुङ् कथाको लौरो यसका उदाहरण हुन् । भूतप्रेत, राक्षस, दानव, पिशाच, डङ्किनी, दुष्टात्मा, मृतात्मा, निशाचर, परी, अप्सरा, गन्धर्व आदिका कथा यस वर्गमा पर्छन् (लुइटेल, २०७६, पृ.९) । तन्त्रमन्त्र, जादुटुना, बोक्सी, रहस्य, तिलस्मी र भयानक परिवेशका कथाहरू पनि यसै अन्तर्गत पर्छन् । यस्ता कथाहरू रहस्यात्मक र कुतूहलपूर्ण हुन्छन् । जस्तैः तर्साउने पाटीको कथा, स्त्रीको खेल आदि ।

(ङ) पशुपन्क्षी र सरीसृप लोककथा

पशुपन्क्षीका लोककथाका विषयहरू वनजङ्गल तथा घरपालुवा पशुपन्क्षीका गतिविधि र क्रियाकलापमा आधारित भएर पनि आएका हुन्छन् । यस्ता कथामा पशुपन्क्षीले पनि मानिसले गर्ने जस्तै काम गर्ने, मान्छेजस्तै बोल्ने, हिँड्ने, डुल्ने गर्छन् । यस्ता लोककथाहरूले मानिसलाई उपदेश दिने, चेतना जगाउने काम गर्छन् । पशुपन्क्षी बोल्ने

भएकाले केटाकेटीले यस्ता कथा निकै मन पराउँछन् । चरा, सर्प, मुसो, खरायो, स्याल, बाँदर, कुकुर, घोडा, गोरु, भ्यागुतो, गोही, सिंह, बाघ आदि जनावर तथा पन्क्षीले कथामा रोचक पाराले मानिसलाई सहयोग वा असहयोग गरेका हुन्छन् (लुइटेल, २०७६, पृ. २९९) । पशुपन्क्षी र सरीसृपहरू दिव्यशक्ति भएका र सामान्य गरी दुई प्रकारका हुन्छन् । दिव्यशक्ति भएका नागकन्या, कामधेनु गाई, ऐरावत हात्ती, वायुपङ्खी घोडा, गरुड, सिमलचरी, सुगाा आदिलाई श्रद्धाका दृष्टिले हेर्ने गरिन्छ (पराजुली, २०७१, पृ. ७४) । यस्ता लोककथाहरूमा जनावर पात्रका रूपमा प्रयोग भए पनि प्रकारान्तरमा तिनीहरूले मानिसका जीवनमा घटेका विभिन्न घटनाहरू नै समेटेका हुन्छन् । जस्तै : मुसा र मानिस, ऋणको भारी आदि ।

३.४.२ भावका आधारमा लोककथाको वर्गीकरण

लोककथामा कुनै न कुनै भाव लुकेको हुन्छ । मानिसका मनमा भएका विभिन्न भावहरूलाई लोककथाले जगाउने काम गर्छ । लोककथा सुन्दा वा पढ्दा श्रोताका मनमा जुन भाव उत्पन्न हुन्छ, त्यसका आधारमा लोककथाको वर्गीकरण गर्न सकिन्छ । विभिन्न विद्वान्हरूले भावका आधारमा लोककथाको वर्गीकरण गरेका छन् । यहाँ मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलका *लोकवार्ताविज्ञान र लोकसाहित्य* पुस्तकलाई आधार मानेर लोककथाको वर्गीकरण गरिएको छ ।

(क) प्रेमकथा

माया, प्रीति, मिलन, स्नेह, वात्सल्य, विछोड, विरहको प्रधानता भएका कथालाई प्रेमकथा भनिन्छ (शर्मा र लुइटेल, २०६३, पृ. ३८५) । कुनै दुई प्राणीहरूका बिचमा रूप, गुण, स्वभाव, सामीप्य अथवा कामवासना आदिका कारण परस्पर हुने अनुराग अथवा कुनै वस्तु वा व्यक्तिका स्वभाव एवम् गुणप्रति मनमा उत्पन्न हुने आकर्षण वा आत्मीयतालाई प्रेम भनिन्छ । लोककथामा नायक नायिकाका बिचमा कामवासना वा कुनै गुणका कारणले अनुराग उत्पन्न भई एकअर्कालाई प्राप्त गर्न दुःस्साध्य परिश्रम गरी सफलता प्राप्त गरेका घटनाहरूको वर्णन पाइन्छ । यस्ता कथालाई प्रेमकथा भनिन्छ (पराजुली, २०७१, पृ. ७५) । लोककथाका पात्रहरूको कार्यव्यापारबाट श्रोतामा माया, प्रेम, स्नेह, करुणा, वात्सल्य आदिको भाव जागृत गराउने लोककथा नै प्रेमकथा हुन् । यस्ता लोककथामा नायक नायिकाबिच प्रेम, मिलन, विछोड भएपछि कथाले श्रोता वा पाठकका मनमा तिनीहरूप्रति माया, दया वा करुणाको भाव उत्पन्न गराउँछ । जस्तै : मुसा र मानिसको कथा ।

(ख) वीरकथा

साहस, शौर्य, आँट र बहादुरीका साथ काम गरेर समाजमा आफ्नो प्रभाव जमाएका वीरहरूको जीवनीमा आधारित कथाहरू वीर कथा हुन् । यस्ता कथाहरू ऐतिहासिक वीर पुरुष तथा काल्पनिक नायकका बारेमा बनेका हुन्छन् । काल्पनिक वीरहरूका बारेमा बनेका लोककथाहरू अतिरञ्जित प्रकृतिका हुन्छन् । यस्ता कथाको नायक बलिष्ठ, चतुर, साहसिलो तथा कठिन परिस्थितिमा पनि काम सम्पन्न गर्न सक्ने प्रकृतिको हुन्छ (पराजुली, २०७१, पृ. ८०) । वीरकथामा वीरता र पराक्रम देखाउने मानवीय वा मानवेतर पात्रहरूबिच कार्यव्यापार हुन्छ । जस्तै : स्त्रीको खेल ।

(ग) करुणकथा

अरूप्रति दया, माया, सहानुभूति दर्साउने खालका कथाहरू करुण कथा हुन् । यस्ता कथामा करुण रस प्रधान हुन्छन् । यस प्रकारका कथाका सहभागीमा शोक, दया, माया, दुःख, दर्द, आँशु, रोदन आदिको प्रबलता पाइन्छ । नायक नायिकाको बिछोड हुने, मृत्यु हुने तथा शोक पर्ने किसिमका कथा यसअन्तर्गत पर्दछन् (शर्मा र लुइटेल्, २०६३, पृ. ३८५) । करुण कथामा नायक तथा नायिकाको मृत्यु हुने वा बिछोड हुने गर्छ । जस्तै : तर्साउने पाटीको कथा ।

(घ) भक्तिकथा

आस्था, विश्वास तथा श्रद्धाभाव भएका कथाहरू भक्तिकथाअन्तर्गत पर्दछन् । यस्ता कथामा पात्र वा चरित्रको महिमागान गरिएको हुन्छ । हाम्रा पौराणिक, धार्मिक पात्र तथा स्थान विशेष प्रति असीम श्रद्धाभाव वा भक्तिभाव प्रकट गरिएको हुन्छ (शर्मा र लुइटेल, २०६३, पृ. ३८५) । यस्ता कथाहरू ईश्वर तथा इष्टदेवप्रतिको धार्मिक विश्वासले ओतप्रोत भएका हुन्छन् । जस्तै : अन्धाको भाग्य ।

(ङ) हास्यकथा

हाँसो, विनोद, मनोरञ्जन, ख्यालठट्टा आदिको प्रधानता रहेका कथालाई हास्यकथा भनिन्छ (शर्मा र लुइटेल, २०६३, पृ. ३८५) । लोककथाहरू अर्ती उपदेश, ज्ञान र शिक्षाका निम्ति मात्र नभएर हास्य र मनोरञ्जनका निम्ति पनि रचना गरिएका हुन्छन् । हास्य कथा यस्तै प्रकृतिको लोककथा हो । हास्यरस प्रधान कथाहरूमा उट्पट्याङ् विषयको वर्णन पाइन्छ (पराजुली, २०७१, पृ. ८०) । सहभागीको कार्यबाट श्रोता वा पाठकमा हास्य भाव

उत्पन्न हुने कथा हास्यकथाअन्तर्गत पर्छन् । यस्ता कथामा हाँस उठ्ने कथानक तथा चरित्रको प्रधानता हुन्छ । जस्तै : बुद्धिको खेल ।

(च) अद्भुतकथा

विष्मय, आश्चर्य, विचित्रता आदिको प्रधानता रहेका कथाहरू अद्भुत कथा हुन् (शर्मा र लुइटेल, २०६३, पृ. ३८५) । यस्ता लोककथाका सहभागीले साधारण मानिसभन्दा भिन्न तरिकाले अद्भुत वा अनौठो प्रतिभा देखाएर श्रोताका मनमा आश्चर्य भाव उत्पन्न गराउँछन् । सामान्यभन्दा असाधारण शक्ति, अलौकिक शक्तिद्वारा आश्चर्यचकित बनाउने कथाहरू अद्भुत कथाअन्तर्गत पर्दछन् । जस्तै : कलिको धर्म ।

(छ) रोमाञ्चक कथा

रोमाञ्चक लोककथा सुन्दा वा पढ्दा श्रोता वा पाठकको शरीर नै सिरिङ्ग हुने खालका कथा रोमाञ्चक कथा हुन्छ । यस्ता कथामा हर्ष, शोक आदिको प्रधानता रहन्छ र शरीरमा रौँ ठाडो पार्ने सामर्थ्य हुन्छ (शर्मा र लुइटेल, २०६३, पृ. ३८५) । जस्तै : अन्धाको भाग्य ।

३.४.३ शिल्पविधानका आधारमा लोककथाको वर्गीकरण

वस्तुको बनोट प्रक्रियालाई शिल्पविधान भनिन्छ । कथावाचकले विभिन्न शिल्प भरेर लोककथा प्रस्तुत गर्दछन् । पात्रका कार्यव्यापार तथा कथानक घट्ने परिवेशलाई केन्द्रित बनाएर कथावाचकले कथा प्रस्तुत गर्छ । कुनै कथामा घटनाको कुनै कथामा पात्र चरित्र र कुनै कथामा परिवेशको प्रधानता हुन्छ । यस आधारमा लोककथालाई यसप्रकार विभाजन गर्न सकिन्छ ।

(क) घटनाप्रधान लोककथा

सहभागी भन्दा पनि घटनालाई प्राथमिकता दिएका कथा घटनाप्रधान लोककथा हुन् । यस्ता कथामा कथानकको प्रवलता हुन्छ । पात्र र परिवेश नेपथ्यमा रहने र कथाको घटना भने मञ्चीय प्रकृतिको हुन्छ (शर्मा र लुइटेल, २०६३, पृ. ३८४) ।

(ख) चरित्रप्रधान लोककथा

पात्र, चरित्र वा सहभागीलाई विशेष महत्त्व दिएका लोककथा चरित्रप्रधान कथा हुन् । यस्ता कथामा सहभागीको भूमिका प्रमुख रहन्छ । पात्रकै सेरोफेरोमा कथानक घुमेको हुन्छ । (शर्मा र लुइटेल, २०६३, पृ. ३८५) ।

(ग) परिवेशप्रधान लोककथा

घटना र चरित्रलाई भन्दा परिवेशलाई नै महत्त्व दिएका लोककथा यसअन्तर्गत पर्छन् । यस्ता लोककथामा कथा सहभागीको भूमिका ज्यादै कम हुन्छ भने स्थान, परिवेश र समयलाई बढी महत्त्व दिइएको हुन्छ (शर्मा र लुइटेल, २०६३, पृ. ३८४) । लोककथामा वर्णित परिवेशले कथालाई रोमाञ्चक बनाउँछ ।

३.४.४ उद्देश्यका आधारमा लोककथाको वर्गीकरण

साहित्यको खास उद्देश्य वा प्रयोजन हुन्छ र कथाको पनि आफ्नै प्रयोजन रहेको पाइन्छ । खासगरी मनोरञ्जन दिन, उपदेश दिन, लोकमङ्गलको कामना गर्न, शिक्षा तथा ज्ञान दिन कथा भन्ने गरिन्छ । यस आधारमा लोककथा निम्नलिखित प्रकार रहेका छन् :

(क) मनोरञ्जनप्रधान लोककथा

लोककथाको मुख्य उद्देश्य मनोरञ्जन प्रदान गर्नु हो । समूहमा भेला भएका बेलामा, काम गरेर थाकेका बेलामा मानिसलाई मनोरञ्जन गराउने उद्देश्यले सिर्जिएका कथा यस वर्गमा पर्दछन् । यसमा नीति तथा शिक्षाको पाटो सूक्ष्म रहन्छ भने मनोरञ्जनको पाटो मुख्य रहन्छ (शर्मा र लुइटेल, २०६३, पृ. ३८४) । लोककथाहरू मूलतः मनोरञ्जन वा रमाइलोका निम्ति प्रस्तुत गरिन्छन् । यस्ता कथामा अतिरञ्जित र रोमाञ्चक तत्त्वहरूको प्रधानता रहेको हुन्छ । यस्ता कथाहरू हुन् : परीकथा तथा अप्सराका कथा, जादुटुनामुनाका कथा, भूतप्रेत र राक्षसका कथा, पशुपन्क्षीका कथा, ठगी तथा चलाखीका कथा आदि (पराजुली, २०७१, पृ. ८०) । यस्ता कथामा शरीर सिरिङ्ग पार्ने कथावस्तुको प्रधानता पाइन्छ । जस्तै : चतुरे कान्छाको कथा, तर्साउने पाटीको कथा, बुद्धिको खेल, स्त्रीको खेल ।

(ख) नीतिप्रधान लोककथा

पाठक तथा श्रोतालाई नीति शिक्षा, उपदेश दिने प्रयोजनका लागि सिर्जना गरिएका कथा नीति प्रधान कथा हुन् । यस्ता कथाले पाठक श्रोतालाई मनोरञ्जन भन्दा बढी उपदेश दिने गर्छन् । यस्ता कथाहरू ज्ञानवर्द्धक र शिक्षामूलक हुन्छन् (शर्मा र लुइटेल, २०६३, पृ. ३८५) । यस्ता कथाले मानिसलाई सत्मार्गमा हिँड्नलाई अभिप्रेरित गर्छन् । जस्तै : दाजुभाइको कथा, अन्धाको भाग्य, ऋणको भारी, कलिको धर्म ।

यी बाहेक विभिन्न विद्वान्हरूले लोककथालाई यथार्थ कथा, पशुकथा, जादुकथा, साँचोकथा तथा भाग्य परिवर्तनसम्बन्धी कथा, विश्व उत्पत्तिसम्बन्धी कथा र मनोरञ्जक कथा भनी वर्गीकरण गरेको पाइन्छ ।

३.५ खोटाङ जिल्लाको दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा प्रचलित नेपाली लोककथाको वर्गीकरण

लोककथालाई विषयका आधारमा, शिल्पविधानका आधारमा र उद्देश्यका आधारमा यस अगि नै वर्गीकरण गरिसकिएको छ । खोटाङको दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रका विविध जातिमा प्रचलित नेपाली लोककथाहरूमा विभिन्न विषयक्षेत्रका कथाहरू पाइन्छन् । प्राप्त कथाहरूलाई विषय, भाव, शिल्पविधान र उद्देश्यका आधारमा तलको तालिकामा वर्गीकरण गरी राखिएको छ :

तालिका नं. १

खोटाङ जिल्लाको दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा प्रचलित लोककथाको वर्गीकृत तालिका

क्र. सं	सङ्कलित लोककथा	वर्गीकरणका आधारहरू			
		विषयवस्तु	भाव	शिल्पविधान	उद्देश्य
१.	अन्धाको भाग्य	सामाजिक	भक्तिमूलक	घटनाप्रधान	नीतिप्रधान
२.	ऋणको भारी	सामाजिक	अद्भुतकथा	घटनाप्रधान	नीतिप्रधान
३.	कलिको धर्म	धार्मिक	भक्तिमूलक	चरित्रप्रधान	नीतिप्रधान
४.	चतुरेकान्छाको कथा	सामाजिक	अद्भुतकथा	चरित्रप्रधान	मनोरञ्जनप्रधान
५	टुहुरोको नि दिन फिर्छ	सामाजिक	रोमाञ्चक कथा	चरित्रप्रधान	नीतिप्रधान
६.	तर्साउने पाटीको कथा	अतिप्राकृतिक	अद्भुतकथा	घटनाप्रधान	मनोरञ्जनप्रधान
७.	दाजु र भाइको कथा	सामाजिक	अद्भुतकथा	चरित्रप्रधान	नीतिप्रधान
८.	बुद्धिको खेल	सामाजिक	अद्भुत कथा	चरित्रप्रधान	मनोरञ्जनप्रधान
९.	मुसा र मानिस	किंवदन्तीमूलक	प्रेमकथा	घटनाप्रधान	नीतिप्रधान
१०	स्त्रीको खेल	सामाजिक	रोमाञ्चक कथा	चरित्रप्रधान	मनोरञ्जनप्रधान

माथि दशओटा कथालाई विषय, भाव, शिल्पविधान र उद्देश्यका आधारमा वर्गीकरण गरिएको छ । खोटाङको दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा प्रचलित दशओटा नेपाली लोककथामध्ये सातओटा सामाजिक लोककथा, एउटा अतिप्राकृतिक लोककथा, एउटा किंवदन्तीमूलक लोककथा र एउटा धार्मिक लोककथा रहेका छन् । अन्धाको भाग्य, ऋणको भारी, दाजु र भाइको कथा, बुद्धिको खेल, चतुरेकान्छाको कथा, टुहुरोको नि दिन फिर्छ र स्त्रीको खेल सामाजिक लोककथा हुन् भने तर्साउने पाटीको कथा अतिप्राकृतिक लोककथा हुन् । मुसा र मानिस किंवदन्तीमूलक कथा हुन् भने कलिको धर्म धार्मिक लोककथा हो ।

भावका आधारमा पाँचओटा अद्भुत, दुईओटा रोमाञ्चक कथा, एउटा प्रेमकथा र दुईओटा भक्तिकथा रहेका छन् । मुसा र मानिस प्रेमकथा रहेको छ भने ऋणको भारी, चतुरेकान्छाको कथा, तर्साउने पाटीको कथा, दाजु र भाइको कथा र बुद्धिको खेल अद्भुतकथा रहेका छन् । अन्धाको भाग्य, कलिको धर्म भक्तिमूलक लोककथा रहेको छ । त्यसै गरी टुहुरोको नि दिन फिछ, स्त्रीको खेल कथा रोमाञ्चक कथा हुन् ।

यसैगरी शिल्पविधानका आधारमा हेर्दा चारओटा घटनाप्रधान र छओटा चरित्रप्रधान लोककथा रहेका छन् । अन्धाको भाग्य, ऋणको भारी, तर्साउने पाटीको कथा, मुसा र मानिस र घटनाप्रधान कथा रहेका छन् भने कलिको धर्म, चतुरेकान्छाको कथा, टुहुरोको नि दिन फिर्छ, दाजु र भाइको कथा, बुद्धिको खेल र स्त्रीको खेल चरित्रप्रधान कथा रहेका छन् ।

साहित्य सिर्जनाको प्रयोजनका आधारमा हेर्दा लोककथामध्ये छओटा नीतिप्रधान र चारओटा मनोरञ्जनप्रधान लोककथा रहेका छन् । अन्धाको भाग्य, ऋणको भारी, कलीको धर्म, टुहुरोको नि दिन फिर्छ, दाजु र भाइको कथा, मुसा र मानिस नीतिप्रधान कथा रहेका छन् भने चतुरे कान्छाको कथा, तर्साउने पाटीको कथा, बुद्धिको खेल र स्त्रीको खेल कथा मनोरञ्जनप्रधान लोककथा हुन् ।

यस शोधपत्रमा सबै विषयवस्तु, भाव, उद्धेश्य र शिल्पविधान समेटिने गरी दशओटा लोककथाको छनोट गरी संरचनात्मक विश्लेषण गरिएको छ ।

३.६ निष्कर्ष

नेपालको खोटाङ जिल्लाको दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा विभिन्न जातजातिका मानिसहरू मिलेर बसेका छन् । यहाँको विभिन्न भागमा खेतीपाती, पशुपालन र व्यापार व्यवसाय गर्दै बसेका मानिसले कथा भन्ने सुन्ने गर्छन् । यिनीहरूको आफ्नै संस्कार, संस्कृति, भेषभूषा, रहनसहन र चाडपर्व रहेका छन् । परापूर्वकालदेखि नै विभिन्न यस क्षेत्रमा लोककथा भन्ने र सुन्ने परम्परा रहेको छ । जङ्गल जाने, गाईवस्तु पाल्ने र खेतीपाती गर्ने, समुदायमा मनोरञ्जनका अतिरिक्त नीति तथा उपदेश प्रदान गर्न लोककथा भन्ने र सुन्ने गरिएको भए पनि हाल लोककथा भन्ने, सुन्ने, जान्ने मानिसको अभावका कारण यस क्षेत्रमा प्रचलित लोककथाहरू लोप हुने अवस्थामा पुगेको पाइन्छ । लोककथामा इतिहास, धर्म, संस्कृति, परम्परा आदि जोडिएर आउँछन् । त्यसैले लोककथा मानव विकाससँगै अगाडि बढेको लोकप्रिय विधा हो । समग्रमा रोचक, मनोरञ्जनमूलक

प्रस्तुतीकरणमा आधारित, आधुनिकताको प्रभावबाट टाढा रहेको, ग्रामीण जनजीवनका भावनाहरू समेटेको, विविध विषय, परिवेश र सहभागीयुक्त, सरल सहज भाषामा अभिव्यक्त लोकप्रिय विधा नै लोककथा हो । प्राचीन कालदेखि यस क्षेत्रमा हुर्किएर मौखिक परम्पराबाट अगाडि बढ्दै आजसम्म बच्चा, युवा तथा वृद्धवृद्धामाझ लोकप्रिय भएको विधा लोककथा हो । लोककथाका माध्यमबाट समाज र समुदायको रीतिस्थिति, चालचलन, धर्म, सामाजिक तथा आर्थिक अवस्था, भूगोललगायतका कुराको जानकारी पाउन सकिन्छ । लोककथाको मुख्य उद्देश्य मनोरञ्जन दिनु, नीति तथा उपदेश दिनु रहेको हुन्छ । खोटाङ जिल्लाको दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा प्रचलित नेपाली लोककथाहरूमध्ये प्रस्तुत शोधमा विश्लेषण गरिएका कथाहरूमा अन्धाको भाग्य, ऋणको भारी, कलिको धर्म चतुरे कान्छाको कथा, टुहुरोको नि दिन फिर्छ, तर्साउने पाटीको कथा, दाजु र भाइको कथा, बुद्धिको खेल, मुसा र मानिस, स्त्रीको खेल जस्ता लोककथा रहेका छन् भने खोटाङको दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा प्रचलित दशओटा नेपाली लोककथामध्ये सातओटा सामाजिक लोककथा, एउटा अतिप्राकृतिक लोककथा, एउटा किंवदन्तीमूलक लोककथा र एउटा धार्मिक लोककथा रहेका छन् । अन्धाको भाग्य, ऋणको भारी, दाजु र भाइको कथा, बुद्धिको खेल, चतुरेकान्छाको कथा, टुहुरोको नि दिन फिछ र स्त्रीको खेल सामाजिक लोककथा हुन् भने तर्साउने पाटीको कथा अतिप्राकृतिक लोककथा हुन् । मुसा र मानिस, किंवदन्तीमूलक कथा हुन् भने कलिको धर्म धार्मिक लोककथा हो । यी लोककथामा विशेष गरी नैतिक शिक्षा दिने, उपदेश दिने र मनोरञ्जन प्रदान गर्ने उद्देश्य रहेको पाइन्छ । सामाजिक तथा अतिप्राकृतिक लोककथाका आयाम केही लामा छन् भने धार्मिक लोककथा अत्यन्त छोटो रहेको छ । यी कथाहरूमा माया, प्रेम, करुणा, वीरता, अद्भुत, रोमाञ्चक भावहरू समेटिएका पाइन्छ ।

चौथो परिच्छेद

खोटाङ जिल्लाको दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा प्रचलित लोककथाको संरचना

४.१ विषयप्रवेश

समाजको सामाजिक विषयवस्तु र सामाजिक परिवेशलाई आधार बनाएर लेखिएका लोककथा सामाजिक लोककथा हुन् । यस्ता लोककथाका पात्रहरू समाजिक जीवनबाट लिइएका हुन्छन् । पात्रले समाजिक जीवनशैली, रहनसहन, आचारविचारको प्रतिनिधित्व गर्दछन् । खोटाङ जिल्लाको दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा गएर सङ्कलन गरिएका नेपाली लोककथामध्ये सातओटा सामाजिक लोककथा रहेका छन् । सामाजिक लोककथामा समाजको धर्म, संस्कृति, रीतिरिवाज, संस्कार, परम्परा, लोकका व्यवहार, अन्धविश्वास, धुर्त्याइँ, लोकविश्वास, मूल्यमान्यता, पारिवारिक झैझगडा आदि विषयको वर्णन गरिएको हुन्छ । यस शोधपत्रमा अन्धाको भाग्य, ऋणको भारी, दाजु र भाइको कथा, बुद्धिको खेल, चतुरे कान्छाको कथा, टुहुरोको नि दिन फिर्छ र स्त्रीको खेल जस्ता सामाजिक लोककथाको संरचनात्मक विश्लेषण गरिएको छ ।

विषयका आधारमा लोककथा वर्गीकरणको अर्को आधार अतिप्राकृतिक लोककथा हो । अति प्राकृतिक लोककथा अलौकिक वा अनौठो प्रकृतिका हुन्छन् । यस्ता लोककथामा सहभागीहरूले अलौकिक शक्तिद्वारा चामत्कारिक कार्य सम्पन्न गर्छन् । जादु, टुनामुना, तन्त्रमन्त्र, राक्षस राक्षसनी, भूतप्रेत, पिशाच, अप्सरा, गन्धर्वका कथाहरू अतिप्राकृतिक कथाभित्र पर्छन् । खोटाङ जिल्लाको दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा प्रचलित नेपाली लोककथामध्ये एउटा अति प्राकृतिक लोककथा रहेका छन् । यस शोधपत्रमा तर्साउने पाटीको कथा अतिप्राकृतिक लोककथाको संरचनात्मक विश्लेषण गरिएको छ ।

प्रस्तुत शोधप्रबन्धमा दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा प्रचलित सामाजिक, अतिप्राकृतिक, पशुपन्क्षीमूलक, किंवदन्तीमूलक र धार्मिक लोककथाको संरचनात्मक विश्लेषण गर्ने क्रममा यस अघि तेस्रो परिच्छेदमा तयार गरिएको लोककथाको संरचनात्मक विश्लेषणको प्रारूपका आधारमा लोककथाको विश्लेषण गरिएको छ । यहाँ लोककथाका संरचक घटकहरू कथानक, सहभागी, परिवेश, उद्देश्य र भाषाशैलीगत विन्यासका आधारमा

लोककथाको विश्लेषण गरिएको छ । लोककथाको संरचनात्मक विश्लेषणका लागि मोहनराज शर्माको नेपाली लोककथा : सिद्धान्त र विश्लेषण, खगेन्द्रप्रसाद लुइटेलको *कविताको संरचनात्मक विश्लेषण* तथा मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलको *लोकवार्ता र लोकसाहित्य* पुस्तकलाई विश्लेषणको मूल आधार मानी विश्लेषण गरिएको छ । यस परिच्छेदमा अन्धाको भाग्य, ऋणको भारी, कलिको धर्म, चतुरे कान्छाको कथा, टुहुरोको नि दिन फिर्छ, तर्साउने पाटीको कथा, दाजु र भाइको कथा, बुद्धिको खेल, मुसा र मानिस, स्त्रीको खेल जस्ता लोककथाको संरचनात्मक विश्लेषण गरिएको छ ।

४.२ लोककथाको संरचनाको सैद्धान्तिक आधार

लोककथाको संरचनाका बारेमा विद्वान्हरूका पृथक् पृथक् धारणा पाइन्छ । ज्वेतान तोदोरोवले समाख्यान विश्लेषणका लागि तीनओटा मापदण्ड मानेका छन् - समय, दृष्टिविन्दु र रीति । रीति आख्यानात्मक सङ्कथन र त्यसलाई जागृत गराउने जगत्को भिन्नतालाई नामेट गर्ने तरिका हो । समय भनेको कथा समय हो, त्यो काल्पनिक जगत्को समय कालक्रमिक रूपमा सङ्कलित हुन्छ । दृष्टिविन्दु पाठका घटनाहरूप्रति दृष्टि हो । यसअन्तर्गत घटना वर्णन र घटना देख्ने व्यक्तिका अभिवृत्ति पर्दछन् (तोदोरोव, सन् २००५, पृ. १५३-१५४) । जेनेट (सन् १९८०) ले तोदोरोवको अनुसरण गरेका छन् । उनले समाख्यानात्मक सङ्कथनको विश्लेषण गर्ने आधार काल, भाव र वाच्यलाई मानेका छन् (पृ. ३१) । तोदोरोवले भनेको रीति (मोड) र जेनेटले भनेको भाव (मुड) समानार्थी शब्द हुन् र ती दुवैले अनुभूति वा कार्यको ढङ्ग भन्ने बुझाउँछन् । त्यसैले मोनिका फ्लुडर्निकले वर्गीकरणलाई वाच्य, काल र रीति भनेर प्रस्तुत गरेकी छन् । वाच्यअन्तर्गत व्यक्ति, कथन समय र समाख्यान तह, कालअन्तर्गत क्रम, अवधि र आवृत्ति अनि रीतिअन्तर्गत सङ्केन्द्रीकरण पर्दछन् (फ्लुडर्निक, सन् २००९, पृ. ९९) । तिनका पनि अझ सूक्ष्म विभाजन छन् ।

विलियम लबोभले समाख्यानको संरचनागत तत्त्व विकासात्मक प्रकारको हुने भन्दै सार, अभिमुखीकरण, जटिल घटनाक्रम, मूल्याङ्कन, परिणाम र समापक गरी छ प्रकारका तत्त्वको उल्लेख गरेका छन् । सार भनेको यो के बारेमा हो ? अभिमुखीकरण भनेको को, कहिले, के, कहाँ ? जटिल कार्यव्यापार भनेको त्यसपछि के भयो ? मूल्याङ्कन भनेको के भयो त ? परिणाम भनेको अन्ततः के भयो ? भन्ने हो, समापनको उत्तर यहाँ दिइएको छैन, किनभने यो अन्य तत्त्वका तुलनमा प्रायः कम पाइन्छ (लबोभ, सन् १९७२, पृ. ३७०) ।

दुलानले सार र समापन दुवै समाख्यानका ऐच्छिक कुरा हुन् भनेका छन् । वास्तवमा लबोभले घटनालाई आधार बनाएका छन् । समाख्यानमा जहिलेसुकै कथा, कथावाचक सम्बोधित संलग्न रहेका हुन्छन् (दुलान, सन् २००१, पृ. २) । यी तीन तत्त्वका सम्बन्धबाट समाख्यानको संरचना भएको हुन्छ ।

सिमोर च्याटम्यानले समाख्यानका तत्त्वहरूलाई कथा र सङ्कथन गरी मुख्य दुई प्रकारमा वर्गीकरण गरेका छन् । उनले यो वर्गीकरण 'के' र 'कसरी' लाई आधार मानेको भनेका छन् । उनका अनुसार कथातत्त्व आख्यानात्मक अभिव्यक्तिको विषयवस्तु र सङ्कथनतत्त्व आख्यानात्मक अभिव्यक्ति हुन् । कथाअन्तर्गत घटना र अवस्थिति पर्दछन् । घटनामा कार्यव्यापार र घटना अनि अवस्थितिमा पात्र र परिवेश समाविष्ट हुन्छन् । त्यसैगरी सङ्कथनतत्त्व अन्तर्गत आख्यानात्मक सम्प्रेषणको संरचना र अभिव्यक्ति पर्दछन् (च्याटम्यान, सन् १९७८, पृ. २६) । पछि उनले त्यसलाई अझ स्पष्ट पार्दै कथानक, पात्र, परिवेश र सारवस्तुलाई कथाका तत्त्व अनि कथन र कथयिता अर्थात् भाषा र दृष्टिविन्दुलाई सङ्कथनका तत्त्व भनेर व्याख्या गरेका छन् (च्याटम्यान, सन् १९९३, पृ. ६०७) । सङ्कथनतत्त्व सूक्ष्म र कथातत्त्व स्थूल घटक हुन् ।

जेराल्ड प्रिन्सले न्यारेटोलजी द फर्म एन्ड फङ्सनिङ्ग अफ न्यारेटिभ (सन् १९८२) मा समाख्यान संरचना वर्णनकार्य, वर्णित घटनाहरू, समाख्यान व्याकरण, समाख्यान पठन र समाख्यानात्मकताले युक्त हुने चर्चा गरेका छन् । मिकी बलले न्यारेटोलजी : इन्ट्रोडक्सन टु द थिअरी अफ न्यारेटिभ (सन् २०१७) मा समाख्यानको संरचनालाई पाठ, कथाका पक्ष र कथाका तत्त्व गरी तिन वर्गमा विभाजन गरेकी छन् । पाठअन्तर्गत समाख्याता, वर्णन, समाख्यानको तह रहेका छन् । कथाका पक्षअन्तर्गत समय, शृङ्खलागत क्रम, लय, आवृत्ति, पात्र, स्थान, सङ्केन्द्रीकरणलाई राखिएको छ । कथाका तत्त्वमा घटना, सहभागी, समय र स्थानलाई राखिएको छ ।

उपर्युक्त अवधारणाहरूलाई आधार मान्दै यस शोधमा लोककथा संरचनाको अध्ययन कथानक, सहभागी, परिवेश, उद्धेश्य, भाषाशैलीगत विन्यासका आधारमा गरिएको छ ।

४.२.१ लोककथाको संरचना

लोककथाको संरचना भनेको ढाँचा, व्यवस्था वा सङ्गठन हो । निर्माण वा बनोटका आवश्यक अङ्गहरूको समष्टि त्यसको निर्माण गर्ने घटकहरूको कुल योगलाई नै संरचना

भनिन्छ । प्रत्येक वस्तु वा कृतिका आआफ्ना संरचना हुन्छन् । संरचनाविना कुनै पनि वस्तु पूर्ण हुँदैनन् । संरचना शब्द 'स्ट्रक्चर' (structure) को नेपाली रूपान्तर हो । यस शब्दको व्युत्पत्ति ल्याटिन भाषाको 'स्ट्रक्ट स्ट्रुएरर' (Struct struere) धातुमा 'युअर' (ure) प्रत्यय लागेर निर्मित 'स्ट्रक्चुरा' (structura) तथा स्पेनेली 'स्ट्रक्सटुरा' (estructura) र इटालेलीको 'स्ट्रटरा' (struttura) शब्दबाट भएको हो । यसको शाब्दिक अर्थ बनाउनु वा निर्माण गर्नु भन्नेहुन्छ । (लुइटेल, २०६२, पृ. ४२) । संरचना शब्दले कुनै पनि वस्तु वा कृति निर्माणका लागि आवश्यक पर्ने सम्पूर्ण अवयवहरूको समष्टिलाई जनाउँछ । कुनै वस्तु वा कृतिको एउटा निश्चित आकार हुन्छ त्यो आकार नै संरचना वा बनोट हो । त्यस संरचनामा विभिन्न र अवयवहरू रहेका हुन्छन् (पराजुली, २०७१, पृ. २१४) । वस्तु वा कृतिको संरचनामा प्रत्येक तत्त्वको एक विशिष्ट प्रकार्य हुन्छ । आज 'संरचना' शब्दको अर्थमा विविधता आएको हुनाले ज्ञानविज्ञानका क्षेत्रमा विभिन्न अर्थहरूमा यसको प्रयोग भएको छ । विभिन्न अवयव वा घटकहरूको पारस्परिक सम्बन्धद्वारा निर्मित वस्तु वा कृतिको पूर्ण, जीवन्त र स्वनिष्ठ अस्तित्वलाई संरचना भनिन्छ (लुइटेल, २०६२, पृ. ४३) । साहित्यिक दृष्टिमा संरचनाले कुनै कृतिको आन्तरिक तथा बाह्य निर्मितिलाई जनाउँछ । यहाँ संरचनाको साहित्यिक अर्थलाई मात्र ग्रहण गरिएको छ । यसले कृतिमा प्रयुक्त भएका घटकहरूको यन्त्रवत् सुसङ्गठित र तार्किक पूर्णतालाई बुझाउँछ । यसमा आफैँमा पूर्णता, परिवर्तशीलता तथा स्वायत्तता जस्ता विशेषताहरू हुन्छन् ।

कुनै पनि वस्तुमा पाइने साना संरचक घटकहरूको योग संरचना हो । संरचनालाई बृहत् घटक पनि भनिन्छ । यसमा बनोट अमूर्त घटकको रूपमा आएको हुन्छ जुन प्रत्यक्ष देख्न र भेट्न सकिन्न । बुनोट मूर्त घटकको रूपमा आएको हुन्छ जुन प्रत्यक्ष रूपमा देखिने र भेट्न सकिने किसिमको हुन्छ । लेखकले कृतिमा विषयवस्तु र अर्थ प्रदान गर्नका लागि विन्यास गरेका घटकलाई सो कृतिको संरचना भनिन्छ । यो कृतिको खास आकृति वा ढाँचा हो । साहित्यिक कृतिको संरचनामा पूर्णता, परिवर्तनशीलता तथा स्वनिष्ठता जस्ता विशेषता हुन्छन् जसले गर्दा कृतिमा प्रयुक्त घटकहरूको अन्तर्सम्बन्ध सबल र विशिष्ट हुन्छ (लुइटेल, २०६२, पृ. ५१) । यसप्रकार कुनै वस्तु, पदार्थ वा कृतिको एउटा निश्चित आकार हुन्छ, त्यो आकार नै संरचना वा बनोट हो । संरचनामा विभिन्न तत्त्व वा अवयवहरू रहेका हुन्छन् । ती तत्त्व र अवयवहरूको आपसी मेल र एकअर्काप्रतिको आबद्धताबाट नै वस्तु वा कृतिको संरचना तयार हुन्छ । यिनै वस्तुका तत्त्व र अवयवहरूको समन्वितपूर्ण योग नै संरचना हो (पराजुली, २०७६, पृ.४२५) । कृतिलाई समग्र

सूत्रमा बाँध्ने र अर्थयुक्त बनाउने कार्य यसको संरचनाले गर्छ । त्यसैले संरचना भनेको कृति निर्माणको बाहिरी कलेवर तथा भित्री अन्तर्वस्तु दुवै हो । यसरी हेर्दा संरचना भनेको कृतिमा आउने घटकहरूको व्यवस्थित ढाँचा वा समुच्चय हो । विभिन्न घटकहरूको संयोजनबाट कृतिले पूर्णता तथा जीवन्तता प्राप्त गर्दछ । यसमा सबै घटकहरूको पारस्परिक सम्बन्ध रहेको हुन्छ । साहित्यका सन्दर्भमा संरचनाको तात्पर्य कृतिगत सङ्गठनको समग्र सिद्धान्त मानिन्छ । साहित्यको संरचना अमूर्त हुन्छ र यसलाई अर्थपूर्ण ढङ्गले आकृति प्रदान गर्ने काम कथानक, विम्ब, प्रतीक आदि विभिन्न संरचक घटकले गर्छन् । कृतिभित्र विभिन्न घटकहरूको क्रमिक व्यवस्थापन हुने र त्यसै व्यस्थापनले त्यसलाई संरचनात्मक पूर्णता प्रदान गर्ने हुँदा संरचनालाई कृतिको आन्तरिक व्यवस्था वा विन्यासका रूपमा लिइन्छ (लुइटेल, २०६०, पृ. ७) । संरचनाले वस्तु वा कृतिको समग्र रूपाकृति, ढाँचा, व्यवस्था र सङ्गठनलाई बुझाउँछ । हरेक वस्तुको संरचनामा समयक्रमसँगै परिवर्तन पनि हुँदै जान्छ । लेखकले विषयवस्तु र अर्थ प्रदान गर्नका लागि कृतिका विभिन्न घटकहरूको क्रमबद्ध विन्यास गर्छ । यस्तो विन्यासबाट कृतिको संरचना तयार हुन्छ । यसर्थ कृतिको समग्र संरचना भनेको त्यसको समग्र आकृति एवम् समग्रतायुक्त हुन्छ र त्यसले विभिन्न घटकहरूका आन्तरिक सम्बन्धका सामञ्जस्यबाट विशिष्टता प्राप्त गर्दछ । कुनै वस्तु वा कृतिको पूर्ण, परिवर्तनशील र स्वनिष्ठ व्यवस्थालाई संरचना भनिन्छ । विचार भाव वा सार कुरालाई वस्तुले सङ्केत गर्छ । विधाका आधारमा वस्तुले सङ्केत गर्ने कुराहरू पनि फरक हुन्छन् । प्रगीतात्मक संरचनामा भाव वा विचार, आख्यानात्मक संरचनामा घटना प्रसङ्ग र नाटकीय संरचनामा द्वन्दलाई वस्तु विधानले सङ्केत गर्दछ । लोककथा आख्यानात्मक संरचनाको एउटा विधा हो । वस्तुविनाको कृतिको सान्दर्भिकता रहँदैन । लोककथाको वस्तुविधानले लोककथाका घटना वा प्रसङ्ग र त्यससँग आएका सहभागी तथा परिवेशलाई समेत बुझाउँछ । कृतिको वस्तुको विश्लेषण गर्ने क्रममा मूलतः प्रगीतात्मक संरचनाको विश्लेषण गर्दा भाव वा विचार, आख्यानात्मक संरचनाको विश्लेषण गर्दा घटना वा प्रसङ्ग तथा नाटकीय संरचनाको विश्लेषण गर्दा कार्यव्यापार वा द्वन्द्वको प्रस्तुति कुन रूपमा गरिएको छ भन्ने कुरा केलाईन्छ (लुइटेल, २०६२, पृ. ३०८) । यसरी हेर्दा एउटा पूर्ण कृति बन्नका लागि त्यसका संरचक घटकहरूको सहसम्बन्ध हुनु आवश्यक देखिन्छ ।

लोककथाको संरचना निश्चित नियमद्वारा व्यवस्थित हुन्छ र त्यो व्यवस्था कायम गर्न निश्चित प्रकार्यहरूको भूमिका महत्त्वपूर्ण हुन्छ । लोककथाको मूल विषय कथानक हो । कथानकको सेराफेरोमा सहभागी र परिवेश आएका हुन्छन् । लोककथामा आख्यानको

प्रबलता हुन्छ र आख्यानलाई अगाडि बढाउन सहभागीको उत्तिकै भूमिका हुन्छ । सहभागीहरू विभिन्न अभिप्रायसँग सम्बन्धित हुन्छन् । लोककथामा उच्चकुलीन वा घरानिया वर्गले मात्र नभई सामान्य मानिसले बुझ्ने प्रकारको सरल भाषा प्रयोग गरिएको हुन्छ । यसमा सामान्यतया: यथार्थमा नमिल्ने प्रकारको स्वैरकल्पनाको प्रयोग गरिएको हुन्छ । लोककथाको उद्देश्य मूलत: मनोरञ्जन प्रदान गर्ने र केही मात्रामा नैतिक उपदेश प्रदान गर्ने हुन्छ । त्यसैले प्रस्तुत शोधमा कथानकको विश्लेषणका साथै पात्र वा सहभागी, परिवेश, उद्देश्य र भाषाशैलीगत विन्यासको पनि विश्लेषण गरिएको छ ।

४.२.२ लोककथाका संरचक घटकहरूको परिचय

कथामा आवश्यक हुने घटकहरू नै लोककथाका संरचक घटकहरू हुन् । संरचना भनेको कृतिको बनोट र बुनोटको सामञ्जस्य हो । त्यसलाई पूर्णता दिने काम पूर्णता, परिवर्तनशीलता र स्वनिष्ठताले गर्छ । साहित्यको संरचनामा यान्त्रिक र तार्किक गरी दुई प्रकारको संरचना पाइन्छ । विशेष नियम वा युक्तिका आधारमा गरिने रूढ, समान तथा प्रचलित प्रयोगलाई यान्त्रिक विन्यास भनिन्छ । यस प्रकारको विन्यास कृतिको बाह्य तहमा रहने गर्दछ । यान्त्रिक विन्यासमा कविता, गीत, नाटक आदि पर्दछन् । उपर्युक्त कार्यकारणमा आबद्ध प्रयोगलाई तार्किक विन्यास भनिन्छ । यस प्रकारको विन्यासमा कथा र उपन्यास पर्दछन् । यी सबैका संरचनात्मक स्वरूप भिन्नाभिन्नै भए पनि पूर्णता रहन्छ । लोककथा पनि तार्किक संरचनाअन्तर्गत पर्दछ । लोककथाको संरचनाका सन्दर्भमा विभिन्न मतमतान्तर देखिएका छन् । यस शोधमा मोहनराज शर्माको *नेपाली लोककथा : सिद्धान्त र विश्लेषण*, खगेन्द्रप्रसाद लुइटेलको *कविताको संरचनात्मक विश्लेषण* तथा मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलको *लोकवार्ता र लोकसाहित्य* पुस्तकलाई मुख्य आधार बनाई ती पुस्तकमा उल्लेख गरिएका कथाका प्रकार र संरचक घटकका आधारमा लोककथाको संरचनात्मक विश्लेषण गरिएको छ ।

(क) कथानक

घटनाहरूको कालक्रमिक विन्यासलाई कथानक भनिन्छ । यो कथाको आधारशिला हो । लोककथामा सामान्य रूपमा घटनाको प्रबलता पाइन्छ । कथामा जसरी घटनाहरूको क्रमबद्ध शृङ्खला हुन्छ लोककथामा पनि त्यस्तै प्रकारको विन्यास हुन्छ । कथानकभित्र कार्यव्यापार हुन्छ । कथानक आदि, मध्य र अन्त्यको क्रममा रैखिक वा वृत्ताकारीय ढाँचामा अगाडि बढेको हुन्छ । कथामा आदि, मध्य र अन्त्यको सामञ्जस्य हुन्छ । लोककथामा हुने घटनाक्रमलाई आदि, मध्य र अन्त्यका रूपमा संयोजन गर्ने तत्त्व कथानक हो । यसर्थ लोककथामा कथानकलाई अनिवार्य

घटक स्वीकार गरिएको छ । लोककथाको निर्माणमा दुईथरी तत्त्वहरूको संयोग पाइन्छ– आख्यानतत्त्व र लोकतत्त्व । आख्यानतत्त्व लोककथाको बाह्य संरचनाको मूल पक्ष हो । सामान्यतः आख्यान विधामा हुने कथानक, पात्र, परिवेश, कथोपकथन, द्वन्द्व, उद्देश्य, शैली र भाषा आदि लोककथामा पनि हुन्छन् र यी सबै तत्त्वहरू आख्यानको बाह्य संरचनामा केन्द्रित हुन्छन् । यी तत्त्वहरूमध्ये पनि लोककथामा कथानकका आन्तरिक तत्त्वका रूपमा अभिप्राय रहेको हुन्छ । लोककथामा प्रयोग हुने घटना, चरित्र र विश्वासहरू जुन बारम्बार दोहोरिरहन्छन्, त्यस्ता परम्परित रूढतत्त्व नै अभिप्राय बन्छन् (पराजुली, २०७१, पृ. ४०) । व्यक्तिका मनमा चलायमान भएका भावनालाई समाज र जीवनका साथमा कथानकले जोड्ने काम गरेको हुन्छ । यस दृष्टिले लोककथाका घटनाहरूमा पाठकको मनमा कल्पनासँगै उत्सुकता जगाउने काम पनि कथानकले गर्छ । कथानक अगि बढ्दै गर्दा श्रोतामा अब के हुन्छ ? भन्ने कुतुहलता वा जिज्ञासा सिर्जना हुन्छ । सामान्यतः विशिष्ट र असामान्य घटना, चरित्र, कार्य तथा विश्वासले सिर्जना भएका अभिप्राययुक्त आख्यानले लोककथा जीवन्त बन्छ (लामिछाने, २०७७, पृ. ३०४) । लोककथामा काल्पनिक, किंवदन्तीमूलक, स्वैरकाल्पनिक, अतिप्राकृतिक आदि स्रोतबाट कथावस्तु लिइएको हुन्छ । जुन स्रोतबाट कथावस्तु ग्रहण गरिएको भए पनि यसमा प्रायः आदि, मध्य र अन्त्यको सबै अङ्ग पुगेको पूर्ण कथानक रहन्छ । यसको विकास व्यतिक्रमिक नभई क्रमिक र रेखीय ढङ्गमा अगाडि बढ्छ (लुइटेल, २०७६, पृ. २९२) । कथामा स्थापना भएका एकभन्दा बढी दृश्यविधानको अन्वय मिलाउने काम कथावस्तुले गरेको हुन्छ । लोककथामा कथानक निर्माणको समय र स्थानको उचित स्थापना कथावस्तुमा भएको हुन्छ । समय र स्थानको सम्बन्ध स्थापना कथामा गरिने हुनाले कथावस्तुले यसको संरचना मिलाएको हुन्छ ।

कथामा निर्माण गरिएको घटनालाई निकास दिन पनि कथावस्तुको विशेष महत्त्व रहन्छ । सहभागीका बिचमा विद्यमान द्वन्द्वलाई अगाडि बढाउन कथानकले सहयोग गर्छ । कथानकमा आएका घटना तथा प्रसङ्गले पात्र तथा परिवेश निर्धारण गर्छ । यस कारणले लोककथामा कथाको संरचना निर्माणका लागि कथावस्तु अत्यावश्यक मानिएको छ । कथाको कथावस्तु आफैंमा एउटा योजनाबद्ध सङ्गठन हो । जीवनजगत्का समस्त क्रियाव्यापारका लागि कथामा निर्माण गरिएका अन्य अवयवलाई साथमा डोऱ्याउने र उद्देश्य पहिचान गर्ने दिशा पहिल्याउने पद्धति कथावस्तु मानिएको छ । कथावस्तुले अन्य अवयवसित सम्बन्ध स्थापना गर्दै आफ्ना संरचनात्मक घटकलाई निश्चित उद्देश्यप्राप्तिको दिशामा अग्रसर गराएको हुन्छ । यसर्थ कथाको

आदि, मध्य र अन्त्य भागको संरचनात्मक अनुक्रम मिलाउने काम कथावस्तुको हो । कथामा समावेश भएका सबै अवयवहरूको अवस्था र तिनको उपस्थितिलाई सार्थक बनाउने दिशामा कथावस्तु आफैँमा सहज ढङ्गले जोडिएको हुन्छ । कथामा स्थूल आकार ग्रहण गरी अन्य अवयवहरूलाई यसले स्थानिक मान्यता दिलाएको हुन्छ (पौड्याल, सन् २०२१, पृ.१५४) । कथामा कलात्मक मूल्य निरूपण गर्न उपस्थित रहने कथावस्तुविना कथा बन्न सक्दैन । घटना, कार्यव्यापार र आवश्यकताअनुसार द्वन्द्वको संयोजनबाट कथानक निर्मित हुन्छ र यसले मूलतः कालक्रमद्वारा शृङ्खलित घटनावली तथा कार्यव्यापारको योजनालाई जनाउँछ । अवयव वस्तुका रूपमा रहेका कथानकका घटनाहरू गतिशील हुन्छन् र ती सिधा वा बक्र रेखामा आरोहअवरोहका साथ अघि बढ्छन् (लुइटेल, २०६२, पृ. २२१) । त्यसैले लोककथामा कथानक महत्त्वपूर्ण तत्त्व हो । अपठितहरूको समूहले भन्ने र सुन्ने हुँदा लोककथामा घटनाहरूको क्रमबद्धता हुनु आवश्यक देखिन्छ । लोककथाको कथानकको विकासलाई यसरी देखाउन सकिन्छ :



(शर्मा, २०४८, पृ. ११६-१२५)

माथि प्रस्तुत गरिएको वर्गीकरणबाट कथाको आदि, मध्य र अन्त्य भागमा क्रमशः विषयको आरम्भ, सङ्घर्षविकास, सङ्कटावस्थाहरू र अन्त्यमा कथामा सङ्घर्षह्रास भई कथानकको समापन हुने कुरा प्रस्ट हुन्छ । कथानक विकासको पहिलो भाग आदि भाग हो । यसअन्तर्गत चिनारी र सङ्घर्ष विकास पर्छन् । कृतिमा आएका प्रमुख सहभागी, स्थान, समय र समस्याको उठान गर्नु चिनारी हो । यसमा लोककथाका सम्भावित समस्याको सङ्केत दिइएको हुन्छ । यसअन्तर्गत मुख्य सहभागी, स्थान, समय, परिवेशको जानकारी दिइएको हुन्छ । लोककथाको आदि भागमा आकस्मिक घटनाका कारण नयाँ समस्या उत्पन्न भई सहभागीहरूले सङ्घर्षको थालनी गर्नु प्रथम सङ्कटावस्था हो । यसपछि लोककथा मध्य भागतिर प्रवेश गर्छ । यस भागमा पहिलो सङ्कटावस्थाको विस्तार हुनुका साथै शृङ्खलाबद्ध रूपमा अन्य सङ्कटावस्था आउँछन् । सहभागीले बुद्धिमतापूर्ण ढङ्गमा समस्या समाधान गर्ने अथवा अझै बढी सङ्कट

बेहोरेर पतन हुने अवस्थासम्म पुग्दछन् । यिनै सङ्कटावस्थासँगै कथानक पनि विस्तार हुँदै जान्छ र कथा चरम अवस्थामा पुग्दछ । अन्त्य भाग भनेको समापन भाग हो । यसको विकास सङ्घर्षह्रास र उपसंहार गरी दुई भागमा हुन्छ । सङ्घर्षह्रास भनेको कथाको अन्तिम सङ्कटावस्था हो । यसमा छरिएका कथानक एकीकृत भएर अगाडि बढ्छन् र कथानक समापन विन्दुमा पुग्छ । उपसंहार सङ्घर्षह्रास पछिको भाग हो जसमा सङ्घर्ष समाप्त भई कथाको अन्त्य हुन्छ ।

(ख) सहभागी (पात्र)

कथाको संरचना निर्माणमा उपस्थित हुने र क्रिया-प्रतिक्रिया गर्ने मानवीय वा मानवेतर चरित्रलाई सहभागी, पात्र वा चरित्र भनिन्छ । सहभागी वा पात्रले कथालाई डोऱ्याउने काम गर्दछ । लोककथामा कथावस्तुमा रहेका घटना र विचारहरूलाई डोऱ्याउन सक्ने पात्रहरूको व्यवस्था गरिएको हुन्छ । सामान्यतः असाधारण चरित्र, खुबी, शारीरिक बनोट, चतुऱ्याइँ र विशेष शक्ति भएका, असामान्य चरित्रहरू लोककथाका पात्रका रूपमा चिनिन्छन् । कथाले निर्माण गरेको परिवेश र कालका चिन्तनलाई वहन गर्न सक्ने सहभागीले कथालाई गन्तव्यमा पुऱ्याएका हुन्छन् । कथाको कथ्य संरचना निर्माण गर्दा जस्तोसुकै स्वरूपको खोजी गरिने भए पनि सहभागीहरूले कथामा ऊर्जा दिने भएकाले यिनको सहभागिताबिना कथाको कल्पना गर्न सकिँदैन । कथाकारले राखेको उद्देश्य परिपूर्ति गर्न पात्रको पहिचान प्रथम पुरुष वा तेस्रो पुरुषका माध्यमबाट गरिएको पाइन्छ । कथाकारको विचारको स्थापनाका लागि कथामा स्वतः प्रकट हुने सहभागी भनेका कथाका आवश्यक उपकरण हुन् । कथामा यिनको अनिवार्य उपस्थिति रहन्छ (पौड्याल, सन् २०२१, पृ. १५६) । लोककथाका सहभागी मानवीय र मानवेतर दुवै प्रकारका हुन्छन् । यस्ता मानवेतर सहभागीलाई कथावाचकले मान्छेका व्यवहार तथा संस्कारसँग मिल्ने बनाएर लोककथामा प्रस्तुत गर्छन् । यी पात्रहरूले मानिसले गर्न नसक्ने जादुमयी र अलौकिक काम गर्न सक्छन् । लोककथाका पात्रहरूलाई मूलतः कार्यक्षमता वा शक्तिका आधारमा र वर्गका आधारमा गरी दुई दृष्टिकोणबाट वर्गीकरण गर्न सकिन्छ । लोककथाका पात्र मानव र मानवेतर पनि हुन्छन् । मानव पात्रमा अर्द्धमानव, मानव, अतिमानव र दिव्य हुन्छन् भने मानवेतर पात्रमा सजीव र निर्जीव हुन्छन् (पराजुली, २०७१, पृ. ४२) । लोककथामा आउने व्यक्ति, पशुपन्क्षी, भूतप्रेत, जङ्गली जनावर आदि नै लोककथाका पात्र हुन् । प्रायः राक्षस, बोक्सी, भूतप्रेत, दुष्ट स्वभावका पशुपन्क्षी एवम् मानिसहरू खलपात्रका रूपमा प्रयोग गरिन्छन् । नायकलाई सहयोग गर्ने पात्र सत् पात्र हुन्छ । लोककथाको पात्र मानवीय,

मानवेतर, सजीव, निर्जीव जस्तो पनि हुनसक्छ । नेपाली लोककथाका पात्रहरूमध्ये केही नेपाली लोकसमाजबाटै लिइएका जस्ता देखिन्छन् भने अधिकांशतः काल्पनिक संसारबाट टिपिएका जस्ता देखिन्छन् (लामिछाने, २०७७, पृ. ३०२) । विभिन्न विद्वान्ले सहभागीका बारेमा विभिन्न मत राखे पनि पात्रले गर्ने कार्यव्यापारको आधारमा पात्रहरूलाई लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना आसन्नता, आबद्धता आदिका आधारमा यसप्रकार वर्गीकरण गर्न सकिन्छ :



(शर्मा, २०४८, पृ. ११६-१२५)

माथि प्रस्तुत गरिएका सबै प्रकारका सहभागी एउटै कथामा नआउन सक्छन् । एउटा पात्रले एउटा मात्र भूमिका निर्वाह गर्न वा एउटा पात्रले विभिन्न भूमिका एक्लै निर्वाह गर्न सक्छ । सहभागीको स्वभाव, प्रकृति तथा गतिशीलताले कथानकका आरोहअवरोहलाई निर्धारण गर्दछ । पात्रलाई लिङ्गका आधारमा पुरुष र स्त्री गरी दुई प्रकारमा विभाजन गरिएको छ । कार्यका आधारमा प्रमुख, सहायक र गौण गरी तीन प्रकारमा वर्गीकरण गरिएको छ । कथामा मुख्य भूमिका भएका पात्र प्रमुख, प्रमुख पात्रभन्दा कम काम गर्ने पात्रलाई सहायक र कथामा खास भूमिका नभएका पात्रलाई गौण पात्रका रूपमा चिनिन्छ । यसैगरी प्रवृत्तिका आधारमा सकारात्मक गुण भएका पात्र अनुकूल पात्र वा नायक र

नकारात्मक गुण भएका पात्र प्रतिकूल वा खलपात्रका रूपमा प्रस्तुत हुन्छन् । पात्रका स्वभावका आधारमा समयानुसार परिवर्तन हुने पात्र गतिशील र कथाभरि परिवर्तन नहुने पात्र स्थिर पात्रमा पर्दछन् । कुनै वर्गविशेषको प्रतिनिधित्त्व गर्ने पात्र वर्गीय हुन्छन् भने व्यक्तिविशेषको प्रतिनिधित्त्व गर्ने पात्रलाई व्यक्ति पात्र भनिन्छ । आसन्नताका आधारमा अप्रत्यक्ष उपस्थित हुने पात्रलाई नेपथ्य पात्र र प्रत्यक्ष रूपमा उपस्थित भएर भूमिका निर्वाह गर्ने पात्रलाई मञ्चीय पात्र भनिन्छ । आबद्धताका आधारमा बद्ध र मुक्त गरी सहभागीलाई दुई भागमा बाँड्न सकिन्छ । यसैगरी कथामा आउने पात्रलाई मानवीय र मानवेतर पात्रमा पनि बाँडेको पाइन्छ । कथामा मानवेतर सहभागी भएर आएका पशुपन्क्षी तथा निर्जीव वस्तु मानिसजस्तै कुराकानी गर्ने, हिँडडुल गर्ने, मानिसले भन्दा अद्भुत काम गर्ने गर्छन् । यस्ता सहभागीले मानिसलाई सहयोग वा असहयोग दुवै गरेका हुन्छन् । परिवेश वा स्थानविशेषका आधारमा सार्वभौमिक र आञ्चलिक गरी सहभागीलाई दुई प्रकारमा बाँडेको पाइन्छ । सार्वभौम पात्र सबैतिर एकै रूपमा पाउन सकिन्छ भने आञ्चलिक पात्र खास क्षेत्र वा भूगोलमा मात्र पाउन सकिन्छ ।

कथाले अपेक्षा गरेको कथानकलाई सरल गतिले अगाडि बढाउन सक्ने सहभागीको छनोट गरी कथाको निर्माण हुन्छ । लोककथाका पात्रहरू वर्ग, समुदाय, जात, धर्म, लिङ्गअनुसार फरक भूमिका र फरक क्षमताका हुन्छन् । कथाले निर्माण गरेको परिवेशअनुकूल अपेक्षित उद्देश्य प्राप्त गर्न र जिम्मेवारी वहन गर्न सक्ने सहभागीले कथालाई निश्चित मोडमा पुऱ्याएका हुन्छन् । लोककथाका मानवेतर सहभागीले मानवीय गुण ग्रहण गरी अद्भुत क्रियाकलाप गर्नु लोककथाका सहभागीहरूको विशेषता हो । त्यसकारण लोककथामा साधारण मानिसले गर्न नसक्ने अलौकिक क्षमता भएका पात्रको छनोट गरेर असम्भव तथा अनौठो काम कुराहरू गर्न लगाइएको हुन्छ ।

(ग) परिवेश

लोककथाको अर्को तत्त्व परिवेश हो । लोककथामा सहभागीले क्रियाकलाप गर्ने र घटनाहरू घटित हुने ठाउँ, समय र वातावरणलाई परिवेश भनिन्छ । घटना कहिले कहाँ र कसरी घटित भयो भन्ने कुरालाई परिवेशले जनाउँछ । यसले ठाउँ, समय, वातावरणका साथै घटना घटित हुने भौतिक स्थितिलाई समेत सङ्केत गर्छ । परिवेशलाई देश, काल, वातावरण, परिवृत्त, पर्यावरण जस्ता शब्दहरूले बुझाइन्छ । वास्तवमा परिवेश भनेको देश, काल र वातावरण हो । देशले कार्यव्यापार सम्पन्न हुने स्थान, कालले कार्यव्यापार सम्पन्न हुने समय तथा वातावरणले कार्यव्यापारबाट उत्पन्न प्रभावलाई जनाउँछ । यसरी घटना

घटित हुने स्थान, समय र परिस्थिति नै परिवेश हो (लुइटेल, २०६२, पृ. २३२) । देश, काल र वातावरणले कथाको सामान्य घटनास्थल र घटना घटेको समयलाई बुझाउँछ ।

परिवेशले कथानकको गतिलाई अगाडि बढाउन सहयोग गर्छ । समाज वा समुदायको व्यावहारिक जीवन, रहनसहन, भौगोलिक पृष्ठभूमि आदिले कुन परिवेशमा कथिएको कथा हो भन्ने कुरा बुझाउँछ । सामाजिक, सांस्कृतिक, धार्मिक, आर्थिक, राजनीतिक परिवेशले सहभागीको भावनालाई उदिप्त पार्न भूमिका खेल्छ । लोककथाका पात्रहरूले कथानक अगाडि बढाउने ठाउँ र समयका साथै स्थानविशेषको चालचलन, रीतिथिति, आचरण, व्यवहार, रहनसहन, विश्वास, मान्यता, प्राकृतिक पृष्ठभूमि, भौगोलिक अवस्थिति जीवन र सोचाइ आदि पनि परिवेशभित्रै आउँछन् (लामिछाने, २०७७, पृ. ३०४) । लोककथामा आउने प्रायःजसो स्थानहरू पौराणिक तथा ऐतिहासिक हुन्छन् । प्रकृतिको मनोरम दृश्य, भयानक गुफा, तलाउ, नदी, जङ्गल, पोखरी आदि स्थानका रूपमा आउँछन् । लोककथाको उठान परिवेशबाटै भएको हुन्छ । नेपाली लोककथामा स्वर्गलोक, नरलोक, परिलोक, नागलोक, सूर्यलोक, पितृलोक आदि विभिन्न लोकहरूको चित्रण गरिएको छ र त्यहाँ रहेका जीवहरूमा पाइने असाधारण एवम् अलौकिक शक्तिका बारेमा पनि वर्णन गरिएको छ (पराजुली, २०७१, पृ. ४९) । लोककथामा एकादेशमा, एउटा जङ्गलमा, एउटा गाउँमा, परापूर्वकालमा भनेर कथानक अगाडि बढाइन्छ । घाँसपात काट्दा, गाईवस्तु चराउँदा, लेकबँसी, मेलापात गर्दा, हाटबजार गर्दा तथा बेलुकाको समयमा परिवार भेला भएर थकाइ भुल्नका लागि लोककथा भन्ने तथा सुन्ने गरिन्छ । त्यसैले लोककथाको परिवेशले शहरभन्दा गाउँको परिवेशलाई प्रायजसो समेटेको हुन्छ । परिवेशभित्र वस्तु र सहभागीका अतिरिक्त विचारको पनि प्रस्तुति हुन सक्छ । सहभागीको मानसिकतामा सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक, सांस्कृतिक सन्दर्भ उत्पन्न गर्न सक्ने सन्दर्भहरू हुन्छन् । परिवेश बाह्य र आन्तरिक दुवै हुन सक्छ । बाह्य परिवेशलाई भौतिक र आन्तरिक परिवेशलाई मानसिक परिवेश भनिन्छ । त्यसैले परिवेशले व्यापक अर्थ समेटेको पाइन्छ ।

(घ) उद्देश्य

कुनै पनि साहित्यिक रचनाको निश्चित उद्देश्य हुन्छ । लोककथा सुन्नु र सुनाउनुका पछाडि पनि प्रत्यक्ष वा परोक्ष उद्देश्य रहेको हुन्छ । श्रोतालाई मनोरञ्जन दिनु, उपदेश दिनु, नीतिनियम सिकाउनु, धर्म, अर्थ, काम, मोक्ष प्राप्त गर्नु र लोकमङ्गलको कामना गर्नु लोककथाका मुख्य उद्देश्य हुन् । धर्मको व्याख्या, प्रचार र

धार्मिक रहस्यको प्रस्तुति, दु:ख निवारण, नीतिशिक्षा र उपदेश, शिक्षा प्रदान र मनोरञ्जन प्रदान गर्नु लोककथाका मुख्य उद्देश्य हुन् (लामिछाने, २०७७, पृ.३२८) । लोककथाले बालकदेखि वृद्धसम्म सबै उमेर समूहका मान्छेलाई मनोविनोद प्रदान गरी उद्देश्य पूरा गर्छ । नेपाली लोककथाको अध्ययन गर्दा लोककथाले धार्मिक र नैतिक शिक्षा, व्यावहारिक र जीवनोपयोगी शिक्षा, इमानदारिता र लगनशीलताको महत्त्व, कर्मको फल भोग्नुपर्ने जस्ता सन्देश दिएको पाइन्छ (लामिछाने, २०७७, पृ. ३३०) । लोककथामा समाज तथा समुदायको प्रतिबिम्ब हुने हुँदा यसमा समाज तथा समुदायका धार्मिक तथा सांस्कृतिक परम्परा, रीतिरिवाज, चालचलन, संस्कार, सामाजिक तथा आर्थिक अवस्थाको चित्रण गरिएको पाइन्छ । यस्ता विविध अवस्थाको बारेमा वर्णन गरेर श्रोतालाई मनोरञ्जन गराउनु र उपदेश दिनु लोककथाको मुख्य उद्देश्य रहेको पाइन्छ ।

(ङ) भाषाशैलीगत विन्यास

भाषाशैलीगत विन्यास लोककथाको अर्को महत्त्वपूर्ण तत्त्व हो । विन्यास भनेको सुव्यवस्थित ढङ्गले र योजनाबद्ध तरिकाले राखिने वा व्यवस्थित प्रकारको रखाइ हो । साहित्यिक कृतिको संरचक घटकका सन्दर्भमा भाषा, शैली, बिम्ब, प्रतीक, लय, छन्द, अलङ्कार आदिको क्रमबद्ध रखाइ वा व्यवस्थापनलाई भाषाशैलीगत विन्यास भनिन्छ (लुइटेल, २०६२, पृ. २४५) । भाषा विचार सम्प्रेषणको साधन हो । भाषा प्रस्तुतिको माध्यम हो । साहित्यको सम्प्रेषण पनि भाषाकै माध्यमबाट हुन्छ । लोककथाको भाषा गद्य भाषा हो । लोककथा श्रुति परम्परामा आधारित अपठित समूहको रचना भएकाले यसमा प्रयुक्त हुने भाषा दोहोरो अर्थ लाग्ने किसिमको हुँदैन । लोककथाको भाषा सरल र सहज हुने भएकाले बालकदेखि बृद्ध उमेर समूहकाले बुझ्ने किसिमको हुन्छ । लोककथामा प्रायजसो मौलिक तथा रूढ शब्दको प्रयोग हुन्छ । यसमा सरल बोधगम्य, छोटा वाक्यहरूको प्रयोग गरिन्छ । लोककथामा बिम्ब, प्रतीक, अलङ्कारको प्रयोग ज्यादै कम हुन्छ । लोककथाको पाठैपिच्छे भाषा परिवर्तन भइरहन्छ । समय र स्थानका भेदले वाक्यमा परिवर्तन भए झैँ लोककथाका पाठमा पनि परिवर्तन भइरहन्छ (लुइटेल, २०६३, पृ. ३७७) । लोककथामा प्रयुक्त भाषा अभिव्यक्तिको रूप र कथ्य सामग्री दुवै हो । लोककथामा शब्दयोजना, वाक्य संरचना, वाक्य विन्यास पनि कथावाचकको क्षमताअनुसार प्रयोग भएको पाइन्छ । लोककथामा विभिन्न वर्गविशेषका पात्रहरूको उपस्थिति हुन्छ । उनीहरूको आफ्नै पेशा र व्यवसाय हुन्छ । पात्रले प्रयोग गर्ने भाषामा आफ्नै किसिमका व्यावहारिक र व्यावसायिक शब्दहरूको प्रयोग भएको

पाइन्छ । भूगोल, समुदाय, धर्म, संस्कृति, मूल्यमान्यताअनुरूपका शब्द तथा वाक्यको प्रयोग भएको पाइन्छ । पात्रानुकूल सभ्य तथा असभ्य बोलीमार्फत पात्रले साहस, त्याग, घृणा, इर्ष्या, विलौना, खुसी आदि साटासाट गर्छन् । धनी, गरिब, नोकर, मालिक, महिला, पुरुष, आदिले बोल्ने भाषामा फरक पाइन्छ । प्रायः लोककथामा निम्नवर्गका पात्रले बोल्ने भाषा सरल, अनौपचारिक र सामान्य स्तरको हुन्छ ।

शैली अभिव्यक्तिको तरिका हो । साहित्यका हरेक विधामा फरक शैलीको प्रयोग गरिएको हुन्छ । शैली शब्द अङ्ग्रेजीको 'स्टाइल' (Style) को नेपाली रूपान्तर हो । अङ्ग्रेजीको 'स्टाइल' (Style) शब्दको व्युत्पत्ति ल्याटिनको 'स्टिलस' (Stilus) शब्दबाट भएको र यसको प्राचीन अर्थ मैनमाथि लेख्न बनाएको हाड वा धातुको कलम भन्ने हुन्छ । समयान्तरमा अर्थ परिवर्तन भएर (Stlye) 'स्टाइल' शब्दले वर्तमान अर्थ ग्रहण गरेको हो (लुइटेल, २०६२, पृ. २५२) ।

शैलीले लेखक वा रचनाकारको अभिव्यक्तिको तरिकालाई बुझाउँछ । लोककथामा सरल र सहज भाषाशैलीको प्रयोग हुन्छ । एकले अर्कालाई सुनाउँदा बुझिने शैलीमा छोटा वाक्यहरूको प्रयोग गरेर लोककथा भन्ने गरिन्छ । एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुँदा भाषिक परिवर्तन पनि हुँदै जान्छ । यस्तो परिवर्तन समयक्रमँगै हुने गर्छ र भाषिकागत भेदअनुसार फरक शब्दहरूको प्रयोग भएको पाइन्छ । एउटै कथावस्तु भएका कथामा पनि शैलीगत भिन्नताका कारण प्रत्येक कथा बेग्लाबेग्लै र मौलिक जस्ता लाग्छन् । कथा वाचकको शैलीले कथालाई रोचक बनाउँछ । श्रोतालाई विशिष्ट प्रभाव र नवीन अनुभूति दिलाउन शैलीले महत्त्वपूर्ण भूमिका खेल्छ । शैलीले साहित्यका विधालाई एकअर्काबाट फरक बनाउने काम गर्छ । भाषा साहित्यको उपयुक्त क्रमश्रेणी रूपान्तरित भएर साहित्यिक संरचनाको क्रमश्रेणी बन्न पुग्छ । यस रूपान्तरणलाई विशिष्टि तथा अमूर्त प्रक्रिया मानिन्छ । यो प्रक्रिया यस्तो मध्यवर्ती स्थिति हो, जसको सम्बन्ध एकातिर भाषारूपी कच्चापदार्थसँग हुन्छ भने अर्कातिर कृतिरूपी तयारी मालसँग हुन्छ (शर्मा, २०७९, पृ. ८) । लेखकले भाषाका माध्यमबाट आफ्ना विचारहरू पाठकसम्म पुऱ्याउन निश्चित शैलीको प्रयोग गर्छन् । शैलीले कृतिको साहित्यिक संरचना, बनोट र बुनोट), भाषिक संरचना (ध्वनि, शब्द, व्याकरण र अर्थ) लाई जोड्ने काम गर्छ । शैलीलाई अभिव्यक्ति घटक वा योजक घटक मानिन्छ (लुइटेल, २०६०, पृ. ११३) । यसरी हेर्दा शैली भनेको भाषिक संरचना र साहित्यिक संरचना दुवैलाई जोड्ने भाषिक अभिव्यक्तिको विशिष्ट ढाँचा हो । त्यसैले लोककथामा

कथाले उठाएको विषयलाई वर्णन गर्ने पद्धति नै शैली हो । केही विद्वान्हरूले यसलाई कथन पद्धति पनि भनेका छन् । लोककथामा प्रयोग गरिएको एकादेशमा, परापूर्वकालमा, यस्तो भएछ अरे भन्दै घटनाक्रमअनुसार आवाजको आरोह अवरोह मिलाएर कथा अगाडि बढाउने तौरतरिका वा कथन ढाँचालाई शैलीअन्तर्गत राख्न सकिन्छ । भाषाशैली जति सरल भयो त्यति नै कथा सम्प्रेषणीय हुन्छ ।

४.३ 'अन्धाको भाग्य' लोककथाको विश्लेषण

प्रस्तुत 'अन्धाको भाग्य कथा' यस क्षेत्रमा प्रचलित सामाजिक लोककथा हो । प्रस्तुत कथामा अन्धालाई गर्ने नराम्रो व्यवहार, हेला, तिरस्कार जस्ता कुरालाई देखाउन खोजिएको छ । खान लाउन धौधौ पर्ने अन्धाले जीवन निर्वाह गर्न गर्नुपरेको सङ्घर्षलाई र पछि भाग्य खुलेको कुरा यस कथामा देखाइएको छ । यहाँ 'अन्धाको भाग्य कथा' कथालाई लोककथाका संरचक घटकहरू कथानक, सहभागी, परिवेश, उद्देश्य र भाषाशैलीगत विन्यासका आधारमा विश्लेषण गरिएको छ ।

४.३.१ कथानक

एकादेशमा धेरै समय अघि कुनै एउटा गाउँमा एउटा अन्धो मानिस हुनु, त्यो मानिस जन्मैदेखिको अन्धो हुनु, जीविकाको लागि गाउँघरमा मागेर पेट पाल्नु, त्यो अन्धो गाउँ घरमा माग्न आएपछि कुकुर भुकेर उसलाई खेदाउँनु, उसले राम्ररी माग्न पनि नपाउँनु, गाउँलेले पनि झर्कोफर्को गर्न थालेकाले अब उसले मागेर खानुभन्दा भोकै बसेर प्राण त्याग गर्ने विचार गर्नु, गाउँको सिरानमा रहेको पिपलको बोटमुनि बस्नु, माघको जाडोमा भोकै रहँदा अन्धालाई धेरै गाह्रो हुनु जस्ता घटनाले कथाको आदि भागलाई प्रस्तुत गरेको छ ।

त्यसकारण मन भुल्याउन उसले शिव ! शिव !! भन्न थाल्नु, अन्धाको त्यो भुलाइ अव तपस्या र जपमा परिणत भइसक्नु, एकदिन अन्धोको त्यो पुकार कैलाशमा रहेकी पार्वतीले सुन्नु र महादेवसँग उसको अभिलाषा पूरा गरी दिन अनुरोध गर्नु, पार्वतीको आग्रह टार्न नसकेर महादेवले अन्धो भएका ठाउँमा गएर भन्नु, तिम्रो तपस्या र जपबाट म खुसी भएँ भन्नु, तिमीलाई के चाहिन्छ एक थोक वरदान माग भन्नु, महादेवको कुरा सुनेर अन्धो आपत्मा पर्नु र विचार गर्न लाग्नु, एकापटि उसको आँखा नहुनु भने अर्कातर्फ घरबाट सम्पति केही पनि नहुनु, त्यसकारण कुनचाहिँ कुरा मागु भनेर विचार गरी आखिरमा बिन्ती गर्न थाल्नु,"घरमुनि बारी बारीमुनि खेत माझका तलामा साहिंली बुहारीले सुनका थालमा भात खाएको यहीँ फुटेका

आँखाले देखू" अन्धाले जुक्ति बुद्धि लगाएर वरदान मागेकाले महादेव पनि खुसी हुनु र तथास्तु भनी त्यहाँबाट हिड्नुसम्मको घटनाक्रमले कथाको मध्यभागको सङ्केत गर्छ ।

त्यसको केही समयपछि उसका आँखा पनि ठिक हुनु, उसले दाजुभाइ नभएकी एउटी धेरै धनी कन्या भेट्नु र विवाह पनि गर्नु, उसका चारओटा छोरा हुनु र ती छोराहरुकी बुहारी मध्ये साहिँली धेरै चलाख र बुद्धिमानी हुनु, उसले माइतबाट प्रशस्त दाइजो पनि ल्याउनु, उसले चारओटा तलाको घर पनि बनाउनु, त्यसपछि छोराबुहारी र प्रशस्त धन सम्पतिका साथ आनन्दले बस्न थालेसँगै कथानकको अन्त्य हुन्छ (स्रोत : परिशिष्ट क, १) ।

यस कथाको कथानक विन्यास क्रमिक रूपमा अगाडि बढेको छ । कथामा अन्धाको पनि भाग्य बलियो भएमा सुख पाउने दिन आउने हुँदा कसैलाई पनि नहेप्ने सन्देश दिइएको छ । कथाको आदि, मध्य र अन्त्यको शृङ्खला मिलेको छ । कथामा थपिएका अन्य घटनाले कथा कसिलो बनेको छ ।

४.३.२ सहभागी

'अन्धाको भाग्य' कथा सीमित सहभागीहरू भएको कथा हो । यस कथामा अन्धा, महादेव, पार्वती, अन्धाका चार भाइ छोरा, उनीहरूका श्रीमती सहभागीका रूपमा आएका छन् । यो लोककथा अन्धो, चार दाजुभाइको सेरोफेरोमा केन्द्रित छ । कथाका मुख्य सहभागीका रूपमा अन्धो, महादेव र साहिँली बुहारी आएका छन् । अन्धोलाई पनि मुख्य पात्रको रूपमा देखाइएको छ । प्रस्तुत लोककथामा प्रयुक्त सहभागी र तिनका अभिलक्षणलाई तल प्रस्तुत गरिन्छ :

तालिका नं. ३

'अन्धाको भाग्य' लोककथाका सहभागीहरूका चारीत्रिक अभिलक्षण

पात्र	लिङ्ग		कार्य			प्रवृत्ति		स्वभाव		जीवन चेतना		आसन्नता		आबद्धता	
	पुरुष	महिला	प्रमुख	सहायक	गौण	अनुकूल	प्रतिकूल	गतिशील	गतिहीन	वर्गीय	व्यक्ति	नेपथ्य	मञ्चीय	बद्ध	मुक्त
अन्धो	+	-	+	-		+	-	+		+	-		+	+	
महादेव	+		+	-		+	-	-	+		-		+	+	
पार्वती		+		+	-	+	-	+	-	+	-	-	+	+	-
छोराहरू	+	-	-	+	-	-	+	+	-	+	-	-	+	+	+
बुहारीहरू	-	+	-	-	+	-	+	-	+	+	-	-	+	-	+
अन्धाकी श्रीमती	-	+	-	-	+	-	+	+	-	+	-	-	+	+	+

(स्रोत : परिशिष्ट क, १)

माथिको तालिकाका आधारमा हेर्दा यहाँ अन्धो, महादेव, पार्वती, अन्धाकी श्रीमती चारभाइ छोराहरू, बुहारीहरू सहभागीका रूपमा आएका छन् । अन्धो कथाको केन्द्रीय पुरुष पात्र हो । लोककथाको चिनारी र सङ्घर्षविकासका घटनाहरू अन्धोको केन्द्रीयतामा घटेका छन् । अन्धो अनुकूल पात्र हो । उसलाई आफ्नो जीवन बचाउन माग्न जाँदा गााउलेहरूले हेप्दा पनि झगडा नगरी बसेको छ । ऊ गतिशील पात्र हो । कुकरले पनि माग्न जाँदा हेपेपछि प्राण त्याग गर्ने निर्णय लिन्छ र जाडो महिनामा रुखमुनि बसेर प्राण त्याग गर्न तयार हुन्छ, ज्यादै असहज भए पछि मन भुल्याउन शिव ! शिव !! शिव !!! भन्न थाल्छ । उसको यो भनाइ तपस्याको रुपमा परिणत हुनु, पार्वतीलाई दया लागेर त्यसलाई केही वरदान दिन अनुरोध गर्नु र महादेव अन्धो भएको स्थानमा गएर तिम्रो तपस्याबाट हामी खुशि भयौं एक थोक वरदान माग भनेर महादेवले भनेपछि बुद्धि पुऱ्याएर वरदान मागी पछि सुखले जीवन बिताउने पात्र हो अन्धा । विभिन्न कार्यव्यापारले अन्धोलाई गतिशील पात्रका रूपमा चिनाएको छ । जीवनचेतनाका आधारमा हेर्दा अन्धो वर्गीय पात्र हो । उसले निम्न वर्गको प्रतिनिधित्व गरेको छ । खान लगाउन धौ-धौ पर्दा मागेर खानु, गाउँलेबाट हेपिनु, मर्न तयार रहनु, पिपलको बोटमुनि गएर बस्नु, भोकले सहन नसकेपछि शिव ! शिव !! भन्नु, अन्त्यमा महादेवले वरदान दिएर बिहे गरी आनन्दले जीवन बिताउनुलगायतका घटनाले अन्धालाई अत्यन्त सोझो र इमान्दार निम्न वर्गीय पात्रका रूपमा देखाइएको छ । कथाको सुरुदेखि अन्त्यसम्म अन्धोकै सेरोफेरोमा कथा घुमेकाले अन्धो मञ्चीय र बद्ध पात्र हो ।

यस कथामा महादेव, पार्वती, श्रीमती, चार छोरा बुहारी सहायक पात्र हुन् । अन्धोलाई हेप्ने, दुःख दिने, खान पनि नदिने, माग्न नदिने गाउलेहरू, कुकुर प्रतिकूल पात्रको रूपमा कथामा उपस्थित भएका छन् । पहिले अन्धालाई हेप्ने गाउँलेहरू अन्धालेले सुख पाएपछि उसैलाई मालिक बनाएर राम्रो सम्बन्ध गास्न पुगेका छन् । यिनीहरू गतिशील निम्न वर्गीय पात्र हुन् । यिनीहरूको उपस्थिति कथाको सुरुदेखि अन्त्यसम्म नै रहेको देखिन्छ । त्यसैले यिनीहरू मञ्चीय र बद्ध पात्र हुन् । गाउलेहरू गौण पात्र हुन् । यिनीहरू कथामा प्रतिकूल पात्रका रूपमा उपस्थित भएका छन् ।

यस कथामा पशुसम्बन्धी अभिप्रायको प्रयोग भएको छ । कथामा मानवेतर पात्रका रूपमा कुकुरको पनि उपस्थिति रहेको छ । अन्धो प्रमुख पात्र हो । महादेवको आगमनले अन्धाको जीवनमा सकारात्मक परिवर्तन आएको छ । अन्धो मानवका रूपमा जीवन फेर्ने गतिशील पात्र हो । अन्धो वर्गीय र मञ्चीय पात्रका रूपमा उपस्थित छ । यसरी हेर्दा कथामा आएका सहभागी र तिनका अभिलक्षणले कथालाई सरल, सहज र मौलिक बनाएको छ ।

४.३.३ परिवेश

'अन्धाको भाग्य' कथामा एउटा अन्धाले मागेर जीविकोपार्जन गर्ने परम्परा कालिक परिवेशका रूपमा आएको छ भने खोटाङको गाउँ समुदायको गाउँबस्ती, वनजङ्गल पाखा चउर, पोखरी आदि स्थानिक परिवेशका रूपमा आएका छन् । सामान्य कथास्थलका रूपमा अन्धा बस्ने घर, मागेर जीविका चलाउने गाँउ, वनजङ्गल, पिपलको बोट आएका छन् भने महादेवले वरदान दिएपछि गरिवीको अवस्था परिवर्तन गरेपछि निर्माण भएको भव्य महल, झिलीमिली सजावटले राजदरबारजस्तो झल्को दिएको छ । यहाँ प्रस्तुत लोककथाको वातावरण आदि भागमा अन्धाले खान नपाएर, गाउँलेहरूले गाली गरेर, कुकुरले लखेटेर अवस्था दुःखद भएको छ भने मध्य भागमा पनि अन्धोलाई महादेवले वरदान दिएकाले सुखद अवस्था छ । अन्त्यमा भने दरबार जत्रो महल र देवी जस्ती श्रीमती पाएपछि सबै छोरा बुहारीलाई मालिक बनाएर मिलीजुली बसेकाले सुखद परिवेशको सिर्जना भएको छ । (स्रोत : परिशिष्ट क, १)

४.३.४ उद्देश्य

'अन्धाको भाग्य' सामाजिक लोककथा हो । यस कथाले अर्ती उपदेश वा नीति प्रदान गर्ने उद्देश्य राखेको छ । समय सँधै एकनास हुँदैन । कहिले सुख र कहिले दुःख जीवनमा आउने जाने भइरहन्छन् । अन्धाले पहिला काम नगरी मागेर खाने र गाउलेहरूले अन्धालाई मागेर खाँदा गाली गर्ने, कुकुरले लखेट्ने जस्ता काम हुन्थ्यो । पछि यो सबै कुराबाट वाक्क भएपछि मर्न भनेर रुखमुनि बस्दा महादेव खुशि भएर अन्धालाई पछि भाग्यले साथ दिँदा अरूको भन्दा ठुलो महल प्राप्त भयो, सुख प्राप्त भयो । राम्री श्रीमती र चार छोरा बुहारीसहित राम्रो महल बनाइ खुशिसाथ सबैको हाइहाइ भएर बस्न पायो । अन्धो हुँदा दुःख हुन्छ । कसैको साथ नपाउँदा झनै दुःख पाईन्छ । त्यसैले मानिसलाई बच्चामा यस्तो थियो भनेर व्यवहार गर्नु हुँदैन । पछि भाग्य फेरिन सक्छ र अन्धाको पनि दिन फिर्छ भन्ने शिक्षा दिनु नै यस कथाको उद्देश्य हो ।

४.३.५ भाषाशैलीगत विन्यास

प्रस्तुत लोककथाको भाषाशैली सरल, सहज र सुबोध्य रहेको छ । बोलीचालीका शब्द प्रयोग भएका छोटा र सरल वाक्यको प्रयोगले लोककथा सुबोध्य बनेको छ । बोलीचालीका शब्द प्रयोग गरिएका छन् । यस कथामा निम्न आदरार्थी शब्द 'तँ', 'थिई'

प्रयोग गरिएको छ । संवादात्मक तथा वर्णनात्मक दुवै शैलीको प्रयोग गरिएको यस कथाको प्रारम्भ एकादेशमा...भनेर सुरु भएको छ । यसप्रकारको स्थानीय शैली र शब्दले कथालाई मिठासपूर्ण बनाएको छ । समग्रमा लोककथा व्यवस्थित संरचनामा बाँधिएको छ भने सरल, सहज र सुबोध्य भाषशैलीको प्रयोगले मिठासपूर्ण रहेको छ ।

४.४ 'ऋणको भारी' लोककथाको संरचनात्मक विश्लेषण

प्रस्तुत 'ऋणको भारी' लोककथा खोटाङ जिल्लाको दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा प्रचलित छोटो आयामको लोककथा हो । प्रस्तुत कथामा अरुको ऋण लिएर पुरा ऋण नतिरी आसामी मगरको मृत्यु हुन्छ । पछि छोराहरूले ऋण तिर्न खोज्दा साहु बाहुन बसाइ सरेर गएछन् । पछि छोराहरू बाबुको श्राद्ध गर्न पशुपति जाँदा बास बसेको घरमा पुग्दा साहुको घर भएको र बाबुको ऋण तिरिदिएर बाबुलाई ऋणमुक्त पार्न सफल भएको घटनालाई प्रस्तुत गरिएको छ । यहाँ यस कथालाई लोककथाका संरचक घटकहरू कथानक, सहभागी, परिवेश, उद्देश्य र भाषाशैलीगत विन्यासका आधारमा विश्लेषण गरिएको छ ।

४.४.१ कथानक

दिक्तेलमा कुनै समयमा बाहुन र मगर छिमेकी हुनु, एकपटक छिमेकीले सहयोग गर्ने क्रममा बाहुनले मगरलाई साठी रूपैया ऋण दिनु, मगरले पनि त्यो ऋण तिर्न एकै पटक नसकेर केही समय पछि तिस रूपैया तिर्नु र बाँकी तिस रूपैयाको घरसारको कागत गर्नु, केही समयपछि बाहुन बसाईं सरेर अन्यत्र जानु, चलाख बाजे काठमाण्डौं सहरको नजिकै जग्गा किनेर बस्नु, घरमा जङ्लीकुकुर पाल्नु, दिनचर्या राम्रोसँग बितेको हुनु, बाहुनी चै घरको परिपाठमा सिपालु हुनु जस्ता घटनाले कथाको आदि भागलाई प्रस्तुत गरेको छ ।

यता आसामी मगर मर्नु, ऋण तिर्नलाई बाहुन बसाइ गएका उसले कसलाई बुझाउने अरुलाई अन्योलमा थियो तर छोराहरूलाई चाहिँ भनेको हुनु, मैले यसरी बाहुनको ऋण लिएको थिएँ तर साहु बसाइँ गएका कारण तिर्न सकेको छैन भन्नु, बुढा मरेपछि बुढाका दुई भाइ छोराहरू आफ्नो बाबुको तिथि पारेर पशुपतिमा दर्शन गर्ने र सराद्ध पनि गर्ने भनेर घरबाट हिड्नु, घरबाट हिडेका बटुवा अहिलेको जस्तो यातायातको सुविधा नभएकोले दोस्रो दिन त्यही घरमा बास बस्न पुग्नु, जुन साहु बाहुन हुनु, सोझा मगरहरू घरको त्यो जङ्गली कुकुर देखेर राती दिसापिसाप लाग्ला भनेर केही नखाइकन सुत्नु, दिनभरि हिडेर गएका थाकेका मगरहरू निदाउनु, राती एउटा भाइलाई पिसाप लाग्नु र

अर्कोलाई उठाउनु, दुवै कुकुरको डरले एकछिन त उठ्न पनि नसक्ने हुनु, केही नलागेर पिसाप फेर्न जानु, कुकुरलाई हामीलाई नटोक हामी पिसाप फेरेर आउँछौं भनेर भन्नु र अलिपर गएर पिसाप फेर्नु र उनीहरू फर्किन लाग्दा त्यहाँ पुगेको कुकुरले बुझ्किने आवाजमा बोल्नु र भन्नु- हेर बाबु हो तिमीहरू मेरा छोरा हौ, मैले यो बाहुनको तिस रूपैया ऋण लिएको तिरेको छैन त्यही भएर म बाहुनको घरमा साङ्लामा बाँधिन परेको छ, त्यो तिस रूपैया तिर र मलाई यो साङ्लाबाट छुटाइदेऊ, पछि कुकुरले भनेर भन्नु, छोराहरू अचम्ममा पर्नु र दाजुभाइ सल्लाह गर्नु, बाहुनबाहुनीलाई एकपटक सोध्नुपर्छ यदि कुरा साँचो हो भने तिरेर जानुपर्छ भन्नु, यहीँ सल्लाह अनुरूप उनीहरू भोलिपल्ट अबेरसम्म सुत्नु, बाहुनीले उठेर घरआँगन सफा गर्नु, बटुवा बाटो लाग्नु पर्ने तर उठेका नहुनु, के भयो भनेर सोध्नु र कहाँ हो भनेर सोध्नु ? सोध्दा त पहिलेका छिमेकी रहेछन् पत्ता लगाउनु, बाहुन बाजे उठेपछि सविस्तार बयान गर्नु, अनि बाहुनले पनि बिर्सिएका थिए सम्झिनुजस्ता घटनाले कथाको मध्य भागलाई प्रस्तुत गरेको छ ।

सन्दुषबाट पहिलाको तमसुक खोजेर ल्याउनु अनि आसामी मगरको छोराले कति लिने बाजे तिसको साठी लिने कि नब्बे लिने भन्दा बाजेले पनि हाम्रो परम्परामा ऋणको दोब्बरभन्दा बढी लिने चलन छैन त्यसैले जतिवर्ष वितेको भए पनि दोब्बरमात्र लिने बताउनु, यो कार्य गरेको पूर्णरूपले कुकुरले हेरिरहनु, जब मालिकले पैसा समाएर कागत च्यात्न आँटेका थिए कुकुरलाई छट्पटिको व्यथा लाग्नु, कागत च्यात्दा त कुकुर पनि मर्नु, अनि ती मगरले यो कुकुर हाम्रा बाबुको बदलिएको रूप रहेछ, हामीलाई दिनुहोस्, हामी यसलाई सेलाउँछौ भनेर आफ्नो विधि-विधानअनुसार कार्य गरेर बागमतीमा स्नान गरी घर फर्किनु र यसरी बाबुको ऋण छोराले फर्स्याउनु जस्ता घटनाले कथाको अन्त्य भागलाई प्रस्तुत गरेको छ । (स्रोत : परिशिष्ट क, २)

यसरी कथानकको सुरुमा दुःख पाएर ऋण लिएको त्यो आसामी मगर आधा ऋण नतिरी मरेपछि छोराहरूले साहु बाहुन खोजेर ऋण तिरेपछि कथाको अन्त्यमा आइपुग्दा छोरारूरुले बाबुलाई ऋणबाट मुक्त बनाएको देखाएर कथाको सुखद अन्त्य भएको छ । आदि, मध्य र अन्त्यको शृङ्खला क्रमैसँग आएको यस कथामा थपिएका अन्य घटनाले कथा कसिलो बनेको छ ।

४.४.२ सहभागी

'ऋणको भारी' कथा सीमित सहभागीहरू भएको कथा हो । यस कथामा आसामी मगर, साहु बाहुन, आसामी मगरका दुई छोराहरू, साहु बाहुनकी श्रीमती र कुकुर

सहभागीका रूपमा आएका छन् । यो लोककथा आसामी मगरको जीवनमा घटेका घटनाहरूको सेरोफेरोमा केन्द्रित छ । कथाका मुख्य सहभागीका रूपमा आसामी मगर, आसामी मगरका दुई छाराहरू, साहु बाहुन र कुकुर उपस्थित छन् । प्रस्तुत लोककथामा प्रयुक्त सहभागी र तिनका अभिलक्षणलाई तल प्रस्तुत गरिन्छ :

तालिका नं. ४

'ऋणको भारी' लोककथाका सहभागीहरूका चारीत्रिक अभिलक्षण

पात्र	लिङ्ग		कार्य			प्रवृत्ति		स्वभाव		जीवन चेतना		आसन्नता		आबद्धता	
	पुरुष	महिला	प्रमुख	सहायक	गौण	अनुकूल	प्रतिकूल	गतिशील	गतिहीन	वर्गीय	व्यक्ति	नेपथ्य	मञ्चीय	बद्ध	मुक्त
आसामी मगर	+	-	+	-	-	+	-	+	-	+	-	-	+	+	-
आसामी मगरका छोराहरू	-	-	+	-	-	+	-	+	-	+	-	-	+	+	-
साहु बाहुन	+			+	-	+	-	+	-	+		-	+	+	-
कुकुर	+	-	-	+	-	+		+	-	+	-		+	+	-
बाहुनकी श्रीमती		+	-		+	+	-	-	+	+	+	+	-		+

(स्रोत : परिशिष्ट क, २)

माथिको तालिकाका आधारमा हेर्दा यस लोककथामा कथामा आसामी मगर, साहु बाहुन, आसामी मगरका दुई छोराहरू, साहु बाहुनकी श्रीमती मानवीय पात्रका रूपमा सहभागी भएका छन् भने कुकुर मानवेतर पात्रका रूपमा सहभागी भएका छन् । यस लोककथाको प्रमुख पात्र आसामी मगर हो । ऊ अनुकूल र गतिशील पात्र हो । गरिब भएकाले उसले साहु बाहुनसँग ऋण मागेर पुरा ऋण नतिरी मर्नु परेको छ । ऊ गरिब वर्गको प्रतिनिधि पात्र हो । आसामी मगरले गाउँकै एकजना धनी मानिसको ऋण लिएको छ । उसको त्यो ऋण उसका दुई छोराहरूले तिरिदिएको छ । त्यसपछि मात्र उसको जीवनमा मुक्ति पाएको छ । कथाको सुरुदेखि अन्त्यसम्म कथामा उपस्थित भएको आसामी मगर मञ्चीय तथा बद्ध पात्र हो ।

यस कथामा पनि पशुसम्बन्धी अभिप्रायको प्रयोग गरिएको छ । कुकुर जनावर हो । कुकुर कथाको प्रमुख मानवेतर पात्र हो । कुकुरमा देवतामा हुने शक्ति रहेको छ । मानिसको बोली बुझ्ने र बोली बोल्ने सहभागीका रूपमा उपस्थित भएको कुकुरले छोराहरूले ऋण

तिरे पछि आसामी मगरको आत्माले मुक्ति पाएको छ । छोराले ऋण तिरेपछि कुकुरको मृत्यु हुन्छ र उसको उद्धार भएको छ । कुकुर सहायक पात्रको रूपमा उपस्थित भएको छ । कुकुर अनुकूल प्रवृत्तिको मञ्चीय सहभागी हो ।

आसामी मगरका छोराहरू पुरुष सहभागी हो । उसले बुवाले तिर्न नसकेको ऋण बाहुनलाई तिरिदिएर बाबुको उपकार गरेको छ । ऊ गतिशील, मञ्चीय र बद्ध पात्र हो । गाउँको एउटा सचेत व्यक्ति हो । उसलाई धर्मको आस्था हुन्छ । ऊ अनुकूल चरित्रको सहभागी हो । गरिव वर्गको प्रतिनिधित्व गर्ने आसामीको छोराहरू मञ्चीय पात्र हो । कथाको अर्को पात्र साहु बाहुन हो । उसले पनि आसामीसँग लिन मिल्नेभन्दा बढी लिनु हुदैन भनेर बढी पैसा लिएको छैन । साहु बाहुन पनि मञ्चीय तथा वद्ध पात्र हो । एक ठाउमा अडिएर बस्न नसक्ने बाहुन गतिशिल पात्र हो । सहायक पुरुष पात्र हो । अर्को पात्रको रूपमा साहु बाहुनको श्रीमतीलाई गौँण पात्रको रूपमा लिइएको छ । यसबाहेक कथामा यिनीहरूको खासै भूमिका छैन । यसरी हेर्दा कथामा आएका सहभागी र तिनका अभिलक्षणले कथालाई सरल, सहज, मौलिक र स्वाभाविक बनाएका छन् । सहायक र गौण पात्रले कथानकको विकासलाई खाँदिलो बनाएका छन् ।

४.४.३ परिवेश

'ऋणको भारी' कथाको परिवेशमा खोटाङ र पशुपतिको विभिन्न स्थान र समयलाई देखाइएको छ । साहु बाहुनको घर, पशुपति जाने बाटो, रातको समय, सुनसान वातावरणजस्ता कुरालाई परिवेशको रूपमा लिइएको छ । आसामी मगरले साहु बाहुनसँग ऋण लिएपछि तिस रुपैया तिर्न बाकी हुदै आसामी मगरको मृत्यु हुनु, बाहुन गाउँ छोडेर सहर जानु, आसामी मगरको श्राद्ध गर्न दुई छोराहरू सहर वा पशुपति जानु, रातीको बास साहु बाहुनको घरमा नै हुनु, राती डराउदै दुई छोराहरू पिसाप फेर्न जाँदा त्यस घरको कुकुर बोल्नु, ऋण तिर्न नसकेको कारण साहु बाहुनको घरमा कुकुर भएर बस्नु परेको कुरा छोराहरूलाई बताउनु, ऋण तिरेर जाने मनसायले छोराहरू बिहान अबेरसम्म सुत्नु, बिहान उठेर साहु बाहुनसँग चिनजान गरी पैसा तिर्नु, पैसा तिरेर तमसुक च्यातेपछि कुकुर ठहरै मर्नु र छोराहरूले कुकुरको सदगत गरी फर्किनु जस्ता अवस्थालाई परिवेशको रूपमा लिइएको छ । यस लोककथामा स्थानिक परिवेशका रूपमा खोटाङ जिल्लाको दिक्तेल-रूपाकोट-मझुवागढी नगरपालिकाको गाउँघर, वनजङ्गल, आकाश, भव्य महल जस्ता स्थानहरू आएका छन् । कथामा सामान्य समयका रूपमा बिहान, दिउँसो, राति आएका छन्

भने विशिष्ट कथास्थलका रूपमा साहु बाहुनको घरजस्तो स्थान आएको छ । प्रस्तुत लोककथाको वातावरण सुरुमा दुःखद र त्यसपछि सुखद रहेको छ ।

४.४.४ उद्देश्य

लोककथा भन्न वा सुनाउन केही न केही उद्देश्य राखिएको हुन्छ । यो सामाजिक लोककथा भएकाले यसमा नेपाली लोकजीवनलाई प्रस्तुत गरिएको छ । यस लोककथाको मूल उद्देश्य अर्ती वा उपदेश प्रदान गर्नु हो भने यसले मनोरञ्जन पनि प्रदान गरेको छ । अरूको ऋण खाएर तिरिएन भने मरेपछि पनि दुःख पाइन्छ भन्ने उक्ति चरितार्थ भएको छ । आसामी मगरले साहु बाहुनसँग ऋण लिएर आधा ऋण नतिरी मृत्यु भएपछि अर्को जन्म कुकुर भएर साहु बाहुनको घरमा बस्नु परेको सन्दर्भले एउटा धार्मिक सन्देश दिएको छ । हामी धर्ममा पनि विश्वास गर्नु पर्छ भनेर । मानिसको जीवन सधैँ एकैनासले चल्दैन । जीवनमा आरोह अवरोह आइरहन्छ तर दुःख पाउँदा आत्तिनु हुँदैन । छोरा भएर बाबुको उद्धार गर्नु पर्छ । "आसामी मगरको छोराले कति लिने बाजे तिसको साठी लिने कि नब्बे लिने भन्दा बाजेले पनि हाम्रो परम्परामा ऋणको दोब्बरभन्दा बढी लिने चलन छैन त्यसैले जतिवर्ष बितेको भए पनि दोब्बरमात्र लिने बताउनु" यस भनाइले मान्छेले अरूको धन लिन पाए भन्दैमा धर्म बिर्सेर चाहिने भन्दाबढी लिनु हुदैन भन्ने सन्देश दिनु पनि यस कथाका प्रमुख उद्धेश्य हो । छोराले आफ्नो कर्तव्य पुरा गरे पितृको उद्धार हुन्छ र पितृले सुख पाउँछ भन्ने शिक्षा प्रदान गर्नु यस लोककथाको उद्देश्य रहेको छ । (स्रोत : परिशिष्ट क, २)

४.४.५ भाषाशैलीगत विन्यास

प्रस्तुत लोककथाको भाषाशैली सरल, सहज र सुबोध्य रहेको छ । साना, छोटा र सरल वाक्यको प्रयोगले लोककथालाई सरल बनाएको छ । कागत, बाहुनी, बाजे, सराद्ध, बटुवा साङ्ला, जस्ता ग्रामीण जीवनमा प्रयोग गरिने शब्दको प्रयोगले लोककथालाई मौलिकता प्रदान गरेको छ । 'हेर बाबु हो तिमीहरू मेरा छोरा हौ' जस्ता सरल आदरबोधक वाक्यको प्रयोगले लोककथालाई अझै सरल र सुबोध्य बनाएको छ । "हेर बाबु हो तिमीहरू मेरा छोरा हौ । मैले यो बाहुनको तिस रूपैया ऋण लिएको तिरेको छैन । त्यहीँ भएर म बाहुनको घरमा साङ्लामा बाँधिन परेको छ । त्यो तिस रुपैया तिर र मलाई यो साङ्लाबाट छुटाइदेऊ," मरेपछि कुकुर बनेको आसामी मगर र दुई छोराहरूका बिचमा संवादात्मक शृङ्खलाको प्रयोग पाइन्छ । यस लोककथाको प्रारम्भ 'दिक्तेलमा' र अन्त्य सुन्नेलाई सुनको माला...मा भएको छ । समग्रमा लोककथा व्यवस्थित संरचनामा बाँधिएको छ । (स्रोत : परिशिष्ट क, २)

४.५ 'कलिको धम' लोककथाको संरचनात्मक विश्लेषण

प्रस्तुत 'कलिको धर्म कथा' दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा प्रचलित छोटो आयामको लोककथा हो । प्रस्तुत कथामा देखासिकी र लोभले गर्दा आफूसँग भएको कुरा पनि सकिन्छ भन्ने कुरा देखाउन खोजिएको छ । सबै सम्पति एक्लै खान खोज्दा ज्यान गुमाउनु परेको नेपाली समाजको यथार्थ प्रस्तुत गरिएको यस कथामा मानिसहरूबिच हुने प्रतिष्पर्धा र देखासिकीलाई देखाइएको छ । यहाँ यस कथालाई लोककथाका संरचक घटकहरू, कथानक, सहभागी, परिवेश, उद्देश्य र भाषाशैलीगत विन्यासका आधारमा विश्लेषण गरिएको छ ।

४.५.१ कथानक

परापूर्वकालमा सत्ते र कलिको भेट कुनै ठाउँमा हुनु, आपसमा परिचित भएपछि सत्तेले भविष्यमा हुने कुरा बताउन सक्छु भनेर भन्नु, कलिले चैं म जस्ताको तस्तै अहिल्यै देखाउन सक्छु भन्नु, सत्तेले लौ त्यसो भए देखा त भनेपछि 'लौ हुन्छ' भनी कलि सुनको डल्लो बनेर बिच बाटोमा बस्नु, सत्ते चैं झाडीमा लुकि र घटना हेर्नु, त्यहीं बाटो हुँदै दुवै तिरबाट दु-दुई जना मनुख्येहरू त्यही सुनको डल्लो भए ठाउँमा आइपुगी एकान्तमा सुनको डल्लो देखेर दुवैले बाँडिलाने विचार गर्नु, बराबर बाँडिलानलाई दुवै तिरका एकेक जना हतियार खोज्न गाउँतिर जानुजस्ता घटनाले कथाको आदि भागलाई प्रस्तुत गरेको छ ।

एकेक जना चैं त्यहीं कुरेर बस्नु, हतियार खोज्न गाउँ गएकाले खानेकुरा पनि फेला पारी 'डल्लो रूङ्नेलाई पनि खानेकुरा लग्दिऊँ त्यसमा बिख मिसाइदिऊँ; खाएपछि दुवै मर्छन् र हामी दुवै जनाले मात्र सुन बाँडि लगौंला' भनेर खडेन्त्र रच्नु, उनरले हतियार र बिखालु खानेकुरा लेरा आउँनु, यता सुनको डल्लो रूङ्नेले चैं अर्कै खडेन्त्र रच्न थाल्नु, के भने- हतीयार लिएर आउनेलाई 'तिमरू गलेर आयौ; तेसैले बस; हामी सुन काट्छौं' भनेर हत्यार माग्ने र उनेरू दुवैलाई एकेक गरी काटिमार्ने सल्ला मिलाउनु, उनेरू आएपछि सल्लाअनुसार 'गलेका छौ; तिमेरू बस; सुन हामी काट्छौं' भनी हतियार माग्नु, यता हतियार ल्याउनेले चैं 'तिमेरू भोका'का छौ, खानेकुरा खाओ' भनेर भन्नु, बस्ने चैंले पैले हतीयार ल्याओ काटिसकेपछि खाजा खाउँला भनी हतियार माग्नेबित्तिकै सुनको डल्लो काट्नुको बदला हतियार लेराउनेलाई छप्काउनु जस्ता घटनाले कथाको मध्य भागलाई प्रस्तुत गरेको छ ।

अब कोही छैन; हामेरू मात्रै भयौं; पैले खाजा खाऔं तेसपछि सुन बाँडौंला भनी बिख हालेको खानेकुरा खान थाल्नु, खाना खाएपछि उनेरू दुवै'नि तिहीं भुतुक्कै हुनु, यसरी

कलिले कलियुगमा यस्तो पनि हुन सक्दोरेछ भनी सत्तेलाई तुरुन्तै देखाइ दिनु, कलिको धर्म पनि यै हो रे, लुकेर हेरिबसेको सत्तेले सप्पै घटना हेरेको हुनु, यो घटना देखेपछि सत्ते र कलि आँखा लोभिएपछि मनमा कसरी पाप पस्तोरेछ, आँखा लोभी मन पापी रेछ भन्दै केही छिन कुराकानी गरेर आ-आफ्नो बाटो समात्नु जस्ता घटनाले कथाको अन्त्य भागलाई प्रस्तुत गरेको छ । (स्रोत : परिशिष्ट क, ३)

यसरी कलिले आफ्नो वास्तविक रुप देखाउँछ । कलियुगमा मानिसहरू धेरै लोभ गर्दा गर्दै आफ्नो अस्तित्व नामेट भएको पत्तै पाउदैनन् भन्ने सन्देश दिएको छ । आदि, मध्य र अन्त्यको शृङ्खला क्रमैसँग आएको यस कथामा थपिएका अन्य घटनाले कथा कसिलो बनेको छ ।

४.५.२ सहभागी

'कलिको धर्म कथा' सीमित सहभागीहरू भएको कथा हो । यस कथामा पात्रहरू सत्ते, कलि, चार मनुखेहरू सहभागीका रूपमा आएका छन् । यो लोककथा सत्ते र कलिको सेरोफेरोमा केन्द्रित छ । कथाका अन्य सहभागीका रूपमा चार मनुखे आएका छन् । चार मनुखेहरू सहायक पात्रका रूपमा सहभागी भएका छन् । प्रस्तुत लोककथामा प्रयुक्त सहभागी र तिनका अभिलक्षणलाई तल प्रस्तुत गरिन्छ :

तालिका नं. ५

'कलिको धर्म' कथाका सहभागीहरूका चारीत्रिक अभिलक्षण

पत्र	लिङ्ग		कार्य			प्रवृत्ति		स्वभाव		जीवन चेतना		आसन्नता		आबद्धता	
	पुरुष	महिला	प्रमुख	सहायक	गौण	अनुकूल	प्रतिकूल	गतिशील	गतिहीन	वर्गीय	व्यक्ति	नेपथ्य	मञ्चीय	बद्ध	मुक्त
सत्ते	+	-	+	-	-	+	-	+	-	-	-	-	+	+	-
कली	+	-	+	-	-	-	+	+	-	-	-	-	+	+	-
पहिला मनुखे	+		-	+	-	-	+	-	+	-	+	-	+	+	-
दास्रो मनुखे	+	-	-	+	-	-	+	-	+	-	+	-	+	+	-
तस्रो मनुखे	+	-	-	+	-	-	+	-	+	-	+	-	+	+	-
चोथो मनुखे	+	-	-	+	-	-	+	-	+	-	+	-	+	+	-

(स्रोत : परिशिष्ट क, ३)

सत्ते अनुकूल पात्र हो उसले सत्य काम गर्नु पर्छ भन्ने विचार व्यक्त गर्दछ । सत्ते मञ्चीय तथा बद्ध पात्र हो । सत्ते अनुकूल पात्र हो । उसले सकारात्मक भूमिका खेलेको छ । कलिले कलि युगका मानिसको वास्तविकतालाई जस्ताको तस्तै देखाउन सक्ने गतिशील पात्र

हो । कथामा कलिले गतिशील, मञ्चीय, बद्ध भूमिका निर्वाह गरेको छ । यसरी हेर्दा कथामा आएका सहभागी र तिनका अभिलक्षणले कथालाई सरल, सहज, हाँसउठ्दो र रोचक बनाएका छन् ।

४.५.३ परिवेश

'कलिको धर्म कथा' लोककथामा परापूर्व कालको परिवेश देखाइएको छ । सुनको पछि लाग्दा अकालमा ज्यान गुमाउनु परेको परिवेश कथामा आएको छ । बाटाको दुवै तिरबाट आएका दुवै जना मानिसले सुनको डल्लो देखे पछि मनमा लोभ जाग्नु, सुन बाडी लाने विचारले दुइ जना रुग्न बस्नु र अर्को दुई जना हतियार खोज्न जानु,दुवै पक्षले एक अर्कालाई मारेर सुन लिने योजना बनाउँदा सबैले ज्यान गुमाउनु परेको अवस्थालाई परिवेशको रूपमा देखाईएको छ । बाटो, गाँउ, हतियार, विष पिलाउनु, खुकुरीले काट्नु जस्ता गतिविधिलाई परिवेशको रूपमा प्रस्तुत गरिएको छ । सुन प्राप्तिका लागि भएका घटनाहरू र स्थान परिवेशको रूपमा आएका छन् । (स्रोत : परिशिष्ट क, ३)

४.५.४ उद्देश्य

यस कथाको उद्देश्य मनोरञ्जन प्रदान गर्नु तथा ढङ्ग पुऱ्याएर काम नगर्दा वा धेरै सम्पत्तिको लोभ गर्दा जीवन गुमाउनु पर्छ, दुःख पाइन्छ भन्ने सन्देश दिनु हो । कलियुगका मानिसहरु स्वार्थी हुन्छन र सम्पत्तिको लागि ज्यान लिन पनि तयार हुन्छन् भन्ने सन्देश दिने उद्धेश्य रहेको छ । जस्तै :

> हतियार लिएर आउनेलाई 'तिमेरु गलेर आयौ; तेसैले बस; हामी सुन काट्छौं' भनेर हतियार माग्ने र उनेरू दुवैलाई एकेक गरी काटिमार्ने सल्ला मिलाएछन् । उनेरू आएपछि सल्लाअनुसार 'गलेका छौ; तिमेरू बस; सुन हामी काट्छौं' भनी हतियार मागेछन् । यता हतियार ल्याउनेले चैं 'तिमेरू भोका'का छौ, खानेकुरा खाओ' भनेछन् । बस्ने चैंले पैले हतियार ल्याओ काटिसकेपछि खाजा खाउँला भनी हतियार माग्नेबित्तिकै सुनको डल्लो काट्नुको बद्ला हतियार लेरा'उनेलाई छप्काएछन् । अब कोही छैन; हामेरू मात्रै भयौं; पैले खाजा खाऔं तेसपछि सुन बाँडौंला भनी बिख हालेको खानेकुरा खान थालेछन् । खाना खाएपछि उनेरू दुवै'नि तिहीं भुतुक्कै भएछन् । (स्रोत : परिशिष्ट क, ३)

अर्कोलाई मारेर आफू सम्पन्न बन्न खोज्दा ज्यान गुमाउनु परेको प्रसङ्ग प्रस्तुत गरिएको छ । त्यसैले यस कथाले लोभले लाभ लाभले विलाप भन्ने सन्देश दिएको छ ।

त्यसैगरी अर्काको प्रगति देखेर उही बाटो अपनाउँदा आफ्नो पनि प्रगति हुन्छ भन्ने छैन । भाग्यमा छैन भने भागमा आएको कुरा पनि सकिन्छ भन्ने देखाइएको छ ।

४.५.५ भाषाशैलीगत विन्यास

यस कथामा सरल नेपाली भाषाको प्रयोग गरिएको छ । शब्दहरू बुझिने छन् । पूर्वेली भाषिकाको प्रयोग गरिएको यस कथामा लिङ्ग सङ्गति नमिलेका वाक्यको प्रयोग पाइन्छ । स्त्री र पुरुष दुवैलाई आयो, गऱ्यो, बस्यो जस्ता पुलिङ्गी क्रियाको प्रयोग गरिएको छ । कथामा मौलिक नेपाली शब्द वा गाउँको ठाडो भाषाको प्रयोग भएको छ । जस्तै मनुख्खे, लग्दिउ, खडेन्त्र, बिख, उनरले, तिमेरू, उनेरू, सप्पै जस्तो बोलिचाली शब्दका प्रयोग भएको छ । यस कथामा वर्णनात्मक तथा संवादात्मक दुवै शैलीको प्रयोग गरिएको छ । (स्रोत : परिशिष्ट क, ३)

अतः 'कलिको धर्म' लोककथाको कथानक क्रमिक विन्यास, व्यवस्थित ढाँचामा संरचित छ । कथानक, सहभागी र परिवेशबिच अनुकूल सम्बन्ध देखिन्छ । मानिसले समय र साधनको सही प्रयोग गर्नु पर्छ नत्र पछुताउनुपर्छ भन्ने सन्देश दिन खोजिएको यस कथामा केही अश्लील शब्द बाहेक सरल, सुबोध्य शब्द तथा वाक्यको प्रयोग भएकाले लोककथा सुबोध्य रहेको छ ।

४.६ 'चतुरे कान्छाको कथा' लोककथाको संरचनात्मक विश्लेषण

प्रस्तुत 'चतुरे कान्छाको कथा' दिक्तेल रूपाकोट मझुवागढी क्षेत्रमा प्रचलित लामो आयामको लोककथा हो । प्रस्तुत कथामा कुरा गर्दा वा बाठो भएर काम गर्दा आफूसँग भएको कुरा पनि सकिन्छ भन्ने कुरा देखाउन खोजिएको छ । बाठो भएर बुद्धि पुऱ्याएमा सफलता प्राप्त गर्न सकिने नेपाली समाजको यथार्थ प्रस्तुत गरिएको यस कथामा दाजुभाइबिच हुने प्रतिष्पर्धा र देखासिकीमात्र होइन परिवारको उननतिलाई देखाइएको छ । यहाँ यस कथालाई लोककथाका संरचक घटकहरू, कथानक, सहभागी, परिवेश, उद्देश्य र भाषाशैलीगत विन्यासका आधारमा विश्लेषण गरिएको छ ।

४.६.१ कथानक

एकादेशमा एउटा किसानका पाँच भाई छोरा हुनु, किसानकी पत्नी भने धेरै पहिले नै मृत्यु भइसकेको हुनु, विचरा किसानले आफू राँडो बसेर पनि छोराहरूलाई अनेक कष्ट र

विपद्बाट जोगाएर हुर्काउनु, पाँच भाई छोरा र बाबुसमेतको पुरुष मात्रको त्यो परिवारमा कुनै स्त्री जातिको आवश्यकताको महसुस हुँदै जानु, किसानका छोराहरू सबै असल र बाठा थिए । त्यसमा अझ कान्छो छोरो त धेरै नै चलाख हुनु, त्यसकारण उसले बाबुको मनसायसमेत बुझी एकदिन कुरा गर्नु, बा हाम्रो घरमा एउटा पनि आइमाई मान्छे नहुदाँ उजाड देखिनु, अब हामी ठुला भइसक्यौं, त्यसकारण यदि अनुमति दिनुहुन्छ भने म यसो वारिपारी गाउँतिर गएर हामी दाजुभाईका लागि योग्य कन्या खोजेर ल्याउछु भन्नु, बाबु यही भनाईको पखाईमा हुनु, त्यसकारण उसले त्यसमा स्वीकृत जनाउनु, छोरोलाई आशिर्वादसहित विदा दिनु जस्ता घटनाले कथाको आदि भागलाई प्रस्तुत गरेको छ ।

केटीको खोजीमा जाँदा जाँदै कान्छो धेरै टाढा पुग्यो साँझ झमक्क पर्न लागेको थियो भन्नु, त्यहाँ धारामा एउटी आईमाई पानी गाग्रीमा थापीरहेकी हुनु, उसले त्यो आइमाईसँग यो गाउँमा धेरै गफास्टक मानिस को होला भनि सोध्नु, आईमाईले पनि गाउँको एकजना बुद्धिप्रसादको घर देखाई दिनु, त्यसपछि कान्छोले परिवार कति जनाको छ भन्ने विषयमा पनि ती आईर्मासँग सोध्नु, उत्तरमा त्यो आईमाइले पाँचओटी छोरी र बाबु आमा गरी सात जनाको परिवार रहेको समेत बताउनु, त्यति कुरा थाहा पाएपछि कान्छोले बुद्धिप्रसादको घरको बाटो तताउनु, आँगनमा पुग्दा मानिस नचिनिने बेला भइसकेको हुनु, उसले घरमा को छ हँ भनेर बोलाउनु, त्यसपछि हातमा बत्ति लिएर रूपवती कान्छी छोरी देखा परी र बाबुलाई बोलाउनु, कान्छाले पनि आफू यसो परदेश हिँडेको र हिड्दै जाँदा रात परेकोले बास बस्न आएको विचार प्रकट गर्नु, उनीहरूले त्यस कान्छा नामको केटालाई बास बस्न दिने मनसाय प्रकट गर्नु, त्यक्तिकैमा कान्छी छोरीले लोहोटामा पानी ल्याइ दिई र खाना खाने बेलाको सूचना दिनु, खाना खाई सकेर बुद्धिप्रसादले कान्छा सामु एउटा गफ गर्ने कुरा झिक्नु तर सर्त के थियो भने त्यो गफलाई 'ठिकै हो' भन्नु पर्ने शर्त राख्नु, यदि होइन भनेमा जिब्रो झिकेर सालको पातमा राखिने सर्त हुनु, त्यसपछि बुद्धिप्रसादले कान्छालाई तमाखु खाने भनेर पनि सोध्नु प्रत्युत्तरमा कान्छाले गफ उडाउने मुखले धुवाँ उडाउने बानी छैन भन्नु, गफ सुरु हुनु, पहिले बुद्धिप्रसादले बाजेको पालामा एउटा भयङ्कर हात्तीभन्दा पनि धेरै ठूलो भैँसी पालेको हुनु, त्यो भैँसीको एउटा सिङ तिब्बतसम्म र अर्को सिंङ कलकत्तासम्म पुगेको थियो भन्नु, उनका हजुरबुबा त्यहीँ सिङ्मा चढेर तिब्बतबाट नुन र कलकत्ताबाट कपडा ल्याउने गर्थे भन्नु, त्यो भैँसीले एक दिनमा पचास पाथी दुध दिन्थ्यो, हामी सबै जना खिरै खिर खान्थ्यौं भन्नु, पानीको साटो दुध पिउँथ्यौं हो कि होइन ? भनेर

सोध्नु, त्यसपछि कान्छालाई फसाद पर्नु, उसले मजबुर भएर हो भन्नु पऱ्यो नत्र जिब्रो थुतिने डर हुनु जस्ता घटनाले कथाको मध्य भागलाई प्रस्तुत गरेको छ ।

त्यसपछि कान्छोको पनि गफ सुनाउने पालो आयो र भन्यो 'हाम्रा बाबुको त एउटा विशाल घर थियो' भन्नु, अग्लाइले आकाश नै छोएको थियो भन्नु, त्यस घरमा पाँच हजार ढोका पच्चिस हजार भ्याल थियो भन्नु, मेरो सुत्ने कोठा त यो गाउँ जत्रो नै थियो भन्नु, दैवको लिला एक दिन ठुलो भूकम्प आयो र त्यो घरको धुरीले कहिले सागर छुने र कहिले सगरमाथामा ठोकिने गर्दा भत्कन थाल्यो भन्नु, त्यसबेला पुरै घर लडेर पुरिने मारिने डरले हामी पाँच भाइका पाँचओटी दुलहीहरू त्यस घरबाट भागेर यहाँ माइत पो आइपुगेछन् र म आज लिन आएको हो कि होइन भन्नु, त्यस गफले बुद्धिप्रसादको ओठ तालु सुक्यो र आखिरमा उसले पनि हो भन्नै पऱ्यो र हो भन्नु, त्यसपछि कान्छाले गफमा चतुराई गरेकाले पाँचओटी कन्यालाई अघिअघि लगाएर रातारात आफ्नो घरमा भित्र्याउनु, उसको बाबुले घरमा एकैचोटि पाँचओटी बुहारी भित्र्याएको उपलक्ष्यमा खोरबाट छानेर पन्ध्रओटा गतिला गतिला खसी छिनाल्नु, सारा गाउँलेलाई भोज खुवाउनु, आखिरमा कान्छाको चतुऱ्याँइलाई सबै गाउँलेले तारिफ गरेर छाड्नु जस्ता घटनाले कथाको अन्त्य भागलाई प्रस्तुत गरेको छ । यसको कथानक विन्यास क्रमिक रूपमा अगाडि बढेको छ । कथानकको आदि, मध्य र अन्त्यको शृङ्खला मिलेको छ । (स्रोत : परिशिष्ट क, ४)

४.६.२ सहभागी

'चतुरे कान्छाको कथा' धेरै सहभागीहरू भएको कथा हो । यस कथामा एउटा किसानका पाँचभाइ छोरा र बाबु, पानी थाप्ने महिला, बुद्धिप्रसाद, बुद्धिप्रसादको पाँचओटी छोरीहरू सहभागीका रूपमा आएका छन् । यो लोककथा किसानको कान्छो छोरो, बुद्धिप्रसाद र उनीहरूका पाँचओटी छोरीको सेरोफेरोमा केन्द्रित छ । कथाका मुख्य सहभागीका रूपमा कान्छो र बुद्धिप्रसाद आएका छन् । किसान, किसानका चारभाइ छोराहरू, बुद्धिप्रसादका पाँचओटी छोरीहरू सहायक पात्रका रूपमा सहभागी भएका छन् । प्रस्तुत लोककथामा प्रयुक्त सहभागी र तिनका अभिलक्षणलाई तल प्रस्तुत गरिन्छ :

तालिका नं. ६

'चतुरे कान्छाको कथा' कथाका सहभागीहरूका चारीत्रिक अभिलक्षण

पत्र	लिङ्ग		कार्य			प्रवृत्ति		स्वभाव		जीवन चेतना		आसन्नता		आबद्धता	
	पुरुष	महिला	प्रमुख	सहायक	गौण	अनुकूल	प्रतिकूल	गतिशील	गतिहीन	वर्गीय	व्यक्ति	नेपथ्य	मञ्चीय	बद्ध	मुक्त
चतुरे कान्छा	+	-	+	-	-	+		+	-	-	+	-	+	+	-
बुद्धिप्रसाद	+	-	+	-	-	+	-	+	-	+	-	-	+	+	-
किसान	+	-	-	+	-	+		+		-	+	-	+	+	-
किसानका चारभाइ छोरा	+	-	-	+	-	+	-	+	-	-	+	-	+	+	-
बुद्धिप्रसादको पाँचओटा छोरी	-	+	+	-	-	+	-	-	+	-	+	-	+	+	-

(स्रोत : परिशिष्ट क, ४)

माथिको तालिकाका आधारमा हेर्दा यहाँ किसानका पाँचभाइ छोरा र बाबु, पानी थाप्ने महिला, बुद्धिप्रसाद, बुद्धिप्रसादको पाँचओटी छोरीहरू जस्ता सहभागीहरू आएका छन् । चतुरे कान्छो कथाको केन्द्रीय पुरुष पात्र हो । लोककथाको चिनारी र सङ्घर्षविकासका घटनाहरू चतुरो कान्छोको केन्द्रीयतामा घटेका छन् । चतुरेकान्छो बाठो तथा अनुकूल पात्र हो । उसले बुद्धि पुऱ्याएर एकै पटक पाँचओटी बुहारी सबै दाजुभाइको लागि ल्याएर आफ्नो बाबुको इच्छा पुरा गरेका छन् । बुद्धिप्रसादसँग चलाखी गरी गफ लगाएर उनका पाँचओटी छोरी आफ्नो घर लैजान सफल भएका छन् । यसर्थ उसलाई चलाख तथा गफाडी पात्रका रूपमा कथामा उपस्थित गराइएको छ । ऊ गतिशील पात्र हो । घरमा छोरी मान्छेको अभाव खपेर बस्न नसकेपछि समस्याको समाधान गर्न ऊ बाबुसँग अनुमति लिएर बाहिर निस्किएको छ । आफ्ना बल र बुद्धिको प्रयोग गरी एकै पटक सबै दाजुभाइको विवाह गराउन सफल चतुरे कान्छो सचेत व्यक्ति पात्र हो । उसले कथामा गरेका कार्यव्यापारसँगै कथानक विस्तार भएकाले कथाको सुरुदेखि अन्त्यसम्म उसको उपस्थिति रहेको छ । त्यसैले चतुरे कान्छो मञ्चीय र बद्ध पात्र हो । जीवनचेतनाका आधारमा हेर्दा कान्छो वर्गीय पात्र हो । उसले निम्नवर्गको प्रतिनिधित्व गरेको छ । बुद्धिप्रसाद र चतुरे कान्छाको सेरोफेरोमा यो कथा अघि बढेको छ । बुद्धिप्रसादले आफुले बनाएको नियमले आफैलाई समस्या बनाएको छ । अरूलाई फसाउँछु भन्नेले आफै फस्नु परेको छ । बुद्धिप्रसाद गतिशील पात्र, मञ्चीय, बद्ध पात्र हो भने जीवनचेतनाको आधारमा उच्च वर्गीय पुरुष पात्र हो । भूमिकाको हिसाबले बुद्धिप्रसाद

प्रतिकूल पात्र हो । स्वभावले ऊ बाठो भए पनि लोभी प्रवृत्तिको प्रतिकूल पात्रका रूपमा कथामा उपस्थित भएको छ । किसान सहायक पुरुष पात्र हो । कथाको सुरुदेखि अन्त्यसम्म उसको उपस्थिति रहेकाले ऊ बद्ध र मञ्चीय पात्र हो । उसले छोराहरूको गतिविधिमा साथ दिने अनुकूलमात्र हो । चतुरे कान्छाकी श्रीमती र भाउजूहरू सहायक महिला पात्र हो । कथाको मध्यतिर मात्रै उनीहरूको उपस्थिति देखिन्छ । त्यसपछि अन्त्यसम्म उसको कार्यव्यापारको सेरोफेरोमा कथा अगाडि बढेकाले ऊ मञ्चीय र बद्ध पात्र हो । जीवनचेतनाका आधारमा हेर्दा चतुरेकान्छाकी श्रीमती र भाउजू व्यक्ति पात्र हो । धैर्य राखेर काम गर्नसक्ने स्वभाव भएकी गतिहीन पात्र हो । जीवनचेतनाका आधारमा हेर्दा चतुरेकान्छाकी श्रीमतीले सम्पन्न वर्गको प्रतिनिधित्व गरेकी छे भने कथाको मध्यभागमा उपस्थित भएर कथालाई अगाडि बढाएकीले ऊ बद्ध र मञ्चीय पात्रका रूपमा सहभागी भएकी छे । यसरी हेर्दा कथामा आएका सहभागी र तिनका अभिलक्षणले कथालाई सरल, सहज, हाँसउठ्दो र रोचक बनाएका छन् ।

४.६.३ परिवेश

'चतुरे कान्छाको कथा' लोककथामा ग्रामीण परिवेश देखाइएको छ । गरिब भएर खान लगाउन दुःख भएको कारुणिक परिवेश कथामा आएको छ भने लोककथाको स्थानिक परिवेशका रूपमा जङ्गल, पिपलको रुख, गाउँ, बुद्धिप्रसादको घर, चतुरे कान्छाको घर,आगन, तिब्बत आदि आएका छन् । जस्तै :

> त्यसबेला पुरैघर लडेर पुरिने मारिने डरले हामी पाँच भाइका पाँचओटी दुलहीहरू त्यस घरबाट भागेर यहाँ माइत पो आइपुगेछन् र म आज लिन आएको हो कि होइन ? भनेछ । त्यस गफले बुद्धिप्रसादको ओठ तालु सुक्यो र आखिरमा उसले पनि हो भन्नै पऱ्यो । त्यसपछि कान्छाले गफमा चतुराई गरेकाले पाँचओटी कन्यालाई अघिअघि लगाएर रातारात आफ्नो घरमा भित्र्यायो । उसको बाबुले घरमा एकैचोटि पाँचओटी बुहारी भित्र्याएको उपलक्ष्यमा खरिबाट छानेर पन्ध्रओटा गतिला गतिला खसी छिनाल्यो । (स्रोत : परिशिष्ट क, ४)

यस कथामा स्थानिक र कालिक दुवै परिवेश आएका छन् । चतुरे कान्छाले बुद्धि लगाएर आफूलगायत सबै दाजुभाइलाई केटी ल्याउन सफल भएको सुखद परिवेशको चर्चा गरिएको छ । कालिक परिवेशको रुपमा बिहान, बेलुका, साँझ, रातको समयलाई देखाइएको छ ।

४.६.४ उद्देश्य

यस कथाको उद्देश्य मनोरञ्जन प्रदान गर्नु तथा ढङ्ग पुऱ्याएर काम गर्दा सुख पाइन्छ भन्ने सन्देश दिनु हो । भाग्य राम्रो भएपछि दुःख सधैँ रहँदैन, दुःखपछि सुख पनि आउँछ । गरिबका पनि दिन आउँछन् । मौका एकपल्ट मात्र आउने हुँदा पाएको अवसरको सदुपयोग गर्नु पर्छ भन्ने सन्देश यस कथाले दिएको छ । जस्तै :

> त्यसपछि कान्छोको पनि गफ सुनाउने पालो आयो र भन्यो 'हाम्रा बाबुको त एउटा विशाल भर थियो । अग्लाइले आकाश नै छाएको थियो । त्यस घरमा पाँच हजार ढोका पच्चिस हजार भ्याल थियो । मेरो सुत्ने कोठा त यो गाउँ जत्रो नै थियो । दैवको लिला एक दिन ठुलो भूकम्प आयो र त्यो घरको धुरीले कहिले सागर छुने र कहिले सगरमाथामा ठोकिने गर्दा भत्कन थाल्यो । त्यसबेला पुरै घर लडेर पुरिने मारिने डरले हामी पाँच भाइका पाँचओटी दुलहीहरू त्यस घरबाट भागेर यहाँ माइत पो आइपुगेछन् र म आज लिन आएको हो कि हौइन ? भनेछ । त्यस गफले बुद्धिप्रसादको ओठ तालु सुक्यो र आखिरमा उसले पनि हो भन्नै पऱ्यो । त्यसपछि कान्छोले गफमा चतुऱ्याँई गरेकाले पाँचओटी कन्यालाई अघिअघि लगाएर रातारात आफ्नो घरमा भित्र्यायो । उसको बाबुले घरमा एकैचोटि पाँचओटी बुहारी भित्र्याएको उपलक्ष्यमा खरिबाट छानेर पन्ध्र ओटा गतिला गतिला खसी छिनाल्यो । सारा गाउँलेलाई भोज खुवायो । आखिरमा कान्छाको चतुऱ्याँइलाई सबै गाउँलेले तारिफ गरेर छाडे । (स्रोत : परिशिष्ट क, ४)

चतुरे कान्छाले समयमा बुद्धि पुऱ्याएर हिम्मतका साथ गफ लगाएर बुद्धिप्रसादको ओठ तालु सुकाएर सबै दाजुभाइको विहे गर्न सफल भएको छ । त्यसैले समयमा बुद्धि पुऱ्याएर हिम्मतका साथ काम गरे मानिसले सफलता पाउँछ भन्ने सन्देश कथाले दिएको छ । त्यसैगरी अर्काको प्रगति देखेर उही बाटो अपनाउँदा आफ्नो पनि प्रगति हुन्छ भन्ने छैन । भाग्यमा छैन भने भागमा आएको कुरा पनि सकिन्छ भन्ने देखाइएको छ ।

४.६.५ भाषाशैलीगत विन्यास

यस कथामा सरल नेपाली भाषाको प्रयोग गरिएको छ । शब्दहरू बुझिने छन् । पूर्वेली भाषिकाको प्रयोग गरिएको यस कथामा लिङ्ग सङ्गति नमिलेका वाक्यको प्रयोग पाइन्छ । स्त्री र पुरुष दुवैलाई आयो, गऱ्यो, बस्यो जस्ता पुलिङ्गी क्रियाको प्रयोग गरिएको छ । जस्तै :

दैवको लिला एक दिन ठुलो भूकम्प आयो र त्यो घरको धुरीले कहिले सागर छुने र कहिले सगरमाथामा ठोकिने गर्दा भत्कन थाल्यो । त्यसबेला पुरै घर लडेर पुरिने मारिने डरले हामी पाँच भाइका पाँचओटी दुलहीहरू त्यस घरबाट भागेर यहाँ माइत पो आइपुगेछन् र म आज लिन आएको हो कि होइन ? भनेछ । त्यस गफले बुद्धिप्रसादको ओठ तालु सुक्यो र आखिरमा उसले पनि हो भन्नै पऱ्यो । (स्रोत : परिशिष्ट क, ४)

कथामा अश्लील शब्दका प्रयोग नभई उच्च आदरार्थी शब्द तपाइँ, मध्यम आदरार्थी शब्द तिमी र अनादर शब्द 'तँ' पनि प्रयोग भएको छ । खै हौ ! हे नारायण !, हे प्रभु !, हे भगवान् ! जस्ता विष्मयादिबोधक शब्दको प्रयोग गरिएको छ भने खान्तेपिन्ते, सरसफाइ, गरो, तेइ, वाँ, जस्ता बोलीचालीका शब्दको प्रयोग भएको छ । यस कथामा वर्णनात्मक तथा संवादात्मक दुवै शैलीको प्रयोग गरिएको छ ।

अतः 'चतुरे कान्छाको कथा' लोककथाको कथानक क्रमिक विन्यास, व्यवस्थित ढाँचामा संरचित छ । कथानक, सहभागी र परिवेशबिच अनुकूल सम्बन्ध देखिन्छ । मानिसले समय र साधनको सही समयमा प्रयोग गर्नु पर्छ नत्र पछुताउनुपर्छ भन्ने सन्देश दिन खोजिएको यस कथामा सरल, सुबोध्य शब्द तथा वाक्यको प्रयोग भएकाले लोककथा सुबोध्य रहेको छ ।

४.७ 'टुहुराको पनि अवश्य दिन फर्किन्छन्' लोककथाको संरचनात्मक विश्लेषण

प्रस्तुत 'टुहुराका दिन फर्किन्छन्' लोककथा दिक्तेल रूपाकोट मझुवागढी क्षेत्रमा प्रचलित लामो आयामको लोककथा हो । प्रस्तुत कथामा सानै उमेरमा बुवाआमाको मृत्यु भएर अर्काको घरमा काम गर्न बसेको टुहुरो केटाले आफ्नो बुद्धि लगाएर आर्थिक अवस्था राम्रो पार्न सफल भएको घटनालाई प्रस्तुत गरिएको छ । यहाँ यस कथालाई लोककथाका संरचक घटकहरू कथानक, सहभागी, परिवेश, उद्देश्य र भाषाशैलीगत विन्यासका आधारमा विश्लेषण गरिएको छ ।

४.७.१ कथानक

एउटै टुहुरो केटो हुनु, आमाबाबु नभएका कारण ऊ बिहा गरेकी दिदीका साथ बस्नु, दिदीले भाइलाई बिहान बेलुकी घरको काम लगाउँनु र दिउसो गाई चराउन पठाउनु, घरमा रहँदा पनि दिदीले भाइलाई भेदभाव गर्थी आफ्नो लोग्नेलाई र छोरा छोरीलाई मिठा खानेकुरा चामलको भात दिनु, भाइलाई ढुटाको रोटी, सिस्नुको साग, बोराको ओढ्ने बोराकै कपडा र

सुत्नको लागि ढोकाको कुनामा ठाउँ दिनु, उसले केही कुरा सम्झाउनु बोलाउनु पर्थ्यो भने कुचाले हान्नु, यो उसको लोग्नेलाई समेत थाहा नहुनु, एकदिन त्यो केटो सधैभै ढुटाको रोटी बोकेर गोठालो जानु, त्यसदिन चाडपर्व परेको हुनाले अरू गोठालाले ल्याएको मिठो रोटी उसलाई नदिनु, उसले त्यो ढुटाको रोटी कुनै एउटा रुखको टोड्कामा राख्नु र भोलिपल्ट आएर खोज्नु, रोटी खौज्दै जाँदा उसले एउटा दूधको पोखरी पनि फेला पार्नु, त्यो पोखरी वनका भैँसीहरूले आफू चर्न गएका बेला स-साना पाडापाडी नभोकाउन भनी जम्मा गरिदिएका हुनु, उसले त्यो दूध पिएर पोखरी नै सुकाइदिनु जस्ता घटनाले कथाको आदि भागलाई प्रस्तुत गरेको छ ।

उता दूधको पोखरी सुकेको र आफ्ना पाडा-पाडी भोकाएको थाहा पाएर कसले दूध खायो होला भनेर एउटा भैँसी चियो गर्न बस्नु, दिउसो मध्यान्हमा त्यो भैसीलाई तिर्खा लागेछ र पानी खान नजिकैको तलाउनमा जानु, जब भैँसी पानी खान तलाउमा गयो तर केटोले दूधको पोखरी नै सुकाइ दिनु, अर्को भैँसी चियो गर्न बस्नु उसलाई पनि तिर्खा लागेर पानी पिउन गएका बेलामा केटाले दूधको पोखरी रित्याइदिनु, भैँसीले यो कुरा राँगोलाई सुनाइ दिनु र एउटा राँगो अर्को दिन आएर चियो गर्न बस्नु, राँगोले केटाले दूध पिएर हतपत्त रुखमा गएर लुक्ने गरेको चाल पाउनु र रुखको फेदमा गएर सिँगौरी हान्न थाल्नु, त्यस बिचमा राँगोले केटालाई भनेछ “मेरो ढाडमा हाम फाल्यौ भने सम्पूर्ण राँगा र भैँसीको मालिक बनौला नत्र म रुखसहित ढालेर मारिदिन्छु”, केटोले साहसका साथ राँगाको ढाडमा हामफाल्नु र जुरुक्क उभियो पनि त्यसपछि ऊ सम्पूर्ण भैँसीको मालिक बन्नु, उता उसकी दिदीका गाईवस्तु जङ्गलबाट चरेर साझमा घर फर्किए तर भाइ आएन, भाइ नआएकोमा दिदीले खासै चिन्ता प्रकट नगर्नु, लोग्ने र छोरा छोरीले सोध्दा ऊ आफ्नै घर गयो भन्ने जवाफ दिनु, यसका धेरै वर्षपछि त्यो केटो प्रशस्त दूध, दही र ध्यू बेचेर धेरै धनी बन्नु, उसले जङ्गल नजिकै धेरै जमिन किन्नु, भैँसी र राँगालाई बाध्ने गोठ पनि बनाउनु र एउटी राम्री केटी विवाह गरेर आनन्दका साथ जीवन बिताउन थाल्नु जस्ता घटनाले कथाको मध्य भागलाई प्रस्तुत गरेको छ ।

यसै बिचमा एकदिन दिदी चाहिँले कसैको माध्यमद्वारा भाइको बारेमा सुनी त्यस बेला मात्र मेरो माइती भन्दै भाइ धनी भएको कारण भाइका घरमा पुग्नु, त्यहाँ भाइले अचानक गरेको प्रगति देखेर भित्र भित्रै जल्न थाली र भाइसँग एउटा भैँसी दाइजो मागी भाइले भैँसीको घाँटीमा बाध्ने घण्टी तयार भएपछि लानु भन्नु र कामी कहाँ गएर ढोकाको

कुनामा बास, ढुटाको रोटी, सिस्नुको साग, "बोराको ओछ्यान र कुच्चाको चोट" भन्ने आवाज निस्कनु, यो कुरा दिदी, उसको लोग्ने र छोराछोरी सबैले थाहा पाए र दिदीले भाइ प्रति गरेको दुर्व्यवहार सम्झेर माफी माग्न गए र सबै जना मिलेर आनन्दका साथ बस्नु जस्ता घटनाले कथाको अन्त्य भागलाई प्रस्तुत गरेको छ । (स्रोत :परिशिष्ट क, ५)

यसरी यस कथामा कमजोर र असहाय भनेर कसैलाई हेप्नु हुदैन सबैको दिन आउँछ भन्ने सन्देश कथाले दिएको छ । पात्रअनुसारको भाषशैली प्रयोग गरिएको यस कथामा कथानकको आदि, मध्य र अन्त्यको शृङ्खला मिलेकाले कथा कसिलो बनेको छ ।

४.७.२ सहभागी

'टुहुराका दिन फर्किन्छन्' कथा सीमित सहभागीहरू भएको कथा हो । यस कथामा टुहुरो केटो, टुहुराको दिदी, दिदीको लोग्ने, दिदीको छोरा छोरी, भैँसी,राँगो, गाउँले तथा टुहुराकी श्रीमती सहभागीका रूपमा आएका छन् । यो लोककथा टुहुराको जीवनमा घटेका घटनाहरूको सेरोफेरोमा केन्द्रित छ । कथाका मुख्य सहभागीका रूपमा टुहुरो केटो, राँगो र उसकी दिदी उपस्थित छन् । प्रस्तुत लोककथामा प्रयुक्त सहभागी र तिनका अभिलक्षणलाई तल प्रस्तुत गरिन्छ :

तालिका नं. ७

'टुहुराका पनि दिन फर्किन्छन्' लोककथाका सहभागीहरूका चारीत्रिक अभिलक्षण

पात्र	लिङ्ग		कार्य			प्रवृत्ति		स्वभाव		जीवन चेतना		आसन्नता		आबद्धता	
	पुरुष	महिला	प्रमुख	सहायक	गौण	अनुकूल	प्रतिकूल	गतिशील	गतिहीन	वर्गीय	व्यक्ति	नेपथ्य	मञ्चीय	बद्ध	मुक्त
टुहुरो केटो	+	-	+	-	-	+	-	+	-	+	-	-	+	+	-
केटो दिदी	-	-	+	-	-	+	-	-	+	-	-	-	+	+	-
राँगो	-	+	-	+	-	+	-	+	-	-	+	-	+	+	-
दिदीकोबुढो	+	-	-	+	-	-	+	+	-	+	-	+	-	+	-
दिदीको छोरा छोरी	+	-	-	+	-	+	-	-	+	+	+	+	-	+	-
भैँसीहरु	+	+	-	-	+	+	-	+	-	+	-	+	+	+	-
टुहुराका श्रीमती															

(स्रोत : परिशिष्ट क, ५)

माथिको तालिकाका आधारमा हेर्दा यस लोककथामा टुहुरो केटो, दिदी, दिदीको छोरा छोरी, टुहुराकी श्रीमती मानवीय पात्रका रूपमा सहभागी भएका छन् भने भैँसी मानवेतर पात्रका रूपमा सहभागी भएका छन् । यस लोककथाको प्रमुख पात्र टुहुरो हो । ऊ अनुकूल

र गतिशील पात्र हो । सानैमा टुहुरो भएकाले उसले मागेर र अर्काको घरमा गाईवस्तु चराएर बाल्यकाल बिताएको छ । ऊ गरिब वर्गको प्रतिनिधि पात्र हो । टुहुरो केटाले दिदीकै घरमा बसे पनि आफ्नै दिदीको साथ र माया पाएको छैन । उसलाई दिदीले काममात्रै लगाउने, मिठो मसिनो खान नदिने, कुचाले पिट्ने गरेको छ । भाइलाई ढुटाको रोटी, सिस्नुको साग, बोराको ओढ्ने बोराकै कपडा र सुत्नको लागि ढोकाको कुनामा ठाउँ दिएको थियो । उसले केही कुरा सम्झाउनु बोलाउनु पर्थ्यो भने कुचाले हान्ने गर्थी । यी सबै पीडा सहेर बस्दा बस्दै हिम्मत र आँटले मात्र उसको जीवनमा सुख आएको छ । कथाको सुरुदेखि अन्त्यसम्म कथामा उपस्थित भएको टुहुरो मञ्चीय तथा बद्ध पात्र हो ।

यस कथामा पनि पशुसम्बन्धी अभिप्रायको प्रयोग गरिएको छ । राँगो कथाको प्रमुख मानवेतर पात्र हो । उसले मानिसले बुझ्ने भाषा बोलेको छ । मानिसको बोली बुझ्ने र मानिसलाई सहयोग गर्ने सहभागीका रूपमा उपस्थित भएको राँगोले टुहरो केटाको जीवनमा परिवर्तन ल्याएको छ । उसले टुहुरो केटालाई सम्पन्न, धनी बनाउने वातावरण तयार पारेको छ । राँगो अनुकूल प्रवृत्तिको सहभागी हो । उसमा अद्भुत शक्ति रहेको छ । टुहुराकी श्रीमती सहायक महिला सहभागीका रूपमा कथामा उपस्थित भएकी छे । ऊ अप्सरा भएकीले टुहुरोसँग विवाह गरेर टुहुराको जीवनमा प्रसस्त धनसम्पत्ति प्राप्त भएको छ । उसले दु:ख पाएको टुहुरोलाई साथ दिएकी छे । टुहुराकी श्रीमती अनुकूल प्रवृत्तिकी मञ्चीय सहभागी हो ।

टुहुराको दिदी प्रतिकूल प्रवृत्तिको महिला सहभागी हो । उसले आमाबुबा गुमाएर दु:ख पाएको टुहुरोलाई दु:ख दिएर नराम्रो काम गरेकी छ । पछि भाइले प्रगति गरे पछि भेट्न जाने र धनको लोभ गर्ने स्वार्थी, गतिशील, मञ्चीय र बद्ध पात्र हो । टुहुरोले अप्सराजस्ती श्रीमती भित्र्याएको थाहा पाएर अनि धनी भएको टुहुराको घर पुग्दा अप्सरा जस्ती श्रीमती र धन देखेर दिदी आत्तिएकी छ । यसरी हेर्दा कथामा आएका सहभागी र तिनका अभिलक्षणले कथालाई सरल, सहज, मौलिक र स्वाभाविक बनाएका छन् । सहायक र गौण पात्रले कथानकको विकासलाई खँदिलो बनाएका छन् ।

४.७.३ परिवेश

'टुहुराका दिन फर्किन्छन्' लोककथामा परिवेशका रूपमा गाउँमा टुहुराले काम गर्ने घर, गाईवस्तु पालेर जीविकोपार्जन गर्ने, कुनै काम गर्दा बाचा खानुपर्ने, सुनको पङ्खाले

हम्किँदा होस फर्किने, दीनदु:खीलाई ईश्वरले हेर्छन् भन्ने विस्वास गर्ने समाज रहेको छ । यस लोककथामा स्थानिक परिवेशका रूपमा गाउँघर, वनजङ्गल, आकाश, भव्य महल, दूधको पोखरी जस्ता स्थानहरू आएका छन् । कथामा सामान्य समयका रूपमा बिहान, दिउँसो, राति आएका छन् भने विशिष्ट कथास्थलका रूपमा टुहुरा बस्ने स्वर्गजस्तो स्थान आएको छ । जस्तै :

> दिउसो मध्यान्हमा त्यो भैँसीलाई तिर्खा लागेछ र पानी खान नजिकैको तलाउमा गएछ । जब भैँसी पानी खान तलाउमा गयो तर केटोले दूधको पोखरी नै सुकाइ दियो । अर्को भैँसी चियो गर्न बसेछ । उसलाई पनि तिर्खा लागेर पानी पिउन गएका बेलामा केटाले दूधको पोखरी रित्याइदिएछ । भैँसीले यो कुरा राँगालाई सुनाइ दिएछन् र एउटा राँगो अर्को दिन आएर चियो गर्न बसेछ । राँगोले केटाले दूध पिएर हतपत्त रुखमा गएर लुक्ने गरेको चाल पाएछ र रुखको फेदमा गएर सिँगौरी हान्न थालेछ । त्यस बिचमा राँगोले केटालाई भनेछ "मेरो ढाडमा हाम फाल्यौ भने सम्पूर्ण राँगा र भैँसीको मालिक बनौला नत्र म रुखसहित ढालेर मारिदिन्छु" । केटोले साहसका साथ राँगाको ढाडमा हामफाल्यो र जुरुक्क उभियो पनि त्यसपछि ऊ सम्पूर्ण भैँसीको मालिक बन्यो । उता उसकी दिदीका गाईवस्तु जङ्गलबाट चरेर साझमा घर फर्किए तर भाइ आएन । भाइ नआएकोमा दिदीले खासै चिन्ता प्रकट गरिन । लोग्ने र छोरा छोरीले सोध्दा ऊ आफ्नै घर गयो भन्ने जवाफ दिई । यसका धेरै वर्षपछि त्यो केटो प्रशस्त दूध, दही र घ्यू बेचेर धेरै धनी बन्यो । उसले जङ्गल नजिकै धेरै जमिन किन्यो । भैँसी र राँगालाई बाध्ने गोठ पनि बनायो र एउटी राम्री केटी विवाह गरेर आनन्दका साथ जीवन बिताउन थाल्यो । (स्रोत :परिशिष्ट क, ५)

प्रस्तुत लोककथाको वातावरण सुरुमा दु:खद र त्यसपछि सुखद रहेको छ । कथाको सुरुमा आमाबुवा मरेर टुहुरो भएको केटाले मध्य भागमा आइपुग्दा दिदीले हेला गरेको, खान नदिएको,पिटाइ खाएको अवस्था छ । अन्त्यमा हिम्मत र साहसको कारण भैँसीको मालिक बन्छ र राम्री केटीसँग विवाह गराएपछि टुहुराको जीवनमा खुसी छाएको सुखद प्रसङ्गसँगै कथा समाप्त भएको परिवेश प्रस्तुत गरिएको छ ।

४.८.४ उद्देश्य

लोककथा भन्न वा सुनाउन केही न केही उद्देश्य राखिएको हुन्छ । यो सामाजिक लोककथा भएकाले यसमा नेपाली लोकजीवनलाई प्रस्तुत गरिएको छ । यस लोककथाको मूल उद्देश्य अर्ती वा उपदेश प्रदान गर्नु हो भने यसले मनोरञ्जन पनि प्रदान गरेको छ । जस्तै :

त्यस बिचमा राँगोले केटालाई भनेछ "मेरो ढाडमा हाम फाल्यौ भने सम्पूर्ण राँगा र भैँसीको मालिक बनौला नत्र म रुखसहित ढालेर मारिदिन्छु" । केटोले साहसका साथ राँगाको ढाडमा हामफाल्यो र जुरुक्क उभियो पनि त्यसपछि ऊ सम्पूर्ण भैँसीको मालिक बन्यो । (स्रोत : परिशिष्ट क, ५)

टुहुरो भनेर बासी भातका निस्तो डल्ला, ढुटाको रोटी खान दिने दिदी र समाजमा दुःख पाएकालाई हेरविचार गर्नुपर्ने कर्तव्य भुलेको दिदीले टुहुरो केटाले सुख पाएपछि टुहुराका दिन फर्किन्छन् भन्ने उक्ति चरितार्थ भएको बुझेका छन् । मानिसको जीवन सधैँ एकैनासले चल्दैन । जीवनमा आरोह अवरोह आइरहन्छ तर दुःख पाउँदा आत्तिनु हुँदैन । निरन्तर कर्म गर्ने मानिसले एक न एक दिन सुख पाउँछ भन्ने शिक्षा प्रदान गर्नु यस लोककथाको उद्देश्य रहेको छ ।

४.८.५ भाषाशैलीगत विन्यास

प्रस्तुत लोककथाको भाषाशैली सरल, सहज र सुबोध्य रहेको छ । साना, छोटा र सरल वाक्यको प्रयोगले लोककथालाई सरल बनाएको छ । पिलेन, मनलोग्ने, बालखै, बटुको, गन्धे, जिनिस, जोडा, डडाल्नो, गैगो जस्ता ग्रामीण जीवनमा प्रयोग गरिने शब्दको प्रयोगले लोककथालाई मौलिकता प्रदान गरेको छ । 'अब तँलाई के दिउँ ?', 'मर्न दे न त', 'तैँले खोजेको जिनिस् नै हामी दिन्छौँ', 'यिनेरलाई छोड्देऊ' जस्ता सरल अनादरबोधक वाक्यको प्रयोगले लोककथालाई अझै सरल र सुबोध्य बनाएको छ । टुहुरो केटो र भैँसीका बिचमा संवादात्मक शृङ्खलाको प्रयोग पाइन्छ । यस लोककथाको प्रारम्भ 'एकादेशमा' र अन्त्य सुन्नेलाई सुनको माला...मा भएको छ । समग्रमा यो लोककथा व्यवस्थित संरचनामा बाँधिएको छ ।

४.८ 'तर्साउने पाटीको कथा' लोककथाको संरचनात्मक विश्लेषण

प्रस्तुत 'तर्साउने पाटीको कथा' लोककथा खोटाङ जिल्लाको दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा प्रचलित लामो आयामको अतिप्राकृतिक लोककथा हो । प्रस्तुत कथामा अदृश्य शक्तिको रहस्यलाई देखाउन खोजिएको छ । यस कथामा नेपाली समाजले विश्वास गरेका भूत, तर्साउने, अप्सरा, पिसाच लगायतका विषयवस्तु बुनिएका छन् । भूत, प्रेत, पिसाचले मानिसलाई कसरी दुःख दिन्छ र मृत्युको मुखमा पुऱ्याउँछ भनेर कथा टुङ्ग्याइएको छ । यहाँ यस कथालाई लोककथाका संरचक घटकहरू कथानक, सहभागी, परिवेश, उद्देश्य र भाषाशैलीगत विन्यासका आधारमा विश्लेषण गरिएको छ ।

४.८.१ कथानक

एकादेशमा कुनै ठुलो जङ्गलका बिचमा एउटा धर्मशाला हुनु, मूलबोटोमा पर्ने धर्मशाला भए पनि त्यँहा कोही पनि बटुवा बसोबास नगर्नु, यदि त्यस पाटीमा बास बस्नु परे पर्ने अवस्था आयो भने राँको बालेर भए पनि उनीहरू अर्कै ठाउँमा गएर बस्नु, यदाकदा दिउँसो गाईवस्तु चराउने गोठालामात्र त्यस क्षेत्रमा आए पनि पाटीमा नै आएर नबस्नु, त्यो पाटीभन्दा केही पर खोलाको किनारको खेतीमा केही मानिस दिउसो काम गर्न आउँनु तर साँझ पर्नु अगावै उनीहरू त्यहाँबाट टाढा हुनु, मध्यान्हको घाममा गोठाला गोठालीहरू त्यो धर्मशालाको नजिकसम्म पनि नजानु, सबै जना त्यो धर्मशालादेखि डराउँथे किनकि साँझ पर्नासाथ त्यहाँ तर्साउने गर्नु, त्यो तर्साउने पाटीलाई पहिले वीरमान पाटी भन्ने गर्नु, एकदिन अर्कै ठाउँका धनी व्यापारी बाबुछोरा त्यहीँ बाटो हुँदै व्यापार गर्न हिड्नु, दुर्भाग्यवश उनीहरू गलत गन्तव्यतिर लागेछन् र रात छिप्पिदै जाँदा एउटा ठुलो सिमलको रुखको फेदमा बास बस्न पुग्नु, उनीहरूले सोचे हामी दुई मात्र छौ भनेर तर उनीहरूलाई धेरै परको गाउँदेखि पछ्याएर आएका डाकाहरूबारे थाहै नहुनु, रातको समयमा एक्कासि चारैतिरबाट डाकाहरूले छेकेर धनमाल लुट्नु, उनीहरूले बाबुलाई पाता कसेर रुखमा बाँधे तर छोरोलाई छुरी धसेर मारी दिनु, बिचरा बाबु आफ्नै आखाँ अघि छोरोको विभत्स हत्या भएको हेर्न विवश हुनु र रातभर रुँदै उज्यालो पार्नु जस्ता घटनाले कथाको आदि भागलाई प्रस्तुत गरेको छ ।

जब बिहान भयो, खोला छेउको खेतीमा काम गर्ने मानिसहरू देखा पर्नु, उनीहरूले कता कता मानिस कोहोलो हाल्दै रोएको जस्तो सुन्नु, कसैले त्यस आवाजलाई तर्साएको भने कसैले पशुपन्क्षीको आवाज हो भने तर एकजना मानिसलाई पत्यार नलागेर आवाज आएका दिशातर्फ खोज्दै हिड्दा रुखमा बाँधिएको जिउँदो मानिस र थोरै पर पेटमा छुरा धसेर मृत अवस्थामा रहेको अर्को मानिस भेटाउनु, व्यापारीले सबै कुरा भनेपछि गाउँले सबै मिलेर छोराको सद्गत गर्नु, त्यसरी रुखका फेदमा व्यापारीको छोराको हत्या भएपछि त्यही रुखलाई ढालेर व्यापारीले छोराको नाममा एउटा धर्मशालाा बनाउन लगाउनु, धर्मशालाा बनिसकेपछि व्यापारीले पनि त्यहीँ आफ्नो देहत्याग गर्नु, वनको माझमा धर्मशाला बनेपछि बाटो हिड्ने बटुवा ढाक्रेका हुलहरू बास बस्न लागे तर उनीहरूलाई रातभर तर्साएर सुत्न नदिनु, ठुलो आगोको धुनी जगाएर बस्दा पनि कसैको ओढ्ने तानेर, कसैलाई सुतेको ठाउँबाट घिसारेर पर लगेर, कसैलाई उडाएर माथि पुऱ्याएर तसाई रहनु, त्यसकारण बास बस्ने बटुवाको हुल राती नै भागेर आफ्नो बाटो तताउनु, त्यहाँ धर्मशाला बनेपछि खोला छेउमा खेती गर्ने

मानिसहरू आएर बस्ने गर्थे तर बस्नै नसक्नु, रातमा मात्र नभएर दिउसो पनि तर्साउन थालेपछि मानिसहरू दिउसै त्यो धर्मशाला पस्न डराउनु, गाउँलेहरूले नतर्साओस् भनेर स्वस्तिशान्तिको लागि कति सप्ताह, वेद, रुद्री पाठ गर्न लगाए तर तर्साउन भने कति पनि कम नहुनु, एकदिन एकजना मानिस ससुराली जान भनेर घरबाट हिँड्नु, उसको ससुराली पुग्न त्यही धर्मशालाको बाटो भएर हिड्नु, उसको ससुरालीलाई कोसेली स्वरुप खोलाको ताजा माछा पनि बोकेको हुनु, विवाह पछि ससुराली उसो नगएको हुनाले बाटो कतापट्टि हो भुलेर जङ्गलको लामो बाटो पुग्नु, रात छिप्पिदै गएको हुनाले जङ्गलका जनावरको डर बढ्दै गएको थियो, ऊ कतै सुरक्षित बासस्थानको खोजीमा हुनु, अचानक उसका अगाडि देखिएको त्यो धर्मशाला नै उसका लागि उचित आश्रयस्थल हुनु, धर्मशालाभित्र माथिल्लो चोटाबाट कसैले खोकेको आवाज पनि सुन्नु, यसो चोटातिर चियाएको त एउटा मानिस पिलपिल आगो बालेर एक्लै धुमधुम्ती बसिरहेको हुनु, पाटीमा साथी भेटियो भनेर ऊ ढुक्क हुनु, ऊ पनि माथि उक्लेर ऊसँगै गएर आगो ताप्दै बस्नु, रात छिपिदै गएपछि धर्मशालामा भएको मान्छेले भन्यो, 'त्यो के हो माछामाछाको गन्ध आउछ नि' ससुराली जाने मान्छेले भन्यो, 'हो अलिकति माछा छन् तपाई नि चाख्नुहुन्छ' भनी सोधेको जस्ता घटनाले कथाको मध्य भागलाई प्रस्तुत गरेको छ ।

गोडादशेक माछा झिकेर उसका अगाडि राखिदिनु, त्यो मान्छेले यसो सेकाए झै गरेर ती माछा कप्ल्याककुप्लुक एकै सासमा खानु र फेरी माग्नु,त्यो पनि खाएपछि चुपचाप पेरुङ्गोबाटै आफै माछा झिकेर खान थाल्नु, त्यो मान्छेले एकैछिनमा सबै माछा सिध्याउनु, त्यसपछि त्यो परदेशीलाई शङ्का लागेछ र नियालेर हेरेको त भयङ्करको अनुहार त्यसमा तीनओटा आँखा, कहिले नाक बिलाउने, कहिले मुख बिलाउने हुँनु, त्यसपछि मात्र परदेशीलाई यो त मान्छे होइन रहेछ भन्ने शङ्का लाग्नु, नभन्दै त मुर्कट्टा हुनु, परदेशीले अब मरिने भइयो विचार गऱ्यो तै पनि यसो पछाडि हेर्दा भ्याल खुल्लै देख्यो र जे पर्ला भनेर "हे भगवान् बचाऊ" भन्दै भ्यालबाट हाम फाल्नु र नजिकैको बुट्यानमा घोप्टो परेर सुत्नु, भोलिपल्ट बिहान खोला छेउमा खेती गर्न आउने मानिसले अचेत अवस्थामा लडिरहेको त्यो परदेशीलाई भेटाउनु, उसको धुकधुकी मात्र बाँकी भएकाले धामी जैसी अनेक उपायद्वारा होस खुलाइनु, त्यसपछि उसले राती भएका सबै घटना एकै सासमा ती मानिसलाई बताउनु, ती मानिसले उसलाई "किन त्यस ठाउँमा बसेको, त्यस त दिउसै तर्साउछ" भने पनि त्यो परदेशीले पनि आतिएको आतियै आँखै चिम्लिनु, ती मानिसले नै

उसको पनि सद्गत गरी दिनु र त्यो पाटीले धेरैको ज्यान लियो भनेर पूरै पाटी जलाइदिनु, खोला छेउका मानिस पनि एक्लै खेती गर्न आउन छाड्नु र त्यो पाटीको छेउबाट पनि हिँड्न छाडी दिनु जस्ता घटनाले कथाको अन्त्य भागलाई प्रस्तुत गरेको छ। (स्रोत : परिशिष्ट क, ६)

भाग्यले साथ दिएन भने धनको क्षती हुने, अकालमा मर्नु पर्ने पनि दिन आउँछन्। व्यापारी जस्तो धनीवर्गको मान्छेको धनको कारण छोरा गुमाउनु परेकोछ। बटुवाले गलत ठाउँमा बास बस्न पुग्नाले अकालमा ज्यान गुमाउनु परेको छ। त्यसैले कसैले पनि शक्ति र धनको आडमा अरूलाई दुःख दिनु हुँदैन भन्ने सन्देश कथाले दिएको छ। आदि, मध्य र अन्त्यको शृङ्खला क्रमैसँग आएको यस कथामा थपिएका अन्य घटनाले कथा कसिलो बनेको छ।

४.८.२ सहभागी

'तर्साउने पाटी' धेरै सहभागीहरू भएको कथा हो। यस कथामा व्यापारी, व्यापारीको छोरा डाकाहरू, एक बटुवा, भूत, गाउँलेहरू, सहभागीका रूपमा उपस्थित भएका छन्। यो लोककथा भूत र बटुवाबिच भएको गतिविधिको सेरोफेरोमा केन्द्रित छ। कथाका मुख्य सहभागीका रूपमा व्यापारी, बटुवा र भूत आएका छन्। प्रस्तुत लोककथामा प्रयुक्त सहभागी र तिनका अभिलक्षणलाई तल प्रस्तुत गरिन्छ :

तालिका नं. ८

'तर्साउने पाटीको कथा' लोककथाका सहभागीहरूको चारीत्रिक अभिलक्षण

पात्र	लिङ्ग		कार्य			प्रवृत्ति		स्वभाव		जीवन चेतना		आसन्नता		आवद्धता	
	पुरुष	महिला	प्रमुख	सहायक	गौण	अनुकूल	प्रतिकूल	गतिशील	गतिहीन	वर्गीय	व्यक्ति	नेपथ्य	मञ्चीय	बद्ध	मुक्त
व्यापारी	+	-	+	-	-	+	-	+	-	+	-	-	+	+	-
बटुवा	+	-	+	-	+	-	+	+	-	+	-	-	+	+	-
भूत	-	-	+	-	-	-		+	-	+	-	-	+	+	-
व्यापारीको छोरा	+	-	-	-	+	-	+	+	-	+	-	-	+	+	-
गाउँलेहरू	-	-	-	+	-	+	-	+	-	-	-	-	+	+	-
डाकाहरू	-	-	-	+	-	+	-	+	-	-	-	-	+	+	-

(स्रोत :परिशिष्ट क, ६)

माथिको तालिकाका आधारमा हेर्दा यहाँ व्यापारी, व्यापारीको छोरा डाकाहरू, एक बटुवा, भूत, गाउँलेहरू जस्ता सहभागीहरू आएका छन्। व्यापारी, बटुवा र भूत कथाका

केन्द्रीय पात्रहरू हुन् । लोककथाको चिनारी र सङ्घर्षविकासका घटनाहरू ब्यापारी, बटुवा र भूतका केन्द्रीयतामा घटेका छन् । ब्यापारी अनुकूल पुरुष पात्र हो । उसको छोरासँग यात्रामा हुन्छ । उसको सम्पती देखेर डाकाहरूले उसलाई रुखमा बाधेर छोरालाई छुरी धसेर मारेर सबै धनसम्पत्ती लुटेर जान्छन् । भोलीपल्ट गाँउलेहरूले थाहा पाएर रुखमा बाधेको ब्यापारीलाई खुस्काइ दिन्छन् । त्यसपछि गाउँले सबै मिलेर ब्यापारीको छोराको दाहसंस्कार गरे । छोराको दाहसस्कार सकेपछि ब्यापारीले देह त्याग गर्छ । ऊ गतिशील पात्र हो । अनुकुल पात्र हो । छोराको मृत्यु पछि देह त्याग गर्ने त्यागी पात्र हो । जीवनचेतनाका आधारमा हेर्दा ब्यापारी वर्गीय पात्र हो । उसले धनी वर्गको प्रतिनिधित्व गरेको छ । ब्यापारी र उसको छोरा सम्पन्न परिवारको भएकाले पैसा डाकाले लुटेर ब्यापारीको छोरा मार्छ । ब्यापारी अत्यन्त सोझो र इमान्दार सम्पन्न वर्गीय पात्रका रूपमा देखाइएको छ । कथाको सुरुदेखि अन्त्यसम्म ब्यापारीकै सेरोफेरोमा कथा घुमेकाले ब्यापारी मञ्चीय र बद्ध पात्र हो ।

बटुवा अर्को प्रमुख पुरुष पात्र हो । बटुवा पेरुङ्गामा माछा बोकेर ससुराली जान्छ । ससुराली जानेक्रममा ऊ माछा बोकेर त्यही वीरमान पाटीमा बास बस्न पुग्छ । त्यस पाटीमा बास बस्न पुगे पछि त्यहाँ भूत हुन्छ । भूतले खोकेको आवाज सुनेपछि साथी रहेछ भनी उ त्यहाँ जान्छ । तलामाथि गएपछि आगो तापिरहेको देखेर ससुराली हिडेको बटुवा पनि सर्गै गएर आगो ताप्न थाले पछि भूतले माछा माछा गन्हाउछ भने पछि गोडादशेक माछा झिकेर दिन्छ । त्यो बेलासम्म बटुवालाई माछा माग्ने मान्छे भूत हो भनेर थाहा हुदैन । दिएको माछा एकै गाँसमा कप्ल्याक कुप्लुक खाएपछि फेरी माछा मागे पछि त्यो मानिस होइन भनेर नियालेर हेर्दा भयङ्कर अनुहार, तीनओटा आखाँ देखेपछि मुकुट्टा भन्ने थाहा पायो । डरले मरिने भैयो भनेर पछाडि भ्याल फाल हानेर बुट्यानमा पछारियो । भोलिपल्ट बिहान गाँउलेहरु आएर बेहोस भएको मानिसलाई अनेक उपाय लाएर होसमा ल्याए पछि सबै कुरा बतायो र डरले त्या पनि त्यहीँ मऱ्यो । यसैले ऊ अनुकूल पात्र हो । कथालाई सुरुदेखि अन्त्यसम्म साथ दिने बटुवा मञ्चीय तथा बद्ध पात्र हो । कथामा उसको उपस्थिति अत्यन्त इमान्दार र बुद्धिमानी पात्रका रूपमा भएको छ । उसको आगमनले कथालाई रमाइलो बनाएको छ ।

कथामा भूतको उपस्थिति प्रतिकूल म पात्रका रूपमा भएको छ । उसले बटुवालाई मर्न पर्ने अवस्थामा पुऱ्याएको छ । ऊ अहङ्कारी, घमण्डी तथा व्यभिचारी मनस्थितिको पात्र हो । भूतले अरूलाई दुख दिने वर्गको प्रतिनिधित्व गरेको छ । ऊ गतिशील तथा मञ्चीय पात्र हो । बटुवालाई मृत्युको मुखमा पुऱ्याएकोछ ।

कथामा गाँउलेहरू सहयोगी पात्रका रूपमा सहभागिता रहेको छ । भूतले बटुवालाई आफ्नो अनुहार देखाउदा बटुवाको डरले सातो गएको छ र भूतले असम्भव काम गरेकाले अद्भुत काम गरेर बटुवालाई मारेका छन् । त्यसैले यिनीहरू सबै पशुपन्क्षी तथा जादुटुनामुना सम्बन्धी अभिप्राय हुन् । यी सबै सहभागी अनुकूल, बद्ध र मञ्चीय पात्र हुन् । यसरी हेर्दा कथामा आएका सहभागी र तिनका अभिलक्षणले कथालाई सरल, सहज र मौलिक बनाएको छ । असम्भव लाग्ने काम गर्ने पात्रको प्रयोगले कथा चाखलाग्दो बनेको छ ।

४.८.३ परिवेश

'तर्साउने पाटीको कथा' उडन्ते कथा भएकाले यसमा चमत्कारयुक्त परिवेश पाइन्छ । कथामा प्राचीनकालमा खेतिपाति गरेर जीविकोपार्जन गर्ने परम्परा कालिक परिवेशका रूपमा आएको छ भने पाटी, धर्मशाला, गाउँबस्ती, वनजङ्गल पाखा चउर, पोखरी आदि स्थानिक परिवेशका रूपमा आएका छन् । धर्मशालामा बस्ने भूतले बटुवालाई मारेको, ब्यापारीको छोरालाई डाकाहरूले मारेको, भूतले सोझासाझा जनतालाई दुःख दिने समाज लोककथामा रहेको छ । सामान्य कथास्थलका रूपमा धर्मशाला, गाँउघर, वनजङ्गल आएका छन् । कथाको आदि भागमा चमत्कारिक परिवेश आएको छ । कथामा डाकाहरूले ब्यापारीलाई रुखमा बाधेर उसको छोरालाई छुरी धसेर मारेका छन् । गाउलेहरूको सहयोगमा ब्यापारीले छोराको दाहसँस्कार गरेर देह त्याग गर्छ । त्यहा दुःखद् परिवेश निर्माण भएको छ । कथामा कहिले भन्ने प्रश्नको उत्तर नपाए पनि कति बेला भन्ने सन्दर्भमा राती, बिहान, दिउसोको समयलाई परिवेशको रूपमा लिइएको पाइन्छ । अन्त्यमा भूतको कारण बटुवाले मर्नु परेको दुःखद् परिवेशको सिर्जना भएको छ ।

४.८.४ उद्देश्य

'तर्साउने पाटीको कथा' अतिप्राकृतिक लोककथा हो । यस कथाले मनोरञ्जनका साथै अर्ती उपदेश वा नीति प्रदान गर्ने उद्देश्य राखेको छ । समय सँधै एकनास हुँदैन । भाग्यले साथ दिएन भने धनको क्षती हुने अकालमा मर्नु पर्ने पनि दिन आउँछन् । ब्यापारी जस्तो धनीवर्गको मान्छेको धनको कारण छोरा गुमाउनु परेको छ । बटुवाले गलत ठाउँमा बास बस्न पुग्नाले अकालमा ज्यान गुमाउनु परेको छ । त्यसैले कसैले पनि शक्ति र धनको आडमा अरूलाई दुःख दिनु हुँदैन । कुसमयमा कुठाउमा पुग्दा दुःख पाइन्छ भन्ने सन्देश कथाले दिएको छ । त्यसैगरी अपरिचित मानिसमा पनि सहयोगी भावना हुन्छ । मानिसलाई

दुःख पर्दा अपरिचितले पनि मदत गर्छन् भन्ने देखाएर सबैसँग मित्रवत् व्यवहार गर्नु पर्छ भन्ने सन्देश कथाले दिएको छ ।

४.८.५ भाषाशैलीगत विन्यास

'तर्साउने पाटीको कथा' लोककथामा सरल सहज र सुबोध्य नेपाली भाषाको प्रयोग गरिएको छ । लोककथामा प्रयोग भएका शब्दहरू बुझिने छन् । पूर्वेली भाषिकाको प्रयोग गरिएको यस कथामा लिङ्ग सङ्गति नमिलेका वाक्यको प्रयोग पाइन्छ । स्त्री र पुरुष दुवैलाई आयो, गऱ्यो, बस्यो जस्ता पुलिङ्गी क्रियाको प्रयोग गरिएको छ । कथामा मध्यम आदरार्थी शब्द तिमी र अनादर शब्द 'तँ' पनि प्रयोग भएको छ । गोडादशेक, पाटी, धर्मशाला जस्ता मौलिक शब्दको प्रयोग गरिएको छ भने रात छिप्पिनु, धुमधुम्तीजस्तो टुक्काको प्रयोग भएको छ । यस कथामा वर्णनात्मक तथा संवादात्मक दुवै शैलीको प्रयोग गरिएको छ ।

अतः 'तर्साउने पाटीको कथा' लोकथाको कथानक व्यवस्थित ढाँचामा संरचित छ । कथानक, सहभागी र परिवेशबिच अनुकूल सम्बन्ध देखिन्छ । कसैले पनि शक्ति र धनसम्पतिको घमण्ड गर्नु हुँदैन । धन सम्पत्तिको कारण अकालमा ज्यान गुमाउनुपर्छ भन्ने सन्देश दिन खोजिएको यस कथामा पदक्रम विचलन भएका वाक्य तथा पदसङ्गति नमिलेका वाक्य प्रयोग गरिएको भए पनि ती सरल सहज र सुबोध्य नै रहेका छन् ।

४.९ 'दाजु र भाइको कथा' लोककथाको संरचनात्मक विश्लेषण

प्रस्तुत 'दाजु र भाइ' को कथा खोटाङ जिल्लाको दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा प्रचलित लामो आयामको लोककथा हो । प्रस्तुत कथामा देखासिकी र लोभले गर्दा आफूसँग भएको कुरा पनि सकिन्छ भन्ने कुरा देखाउन खोजिएको छ । खान लाउन धौधौ पर्दा भगवान्सँग पुकारा गर्ने नेपाली समाजको यथार्थ प्रस्तुत गरिएको यस कथामा दाजुभाइबिच हुने प्रतिष्पर्धा र देखासिकीलाई देखाइएको छ । यहाँ यस कथालाई लोककथाका संरचक घटकहरू, कथानक, सहभागी, परिवेश, उद्देश्य र भाषाशैलीगत विन्यासका आधारमा विश्लेषण गरिएको छ ।

४.९.१ कथानक

कुनै गाउँमा दाजु-भाइ बसेका हुनु, अंश बराबरी भएपनि भाइ अलि धनी थिए भने दाजु केही गरीब हुनु, भाइले असारमा बेठी लगाउने विचार गर्नु र गाउँका सबैलाई

बोलाउनु, यो थाहा पाएर उसका दाजुभाउजू पनि बेठीमा आउनु, दिउँसो खाजा दिंदा पनि दाजु भाउजू घरको मानिस पछि खानुहुन्छ भनेर नदिनु, अरू सबैले देऊ न दिनभरि काम गर्नुपर्छ किन दाजुभाउजूलाई नदिएको भन्दा घरको मानिस अहिले खानुहुन्छ भनेर खाजा नदिनु, बेलुका भात पनि त्यही भनेर अरू खेतालालाई दिंदा नदिनु, त्यसपछि ती जोडीलाई रिस उठ्यो र श्रीमान् दिउँसो लगाएको आली भत्काउने अनि श्रीमती आफूले रोपेको धान उखल्ने भनेर खेतमा पुगेर हातमात्र लगाएका थिए, एउटा साक्षात्कार भगवान उनीहरूका अगाडि देखिएर भने- तिमीहरू यस्तो काम नगर, यो मूर्खले गर्ने काम हो भन्नु, यो सुनेर श्रीमान्ले सोधे तपाई को हो ? उत्तर पाए-म तिम्रो भाइको भलाई गर्ने भगवान् हुँ भन्नु, तिमीहरू यस्तो काम गर्दा बिग्रन्छौ भनेपछि ती श्रीमान् चाहिँले सोधे-अनि मेरो भगवान् काहाँ हुनुहुन्छ एकपटक देखाइ दिनुहोस् न त भन्दा त्यहाँ उपस्थित भगवान्ले परको वरको रूख देखाउँदै त्यहीँ रूख निर पहरामा छन् भनेर देखाइ दिनु जस्ता घटनाले कथाको आदि भागलाई प्रस्तुत गरेको छ ।

त्यसपछि श्रीमतीलाई घरमा लिपपोत गर्दै गर म भगवान् लिएर आउँछु भनेर हिड्नु, उसले भनेको ठाउँमा हेर्दा त नाग झलल बत्ती बालेर बसेको देखेर त्यहीँ नजिकै कोदालीले खाल्डो खनेर लुकेर खाल्डामा बस्नु, त्यसपछि त्यहाँ सिंह, लम्बा (सर्प), जबमू (स्याल) श्री सूर्य र मुसा जम्मा हुनु, त्यसपछि उनीहरूको कुराकानी सुरू हुनु, ए लम्बाज्यू कसो छ, तपाईको हालचाल भने सिंहले उत्तरमा लम्बाले आराम छु, सन्चै छ भनेर भन्नु, श्रीसूर्यलाई लम्बाले सोधे- तपाईलाई कस्तो छ ? सूर्यले उत्तर दिए - रानी बिरामी छिन्, उनी बिरामी हुँदा मलाई आराम छ, त्यसै गरी लम्बाले बाघलाई पनि सोधे- बाघले उत्तर दिए - सत्र ढुकुटी सम्पत्ति छ मलाई धन्दा छैन भन्ने उत्तर दिनु, मुसालाई सोध्दा मुसाले पनि नब्बे ढुकुटी धन छ खानाको पिर छ भन्नु, त्यसपछि यी सबै कुरा सुनेका मानिस खाल्टाबाट कुरा सुन्दा सुन्दै मुस्काइरहेका हुनु, त्यहीँ समयमा बाघले जम्बूलाई - जाऊँ मनुखे, मनुखे गन्हाउँछ एक पटक बाहिर हेरेर आऊ भन्दा जम्बू बाहिर आउनु र हेऱ्यो कहीं मानिस नदेखे पछि मानिस छैन भनी फर्किनु, केही समयपछाडि नाग वाहेक सबै आ-आफ्नो घरमा फर्किनु, बेलुका एकपटक जम्मा हुनेहरूको चलन त्यो दिनको लागि सकियो त्यही समयमा पहराको टाकुराको रूखमा एउटा चरो आएर बस्नु, त्यो चरा खान नाग जाँदा बत्ती छोड्नु, त्यही समयमा बत्ती टिपेर मानिस हिड्नु, जाँदा जाँदा सहरमा पुग्नु, सहर पुग्दा केही नखाएको कारण भोकले मर्न आँट्नु, साथमा बत्ती छ तर खाना केही नहुनु, प्रत्येक ठाउँमा

गएर बत्ती राख, खान देऊ भन्दा कोही नमान्नु, कसैले पनि उनीहरूको धनले नपुग्ने भएको कारण त्यो बत्ती राख्न नमान्नु, एउटा घरमा छोराछोरी नभएका बुढाले ढुकुटीमा राख र चाहिने जति लैजाऊ भनेर भन्नु, उसले सोही काम गर्नु, त्यहाँबाट रानी कहाँ जानु, त्यहाँ उसलाई सोधियो रानीलाई ठिक पार्न रानीलाई निको पार्न सक्छौ कि त भन्दा एकपटक कोसिस गर्छु भनेर भन्नु र रानीको कोठामा गयो अनि अरू केही चाहिन्न धागो लेऊ भनेर अह्राउनु, राजाले बिरामी ठिक भएमा जे चाहिए पनि दिने भनेका हुनु, त्यो धागो दाहिने हातको चोर औलामा बाँध्यो अनि त्यसको अर्को छेऊ लिस्नु कुनामा किला ठोकेर बाँध्नु, त्यसपछि यहाँ नलिहाड छ त्यसलाई झिक्नुपर्छ भनेर खन्ती कोदाली लिएर खन्न थाल्नु, केही समय खनेपछि त्यो हाडको अवशेष पाइनु, त्यो झिकेपछि रानीलाई निको हुँदै जानु, राजा खुशी भएर के माग्छौ भन्दा मलाई त पाँच सय फौज सरकार भनेर भन्नु, यी पाँच सय फौजले बाघ कहाँबाट सत्र ढुकुटी धन लानु, त्यसपछि मुसाकहाँ गएर ढुकुटीको धन सबै लानु, यी सबै ठाउँबाट धन जम्मा पारेपछि भाइकहाँ पाथी माग्न जानु, उसलाई पनि लाग्यो, आफूले जम्मा पारेको सम्पत्ति कति भएछ एक पटक भरेर हेर्नुपऱ्यो भन्नु, भाइकी श्रीमती बाठी हुनु जस्ता घटनाले कथाको मध्य भागलाई प्रस्तुत गरेको छ ।

उनले पाथी दिंदा पाथीको छेउमा खोटो टाँसेर दिनु, सम्पत्ति भरेर फिर्ता गर्दा एउटा पैसा पाथीमा टाँसिउर फिर्ता जानु, त्यसपछि बुहारीले उनका श्रीमान्लाई दाइले पैसा कमाएर ल्याएर पाथीले भर्न थाल्नु, अब तपाई पनि पैसा कमाउन जानुहोस् भनी सल्लाह दिनु, भाइले एकपटक दाजुलाई पैसा कमाउने उपाय सोध्नु, दाजुले पनि सोझो उपाय बताउनु, नजिकैको वरको रूखनिरको पहिरो थियो भाइ पनि त्यही जानु, सधैं जसरी नाग, सिंह, मुसो, जम्बू जम्मा हुनु, उनीहरूको बीचमा कुराकानी चल्नु, नागले अँध्यारो भयो मेरो उज्यालो चोरियो भन्नु, बाघ, सिंहले पनि सबै चोरियो, मुसाले पनि त्यही भन्नु, श्रीसूर्यले पनि रानीलाई निको भयो म त भुतुक्कै मरें भनेर भन्नु, किन भनेर सिंहले सोध्दा उनले उत्तरमा भनेछन्, रानी घरमा बिरामी हुँदा चारैतर्फबाट मानिसहरू उनलाई हेर्न आउँथे, विभिन्न प्रकारका फलफूल ल्याउँथे, घरमा मानिसको कहिले खाँचो हुँदैनथ्यो, सधै नयाँ अनुहार हेर्न पाइन्थ्यो, अब त रानी एक्लै घरमा अरू कोही छैनन्, त्यहीं समयमा सिंहले जम्बूलाई मनुखे-मनुखे गन्हाउँछ, जाऊ, जाऊ बाहिर हेर भनेर अह्राउनु, नभन्दै जम्बूले आज्ञा पालन गरेर बाहिर निस्कँदा त्यहीं भाइलाई देख्नु, सिंहले त्यसलाई झिरिप्प पारिदियो अनि सबै सम्पत्ति दाजु भाउजूको जिम्मामा जानु जस्ता घटनाले कथाको अन्त्य भागलाई प्रस्तुत गरेको छ । (स्रोत : परिशिष्ट क, ७)

यसरी कथा समाप्त हुन्छ । आफूसँग जे छ त्यसैमा सन्तुष्ट हुनुपर्छ । अर्काको सम्पत्तिमा लोभ गऱ्यो भने अझै दुःख थपिन सक्छ । अरूले जे गरे त्यसैको पछि लाग्दा आफूसँग भएको कुरा पनि गुम्छ भन्ने सन्देश यस कथाले दिएको छ । यसको कथानक विन्यास क्रमिक रूपमा अगाडि बढेको छ । कथानकको आदि, मध्य र अन्त्यको शृङ्खला मिलेको छ ।

४.९.२ सहभागी

'दाजु र भाइको कथा' सीमित सहभागीहरू भएको कथा हो । यस कथामा दुई भाइ दाजुभाइ, उनीहरूका श्रीमती र अन्य मान्छे, लम्बा, बाघ, नाग, भगवान् आदि सहभागीका रूपमा आएका छन् । यो लोककथा दुई दाजुभाइ र उनीहरूका श्रीमतीको सेरोफेरोमा केन्द्रित छ । कथाका मुख्य सहभागीका रूपमा जेठो दाइ र कान्छो भाइ आएका छन् । दाजु भाइका श्रीमतीहरू सहायक पात्रका रूपमा सहभागी भएका छन् भने अन्य पात्रहरू गौण पात्रको रुपमा आएका छन् । प्रस्तुत लोककथामा प्रयुक्त सहभागी र तिनका अभिलक्षणलाई तल प्रस्तुत गरिन्छ :

तालिका नं. ९

'दाजु र भाइको कथा' कथाका सहभागीहरूका चारीत्रिक अभिलक्षण

पत्र	लिङ्ग		कार्य			प्रवृत्ति		स्वभाव		जीवन चेतना		आसन्नता		आबद्धता	
	पुरुष	महिला	प्रमुख	सहायक	गौण	अनुकूल	प्रतिकूल	गतिशील	गतिहीन	वर्गीय	व्यक्ति	नेपथ्य	मञ्चीय	बद्ध	मुक्त
जेठो दाजु	+	-	+	-	-	-	+	+	-	-	+	-	+	+	-
कान्छो भाइ	+	-	+	-		+	-	+	-	+	-	-	+	+	-
जेठी भाउजू	-	+	-	+	-	-	+	-	+	-	+	-	+	+	-
कान्छाकी श्रीमती	-	+	-	+	-	+	-	+	-	-	+	-	+	+	
भाइको भगवान्	+	-	+	-	-	+	-	-	+	-	-	-	+	+	-
अन्य पात्रहरु	-	-	-	-	+		+	+	-	-	-	-	+	-	+

(स्रोत : परिशिष्ट क, ७)

माथिको तालिकाका आधारमा हेर्दा यहाँ जेठो दाइ, कान्छो भाइ, भाउजू, कान्छाकी श्रीमती र खेतमा भेटिएको भाइको भगवान्, गाँउका खेतालाहरू, सिंह, श्रीसुर्य, रानी, बाघ, चरोजस्ता सहभागीहरू आएका छन् । जेठो दाइ र कान्छो भाइ कथाको केन्द्रीय पुरुष पात्र हो । लोककथाको चिनारी र सङ्घर्षविकासका घटनाहरू जेठो दाइ र कान्छो भाइको

केन्द्रीयतामा घटेका छन् । जेठो दाइ सोझो तथा अनुकूल पात्र हो । उसले मेहनत गरे भगवान्सँग मागेर प्राप्त गरेको असर्फी भर्न भाइको घरबाट पाथी ल्याएर भर्छ । भाइले गरेको अपमान सहन नसकेर भाइको खेतको आली भत्काउन जाँदा भाइको भगवान्ले भनेअनुसार गर्दा उसलाई हिम्मत र शाहस बटुलेर काम गर्दा सम्पत्ति मिलेको छ । यसर्थ उसलाई मनकारी पात्रका रूपमा कथामा उपस्थित गराइएको छ । ऊ गतिशील पात्र हो । भाइको अपमानलाई खपेर बस्न नसकेपछि समस्याको समाधान गर्न ऊ बाहिर निस्किएको छ । श्रीमतीलाई घर लिप्न लगाएर सम्पत्तिको खोजीमा निस्किएको जेठो दाइ सचेत व्यक्ति पात्र हो । उसले कथामा गरेका कार्यव्यापारसँगै कथानक विस्तार भएकाले कथाको सुरुदेखि अन्त्यसम्म उसको उपस्थिति रहेको छ । त्यसैले जेठो दाइ मञ्चीय र बद्ध पात्र हो । जीवनचेतनाका आधारमा हेर्दा जेठो दाइ वर्गीय पात्र हो । उसले निम्नवर्गको प्रतिनिधित्व गरेको छ । कान्छो सहायक पुरुष पात्र हो । स्वभावले ऊ बाठो भए पनि लोभी प्रवृत्तिको प्रतिकूल पात्रका रूपमा कथामा उपस्थित भएको छ । खान लाउन त्यति दुःख नभए पनि उसले जेठो दाइको जस्तै सम्पत्ति कमाउन जङ्गलमा गएर बसेको छ र सम्पत्ति पाउने आशामा बाघ भालुको सिकार भएको छ । अर्काको सम्पत्ति देखेर जलन हुने भाइ गतिशील पात्र हो । कथाको सुरुदेखि अन्त्यसम्म कान्छाको उपस्थिति रहेकाले ऊ बद्ध र मञ्चीय पात्र हो । उसले दाइको देखासिकी गरेको कारण पनि उत्ति नै सम्पत्ति प्राप्त हुन सकेन बरु ज्यान गुमाउनु पऱ्यो । कान्छाकी जेठी भाउजू सहायक महिला पात्र हो । कथाको सुरुतिर मात्रै उसको उपस्थिति देखिन्छ । त्यसपछि बिचसम्म उसको कार्यव्यापारको सेरोफेरोमा कथा अगाडि बढेकाले ऊ मञ्चीय र बद्ध पात्र हो । जीवनचेतनाका आधारमा हेर्दा कान्छाकी भाउजू व्यक्ति पात्र हो । ऊ गतिशील पात्र हो । कान्छाकी श्रीमती बाठी महिला पात्र हो । ऊ प्रतिकूल प्रवृत्तिकी छे । श्रीमान्ले भनेको कुरा हुबहु गरेर घरमा प्रशस्त धनसम्पत्ति ल्याउन चाहन्छे । ऊ धैर्य राखेर काम गर्न नसक्ने स्वभाव भएकी गतिहीन पात्र हो । जीवनचेतनाका आधारमा हेर्दा कान्छाकी श्रीमतीले सम्पन्न वर्गको प्रतिनिधित्व गरेकी छे भने कथाको मध्यभागमा उपस्थित भएर कथालाई अगाडि बढाएकीले ऊ बद्ध र मञ्चीय पात्रका रूपमा सहभागी भएकी छे ।

भाइको भगवान् कथालाई रोचक बनाउने पात्र हो । यस कथामा सम्पत्ति कमाउनलाई जादुटुनामुनायुक्त अभिप्रायका रूपमा प्रयोग गरिएको छ । भाइको भगवान्ले जेठो दाइलाई भगवान् भेटेर पैसा कमाउन सल्लाह दिएर उपकार गरेको छ । ऊ अनुकूल

प्रवृत्तिको व्यक्ति पात्र हो । कथामा एकछिन् मात्र उपस्थित भएर अगिल्लोपल्ट गरेकै काम दोहाऱ्याएको छ । स्वभावका दृष्टिकोणले ऊ गतिहीन पात्र हो भने कथामा थोरै समय उपस्थित भएर पनि उसको सहयोगले जेठो दाइको जीवन परिवर्तन भएको छ । आसन्नता र आबद्धताका आधारमा ऊ मञ्चीय र बद्ध पात्र हो । त्यसै गरी गौँण पात्रको रुपमा पशुपन्क्षी र जनावर पनि सहभागीको रूपमा आएको छ । यसरी हेर्दा कथामा आएका सहभागी र तिनका अभिलक्षणले कथालाई सरल, सहज, हाँसउठ्दो र रोचक बनाएका छन् ।

४.९.३ परिवेश

'दाजु र भाइको कथा' लोककथामा ग्रामीण परिवेश देखाइएको छ । गरिब भएर खान लगाउन दुःख भएको कारुणिक परिवेश कथामा आएको छ भने लोककथाको स्थानिक परिवेशका रूपमा जङ्गल, पिपलको रुख, गाउँ, दाजुभाइको घर आदि आएका छन् । भाइले बेठीमा अपमान गरेपछि जेठो दाइले सम्पत्ति कमाएन गरेको दुःखले कारुणिक भाव उत्पन्न हुन्छ भने प्रशस्त धन सम्पत्ति पाएर खुसी भएको बेला सुखद परिवेश आउँछ । दाजुको परिवार सम्पत्ति पाएर खुशी छन् भने भाइ सम्पत्ति कमाउन जाँदा ज्यान गुमाउनु परेकोले दुःखद परिस्थिति सृजना भएको छ । कान्छाकी श्रीमतीको बाठी भएको र कान्छालाई सम्पत्ति कमाउन पठाउदा ज्यान गुमाउनु परेको अनौठो घटना भएकाले कथा दुःखलाग्दो भएको छ ।

४.९.४ उद्देश्य

यस कथाको उद्देश्य मनोरञ्जन प्रदान गर्नु तथा ढङ्ग पुऱ्याएर काम नगर्दा दुःख पाइन्छ भन्ने सन्देश दिनु हो । भाग्य राम्रो भएपछि दुःख सधैँ रहँदैन, दुःखपछि सुख पनि आउँछ । गरिबका पनि दिन आउँछन् । मौका एकपल्ट मात्र आउने हुँदा पाएको अवसरको सदुपयोग गर्नु पर्छ भन्ने सन्देश यस कथाले दिएको छ । एउटै तरिकाले सम्पत्ति कमाउँन जाँदा दाजुको परिवारमा खुसी मिलेको छ भने कान्छाकी श्रीमतीले कान्छालाई दाजुले जस्तै सम्पत्ति कमाउँन पठाउँदा कान्छाले ज्यान गुमाउनु परेको छ । त्यसैगरी अर्काको प्रगति देखेर उही बाटो अपनाउँदा आफ्नो पनि प्रगति हुन्छ भन्ने छैन । भाग्यमा छैन भने भागमा आएको कुरा पनि सकिन्छ भन्ने देखाइएको छ ।

४.९.५ भाषाशैलीगत विन्यास

'दाजु र भाइ' लोककथामा सरल नेपाली भाषाको प्रयोग गरिएको छ । यस कथामा प्रयोग भएका शब्दहरू बुझिने छन् । मौलिक नेपाली भाषाको प्रयोग गरिएको यस कथामा

लिङ्ग सङ्गति नमिलेका वाक्यको प्रयोग पाइन्छ । कथामा खोटो, मनुख्खे, झिरिप्प जस्तो मौलिक शब्दका साथै उच्च आदरार्थी शब्द तपाइँ, मध्यम आदरार्थी शब्द तिमी र अनादर शब्द 'तँ' पनि प्रयोग भएको छ । शब्दको प्रयोग गरिएको छ भने खान्तेपिन्ते, सरसफा, गरो, तेइ, वाँ, जस्ता बोलीचालीका शब्दको प्रयोग भएको छ । यस कथामा वर्णनात्मक तथा संवादात्मक दुवै शैलीको प्रयोग गरिएको छ ।

अतः 'दाजु र भाइको कथा' लोकथाको कथानक क्रमिक विन्यास, व्यवस्थित ढाँचामा संरचित छ । कथानक, सहभागी र परिवेशबिच अनुकूल सम्बन्ध देखिन्छ । मानिसले समय र साधनको सही प्रयोग गर्नु पर्छ नत्र पछुताउनु पर्छ भन्ने सन्देश दिन खोजिएको यस कथामा सरल, सुबोध्य शब्द तथा वाक्यको प्रयोग भएकाले लोककथा सुबोध्य रहेको छ ।

४.१० 'बुद्धिको खेल' लोककथाको संरचनात्मक विश्लेषण

प्रस्तुत 'बुद्धिको खेल कथा' दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा प्रचलित लामो आयामको लोककथा हो । प्रस्तुत कथामा आफूसँग भएको कुराको महत्त्व नबुझ्दा धेरै दुःख पनि पाउन सकिन्छ भन्ने कुरा देखाउन खोजिएको छ । इमानदार श्रीमतीको हत्या गरी अर्की खोज्न जाँदा झन् नराम्रो बानी ब्यहोरा भएको पाइने नेपाली समाजको यथार्थ प्रस्तुत गरिएको यस कथामा बुद्धि लगाएर काम गर्दा सफल हुने कुरालाई देखाइएको छ । यहाँ यस कथालाई लोककथाका संरचक घटकहरू, कथानक, सहभागी, परिवेश, उद्देश्य र भाषाशैलीगत विन्यासका आधारमा विश्लेषण गरिएको छ ।

४.१०.१ कथानक

कुनै गाउँमा युवायुवतीका जोडी बसेका हुनु, श्रीमती चाहि साह्रै अल्छे हुनु, एक दिन यी दुईका बिचमा ठ्याकठुक पर्नु, श्रीमान्चाहिँ एउटी अर्की स्वास्नी नभइ भातै खान्न र आगै फुक्दिन भनेर श्रीमतीलाई छकाएर घरको ध्वासिमा लुक्न जानु, श्रीमती पनि श्रीमान् नभएको मौका पारेर तीनमाना चामलको भात पकाउन बसाल्नु, माथिल्लो तल्लामा गएर एकमाना चामल एकमाना सिलाम पोल्टामा हाली र दुई मानाको मुङ्ग्रे रोटी हाल्नु, त्यसपछि ऊखु बारीमा गएर तीन लाकुरा ऊखु काटी उखु, रोटी, सिलाम, चामल सबै खानु, त्यसपछि आज तिहुन के खाँ है भनेर सोची अनि नजिकैको तीनकाने बाखाको कान खाँ भनेर आइलागी, यो सुनेर लोग्ने माथिबाट तल झरेछ अनि श्रीमतीलाई भनेछ आगो फुक्दिन भनेर बसेको हैन किन फुकेको भन्दा त झोलामा जुम्रा परेको हुनु, तीन लाकुरा उखु जस्तो

सर्प, दुई मानाको रोटी जस्तो कान भएको दुई माना सिलाम र चामल जस्तो थेग्ला भएको सर्प देखे यति अर्थ जाने जान नजाने नजान तीन काने बाखाको कानले धान्- म त आएँ भन्नु, त्यसपछि आगो फुक्दिन भन्थिस आगो छ त भन्नु, त्यसपछि श्रीमतीले जवाफ दिइन् झोलामा जुम्रा परेछन् जुम्राले खायो अनि चोलो धुन पकाउन बसालेकी भन्नु, मेरो लमौटी पनि चिलाएको छ भनेर त्यहीँ बहानमा हाल्दियो अनि ऊ चोली धुन जानु, सबै भात खाई भातले नअघाएर लमौटीमा लागेका भातका सिता टिप्दै खान थाल्नु जस्ता घटनाले कथाको आदि भागलाई प्रस्तुत गरेको छ ।

यो कुरा श्रीमतीको श्रीमान्ले देख्नु, यो देखेर बडो राक्षस रहिछ भनेर ढुगाले हानेर श्रीमती चाहिंलाई सिध्याउनु अनि त्यसको लास खाल्टोमा लुकाएर राख्नु त्यसपछि घरमा आएर तलामाथि चढेर छोराछोरी नभाकी आमा कहाँ गइस् भनेर श्रीमतीलाई बोलाउन थाल्नु, ठुलो स्वरले बोलाएर गाउँलेलाई विश्वाश दिलाँउनु, बेलुका त्यहीँ खाल्टाको लास उठाएर ढोकामा झुण्ड्याउनु, पछि झुण्डिएर मरिछ भनेर गाउँलेले विश्वास गरे ऊ जोगिनु, केही समयपछि उसलाई श्रीमतीको अभाव महशुस हुनु र श्रीमती खोज्न जानु, हिड्दा हिड्दै आमाका जुम्रा छोरी र छोरीका जुम्रा आमाले हेर्ने घरमा काम केही नगर्ने, भात पनि नपकाउने, पानी पनि नल्याउने, दाउरा पनि नखोज्ने आमा छोरी फेला पर्नु, ती छोरीका बाबु दाउरा खोजेर जानु, पाहुना आएको देखेर केही पाक्यो होला कि भने सोध्नु, यही समयमा श्रीमतीले झम्टिईनु, खाना सोध्दा बसी खाने र गाग्रामा पानी सोध्दा गएर हेर भन्नु पानी नभएको गाग्री बोकेर पानी लिन गयो अनि श्रीमतीले पाहुनासँग भनिन्, “हाम्रो श्रीमान्को क्या निको बानी, दाउराबाट आइगए त गइगए” पानी लिएर आएपछि श्रीमान्ले श्रीमती छोरी पाउना र आफूलाई भात पकाउनु, भात खाएपछि तपाई किन मेरा घरमा आउनु भएको भनी सोधे पाहुनालाई सोध्दा पाहुनाले म तपाईकी छोरी माग्न आएको भन्नु, उसले भन्यो यो अल्छी छ तर पाहुनाले अल्छी पनि स्वीकार गर्नु, बाबुचाहिँले म टीका टाला गर्छु भनेर छोरी र ज्वाइँलाई टिकाटाला गरिदिनु, त्यहीँ मानिसले नयाँ श्रीमती लिएर घर जानु, त्यो घरमा एउटा कुकुर, बिरालो र पाठो हुनु, एक दिन त्यो मानिसले पका है कुकुर भात भन्नु र बाहिरबाट फर्केर आउँदा पाकेको नहुनु र त्यो कुकुरलाई कुटेर पहराबाट फालिदिनु, त्यसपछि अर्को दिन बिरालोलाई भात पकाउन भनेर बाहिर निस्कनु र बाहिरबाट आउँदा भात पकाएको नपाउनु, त्यसलाई पनि काटेर फालिदिनु, अर्को दिन बाहिर निस्कने समयमा बाखाको पाठालाई भात पकाउनु भनेर निस्कनु, त्यसले पनि मानिस फर्कदा भात

पकाउन नसक्नु, पाठालाई पनि काटिदियो अनि श्रीमतीलाई भन्यो “तँ नहुँदा यी सबैले काम दिन्थे । तँलाई देखेर पकाएनन्, मेरो रिस मापाको छ । मेरो पारा यही हो, देखिहालिस् अब तँ भात पकाउने कि नपकाउने” भनी पाठाको मासुको चौरासी थोक बनाउनु भनेर लगाउनु, अगाडिका सबैको हालत देखेकी ती दुलहीले भने बमोजिम गरिन् र जागरिया हुनु, गाउँलेले ती अल्छीका पितालाई गाली गर्नु, त्यो श्रीमती मार्नेलाई किन छोरी दिएको त्यो फटाहा छ, यो सुनेर हतार हतार छोरीको घरमा आउनु र आएको समयमा छोरी चाहिंले मीठा मीठा परिकार खान दिइछ अनि उसले ज्वाइँलाई छोरी जाँगरिली कसरी भई मेरो जहानलाई पनि यो औषधी गरिदिनु भनी बिन्ति बिसाउनु जस्ता घटनाले कथाको मध्य भागलाई प्रस्तुत गरेको छ ।

ज्वाइँले ससुरालाई दश धार्नीको खसी, एउटा भाले कुखुरा, एक जोर परेवा खोजेर ठिक्क पार्नुहोस् म ओखती गरौँला भनेर केही दिनपछि उपचार गर्न जानु, दश धार्नीको खसी माझ आँगनमा काट्नु र भाले पनि अँगेनामा काट्न लगाउनु, परेवा दलानमा काट्नु, बिस दिन बसेर खानु, भाले पनि निखो, परेवा पनि निखो खसी पनि निखियो अनि ससुराले खोइ त हजुर औषधी भनेर सोधेछ अनि ज्वाइँले अगेनाको एक धार्नी माटो खन्न लगायो र मुछ्न लगाउनु, परेवा काटेका ठाउँमा कुट्न लगाउनु, खसी काटेको ठाउँ आँगनको पनि एक धार्नी माटो जोख्न लगायो र पानी हालेर मुछ्न लगाउनु, त्यसपछि यी दुबै ठाउँको माटोलाई डल्लो पार भनेर लगाउनु, आँगनको माटो डल्लो पाऱ्यो तर अँगेनाको माटो डल्लो पार्न खोज्दा परेन अनि ज्वाइँसँग सोध्दा यो अँगेनाको माटो डल्लो भएन भने यो पनि तपाईकी छोरी र श्रीमती जस्तै फरक छ भन्नु, आँगनको माटो काँचो थियो त्यो डल्लो भयो अर्थात् तपाईकी छोरी काँचो माटोसरह हुन् भन्नु, तपाईकी श्रीमती अँगेनाको माटो सरह पाकेकी थिइन्, त्यहीँ भएर उनलाई ठिक बाटोमा लगाउन सकिँदैन भन्नु, यो सुनेपछि ससुरा झल्याँस्स बिउँझिए झैं भए र चुपचाप रहनुजस्ता घटनाले कथाको अन्त्य भागलाई प्रस्तुत गरेको छ । (स्रोत : परिशिष्ट क, ८)

मौका एकपल्टमात्र आउने हुँदा पाएको अवसरको सदुपयोग गर्नु पर्छ भन्ने सन्देश यस कथाले दिएको छ । जेठी श्रीमती मारेर कान्छी श्रीमती ल्याएर घरको काम गर्ने वातावरण तयार भएको छ । यसको कथानक विन्यास क्रमिक रूपमा अगाडि बढेको छ । कथानकको आदि, मध्य र अन्त्यको शृङ्खला मिलेको छ ।

४.१०.२ सहभागी

'बुद्धिको खेल कथा' धेरै सहभागीहरू भएको कथा हो । यस कथामा श्रीमान श्रीमती, ससुरा, सासु र कान्छी श्रीमती मान्छे सहभागीका रूपमा आएका छन् । यो लोककथा श्रीमान् श्रीमती र सासु र ससुराको सेरोफेरोमा केन्द्रित छ । कथाका मुख्य सहभागीका रूपमा श्रीमान र ससुरा मान्छे आएका छन् । कान्छी श्रीमती र सासुहरू सहायक पात्रका रूपमा सहभागी भएका छन् । प्रस्तुत लोककथामा प्रयुक्त सहभागी र तिनका अभिलक्षणलाई तल प्रस्तुत गरिन्छ :

तालिका नं. १०

'बुद्धिको खेल' कथाका सहभागीहरूका चारीत्रिक अभिलक्षण

पत्र	लिङ्ग		कार्य			प्रवृत्ति		स्वभाव		जीवन चेतना		आसन्नता		आबद्धता	
	पुरुष	महिला	प्रमुख	सहायक	गौण	अनुकूल	प्रतिकूल	गतिशील	गतिहीन	वर्गीय	व्यक्ति	नेपथ्य	मञ्चीय	बद्ध	मुक्त
श्रीमान्	+	-	+		-	+	+	+	-	-	+	-	+	+	-
श्रीमती	-	+	-	+	-	+	-	+	-	+	-	-	+	+	-
ससुरा	+		-	+	-	+		-	+	-	+	-	+	+	-
सासु	-	+	-	+	-	+	-	+	-	-	+	-	+	+	-
कान्छी श्रीमती	-	+	-	+	-	+	-	+	-	-	-	-	+	+	-

(स्रोत : परिशिष्ट क, ८)

माथिको तालिकाका आधारमा हेर्दा यहाँ श्रीमान, श्रीमती, ससुरा, सासु, कान्छी श्रीमती जस्ता सहभागीहरू आएका छन् । श्रीमान कथाको केन्द्रीय पुरुष पात्र हो । लोककथाको चिनारी र सङ्घर्षविकासका घटनाहरू श्रीमान्को केन्द्रीयतामा घटेका छन् । श्रीमान् बाठो तथा अनुकूल पात्र हो । उसले अल्छे जेठी श्रीमतीलाई मारेर पछुतो मानेको छ । जेठी श्रीमती मरेपछि कान्छी श्रीमती खोज्न जान्छ । एक ठाउमा अल्छे आमा छोरी जुम्रा हेरेर बसेको अवस्थामा भेट्छ बसिरहेका हुन्छन् । ससुराले सबै थोक काम गरेको आमा छोरी केही नगरी बसी रहेको अवस्थामा देख्छ र छोरी माग्न आएको कुरा व्यक्त गर्दछ । ससुराले छोरी अल्छे छ भन्दा पनि हुन्छ भनेर बिहे गरेर लान्छ । विभिन्न बहानाले अल्छे श्रीमतीलाई काम गर्ने बनाउने गतिशील पात्र हो । जुन कुरा पनि समयै गरे मात्र सभव छ भन्ने उदाहरण छोरीलाई सुधार गर्न सक्यो तर आमालाई सुधार गर्न नसकिने विचार व्यक्त गऱ्यो । उ सचेत व्यक्ति पात्र हो । उसले कथामा गरेका कार्यव्यापारसँगै कथानक बिस्तार भएकाले कथाको सुरुदेखि अन्त्यसम्म उसको उपस्थिति रहेको छ । त्यसैले श्रीमान् मञ्चीय र बद्ध

पात्र हो । जीवनचेतनाका आधारमा हेर्दा व्यक्ति पात्र हो । उसले सचेतवर्गको प्रतिनिधित्व गरेको छ । श्रीमान्को ससुरा सहायक पुरुष पात्र हो । स्वभावले ऊ बाठो भए पनि लोभी प्रवृत्तिको अनुकूल पात्रका रूपमा कथामा उपस्थित भएको छ । खान लाउन त्यति दुःख नभए पनि उसले श्रीमती र छोरीलाई काममा लाउन नसक्ने पात्र हो । ससुरा गतिशिल पात्र हो । कथाको मध्य भागदेखि अन्त्यसम्म ससुराको उपस्थिति रहेकाले ऊ बद्ध र मञ्चीय पात्र हो । उसले ज्वाईले सासु सुधारेर काम गर्ने बनाई दिने आशामुखी पात्र हो । श्रीमान्की जेठी श्रीमती सहायक महिला पात्र हो । कथाको सुरुदेखि मध्यतिर सम्ममात्रै उसको उपस्थिति देखिन्छ । त्यसपछि मध्य भागसम्म उसको कार्यव्यापारको सेरोफेरोमा कथा अगाडि बढेकाले ऊ मञ्चीय र बद्ध पात्र हो । जीवनचेतनाका आधारमा हेर्दा श्रीमानकी जेठी श्रीमती व्यक्ति पात्र हो । ऊ गतिहीन पात्र हो । आफ्नो बोलीकै कारण उसले सजाय पाई तर घरमा के अभाव छ भन्ने कुरा सोच्न सकिन र लोग्नेको गाली खाई र अन्त्यमा लाग्नेकै हातको कुटाईबाट जीवन त्याग गर्छिन । श्रीमान्की जेठी श्रीमती सोझी महिला पात्र हो । ऊ प्रतिकूल प्रवृत्तिकी छे । श्रीमानले भनेको कुरा हुबहु नगरेर घरमा प्रशस्त धनसम्पत्ति ल्याउन असफल भएकी छे । ऊ धैर्य राखेर काम गर्न नसक्ने स्वभाव भएकी गतिहीन पात्र हो । जीवनचेतनाका आधारमा हेर्दा श्रीमान्की श्रीमतीले निम्नवर्गको प्रतिनिधित्व गरेकी छे भने कथाको मध्यभाग सम्म उपस्थित भएर कथालाई अगाडि बढाएकीले ऊ बद्ध र मञ्चीय पात्रका रूपमा सहभागी भएकी छे ।

श्रीमान्की कान्छी श्रीमती कथालाई रोचक बनाउने सहायक महिला पात्र हो । यस कथामा मध्य भागबाट प्रवेश गरी कथालाई अन्त्यसम्म पुऱ्याएको छ । ऊ अनुकूल प्रवृत्तिको व्यक्ति पात्र हो । कथामा मध्य भागबाट मात्र उपस्थित भएर कार्य व्यापार अघि बढाएको छ । स्वभावका दृष्टिकोणले ऊ गतिशील पात्र हो भने कथामा थोरै समय उपस्थित भएर पनि उसको सहयोगले श्रीमान्को जीवन परिवर्तन भएको छ । आसन्नता र आबद्धताका आधारमा ऊ मञ्चीय र बद्ध पात्र हो ।

सासु परिवर्तन हुन नचाहने यस कथाको सहायक महिला पात्र हो । गतिहीन, व्यक्ति पात्रको रूपमा उनलाई लिन सकिन्छ । कथामा मध्य भागबाट मात्र उपस्थित भएर कार्य व्यापार अघि बढाएको छ । आसन्नता र आबद्धताका आधारमा ऊ मञ्चीय र बद्ध पात्र हो । यसरी हेर्दा कथामा आएका सहभागी र तिनका अभिलक्षणले कथालाई सरल, सहज, हाँसउठ्दो र रोचक बनाएका छन् ।

४.१०.३ परिवेश

'बुद्धिको खेल' लोककथामा ग्रामीण परिवेश देखाइएको छ । अल्छी भएर दु:ख पाएको र मर्नु परेको कारुणिक परिवेश कथामा आएको छ भने लोककथाको स्थानिक परिवेशका रूपमा जङ्गल, गाउँ, घर ससुराली घर आदि आएका छन् । काममा अल्छि भएपछि श्रीमान्ले जेठी श्रीमतीलाई कुटेर मारेको दु:खपूर्ण अवस्थालाई कथामा कारुणिक परिवेशका रूपमा प्रस्तुत गरिएको छ । श्रीमान्को ससुराली घरको परिवेशलाई पनि कथामा देखाइएको छ । कम उमेरका मानिसलाई सुधार गर्न सकिने तर उमेर पुगेकालाई सुधार गर्न नसकिने कुरा ज्वाईले सुनाएपछि हासो लाग्दो परिवेश बनेको छ । बिहान, दिउसो, बेलुकीको समय कालिक परिवेशको रूपमा देखाइएको छ ।

४.१०.४ उद्देश्य

'बुद्धिको खेल' कथाको उद्देश्य मनोरञ्जन प्रदान गर्नु तथा ढङ्ग पुऱ्याएर काम नगर्दा दु:ख पाइन्छ भन्ने सन्देश दिनु हो । भाग्य राम्रो बनाउन कर्म गर्नु पर्छ भन्ने यस कथाले दिएको छ । मौका एकपल्ट मात्र आउने हुँदा पाएको अवसरको सदुपयोग गर्नु पर्छ भन्ने सन्देश यस कथाले दिएको छ । जेठी श्रीमती मारेर कान्छी श्रीमती ल्याएर घरको काम गर्ने वातावरण तयार भएको छ । यसले मानिसलाइ समयमै काम सिकायो भने काम सिक्छ बेला बिते पछि प्रयास गर्नु निरर्थक हुन्छ भन्ने सन्देश दिएको छ । ज्वाइले अल्छे सासुको बानीमा परिवर्तन नहुने कुराको सङ्केत गर्दै ससुरालाई चुलाको माटोसँग तुलना गर्दै जवाफ दिएका छन् । भाग्यमा छैन भने भागमा आएको कुरा पनि सकिन्छ भन्ने देखाइएको छ ।

४.१०.५ भाषाशैलीगत विन्यास

'बुद्धिको खेल' कथामा सरल नेपाली भाषाको प्रयोग गरिएको छ । शब्दहरू बुझिने छन् । पूर्वेली भाषिकाको प्रयोग गरिएको यस कथामा लिङ्ग सङ्गति मिलेका वाक्यको प्रयोग पाइन्छ । कथामा अश्लील शब्दका प्रयोग नगरी आदरार्थी शब्द उच्च आदरार्थी शब्द तपाइँ, मध्यम आदरार्थी शब्द तिमी र अनादर शब्द 'तँ' पनि प्रयोग भएको छ । दलान, निखो, ओखती, अगेना पोल्टा, मुङ्ग्रे रोटी,तिहुन ग्राग्रा जस्ता बोलीचालीका शब्दको प्रयोग भएको छ । यस कथामा वर्णनात्मक तथा संवादात्मक दुवै शैलीको प्रयोग गरिएको छ ।

अत: 'बुद्धिको खेल' लोकथाको कथानक क्रमिक विन्यास, व्यवस्थित ढाँचामा संरचित छ । कथानक, सहभागी र परिवेशबिच अनुकूल सम्बन्ध देखिन्छ । मानिसले समय र

साधनको सही प्रयोग गर्नु पर्छ नत्र पछुताउनु पर्छ भन्ने सन्देश दिन खोजिएको यस कथामा सरल, सुबोध्य शब्द तथा वाक्यको प्रयोग भएकाले लोककथा सुबोध्य रहेको छ ।

४.११ 'मुसा र मानिस' लोककथाको संरचनात्मक विश्लेषण

'मुसा र मानिस' लोककथा खोटाङको दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा प्रचलित छोटो आयामको अतिप्राकृतिक लोककथा हो । यस लोककथामा मुसा र मानिसबिचमा हुने विभेद, इर्ष्या, डाहा र छट्पटीलाई देखाउन खोजिएको छ । प्रस्तुत लोककथाका संरचक घटकहरू कथानक, सहभागी, परिवेश, उद्देश्य र भाषशैलीय विन्यासका आधारमा तल विश्लेषण गरिएको छ :

४.११.१ कथानक

एकादेशमा एउटा बुढो र दुईवटा श्रीमती हुनु, बुढाका श्रीमतीहरू मिलेर बसेका थिए तर अचम्म के थियो भने बुढाका कान्छी श्रीमतीबाट जन्मिएका सन्तानहरू मुसाको रूपमा हुनु, अब बुढालाई अप्ठ्यारो परेको हुनु तैपनि खेतीपाती सबै जेठीका छोराहरूलाई दिनु, कान्छीका सन्तान मुसा भएका कारण केही नदिनु, जेठीका छोराले खेतीपाती गर्दा मुसाले पनि वनका रूखको जरा काटेर लौका लगाएका हुनु, दुवै पक्षले बाली भित्र्याउने बेला हुनु, मानिस पक्षका दाइहरूले बाली भित्र्याउँदा बालीका रूपमा भुस मात्र भयो भने मुसाको लौकामा चामलै चामल मात्र भएको पाइनु, केही समयपछि जेठीका छोराहरूले विवाह गरेर रमाइलो मनाउनु, यो देखेर कान्छीले आफ्ना छोरालाई भनिन्, हेर बाबु हो, तिमीहरूको विवाह हुदैन, जेठीका छोराहरूको विवाह भयो । बुहारीहरू आए काममा सघाउने भए तर तिमीहरूलाई कसले छोरी दिन्छ यो सुनेर मुसाले भने आमा म राजाकी छोरीसँग विवाह गर्छु भनेर भन्नु जस्ता घटनाले कथाको आदि भागलाई प्रस्तुत गरेको छ ।

एकपटक दाजु भाउजू ससुराली जाँदा उनीहरूले थाहा नपाउने गरी मुसो पनि पछि-पछि लाग्नु, जाँदा जाँदा एउटा कोशी आउनु, दाजु भाउजूसँग नदेखिने गरी पारि कसरी जाने उसलाई आपत पर्नु, तैपनि उपाय निकाल्नु, दाजु भाउजू डुङ्गामा चढेर अलिपर पुगेपछि मुसोपनि उनीहरूले नदेख्ने गरी बुर्लुक्क उफ्रेर नदीको डुङ्गामा जानु, दाजु भाउजूले थाहा नपाउँदै मुसो पनि नदी पारि पुग्नु, दाजु भाउजू नदीपार गरेर दक्षिणतर्फ लागे भने मुसोचाहिँ उत्तरतर्फ लाग्नु, मुसो जाँदा-जाँदा राजाको दरबारमा पुग्नु, दरबारको ढोका ढोका चोक चोकमा कराउन थाल्नु, यो मुसाले के खोजेको भनेर दरबारका पालेले भन्दा म

राजाकी छोरी विवाह गर्न आएको, एकपटक राजासँग भेट्न देऊ भनेछ र पालेले पनि राजासँग भेट्ने व्यवस्था मिलाइ दिनु, त्यसपछि राजाले मुसालाई भित्र बोलाए र सबै कुरा सुन्नु, कुरा सुनिसकेपछि राजाले आफ्ना पाँच छोरीहरूलाई पालैपालो सोधे तर चारओटीले मानेनन् तर कान्छीले मुसालाई वर स्वीकारिन् र विवाह हुनु, राजाकी छोरी मुसासँग विवाह भयो भनेर सबैतिर हाँसो छाउनु जस्ता घटनाले कथाको मध्य भागलाई प्रस्तुत गरेको छ ।

राजाले पनि छोरीलाई खुसी पारेर धन-दौलत, लावा-लस्कर लगाएर विदा गर्नु, जन्तीहरू बिस्तार बिस्तारै फर्कदै हुनु, आधाबाटोमा आइपुग्दा बेहुला मुसा जुनारको रूखमा चढ्यो अनि जन्तीलाई तलबाट आगो लगाउन भन्नु, राजाकी छोरी पनि आश्चर्यले हेरिरहेकी हुनु, सबै डराएका थिए तर एकजनाले बेहुलाको आज्ञा मानेर आगो लगाइ दिनु, आगोको रापले मुसो फुट्नु अनि त्यसबाट सुन्दर राजकुमार निस्किनु, जन्तीहरू खुशीभएर त्यही सुन्दर युवकलाई राजकुमारीका साथमा घर लिएर जानु, केही समयपछि ती दुवै राजाको दरबारमा फर्किए अनि राजाले यो कसरी भयो भन्दा उनकी छोरीले सबै अगाडिको घटना दोहोऱ्याउनु, यो जानेर राजाले ती छोरी-ज्वाइँलाई आधा राज्य दिएर राख्नु, यसरी ती दम्पति आरामले जीवन निर्वाह गरेर रमाउँदै बस्नु जस्ता घटनाले कथाको अन्त्य भागलाई प्रस्तुत गरेको छ । (स्रोत : परिशिष्ट क, ९)

यस लोककथाको कथानक विन्यास क्रमिक रूपमा अगाडि बढेको छ । कथामा सबैको भाग्य एकैनासको हुँदैन । नचाहिने कुरामा जिद्धी गर्दा ज्यान जोखिममा पर्छ भन्ने कुरा देखाउन खोजिएको छ । कथानकको आदि, मध्य र अन्त्यको शृङ्खला मिलेको छ । कथामा थपिएका टुक्रे घटनाले कथा कसिलो बनेको छ ।

४.११.२ सहभागी

'मुसा र मानिस' लोककथा सीमित सहभागी भएको लोककथा हो । यस कथामा बुढो दुई बुढी, जेठी पटिका मानिस सन्तानहरू, जन्ती गएका मानिसहरू, उनीहरूका मानवीय पात्रका रूपमा सहभागी भएका छन् भने कान्छी पटिका मुसा सन्तानहरू मानवेतर पात्रका रूपमा सहभागी भएका छन् । कान्छी पटिका मुसा सन्तानहरू रूप परिवर्तन गरेर बनेको राजकुमार प्रमुख सहभागी हुन् भने मुसाका सासु ससुरा, सालीहरू सहायक पात्र हुन् । प्रस्तुत लोककथामा उपस्थित भएका सहभागीहरू र तिनका अभिलक्षणहरूलाई तल तालिकामा प्रस्तुत गरिन्छ :

तालिका नं. १०

'मुसा र मानिस' लोककथाका सहभागीहरूको चारीत्रिक अभिलक्षण

पात्र	लिङ्ग		कार्य			प्रवृत्ति		स्वभाव		जीवन चेतना		आसन्नता		आवद्धता	
	पुरुष	महिला	प्रमुख	सहायक	गौण	अनुकूल	प्रतिकूल	गतिशील	गतिहीन	वर्गीय	व्यक्ति	नेपथ्य	मञ्चीय	बद्ध	मुक्त
बुढा	+	-	-	+	-	-	+		+	-	+	-	+	+	-
जेठी बुढी	-	+	-	-	+	+	-	-	+	-	+	-	+	+	-
कान्छी बुढी	-	+			+	+	-		+	-	+	-	+	+	-
जेठीका छोराहरु	+		-	+	-	-	+	+		-	+	-	+	+	-
कान्छीका छोराहरु	+		+	-	+		-	-	+	-	-	-	+	+	-
राजकुमार	+	-	+	-	+	+	-	+	+	+	-	-	+	+	-
ससुरा	-	+	-	-	+	+	-	+	+	+	-	-	+	+	-
राजकुमारी	-	+	-		-	+	-	-	-	-	-	-	+	+	-
राजकुमारीका दिदी बहिनी		+			+				+		+		+	+	

माथिको तालिकाका आधारमा हेर्दा यहाँ बुढो दुई बुढी, जेठी पटिका मानिस सन्तानहरू, जन्ती गएका मानिसहरू सहभागीका रूपमा उपस्थित छन् । कान्छी श्रीमतीको छोरा मुसा यस कथामा केन्द्रीय पुरुष पात्रका रूपमा सहभागी भएको छ । लोककथाको चिनारी र सङ्घर्षविकासका घटनाहरू कान्छीकै छोरा मुसा राजकुमारको केन्द्रीयतामा घटेका छन् । मुसा राजकुमार अनुकुल अनुकूल पात्र हो । उसले जेठी आमाको छोरा दाई भाउजूले गरेको अपमान सहेर राजाकी छोरी राजकुमारीसँग विवाह गरी घरजम गरेको छ । जस्तै परिस्थिति हुँदा पनि धैर्य र हिम्मतले काम गर्ने मुसा राजकुमार कथाको सुरुदेखि अन्त्यसम्म सहभागी भएको बद्ध र मञ्चीय पात्र हो । ऊ गतिशील स्वभावको पात्र हो । चलाख भएकाले दाजु भाउजूको पछि लागेर राजाको छोरी मागेर बिहे गर्ने हिम्मत राख्छ ।

मुसा राजकुमारको बुबा सहायक पुरुष पात्र हो । उसले कथाको सुरुमा आफ्ना छोराहरूलाई विभेद गरेको छ । सन्तानप्रतिको कर्तव्य पूरा गर्ने बुवाको रूपमा चिनिए पनि कथाको आरम्भ भागको ऊ स्वार्थी र प्रतिकूल पात्रका रूपमा सहभागी भएको देखिन्छ । जीवन चेतनाका आधारमा हेर्दा ऊ व्यक्ति पात्र हो ।

मुसा राजकुमारको जेठीआमा स्वार्थी, लोभी र प्रतिकूल चरित्र भएकी पात्र हो । उसले सम्पत्तिका लागि आफ्नैलाई कान्छी सौताको छोरालाई सम्पत्तिमा ठग्ने प्रयास गरेकी

छे । कथामा खलपात्रका रूपमा उसको उपस्थिति रहेको छ । जीवनचेतनाका आधारमा जेठी आमा व्यक्ति पात्र हो भने आबद्धताका आधारमा हेर्दा कथाको सुरुदेखि अन्त्यसम्म उसको उपस्थिति रहेकोले यिनी बद्ध पात्र हुन् । मुसा राजकुमारको कान्छी आमा कथाको अर्को महिला सहायक पात्र हो । उनको कथामा खासै उल्लेखनीय भूमिका छैन । कथाको सुरुमा देखा परेपछि पछिल्ला घटनाक्रममा उनी देखा परेकी छैनन् । उनी अनुकूल पात्र हुन । यति मात्र होइन कथामा मुसा राजकुमारले बिहे गरेको राजाको छोरी, उनका दिदीबहिनीहरू, मुसा राजकुमारको ससुरा, जन्ती, मुसा राजकुमारको दाजुभाइहरू यस कथाको सहायक पात्रको रूपमा आएका छन् । उनीहरू जीवनचेतनाको आधारमा व्यक्ति पात्र, आवद्धताको आधारमा मुक्त पात्रहरू हुन् ।

यसप्रकार थोरै सहभागी भएर पनि विभिन्न घटनाक्रमले कथामा विभिन्न आरोह र अवरोह आएका छन् । कथाका घटनाक्रमलाई रोचक बनाउन सबै पात्रहरूको भूमिका रहेको छ ।

४.११.३ परिवेश

'मुसा र मानिस' कथामा स्थानिक परिवेशका रूपमा बुढाबुढीका परिवार बस्ने गाउँ, घाँसपात गर्ने जङ्गल, झोडी, खेतबारी, चोक, राजदरबार, राज्य आदि आएका छन् । मुसाका बिहे राजाको कान्छी छोरीसँग भएपछि जन्ती लिएर बाटोमा आएपछि रुखमा चढेर आगो लगाए पछि मुसाबाट सुन्दर राजकुमार बनेको अवस्थामा खुशीयालीको परिवेश बनेको छ । अद्भुत तथा चामत्कारिक परिवेश सिर्जना हुन्छ । धेरैजसो घटनाहरू घरको बाहिर, बाटोमा दरबार र कान्छीको माइतमा घटेका छन् । कथाको सुरुआतमा बुवाआमा र छोराछोरीहरूसहितको विभेदयुक्त वातावरण अनि दुःखी परिवार कान्छी आमाको छोरा मुसाले राजाकी छोरीलाई बिहे गरेपछि एकदमै खुशी हुन्छ । दुःखद परिवेशबाट सुरु भएको कथाको मध्यभागमा सुःखद परिवेश सिर्जना हुन्छ । सङ्घर्ष ह्रासको अवस्थामा कान्छीको छोरा मुसाबाट सुन्दर राजकुमार बन्दा सुखद परिवेश सिर्जना हुन्छ भने अन्त्यमा राजाले आधा राज्य दिएपछि अत्यन्त सुखद तथा हर्षोल्लास परिवेशमा कथाको अन्त्य हुन्छ । त्यसैले प्रस्तुत कथा सुखान्त लोककथा हो ।

४.१२.४ उद्देश्य

'मुसा र मानिस' कथा पारिवारिक पृष्ठभूमिमा रचिएको उपदेशप्रधान लोककथा हो । यस लोककथाले नीतिशिक्षा तथा उपदेश दिएको छ । यस लोककथामा बुबाआमाले नसोची

जेठी र कान्छीको छोराछोरीमा विभेद गर्दा परिवारमा गुनासो आएको कुरा देखाएर अभिभावकको गैरजिम्मेवारीले परिवारमा सङ्कट आउने कुरातर्फ सङ्केत गरिएको छ । प्रस्तुत लोककथामा छोराछोरीबिच लोभ, डाहा र इर्ष्या हुनु हँदैन । सबैको भाग्य एकनासको हुँदैन । कसैको देखासिखी गर्दा मृत्युको मुखमा पुग्न सकिन्छ भन्ने शिक्षा पनि दिइएको छ । अरूलाई नराम्रो गर्नेले एक न एक दिन सजाय पाउँछ भन्ने कुरा देखाइएको छ । लोककथामा आफ्नै भाइबहिनीको डाहा गर्दा जेठीको सन्तानभन्दा कान्छीको सन्तानले प्रगति गरी सुख पाएको अवस्थालाई कथामा देखाइएको छ । कुनै कदम चाल्नु अगाडि सोचविचार गर्नु पर्छ भनेर सन्देश दिनु प्रस्तुत लोककथाको उद्देश्य रहेको छ ।

४.११.५ भाषाशैलीगत विन्यास

प्रस्तुत लोककथाको भाषा सरल, सहज र सुबोध्य रहेको छ । छोटाछोटा वाक्य संरचना, बोलीचालीका शब्दको प्रयोग गरिएको छ । रोचक घटनाहरूको संयोजनले कथा रमाइलो बनेको छ । 'हेर बाबु हो, तिमीहरूको विवाह हुदैन । जेठीका छोराहरूको विवाह भयो । बुहारीहरू आए काममा सघाउने भए तर तिमीहरूलाई कसले छोरी दिन्छ ?' जस्ता आदरवाची वाक्यको प्रयोग गरिएको यस लोककथामा 'माइलीले कान्छीलाई इनारमा धकेल्द्यो,' 'कान्छीले काँचुली डढाइदेछ,' जस्ता लिङ्ग आगो लाइदेऊ, म राजाको छोरी बिहे गर्न आएको जस्ता नमिलेका वाक्य प्रयोग गरिएका छन् । 'एकादेशमा..'.बाट सुरु गरी 'यसरी ती दम्पति आरामले जीवन निर्वाह गरेर रमाउँदै बसे' मा टुङ्ग्याइएको छ । कथामा अरे, है, पो जस्ता निपातको प्रयोग गरिएको छ । बोलीचालीको भाषा प्रयोग गरिएको यो लोककथा समग्रमा व्यवस्थित संरचनामा बाँधिएको छ ।

४.१२ 'स्त्रीको खेल' लोककथाको संरचनात्मक विश्लेषण

प्रस्तुत 'स्त्रीको खेल' दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा प्रचलित मझौला आयामको लोककथा हो । प्रस्तुत कथामा स्त्रीले आफ्नो श्रीमान्लाई मार्न दुःख दिएको कुरा देखाइएको छ । राक्षससँग मिलेर राजकुमारकी श्रीमतीले राजकुमारलाई धेरै दुख दिने गरेको र अन्त्यमा खाल्टो खनेर पासो थापी राजकुमारलाई मारेको घटनापछि कथा समापन तिर लाग्छ । यहाँ यस कथालाई लोककथाका संरचक घटकहरू कथानक, सहभागी, परिवेश, उद्देश्य र भाषाशैलीगत विन्यासका आधारमा विश्लेषण गरिएको छ ।

४.१२.१ कथानक

एकादेशमा राजाको छोरा सिकारमा गएका हुनु, उनले सिकार खेल्न जाँदा वनमा कहीँ पानी नभेट्टाउनु, यो के कारणले पानी भएको भनी सोध्दा ज्योतिषले सात पोखरी सात इनार खन्नु अनि पानी पाइन्छ भनी बताउनु, ज्योतिषकोअनुसार उनले सात पोखरी सात इनार खनाएछन् तर पानी आएनछ फेरि ज्योतिष कहाँ गएर पानी आएन भन्दा अब पानी निकाल्ने हो भने तपाईको कान्छी बुहारी भोग दिनुपर्छ भन्नु, राजाले पनि सोचेछन् - सारा प्रजाले पानी खान पाउँछन् भने कान्छी बुहारीको भोग दिनुपऱ्यो बुहारी त अर्कोपटक विवाह गर्न पनि पाइन्छ भन्नु, यही कुरा ती कान्छी बुहारीले थाहा पाइछन् अनि बेलुका श्रीमान् बाहिरबाट फर्कने समयमा बत्तीसमेत नबालेर रोएर बस्नु, उनका श्रीमान्ले उनको यो अवस्थाबारे बुझ्दा उनले पिताको योजना बताउनु, यो सुनेर राजकुमारले राजकुमारीलाई त्यहीँको सातकोठे भवनमा छोड्नु, त्यहीँ नजिकैको कोठामा केही समय पहिले राजकुमारले एउटा राक्षस थुनेर राखेको हुनु, त्यो राक्षसको आगो लिन गएको समयमा राजाको छोरा र राक्षसको बिचमा ठुलो युद्ध हुनु, युद्धमा राजकुमारले राक्षसलाई जिते अनि आगोसहित राक्षसलाई ल्याएर त्यहीँ सातकोठा मध्ये एक कोठामा थुनेर राखेका हुनु, यो कुरा उनकी पत्नीलाई पनि थाहा नहुनु जस्ता घटनाले कथाको आदि भागलाई प्रस्तुत गरेको छ ।

एक दिन उनी सिकारमा जाने समयमा श्रीमतीलाई लुगा धुन दिनु, लुगा धुन दिंदा त्यसमा त्यो राक्षस बन्द गरेको कोठाको साँचो छुटाउनु, उनकी श्रीमतीले पनि मलाईसमेत नदेखाउने यो कोठामा के रहेछ भनी खोलेर हेर्ने चेष्टा गर्नु र खोलिन् खोल्दा राक्षस पो रहेछ उनी आत्तिनु, राक्षसले उनीलाई भन्यो- मलाई मान, लोग्ने बनाऊ अनि त्यो दिनको सल्लाह उनीहरूको मिल्नु, यो कुरा राजाको छोरालाई थाहा थिएन, भोलिपल्ट ऊ फेरि सिकारमा गयो, राक्षस र राजाकी बुहारी मिलेर राजकुमारलाई मार्ने योजना बनाए अनि ती महिला बिरामी परेको बहाना गर्न लाग्नु, राक्षसले भनेको थियो-मलाई बिरामी पर्दा बघिनीको दूध चाहिन्छ भन्नु बाघको दूध लिन जाँदा बाघले त्यसलाई सक्छ अनि बसेर मोज गरौंला, बघिनीको दूध लिएर आए तर उनी नमर्नु, राजकुमार कम्मरमा खुकुरी भिरेर नागको खाजीमा जानु, एक ठाउँमा नाग पोखरी नजिक नागहरू चरिरहेका रहेछन्, एउटा ठूलो नागले राजकुमारलाई निल्न लाग्नु, राजकुमारले कम्मरको खुकुरीले नागले जति निल्छ त्यति काटेझै गयो, नागको पुछारमा पुग्दा फिज पनि आयो अनि नाग पनि मर्नु, त्यही फिज ल्याएर दिए, त्यसले पनि उनीलाई निको नहुनु, अब राक्षस र राजाकी बुहारी भएर ऊ

आउने बाटोमा एउटा खाल्टो खने, केही गरी पनि नमर्नेलाई यही खाल्टोमा पारेर मार्नुपर्छ भनेर योजना बनाउनु, दिनभरि सिकारमा जाने राजकुमार अनि राक्षस र श्रीमती घरमा योजना बनाउने उसलाई थाहा नहुनु, एक दिन खाल्टोमा पऱ्यो र खाल्टामा परेको राजकुमारलाई राक्षस र जहानले मार्न लाग्नु, यहीँ समयमा राजकुमारले भने मलाई एक पटक बोल्न दिइयोस उनले बोल्न पाए र खाल्टाबाट बोले-मलाई मारेपछि मुटु कलेजो झिकेर नदीमा बगाउनु, उनीहरूलाई झन् सजिलो भयो के खोज्छस् कानो आँखा भनेझै भयो अनि राजकुमारलाई मारेर मुटुकलेजो नदीमा बगाइदिनु जस्ता घटनाले कथाको मध्य भागलाई प्रस्तुत गरेको छ ।

ठहर (टपरीं) मा हालेर बगाएको त्यो मुटु कलेजो अर्को देशका राजाकी छोरीले स्नान गरेको ठाउँमा पुग्नु, समाउन खोज्दा भाग्ने तर बिस्तारै नजिक आउने फेरि समाउन खोज्दा भाग्ने गर्दागर्दै बल्लबल्ल समाएर हेर्नु र हेरेर बाबुलाई देखाउन हतारहतार बोलाउनु, हेर्दाहेर्दै त्यहाँ सानो केराऊ जत्रो टल्किने बस्तु थियो, त्यही बढेर गुच्चा जत्रो हुनु पछि मानिस नै भयो । बाबु आइपुगे, मेरी छोरीको विवाह गर्नपर्छ भनेर बाबुले त्यो मानिससँग प्रस्ताव राख्नु, उसले आइमाईको विश्वास गर्दिन भनेछ तर विवाह गरौँला पहिला मेरो लास जलाउन पाऊँ भनेर भन्नु, अनि लास जलाउन विदा लिएर गएछ, ऊ सरासर त्यही सातकोठे दरवारमा पुगेछ, बाहिरबाट आएको मानिसलाई नदेखी उनीहरू (राजकुमारकी श्रीमती र राक्षस) गाला जोडेर रसरङ्गका कुरामा मस्त हुनु, त्यहीँ मौकामा राजकुमारले आफ्नो लास देख्यो र पालेपहरा कुकुरले रुँघेका त्यो लासलाई आफ्नो परम्पराअनुसार जलायो अनि ती राक्षस दम्पत्तिलाई त्यही खाडलमा हालेर पुरि दिनु र फर्किएर आएर नयाँ राजकुमारीसँग विवाह गर्नु, यताका नयाँ ससुराले उनलाई आधा राज्य दिनु उनको त्यो सात कोठाको राज्यसमेत कसैले आफ्नो नयाँ राज्यमा मिलाएर शान्तिपूर्ण रूपमा राज्य गरेर आनन्दले दिन बिताउन थाल्नु जस्ता घटनाले कथाको अन्त्य भागलाई प्रस्तुत गरेको छ । (स्रोत :परिशिष्ट क, १०)

यसरी उनका नयाँ ससुराले उनलाई आधा राज्य दिए । उनको त्यो सात कोठाको राज्यसमेत कसैले आफ्नो नयाँ राज्यमा मिलाएर शान्तिपूर्ण रूपमा राज्य गरेर आनन्दले दिन विताउन थाल्यो । कथाको आदि, मध्य र अन्त्यको शृङ्खला व्यवस्थित रहेको छ । कथाको सुरुदेखि अन्त्यसम्म घटेका रोचक घटनाले कथा थप रमाइलो बनेको छ ।

४.१२.२ सहभागी

'स्त्रीको खेल' लोककथामा सीमित सहभागी रहेका छन् । यस कथामा राजा,राजाको छोरा राजकुमार, राजकुमारको श्रीमती, राक्षस, राजकुमारको कान्छी श्रीमती, कान्छी श्रीमतीको आमा बुबा, सहभगीको रूपमा आएका छन् । यो लोककथा राजाको छोरा राजकुमारको सेरो फेरोमा केन्द्रित छ । कथाको मुख्य सहभागीको रूपमा राजकुमार, उसकी श्रीमती, राक्षस आएकाछन् । प्रस्तुत लोककथामा प्रयुक्त सहभागी र तिनका अभिलक्षणलाई तल प्रस्तुत गरिन्छ :

तालिका नं. ११

'स्त्रीको खेल' लोककथाका सहभागीहरूका चारीत्रिक अभिलक्षण

पात्र	लिङ्ग		कार्य			प्रवृत्ति		स्वभाव		जीवन चेतना		आसन्नता		आबद्धता	
	पुरुष	महिला	प्रमुख	सहायक	गौण	अनुकूल	प्रतिकूल	गतिशील	गतिहीन	वर्गीय	व्यक्ति	नेपथ्य	मञ्चीय	बद्ध	मुक्त
राजकुमार	+	-	+	-	-	+		-	+	+	-	-	+	+	-
श्रीमती		+		+	-	-	+	-	+	-	+	-	+	+	-
राक्षस	-	+	-	+	-		+		+	+		-	+	+	-
राजा	+		-	-	+	+	-	-	+	+	-	+	-	+	-
कान्छी श्रीमती		+			+	+		+			+		+	+	
कान्छीका बुबा	+			+		+		+		+			+	+	

माथिको तालिकाका आधारमा हेर्दा यस कथामा राजा, राजाको छोरा राजकुमार, राजकुमारको श्रीमती, राक्षस, राजकुमारको कान्छी श्रीमती, कान्छी श्रीमतीको आमा बुबा, सहभगीको रूपमा आएकाछन् । यो लोककथा राजाको छोरा राजकुमारको सेरो फेरोमा केन्द्रित छ । कथाको मुख्य सहभागीको रूपमा राजकुमार, उसकी श्रीमती, राक्षस आएका छन् । राजकुमार यस कथाको प्रमुख सहभागी हो । उसकै केन्द्रीयतामा कथामा विशेष घटना घटेका छन् । राजकुमार बद्ध पात्र हो । सधैँ अरूलाई सहयोग गरेर आफ्नो काम सम्मन्न गराउने राजकुमार अनुकुल चरित्रको छ । यस कथामा राजकुमार अनुकूल पात्रको रूपमा उपस्थित भएको छ । आफ्नो बुबाले आफ्नी श्रीमतीको पानीको लागि भोग दिन खोज्दा श्रीमतीलाई जोगाएर राख्ने अनुकूल पात्र हो । उसले कोठामा थुनेर राखेको राक्षससँग मिलेर श्रीमान राजकुमारलाई धेरै दुःख दिएकी छ । राजकुमार पनि श्रीमतीले भनेको सबै काम कुरा नबुझी खुरुखुरु मानने केही कुरा नबुझी काम गर्ने गतिहीन पात्र हो । खतरा

कार्य गर्न लगाउदा पनि वास्तविकता बुझ्न नखोज्ने पात्र हो । श्रीमतीको विश्वास गर्दा मृत्युको मुखमा पुग्न बाध्य पात्र हो । खाल्टोमा परेपछि मर्ने बेलामा चेतना आएको सचेत पात्र हो राजकुमार । ऊ मञ्चीय तथा जीवनचेतनाको आधारमा वर्गीय पात्र हो ।

श्रीमती यस लोककथाको सहायक महिला पात्र हो । उसको भूमिका कथामा प्रतिकूल छ । श्रीमान्लाई राक्षसको मायाजालमा पारेर मार्ने प्रतिकूल पात्र हो । कथामा उनी मञ्चीय तथा बद्ध पात्र हो । अन्त्यमा राजकुमार बाचेर आएर श्रीमतीलाई खुकुरीले घाटी काटेर हत्या गर्छ । आफ्नो श्रीमान्लाई दुःख दिने ऊ असत् पात्र हो । उसलाई गतिहीन पात्रको रूपमा लिन सकिन्छ । जीवनचेतनाको आधारमा व्यक्ति पात्र हो । शत्रुसँग मिलेर आफन्तको हत्या गर्नेलाई यस्तै फल मिल्छ भन्ने कुरा राजकुमारको श्रीमतीको जीवनमा मेल खाएको छ । जीवनचेतनाको आधारमा राजकुमारको श्रीमती व्यक्ति पात्र हो ।

यस लोककथामा अर्को पात्र राक्षस हो । यो सहायक पात्र हो । कथामा प्रवृत्तिको आधारमा प्रतिकूल पात्र हो किनभने हरेक व्यवहार अरूलाई दुःख दिने खालको छ । कथामा राजकुमारलाई मार्न उसकी श्रीमतीलाई मायाजालमा पारेर अन्त्यमा खाल्डोमा पारी हत्या गर्न सफल हुन्छ । त्यसको बदलामा राजकुमार व्युझेर आएर तरबारले घाटी काटेर राक्षसको हत्या गर्छ । जस्तो कर्म गऱ्यो त्यस्तै फल पाइन्छ भन्नेकुरा राक्षसको जीवनमा मेल खाएको छ । राक्षस स्वभावको आधारमा गतिहीन, जीवनचेतनाको आधारमा वर्गीय पात्र, आसन्नताको आधारमा मञ्चीय पात्र हो भने आबद्धताको आधारमा वर्गीय पात्र हो ।

यस लोककथामा अन्य पात्रहरु पनि उपस्थित छन् । राजकुमारकी कान्छी श्रीमती बद्ध, गतिशील र मञ्चीय पात्र हो । यी बाहेक लोककथामा गाउँलेको पनि उपस्थिति रहेको छ । उनीहरू गतिहीन, अनुकूल र बद्ध पात्र हुन् । यसरी हेर्दा कथामा आएका सहभागी र तिनका अभिलक्षणले कथालाई सरल, सहज र रमाइलो बनाएको छ ।

४.१२.३ परिवेश

'स्त्रीको खेल' लोककथामा राजपरिवारको सुखसयलको जीवन निर्वाह गर्ने परम्परा कालिक परिवेशका रूपमा आएको छ भने राजाको दरबार, कोठा, नदी स्थानिक परिवेशका रूपमा आएका छन् । सामान्य कथास्थलका रूपमा राजाले बनाएको कुवा आएको छ । प्रस्तुत लोककथाको वातावरण आदि र मध्य भागमा चिन्ता लाग्दो, दुःखलाग्दा किसिमको रहेको छ भने अन्त्यमा राजकुमार नै मारिनु र राजकुमारले पुर्नजन्म पाई जेठी श्रीमती र

राक्षसलाई तरबारले काटेर मारेपछि दुःखद परिवेशको सिर्जना भएको छ । अन्त्यमा कान्छी श्रीमती बिहे गरेर राजकुमार ससुरालीबाट आधा राज्य लिएर बसे पछि सुखद परिवेश बनेको छ । कथा सुखान्तमा टुङ्गिएको छ ।

४.१२.४ उद्देश्य

'स्त्रीको खेल' नीतिप्रधान लोककथा हो । यस कथाले अर्ती उपदेश वा नीति प्रदान गर्ने उद्देश्य राखेको छ । मानिसलाई बुद्धिमान् प्राणीका रूपमा चिनिए पनि सामान्य व्यावहारिक काम कुरा नजान्दा मानिसले कसरी दुःख पाउँछ भन्ने कुरा यस लोककथाले प्रस्ट पारेको छ । मानिसले आफ्नो निर्णय गर्न नसक्दा राक्षसजस्तोले पनि जीवन बर्बाद बाउन सक्छ । त्यसैले अर्काको विश्वास गर्नुभन्दा आफूले नै निर्णय गरेर अगाडि बढ्दा राम्रो हुन्छ भनेर यस लोककथाले शिक्षा दिएको छ । काम बिग्रेपछि अरूलाई मार्नु वा क्षति पुऱ्याउन खोज्नु बुद्धिमानी होइन । काम गर्नु अगि नै बुद्धि प्रयोग गर्नुपर्छ नत्र समाजबाट नै तिरस्कृत हुनुपर्छ भन्ने शिक्षा दिनु यस लोककथाको उद्देश्य रहेको छ ।

४.१२.५ भाषाशैलीगत विन्यास

प्रस्तुत लोककथाको भाषशैली सरल, सहज र सुबोध्य रहेको छ । स्थानीय बोलीचालीका शब्द प्रयोग भएका छोटा र सरल वाक्यको प्रयोगले लोककथा सुबोध्य बनेको छ । ठहर, फिज, आगो, लोग्ने, सिकार, खाल्टो जस्ता बोलीचालीका शब्द प्रयोग गरिएका छन् । यसप्रकारको स्थानीय शैली र शब्दले कथालाई मिठासपूर्ण बनाएको छ । यस कथामा निम्न, मध्यम तथा उच्च आदरार्थी तीनै तहका शब्द प्रयोग गरिएका छन् । एकादेशमा... बाट सुरु भएर सुन्नेलाई सुनको माला भन्नेलाई फूलको माला... मा कथा समाप्त भएको छ । यस लोककथामा संवादात्मक तथा वर्णनात्मक दुवै शैलीको प्रयोग गरिएको छ । समग्रमा लोककथा व्यवस्थित संरचनामा बाँधिएको छ भने सरल, सहज र सुबोध्य भाषाशैलीको प्रयोगले मिठासपूर्ण रहेको छ ।

४.१३ निष्कर्ष

खोटाङ जिल्लाको दिक्तेल-रूपाकोट-मझुवागढी नगरपालिका क्षेत्रमा प्रचलित नेपाली लोककथामध्ये यस परिच्छेदमा दशओटा लोककथाको संरचनात्मक विश्लेषण गरिएको छ । यी लोककथाहरू अन्धाको भाग्य, ऋणको भारी, कलिको धर्म, चतुरे कान्छाको कथा, टुहुरोको नि दिन फिर्छ, तर्साउने पाटीको कथा, दाजु र भाइको कथा, बुद्धिको खेल, मुसा र मानिस,

स्त्रीको खेल कथा जस्ता लोककथा रहेका छन् । सामाजिक तथा अतिप्राकृतिक लोककथाका आयाम केही लामा छन् भने धार्मिक लोककथा अत्यन्त छोटो रहेको छ । यी कथाहरूमा माया, प्रेम, करुणा, वीरता, अद्भुत, रोमाञ्चक भावहरू समेटिएका पाइन्छन् । यस क्षेत्रमा प्रचलित नेपाली लोककथाको कथानकविन्यास शृङ्खलाबद्ध र व्यवस्थित रहेका छन् । छोटा वाक्य र सरल, सहज बोलीचालीको भाषा प्रयोग गरिएका यी लोककथामा ग्रामीण परिवेशको चित्रण पाइन्छ । यी लोककथाले मनोरञ्जनका साथै नीति तथा उपदेश प्रदान गर्ने उद्देश्य राखेका छन् । वर्णनात्मक र संवादात्मक दुवै शैलीको प्रयोग गरेर रमाइलो किसिमले कथा प्रस्तुत गरिएको छ । यी पात्रका माध्यमबाट मानिसलाई सत्कर्म गर्ने, अर्कालाई नठग्ने तथा दैनिक जीवनमा काम लाग्ने सिप सिक्ने शिक्षा दिइएको छ ।

पाँचौँ परिच्छेद

सारांश तथा निष्कर्ष

५.१ सारांश

'दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा प्रचलित नेपाली लोककथाको संरचनात्मक अध्ययन' शीर्षकको शोधप्रबन्ध पाँच परिच्छेद र तीन परिशिष्ट खण्डमा संरचित छ । यस क्षेत्रमा सङ्कलन गरिएको लोककथाहरूलाई संरचनात्मक सिद्धान्तअनुसार विश्लेषण गरिएको छ । कथानक, सहभागी, परिवेश, उदेश्य र भाषाशैलीको आधारमा लोककथाको संरचनात्मक अध्ययन भएको छ । यस शोधप्रबन्धको पहिलो परिच्छेदमा 'शोधपरिचय' प्रस्तुत गरिएको छ । यसअन्तर्गत विषयपरिचय, समस्याकथन, शोधका उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य, महत्त्व र उपयोगिता, शोधको सीमाङ्कन, शोधविधिमा सामग्री सङ्कलन विधि, सामग्री विश्लेषण विधि, शोधप्रबन्धको रूपरेखा प्रस्तुत गरिएको छ । शोधको शीर्षकलाई विषयपरिचयमा प्रस्ट पारिएको छ । पूर्वकार्यका आधारमा समस्याकथन निर्धारण गरिएको छ । त्यस्तैगरी समस्या समाधानका लागि दुईओटा उद्देश्य निर्धारण गरिएको छ । यहाँ दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा प्रचलित नेपाली लोककथाको संरचनात्मक अध्ययनका लागि लोककथाका संरचक घटकहरू कथानक, सहभागी, परिवेश, उद्देश्य र भाषाशैलीगत विन्यासका आधारमा शोधसमस्याको समाधान गरिएको छ । दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रका विभिन्न जातिमा प्रचलित लोककथाको संरचनात्मक अध्ययनका सन्दर्भमा भएका कार्यहरूलाई पूर्वकार्यको रूपमा समावेश गरिएको छ । खोटाङ जिल्लाको दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्र सामाजिक, भाषिक, सांस्कृतिक र भौगोलिक विविधता भएको क्षेत्र हो । यस क्षेत्रमा बसोबास गर्ने सबै समुदायमा प्रशस्त लोककथा पाइए पनि अध्ययन अनुसन्धान भएको पाइएन । यही रिक्ततालाई पूर्ति यो शोधकार्य सम्पन्न भएको छ । शोधको सीमाङ्कन गर्ने क्रममा दिक्तेल-रूपाकोट-मझुवागढी नगरपालिकाभित्रका राई, नेवार, मगर, सुनार, गुरुङ, क्षत्री, बाहुनलगायतका जातिको मुख्य बसोबास रहेका वडा नम्बर एकदेखि पन्ध्रलाई भौगोलिक सीमा निर्धारण गरिएको छ । सामग्री सङ्कलनका लागि प्रत्यक्ष रूपमा क्षेत्रीय कार्य र पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । शोधप्रबन्धमा सामग्री विश्लेषणका लागि गुणात्मक तथा पाठपरक पद्धतिको उपयोग गरिएको छ । दिक्तेल-रूपाकोट-मझुवागढी नगरपालिकाभित्रका क्षेत्रका राई, नेवार, मगर, सुनार, गुरुङ, क्षत्री, बाहुन जातिमा प्रचलित

दशओटा लोककथाको वर्गीकरण र संरचक घटकहरू कथानक, सहभागी, परिवेश, उद्देश्य र भाषाशैलीगत विन्यासका आधारमा विश्लेषण गरिएको छ । लोककथा विश्लेषणमा विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ ।

प्रस्तुत शोधप्रबन्धको दोस्रो परिच्छेदमा दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रको परिचय प्रस्तुत गरिएको छ । पूर्वी नेपालको खोटाङ जिल्लास्थित दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रको परिचय, यस क्षेत्रमा बसेका विविध जातिको उत्पत्ति र बस्ती बिस्तारको प्रसङ्ग यस परिच्छेदमा उल्लेख गरिएको छ । परापूर्वकालदेखि नै यस क्षेत्रमा लोककथा भन्ने र सुन्ने परम्परा रहेको र जङ्गल जाने, गाईवस्तु पाल्ने र खेतीपाती गर्ने कृषक समुदायमा मनोरञ्जनका अतिरिक्त नीति तथा उपदेश प्रदान गर्न लोककथा भन्ने र सुन्ने गरिएको भए पनि हाल लोककथा भन्ने र सुन्ने मानिसको अभावका कारण यस क्षेत्रमा प्रचलित लोककथाहरू लोप हुने अवस्थामा पुगेको कुरा उल्लेख गरिएको छ ।

शोधप्रबन्धको तेस्रो परिच्छेदमा परिच्छेदमा विभिन्न विद्वान्हरूले दिएका परिभाषा तथा विभिन्न पुस्तकमा पाइएका लोककथासम्बन्धी विचारलाई समेटेर लोककथाको परिचय दिने काम गरिएको छ । यस परिच्छेदमा दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रका विभिन्न जातिमा प्रचलित दशओटा लोककथाको सैद्धान्तिक आधार प्रस्तुत गरी त्यसैका आधारमा वर्गीकरण गरिएको छ । यहाँ लोककथा र लोककथाको संरचनाको सैद्धान्तिक पक्षको चर्चा गरिएको छ । लोककथाको संरचनाअन्तर्गत पूर्णता, परिवर्तनशील र स्वनिष्ठता रहने तथ्य प्रस्तुत गरिएको छ । लोककथालाई विषयवस्तुका आधारमा सामाजिक, किंवदन्तीमूलक, अतिप्राकृतिक, पौराणिक र पशुपन्क्षीमूलक गरी पाँच विषयक्षेत्रका हुने, भावका आधारमा लोककथा, प्रेमकथा, वीरकथा, करुणकथा, भक्तिकथा, हास्यकथा, अद्भुतकथा, रोमाञ्चककथा हुने, शिल्पविधानका आधारमा घटनाप्रधान, चरित्रप्रधान, परिवेशप्रधान हुने, उद्देश्यका आधारमा मनोरञ्जनप्रधान र नीतिप्रधान लोककथा हुने कुरा उल्लेख गरिएको छ । यी पाँच प्रकारका लोककथा दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रका सबै जातिमा पाइने तथ्य प्रस्तुत गरिएको छ । लोककथाका संरचक घटकहरू कथानक, सहभागी, परिवेश, उद्देश्य र भाषाशैलीगत विन्यास हुने कुरा उल्लेख गरिएको छ । संरचक घटकको सैद्धान्तिक चर्चापश्चात् लोककथाको संरचनात्मक विश्लेषण गरिएको छ । लोककथाको संरचनात्मक विश्लेषण गर्दा वस्तु, सहभागी र सहभागिता, परिवेश, उद्देश्य, भाषाशैलीगत विन्यासका आधारमा गर्न सकिने तथ्य प्रस्तुत गरिएको छ । यस परिच्छेदमा दिक्तेल-रूपाकोट-

मभ्फुवागढी क्षेत्रमा प्रचलित लोककथाको वर्गीकरण र दशओटा कथाको कथानक प्रस्तुत गरिएको छ । दशओटा कथालाई विषय, भाव, शिल्पविधान र उद्देश्यका आधारमा वर्गीकरण गरिएको छ । खोटाङको दिक्तेल-रूपाकोट-मभ्फुवागढी क्षेत्रमा प्रचलित दशओटा नेपाली लोककथामध्ये सातओटा सामाजिक लोककथा, एउटा अतिप्राकृतिक लोककथा, एउटा किंवदन्तीमूलक लोककथा र एउटा धार्मिक लोककथा रहेका छन् । अन्धाको भाग्य, ऋणको भारी, दाजु र भाइको कथा, बुद्धिको खेल, चतुरे कान्छाको कथा, टुहुरोको नि दिन फिर्छ र स्त्रीको खेल सामाजिक लोककथा हुन् भने तर्साउने पाटीको कथा अतिप्राकृतिक लोककथा हुन् । मुसा र मानिस किंवदन्तीमूलक कथा हुन् भने कलिको धर्म धार्मिक लोककथा हो भनी वर्गीकरण गरिएको छ ।

भावका आधारमा पाँचओटा अद्भुत, तीनओटा हास्य, तीनओटा रोमाञ्चक कथा, एउटा प्रेमकथा र दुईओटा भक्तिकथा रहेका छन् । मुसा र मानिस प्रेमकथा रहेको छ भने ऋणको भारी, चतुरे कान्छाको कथा, तर्साउने पाटीको कथा, दाजु र भाइको कथा र बुद्धिको खेल अद्भुत कथा रहेका छन् । अन्धाको भाग्य, कलिको धर्म भक्तिमूलक लोककथा रहेको छ । त्यसै गरी टुहुरोको नि दिन फिर्छ, स्त्रीको खेल कथा रोमाञ्चक कथा हुन् । यसैगरी शिल्पविधानका आधारमा हेर्दा छओटा घटनाप्रधान र पाँचओटा चरित्रप्रधान लोककथा रहेका छन् । अन्धाको भाग्य, ऋणको भारी, तर्साउने पाटीको कथा, मुसा र मानिस, कथा घटनाप्रधान कथा रहेका छन् भने 'कलिको धर्म, चतुरे कान्छाको कथा, टुहुरोको नि दिन फिर्छ, दाजु र भाइको कथा, बुद्धिको खेल, र स्त्रीको खेल चरित्रप्रधान कथा रहेका तथ्य प्रस्तुत गरिएको छ । त्यसै गरी साहित्य सिर्जनाको प्रयोजनका आधारमा हेर्दा लोककथामध्ये छओटा नीतिप्रधान र चारओटा मनोरञ्जनप्रधान लोककथा रहेका छन् । अन्धाको भाग्य, ऋणको भारी, कलिको धर्म, टुहुरोको नि दिन फिर्छ, दाजु र भाइको कथा, मुसा र मानिस नीतिप्रधान कथा रहेका छन् भने चतुरे कान्छाको कथा, तर्साउने पाटीको कथा, बुद्धिको खेल र स्त्रीको खेल कथा मनोरञ्जनप्रधान लोककथा रहेका कुरा उल्लेख गरिएको छ ।

शोधप्रबन्धको चौथो परिच्छेदमा दिक्तेल-रूपाकोट-मभ्फुवागढी क्षेत्रका अन्धाको भाग्य, ऋणको भारी, दाजु र भाइको कथा, बुद्धिको खेल, चतुरे कान्छाको कथा, टुहुरोको नि दिन फिर्छ, स्त्रीको खेल, तर्साउने पाटीको कथा, मुसा र मानिस, कलिको धर्म लोककथाको संरचक घटकहरू कथानक, सहभागी, परिवेश, उद्देश्य र भाषाशैलीगत विन्यासका आधारमा विश्लेषण गरिएको छ ।

५.२ निष्कर्ष

'दिक्तेल-रूपाकोट-मभ्फुवागढी क्षेत्रमा प्रचलित नेपाली लोककथाको संरचना अध्ययन' शीर्षकको प्रस्तुत शोधप्रबन्धमा समस्याकथन र उद्देश्यअनुसार प्राप्त निचोडलाई रूपमा छुट्टाछुट्टै बुँदामा निष्कर्षका रूपमा प्रस्तुत गरिएको छ :

(१) दिक्तेल-रूपाकोट-मभ्फुवागढी क्षेत्रमा प्रचलित लोककथाको वर्गीकरणसँग सम्बन्धित निष्कर्ष यसप्रकार रहेको छ :

दिक्तेल-रूपाकोट-मभ्फुवागढी क्षेत्रका विभिन्न जातिमा प्रचलित दशओटा लोककथाको सैद्धान्तिक आधार प्रस्तुत गरी त्यसैका आधारमा वर्गीकरण गरिएको छ । यहाँ लोककथा र लोककथाको संरचनाको सैद्धान्तिक पक्षको चर्चा गरिएको छ । लोककथाको संरचनाअन्तर्गत पूर्णता, परिवर्तनशील र स्वनिष्ठता रहने तथ्य प्रस्तुत गरिएको छ । लोककथालाई विषयवस्तुका आधारमा सामाजिक, किंवदन्तीमूलक, अतिप्राकृतिक, पौराणिक र पशुपन्क्षीमूलक गरी पाँच विषयक्षेत्रका हुने, भावका आधारमा लोककथा, प्रेमकथा, वीरकथा, करुणकथा, भक्तिकथा, हास्यकथा, अद्भुतकथा, रोमाञ्चककथा हुने, शिल्पविधानका आधारमा घटनाप्रधान, चरित्रप्रधान, परिवेशप्रधान हुने, उद्देश्यका आधारमा मनोरञ्जनप्रधान र नीतिप्रधान लोककथा हुने कुरा उल्लेख गरिएको छ । यी पाँच प्रकारका लोककथा दिक्तेल-रूपाकोट-मभ्फुवागढी क्षेत्रका सबै जातिमा पाइने तथ्य प्रस्तुत गरिएको छ । लोककथाका संरचक घटकहरू कथानक, सहभागी, परिवेश, उद्देश्य र भाषाशैलीगत विन्यास हुने कुरा उल्लेख गरिएको छ । संरचक घटकको सैद्धान्तिक चर्चापश्चात् लोककथाको संरचनात्मक विश्लेषण गरिएको छ । लोककथाको संरचनात्मक विश्लेषण गर्दा वस्तु, सहभागी र सहभागिता, परिवेश, उद्देश्य, भाषाशैलीगत विन्यासका आधारमा गर्न सकिने तथ्य प्रस्तुत गरिएको छ । यस परिच्छेदमा 'दिक्तेल-रूपाकोट-मभ्फुवागढी क्षेत्रमा प्रचलित लोककथाको वर्गीकरण र दशओटा कथाको कथानक प्रस्तुत गरिएको छ । दशओटा कथालाई विषय, भाव, शिल्पविधान र उद्देश्यका आधारमा वर्गीकरण गरिएको छ । खोटाङको दिक्तेल-रूपाकोट-मभ्फुवागढी क्षेत्रमा प्रचलित दशओटा नेपाली लोककथामध्ये सातओटा सामाजिक लोककथा, एउटा अतिप्राकृतिक लोककथा, एउटा किंवदन्तीमूलक लोककथा र एउटा धार्मिक लोककथा रहेका छन् । 'अन्धाको भाग्य, 'ऋणको भारी' दाजु र भाइको कथा, बुद्धिको खेल, चतुरे कान्छाको कथा, टुहुरोको नि दिन फिर्छ र स्त्रीको खेल सामाजिक लोककथा हुन् भने

तर्साउने पाटीको कथा अतिप्राकृतिक लोककथा हुन् । मुसा र मानिस, किंवदन्तीमूलक कथा हुन् भने कलिको धर्म धार्मिक लोककथा हो भनी वर्गीकरण गरिएको छ ।

भावका आधारमा पाँचओटा अद्भुत, तीनओटा हास्य, तीनओटा रोमाञ्चक कथा, एउटा प्रेमकथा र दुईओटा भक्तिकथा रहेका छन् । मुसा र मानिस प्रेमकथा रहेको छ भने ऋणको भारी, चतुरे कान्छाको कथा, तर्साउने पाटीको कथा, दाजु र भाइको कथा, बुद्धिको खेल अद्भुतकथा रहेका छन् । अन्धाको भाग्य, कलिको धर्म भक्तिमूलक लोककथा रहेको छ । त्यसै गरी टुहुरोको नि दिन फिर्छ, स्त्रीको खेल कथा रोमाञ्चक कथा हुन् । यसैगरी शिल्पविधानका आधारमा हेर्दा छओटा घटनाप्रधान र चारओटा चरित्रप्रधान लोककथा रहेका छन् । अन्धाको भाग्य, ऋणको भारी, तर्साउने पाटीको कथा, मुसा र मानिस कथा घटनाप्रधान कथा रहेका छन् भने कलिको धर्म, चतुरे कान्छाको कथा, टुहुरोको नि दिन फिर्छ, दाजु र भाइको कथा, बुद्धिको खेल, र स्त्रीको खेल चरित्रप्रधान कथा रहेका तथ्य प्रस्तुत गरिएको छ । त्यसै गरी साहित्य सिर्जनाको प्रयोजनका आधारमा हेर्दा लोककथामध्ये छओटा नीतिप्रधान र चारओटा मनोरञ्जनप्रधान लोककथा रहेका छन् । अन्धाको भाग्य, ऋणको भारी, कलिको धर्म, टुहुरोको नि दिन फिर्छ, दाजु र भाइको कथा, मुसा र मानिस, नीतिप्रधान कथा रहेका छन् भने चतुरे कान्छाको कथा, तर्साउने पाटीको कथा, बुद्धीको खेल र स्त्रीको खेल कथा मनोरञ्जनप्रधान लोककथा रहेका कुरा उल्लेख गरिएको छ ।

(२) दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा प्रचलित लोककथाको संरचना विश्लेषणसँग सम्बन्धित निष्कर्ष यसप्रकार रहेको छ :

समाजको सामाजिक जीवनबाट लिएका सहभागी र समाजको घटनासँग आधारित लोककथा सामाजिक लोककथा हुन् । यस्ता लोककथामा समाज र सामाजिक परिवेशलाई केन्द्रविन्दु बनाइएको हुन्छ । संरचनात्मक दृष्टिले हेर्दा दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा प्रचलित सामाजिक लोककथा, अतिप्राकृतिक लोककथा, पशुपन्क्षीमूलक कथा र किंवदन्तीमूलक लोककथामा पूर्ण संरचना भएका छन् । लामो आयामका यी लोककथामा कथानकको आदि, मध्य र अन्त्यको शृङ्खला मिलेको छ । सामाजिक लोककथाले दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा बसोबास गर्ने समुदायको दिनचर्या, जीविकोपार्जनको तरिका, उनीहरूले भोग्नुपरेका समस्या र पीडालाई यथार्थ रूपमा प्रस्तुत गरेका छन् । ग्रामीण जीवनका आरोहअवरोह, जीवन भोगाइका उतारचढाव र दुःखपछि आउने सुखको क्षणलाई

देखाएर धैर्यसाथ कर्म गर्न उत्प्रेरणा दिएका छन् । यी लोककथामा दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रका परम्परा, चालचलन, रीतिरिवाज, आचरण र मनोवृत्तिको चर्चा पाइएको छ । मानवीय र मानवेतर सहभागीको प्रयोग गरिएका यी लोककथामा वनजङ्गल, भिरपाखा, तलाउ, पोखरी, महल, स्वर्ग, जस्ता विभिन्न प्राकृतिक तथा सांस्कृतिक परिवेशमा विभिन्न घटना घटेका छन् । समाजको धर्म, संस्कृति, लोकका व्यवहार, चलाखी, धुर्त्याइँ, न्याय, अन्याय, लोकविश्वास, झैझगडा, मूल्य, मान्यता आदि सम्पूर्ण विषय सामाजिक लोककथामा आएका छन् । लोककथामा उपस्थित सहभागीहरूका कार्यव्यापारले लोककथालाई जीवन्त र मौलिक बनाएका छन् । यी लोककथाले सत्मार्गमा हिँड्ने, सत्कर्म गर्ने, अरूको कुभलो नचिताउने, चोरेर, ठगेर कमाएको सम्पत्तिले नपुग्ने नैतिक सन्देश दिएका छन् । यहाँ प्रचलनमा रहेका सामाजिक लोककथाको भाषाशैली सरल, सहज र सुबोध्य छ । लोककथाका संरचक घटकहरू कथानक, सहभागी, परिवेश, उद्देश्य र भाषाशैलीय विन्यासका दृष्टिले सामाजिक लोककथा अब्बल, सरल र श्रुतिमधुर छन् ।

असाधारण चरित्र भएका, अद्भुत एवम् आश्चर्यजनक काम गर्न सक्ने रोमाञ्चक विषयको चित्रण भएका लोककथा अतिप्राकृतिक लोककथा हुन् । यस्ता लोककथामा अलौकिक एवम् दिव्यशक्तिको प्रयोग गरी चमत्कार देखाउन सक्ने सहभागीहरूको प्रयोग गरिएको हुन्छ । दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रका जातिमा प्रचलित अतिप्राकृतिक लोककथामा मान्छे तथा पशुप्राणीका अद्भुत, अलौकिक शक्ति, सामर्थ्य, जादुटुना, तन्त्रमन्त्र, जालझेल आदिका माध्यमबाट समाजमा घटेका घटनाहरूलाई प्रस्तुत गरिएको छ । यी दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रका लोकविश्वास, सामाजिक तथा धार्मिक आस्था र मान्यता मुखरित भएका छन् । वन, जङ्गल, गाउँघर, खेतबारी, आँगन, सिकार खेल्नेलगायतका कार्यले ग्रामीण परिवेशको झल्को दिएका छन् । यस क्षेत्रका अतिप्राकृतिक लोककथामा वर्णनात्मक र संवादात्मक दुवै शैलीको प्रयोग भएको छ । यी लोककथाले मानव जीवनमा आउने सुख, दुःख, आरोह, अवरोह, उतारचढावमा पनि धैर्यपूर्वक काम गर्नु पर्छ भन्ने सन्देश दिएका छन् । लोककथा 'एकादेशमा...' बाट सुरु भएर 'सुन्नेलाई सुनको माला...' मा टुङ्गिएका छन् । लोककथाका संरचक घटकहरू कथानक, सहभागी, परिवेश, उद्देश्य र भाषाशैलीय विन्यासका दृष्टिले अतिप्राकृतिक लोककथा सरल, श्रुतिमधुर र कुतूहलपूर्ण छन् ।

पशुपन्क्षी प्रमुख हुने र पशुपक्षीको कार्यव्यापारबाट घटनाक्रम अगाडि बढ्ने कथा पशुपन्क्षीमूलक कथा हुन् । संचनात्मक दृष्टिले दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा प्रचलित

पशुपन्क्षीमूलक लोककथामा आदि मध्य र अन्त्यको शृङ्खला मिलेको छ । यी लोककथाले खेतीपाती गरेर जीविकोपार्जन गर्ने परम्परा, जङ्गली जनावरले दिएको दुःख, मानिसको लोभी तथा स्वार्थी स्वभावले निम्त्याएको दुर्घटनालाई प्रस्तुत गरेका छन् । लोककथामा उपस्थित मानवेतर सहभागीले अद्भुत क्षमता देखाएका छन् । यी लोककथामा सहभागीका रूपमा उपस्थित भएका पशुपन्क्षी मानवीय गुण भएका, मानिसजस्तै कुराकानी गर्ने, मानिसभन्दा अलौकिक शक्ति भएका र मानिसलाई सहयोग र असहयोग गर्ने दुवै भूमिकामा रहेका छन् । खेतबारी, जङ्गल, झाडी, इनार, गुफा आदि लोककथाका परिवेशका रूपमा आएका छन् भने भूतप्रेतप्रतिको विश्वासले त्यस क्षेत्रका जातिको लोकविश्वासलाई देखाएको छ । वर्णनात्मक र संवादात्मक दुवै शैलीको प्रयोग गरेर रमाइलो किसिमले लोककथा प्रस्तुत गरिएको छ । यी लोककथाले त्यस समाजका मानिसहरूको जीवनचर्या, प्रवृत्ति, चालचलन, व्यवहार र संस्कारलाई प्रस्तुत गरेका छन् । लोककथाका सहभागीका माध्यमबाट मानिसलाई सत्कर्म गर्ने, अर्कालाई नठग्ने तथा दैनिक जीवनमा काम लाग्ने सिप सिक्ने शिक्षा दिने उदेश्य लिएको पाइन्छ । लोककथाका संरचक घटकहरू कथानक, सहभागी, परिवेश, उद्देश्य र भाषाशैलीय विन्यासका दृष्टिले पशुपन्क्षीमूलक लोककथा रोचक, सरल, श्रुतिमधुर र मनोरञ्जक रहेका छन् । लोककथामा देवी देवताको नभई मानवीय विशिष्ट व्यक्तित्व वा नायकको कथा हुन्छ भने त्यो किंवदन्तीमूलक लोककथा हो । यस्ता कथामा लोकले परापूर्वकालदेखि विश्वास गर्दै आएका विषयवस्तु समेटिएका हुन्छन् । यसैगरी हाम्रा देवीदेवता, धर्म, व्रत, प्राकृतिक नियम आदि नै धार्मिक लोककथाका विषयवस्तु हुन् । किंवदन्तीमूलक कथा लामो आयामका भए पनि सुनिरहुँ लाग्ने कथावस्तुयुक्त छन् । यी लोककथाका माध्यमबाट मानिसको जीवनमा विभिन्न आरोह, अवरोह आउनसक्ने हुँदा आपसी मित्रता, सहयोग र सद्भाव साटेर बाँच्न सिकाइएको छ । मुसा र मानिस लोककथामा राजाको छोरीले मुसासँग विवाह गरेको, पछि मुसा सुन्दर राजकुमार बनेकामा खुशी भएको,

परिशिष्ट

परिशिष्ट (क) खोटाङ जिल्लाको दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा प्रचलित नेपाली लोककथा

प्रस्तुत शोधकार्य 'दिक्तेल-रूपाकोट-मझुवागढी क्षेत्रमा प्रचलित नेपाली लोककथाको संरचनात्मक अध्ययन' सँग सम्बद्ध रहेको छ । विवेच्य शोधमा क्षेत्रीय कार्यको प्रयोग गरिएको छ । सूचकहरूसँग प्रत्यक्ष संवाद गरी लोककथा सङ्कलन गरिएको छ । यसरी प्राथमिक सामग्रीको रूपमा सङ्कलन तथा छनोट गरिएका लोककथालाई यहाँ वर्णानुक्रममा राखिएको छ ।

१. अन्धाको भाग्य

एका देशमा धेरै समय अघि कुनै एउटा गाउँमा एउटा अन्धो मानिस बस्थ्यो । त्यो मानिस जन्मैदेखिको अन्धो थियो त्यसकारण जीविकाको लागि गाउँघरमा मागेर पेट पाल्दथ्यो । त्यो अन्धो गाउँ घरमा माग्न आएपछि कुकुर झुकेर उसलाई खेदाउँथ्यो र ऊ राम्ररी माग्न पनि पाउँदैनथ्यो । गाउँलेले पनि झर्कोफर्को गर्न थालेकाले अब उसले मागेर खानु भन्दा भोकै बसेर प्राण त्याग गर्ने विचार गरेर गाउँको सिरानमा रहेको पीपलको बोट मुनि बस्यो । माघको जाडोमा भोकै रहँदा अन्धालाई धेरै गाह्रो भयो त्यसकारण मन भुल्याउन उसले शिव ! शिव !! भन्न थाल्यो ।

अन्धाको त्यो भुलाइ अव तपस्या र जपमा परिणत भइसकेको थियो । एकदिन अन्धोको त्यो पुकार कैलाशमा रहेकी पार्वतीले सुनिन् र महादेवसँग उसको अभिलाषा पूरा गरी दिन अनुरोध गरिन् । पार्वतीको आग्रह टार्न नसकेर महादेवले अन्धो भएका ठाउँमा गएर भनेछन् तिम्रो तपस्या र जपबाट म खुसी भएँ । तिमीलाई के चाहिन्छ एक थोक वरदान माग । महादेवको कुरा सुनेर अन्धो आपत्मा पऱ्यो र विचार गर्न लाग्यो किनकि एकापटि उसको आँखा छैन भने अर्कातर्फ घरबाट सम्पति केही पनि छैन त्यसकारण कुन चाहिँ मागु भनेर विचार गरी आखिरमा बिन्ती गर्न थाल्यो । "घरमुनि बारी बारीमुनि खेत माझका तलामा साहिँली बुहारीले सुनका थालमा भात खाएको यही फुटेका आँखाले देखू" अन्धाले जुक्ति बुद्धि लगाएर वरदान मागेकाले महादेव पनि खुसी भए र तथास्तु भनी त्यहाँबाट हिडे ।

त्यसको केही समयपछि उसका आँखा पनि ठीक भए । उसले दाजुभाइ नभएकी एउटी धेरै धनी कन्या भेट्यो र विवाह पनि गऱ्यो । उसका चारओटा छोरा भए र ती छोराहरूकी बुहारी मध्ये साहिँली धेरै चलाख र बुद्धिमानी थिई । उसले माइतबाट प्रशस्त दाइजो पनि ल्याई । उसले चारओटा तलाको घर पनि बनायो त्यसपछि छोराबुहारी र प्रशस्त धन सम्पतिका साथ आनन्दले बस्न थाल्यो ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला

यो कथा बैकुण्ठ जाला, भन्नेवेलामा सुटुक्क आइजाला

स्रोत व्यक्ति : गोविन्द नेपाल

उमेर : ५९ वर्ष

ठेगाना : खोटाङ जिल्ला दिक्तेल-रूपाकोट-मझुवागढी नपा वडा नं १ आचार्य गाउँ

२. ऋणको भारी

दिक्तेलमा कुनै समयमा बाहुन र मगर छिमेकी थिए । एकपटक छिमेकीले सहयोग गर्ने क्रममा बाहुनले मगरलाई साठी रूपैया ऋण दिएछन् । मगरले पनि त्यो ऋण तिर्न एकै पटक नसकेर केही समय पछि तिस रूपैया तिरेछन् र बाँकी तिस रूपैयाको घरसारको कागत गरेछन् । केही समयपछि बाहुन बसाईं सरेछन् । चलाख बाजे काठमाण्डौं सहरको नजिकै जग्गा किनेर बसेछन् । घरमा जङ्लीकुकुर पालेका रहेछन्, दिन चर्या राम्रोसँग बितेको थियो, बाहुनी घरको परिपाठमा सिपालु थिइन् ।

यता आसामी मगर मऱ्यो । ऋण तिर्नलाई बाहुन बसाइ गएका उसले कसलाई बुझाउने ? अरुलाई अन्योलमा थियो तर छोराहरूलाई चाहिँ भनेको थियो । मैले यसरी बाहुनको ऋण लिएको थिएं तर साहु बसाइँ गएका कारण तिर्न सकेको छैन । बूढा मरेपछि बुढाका दुईभाइ छोराहरूआफ्नो बाबुको तिथि पारेर पशुपतिमा दर्शन गर्ने र सराद्ध पनि गर्ने भनेर घरबाट हिडेछन् । घरबाट हिडेका बटुवा अहिलेको जस्तो यातायातको सुविधा नभएकोले दोस्रो दिन त्यही घरमा बास बस्न पुगेछन् जुन साहु बाहुन थिए । सोझा मगरहरू घरको त्यो जङ्गली कुकुर देखेर राती दिसापिसाप लाग्ला भनेर केही नखाइकन सुतेछन् । दिनभरि हिडेर गएका थाकेका मगरहरू निदाए । राती एउटा भाइलाई पिसाप लागेछ र अर्कोलाई उठाएछ । दुवै कुकुरको डरले एकछिन त उठ्न पनि सकेनछन् केही नलागेर पिसाप फेर्न जाने भएछन् । कुकुरलाई हामीलाई नटोक हामी पिसाप फेरेर आउँछौ भनेछन् र अलिपर गएर पिसाप फेरे र उनीहरू फर्किन लाग्दा त्यहाँ पुगेको कुकुरले बुझिने आवाजमा बोल्यो र भन्यो- हेर बाबु हो तिमीहरू मेरा छोरा हौ । मैले यो बाहुनको तिस रूपैया ऋण लिएको तिरेको छैन । त्यही भएर म बाहुनको घरमा साङ्लामा बाँधिन परेको छ । त्यो तिस रूपैया तिर र मलाई यो साङ्लाबाट छुटाइदेऊ, पछि कुकुरले भनेछ । छोराहरू अचम्ममा परेछन् र सल्लाह गरेछन् । बाहुनबाहुनीलाई एकपटक सोध्नुपर्छ यदि कुरा साँचो हो भने तिरेर जानुपर्छ । यही सल्लाह अनुरूप उनीहरू भोलिपल्ट अबेरसम्म सुतेछन् । बाहुनी उठेर घरआँगन सफा गरिन् तर बटुवा बाटो लाग्ने त उठेका छैनन् । के भयो भनेर सोधिन् घर कहाँ हो भनेर सोधिन् सोध्दा त पहिलेका छिमेकी रहेछन् पत्ता लगाए । बाहुन बाजे उठेपछि सबिस्तार बयान गरे अनि बाहुनले पनि बिर्सिएका थिए, सम्झिए ।

सन्दुसबाट पहिलाको तमासुक खोजेर ल्याए अनि मगरले कति लिने बाजे तिस को साठी लिने कि नब्बे लिने भन्दा बाजेले पनि हाम्रो परम्परामा ऋणको दोब्बरभन्दा बढी लिने

चलन छैन त्यसैले जतिवर्ष बितेको भए पनि दोब्बरमात्र लिने बताए । यो कार्य गरेको पूर्णरूपले कुकुरले हेरिरहेको थियो । जब मालिकले पैसा समाएर कागत च्यात्न आटेका थिए कुकुरलाई छट्पटिको व्यथा लाग्यो । कागत च्यात्दा त कुकुर पनि मऱ्यो । अनि ती मगरले यो कुकुर हाम्रा बाबुको बदलिएको रूप रहेछ, हामीलाई दिनुहोस्, हामी यसलाई सेलाउँछौ भनेर आफ्नो विधि-विधानअनुसार कार्य गरेर वागमतीमा स्नान गरी घर फर्किएका थिए । यसरी बाबुको ऋण छोराले फर्स्याए ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला

यो कथा बैकुण्ठ जाला, भन्नेवेलामा सुटुक्क आइजाला

स्रोत व्यक्ति : लङ्क चाम्लिङ

उमेर : ४७ वर्ष

ठेगाना : खोटाङ जिल्ला दिक्तेल-रूपाकोट-मझुवागढी नपा वडा नं १५ वाक्लिम

३. कलिको धर्म

परापूर्वकालमा सत्ते र कलिको भेट भएछ रे । आपसमा परिचित भएपछि सत्तेले भविष्यमा हुने कुरा बताउन सक्छु भनेछ र कलिले चैं म जस्ताको तस्तै अहिल्यै देखाउन सक्छु भनेछ । सत्तेले लौ त्यसो भए देखा त भनेपछि 'लौ हुन्छ' भनी कलि सुनको डल्लो बनेर बिच बाटोमा बसेछ रे । सत्ते चैं झाडीमा लुकिबसेछ र घटना हेरिबसेछ । त्यही बाटो हुँदै दुवै तिरबाट दु-दुई जना मनुख्येहरू त्यहीं सुनको डल्लो भए ठाम्मा आइपुगी एकान्तमा सुनको डल्लो देखेर बाँडिलाने विचार गरेछन् । बराबर बाँडिलानलाई दुवै तिरका एकेक जना हत्यार खोज्न गाउँतिर गएछन् ।

एकेक जना चैं त्यहीं कुरिबसेछन् । हत्यार खोज्न गाउँ गएकाले खानेकुरा पनि फेला पारी 'डल्लो रुङ्नेलाई पनि खानेकुरा लग्दिऊँ त्यसमा बिख मिसाइदिऊँ; खाएपछि दुवै मर्छन्र हामी दुवै जनाले मात्र सुन बाँडिलगौंला' भनेर खडेन्त्र रचेछन् । उनरले हत्यार र बिखालु खानेकुरा लेरा'छन् । यता सुनको डल्लो रुङ्नेले चैं अर्कै खडेन्त्र रचेछन् । के भने- हत्यार लिएर आउनेलाई 'तिमेरू गलेर आयौ; तेसैले बस; हामी सुन काट्छौं' भनेर हत्यार माग्ने र उनेरू दुवैलाई एकेक गरी काटिमार्ने सल्ला मिलाएछन् । उनेरू आएपछि सल्लाअनुसार 'गलेका छौ; तिमेरू बस; सुन हामी काट्छौं' भनी हत्यार मागेछन् । यता हत्यार ल्याउनेले चैं 'तिमेरू भोका'का छौ, खानेकुरा खाओ' भनेछन् । बस्ने चैंले पैले हत्यार ल्याओ काटिसकेपछि खाजा खाउँला भनी हत्यार माग्नेबित्तिकै सुनको डल्लो काट्नुको बद्ला हत्यार लेरा'उनेलाई छप्काएछन् ।

अब कोही छैन; हामेरू मात्रै भयौं; पैले खाजा खाऔं तेसपछि सुन बाँडौंला भनी बिख हालेको खानेकुरा खान थालेछन्। खाना खाएपछि उनेरू दुवै'नि तिहीं भुतुक्कै भएछन् । यसरी कलिले कलियुगमा यस्तो पनि हुनसक्दोरेछ भनी सत्तेलाई तुरुन्तै देखाइदिएछन् । कलिको धर्म पनि यै हो रे । लुकेर हेरिबसेको सत्तेले सप्पै घटना हेरेको थियो । यो घटना देखेपछि सत्ते र कलि आँखा लोभिएपछि मनमा कसरी पाप पस्तोरे'छ, आँखा लोभी मन पापी रे'छ भन्दै केही छिन कुराकानी गरेर आ-आफ्नो बाटो समातेछन् ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला
यो कथा बैकुण्ठ जाला, भन्नेवेलामा सुटुक्क आइजाला

स्रोत व्यक्ति : जनक श्रेष्ठ

उमेर : ४७ वर्ष

ठेगाना : खोटाङ जिल्ला दिक्तेल-रूपाकोट-मझुवागढी नपा वडा नं ८ दोर्पा

४. चतुरे कान्छाको कथा

एकादेशमा एउटा किसानका पाँच भाई थिए । किसानकी पत्नी भने धेरै पहिले नै मृत्यु भइसकेको थियो । बिचरा किसानले आफू राँडो बसेर पनि छोराहरूलाई अनेक कष्ट र विपद्बाट जोगाएर हुर्काए । पाँच भाई छोरा र बाबुसमेतको पुरुष मात्रको त्यो परिवारमा कुनै स्त्री जातिको आवश्यकताको महसुस हुँदै गयो । किसानका छोराहरू सबै असल र बाठा थिए । त्यसमा अझ कान्छो छोरो त धेरै नै चलाख थियो । त्यसकारण उसले बाबुको मनसाय समेत बुझी एकदिन भनेछ । बा हाम्रो घरमा एउटा पनि आइमाई मान्छे नहुदाँ उजाड देखियो । अब हामी ठुला भइसक्यौं । त्यसकारण यदि अनुमति दिनुहुन्छ भने म यसो वारिपारी गाउँतिर गएर हामी दाजुभाईका लागि योग्य कन्या खोज्छु । बाबु यहीँ भनाईको पखाईमा थियो त्यसकारण उसले त्यसमा स्वीकृति जनायो छोरो आशिर्वादसहित विदा भयो ।

केटीको खोजीमा जाँदा जाँदै कान्छो धेरै टाढा पुग्यो साँझ झमक्क पर्न लागेको थियो । त्यहाँ धारामा एउटी आईमाई पानी गाग्रीमा थापिरहेकी थिई । उसले त्यो आइमाईसँग यो गाउँमा धेरै गफास्टक मानिसको होला भनि सोध्यो । आईमाईले पनि गाउँको एकजना बुद्धिप्रसादको घर देखाई । त्यसपछि कान्छोले परिवार कति जनाको छ भन्ने विषयमा पनि ती आईर्मासँग सोध्यो । उत्तरमा त्यो आईमाइले पाँचओटी छोरी र बाबु आमा गरी सात जनाको परिवार रहेकोसमेत बताई । त्यति कुरा थाहा पाएपछि कान्छोले बुद्धिप्रसादको घरको बाटो ततायो । आँगनमा पुग्दा मानिस नचिनिने बेला भइसकेको थियो । उसले घरमा को छ हँ भनेर बोलायो । त्यसपछि हातमा बत्ति लिएर रूपवती कान्छी छोरी देखा परी र बाबुलाई बोलाई । कान्छाले पनि आफू यसो परदेश हिँडेको र हिड्दै जाँदा रात परेकोले बासबस्न आएको विचार प्रकट गऱ्यो । उनीहरूले त्यस कान्छा नामको केटालाई बास बस्न दिने मनसाय प्रकट गरे । त्यक्तिकैमा कान्छी छोरीले लोहोटामा पानी ल्याइ दिई र खाना खाने बेलाको सूचना दिई । खाना खाई सकेर बुद्धिप्रसादले कान्छा सामु एउटा गफ गर्ने कुरा झिक्यो तर सर्त के थियो भने त्यो गफलाई 'ठिकै हो' भन्नु पर्ने । यदि होइन भनेमा जिब्रो झिकेर सालको पातमा राखिने सर्त भयो । त्यसपछि बुद्धिप्रसादले कान्छालाई तमाखु खाने भनेर पनि सोध्यो । प्रत्युत्तरमा कान्छाले गफ उडाउने मुखले धुवाँ उडाउने बानी छैन भन्यो । गफ सुरु भयो । पहिले बुद्धिप्रसादले बाजेको पालामा एउटा भएङ्कर हात्ती भन्दा पनि धेरै ठुलो भैसी पालेको थियो । त्यो भैसीको एउटा सिँङ तिब्बतसम्म र अर्को सिँङ कलकत्तासम्म पुगेको थियो । उनका हजुरबुबा त्यही सिँङमा चढेर तिब्बतबाट

नुन र कलकत्ताबाट कपडा ल्याउने गर्थे । त्यो भैसीले उक दिनमा पचास पाथी दूध दिन्थ्यो, हामी सबै जना खिरै खिर खान्थ्यौं । पानीको साटो दूध पिउँथ्यौं हो कि होइन ? भनेर सोध्यो । त्यसपछि कान्छालाई फसाद पऱ्यो । उसले मजबुर भएर हो भन्नुपऱ्यो नत्र जिब्रो थुतिने डर हुन्थ्यो ।

त्यसपछि कान्छोको पनि गफ सुनाउने पालो आयो र भन्यो 'हाम्रा बाबुको त एउटा विशाल घर थियो । अग्लाइले आकाश नै छोएको थियो । त्यस घरमा पाँच हजार ढोका पच्चिस हजार भ्याल थियो । मेरो सुत्ने कोठा त यो गाउँ जत्रो नै थियो । दैवको लिला एक दिन ठुलो भूकम्प आयो र त्यो घरको धुरीले कहिले सागर छुने र कहिले सगरमाथामा ठोकिने गर्दा भत्कन थाल्यो । त्यसबेला पुरैघर लडेर पुरिने मारिने डरले हामी पाँच भाइका पाँचओटी दुलहीहरू त्यस घरबाट भागेर यहाँ माइत पो आइपुगेछन् र म आज लिन आएको हो कि होइन ? भनेछ । त्यस गफले बुद्धिप्रसादको ओठ तालु सुक्यो र आखिरमा उसले पनि हो भन्नै पऱ्यो । त्यसपछि कान्छाले गफमा चतुराई गरेकाले पाँचओटी कन्यालाई अघिअघि लगाएर रातारात आफ्नो घरमा भित्र्यायो । उसको बाबुले घरमा एकैचोटि पाँचओटी बुहारी भित्र्याएको उपलक्ष्यमा खोरबाट छानेर पन्ध्रओटा गतिला गतिला खसी छिनाल्यो । सारा गाउँलेलाई भोज खुवायो । आखिरमा कान्छाको चतुऱ्याँइलाई सबै गाउँलेले तारिफ गरेर छाडे ।

सुन्नेलाई सुनको माला,भन्नेलाई फूलको माला

यो कथा बैकुण्ठ जाला, भन्नेवेलामा सुटुक्क आइजाला ।

स्रोत व्यक्ति : गोविन्द नेपाल

उमेर : ५९ वर्ष

ठेगाना : खोटाङ जिल्ला दिक्तेल-रूपाकोट-मझुवागढी नपा वडा नं १ आचार्य गाउ

५. टुहुराको पनि अवश्य दिन फिर्छ

एउटै टुहुरो केटो थियो । आमाबाबु नभएका कारण ऊ बिहा गरीसकेकी दिदीका साथ बस्थ्यो । दिदीले भाइलाई बिहान बेलुकी घरको काम लगाउँथी र दिउसो गाई चराउन पठाउने । घरमा रहँदा पनि दिदीले भाइलाई भेदभाव गर्थी आफ्नो लोग्नेलाई र छोरा छोरीलाई मिठा खानेकुरा चामलको भात दिन्थी भने भाइलाई ढुटाको रोटी, सिस्नुको साग, बोराको ओढ्ने बोराकै कपडा र सुत्नको लागि ढोकाको कुनामा ठाउँ दिदिँरहिँछ । उसले केही कुरा सम्झाउनु बोलाउनु पर्थ्यो भने कुचाले हान्दी रहिछे । यो उसको लोग्नेलाई समेत थाहा थिएन । एकदिन त्यो केटो सधैझै ढुटाको रोटी बोकेर गोठालो गएछ । त्यसदिन चाडपर्व परेको हुनाले अरू गोठालाले ल्याएको मिठो रोटी उसलाई दिएन । उसले त्यो ढुटाको रोटी कुनै एउटा रुखको टोड्कामा राखेछ र भोलिपल्ट आएर खोजेछ । रोटी खोज्दै जाँदा उसले एउटा दूधको पोखरी पनि फेला पारेछ । त्यो पोखरी वनका भैँसीहरूले आफू चर्न गएका बेला स-साना पाडापाडी नभोकाउन भनी जम्मा गरिदिएका रहेछन् । उसले त्यो दूध पिएर पोखरी नै सुकाइदिएछ ।

उता दूधको पोखरी सुकेको र आफ्ना पाडा-पाडी भोकाएको थाहा पाएर कसले दूध खायो होला भनेर एउटा भैँसी चियो गर्न बसेछ । दिउसो मध्यान्हमा त्यो भैसीलाई तिर्खा लागेछ र पानी खान नजिकैको तलाउनमा गएछ । जब भैँसी पानी खान तलाउमा गयो तर केटोले दूधको पोखरी नै सुकाइ दियो । अर्को भैँसी चियो गर्न बसेछ । उसलाई पनि तिर्खा लागेर पानी पिउन गएका बेलामा केटाले दूधको पोखरी रित्याइदिएछ । भैँसीले यो कुरा राँगालाई सुनाइ दिएछन् र एउटा राँगो अर्को दिन आएर चियो गर्न बसेछ । राँगोले केटाले दूध पिएर हतपत्त रुखमा गएर लुक्ने गरेको चाल पाएछ र रुखको फेदमा गएर सिँगौरी हान्न थालेछ । त्यस बिचमा रागोले केटालाई भनेछ "मेरो ढाडमा हाम फाल्यौ भने सम्पूर्ण राँगा र भैँसीको मालिक बनौला नत्र म रुखसहित ढालेर मारिदिन्छु" । केटोले साहसका साथ राँगाको ढाडमा हामफाल्यो र जुरुक्क उभियो पनि त्यसपछि ऊ सम्पूर्ण भैँसीको मालिक बन्यो । उता उसकी दिदीका गाईवस्तु जङ्गलबाट चरेर साझमा घर फर्किए तर भाइ आएन भाइ नआएकोमा दिदीले खासै चिन्ता प्रकट गरिन । लोग्ने र छोरा छोरीले सोध्दा ऊ आफ्नै घर गयो भन्ने जवाफ दिई । यसका धेरै वर्षपछि त्यो केटो प्रशस्त दूध, दही र घ्यू बेचेर धेरै धनी बन्यो । उसले जङ्गल नजिकै धेरै जमिन किन्यो । भैँसी र राँगालाई बाध्ने गोठ पनि बनायो र एउटी राम्री केटी विवाह गरेर आनन्दका साथ जीवन बिताउन थाल्यो । यसै

बिचमा एकदिन दिदी चाहिँले कसैको माध्यमद्वारा भाइको बारेमा सुनी त्यस बेला मात्र मेरो माइती भन्दै भाइ धनी भएको कारण भाइका घरमा पुगी । त्यहाँ भाइले अचानक गरेको प्रगति देखेर भित्र भित्रै जल्न थाली र भाइसँग एउटा भैंसी दाइजो मागी । भाइले भैँसीको घाँटीमा बाध्ने घण्टी तयार भएपछि लानु भन्यो र कामी कहाँ गएर ढोकाको कुनामा बास, ढुटाको रोटी, सिस्नुको साग, बोराको ओछ्यान र कुच्चाको चोट" भन्ने आवाज निस्क्यो । यो कुरा दिदी, उसको लोग्ने र छोराछोरी सबैले थाहा पाए र दिदीले भाइप्रति गरेको दुर्व्यवहार सम्झेर माफी माग्न गए र सबै जना मिलेर आनन्दका साथ बसे ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला

यो कथा बैकुण्ठ जाला, भन्नेवेलामा सुटुक्क आइजाला ।

स्रोत व्यक्ति : गोविन्द नेपाल

उमेर : ५९ वर्ष

ठेगाना : खोटाङ जिल्ला दिक्तेल-रूपाकोट-मझुवागढी नपा वडा नं १ आचार्य गाउ

६. तर्साउने पाटीको कथा

एकादेशमा कुनै ठूलो जङ्गलका बीचमा एउटा धर्मशाला थियो । मूलबोटोमा पर्ने धर्मशाला भए पनि त्यँहा कोही पनि बटुवा बसोबास गर्दैनथे । यदि त्यस पाटीमा बास बस्नु परे पर्ने अवस्था आयो भने राँको बालेर भएपनि उनीहरू अर्के ठाउँमा गएर बस्थे । यदाकदा दिउँसो गाईवस्तु चराउने गोठालामात्र त्यस क्षेत्रमा आए पनि पाटीमा नै आएर बस्दैनथे । त्यो पाटी भन्दा केही पर खोलाको किनारको खेतीमा केही मानिस दिउसो काम गर्न आउँथे तर साँझ पर्नु अगावै उनीहरू त्यहाँबाट टाढा हुन्थे । मध्यान्हको घाममा गोठाला गोठालीहरू त्यो धर्मशालाको नजिकसम्म पनि जाँदैनथे । सबै जना त्यो धर्मशालादेखि डराउँथे किनकि साँझ पर्नासाथ त्यहाँ तर्साउने गर्दथ्यो । त्यो तर्साउने पाटीलाई पहिले वीरमान पाटी भन्ने गर्ने । एकदिन अर्के ठाउँका धनी व्यापारी बाबुछोरा त्यहीँ बाटो हुँदै व्यापार गर्न हिडेछन् । दुर्भाग्यवश उनीहरू गलत गन्तव्यतिर लागेछन् र रात छिप्पिदै जाँदा एउटा ठुलो सिमलको रुखको फेदमा बास बस्न पुगेछन् । उनीहरूले सोचे हामी दुईमात्र छौ भनेर तर उनीहरूलाई धेरै परको गाउँदेखि पछ्याएर आएका डाकाहरूबारे थाहै भएन् । रातको समयमा एक्कासि चारैतिरबाट डाकाहरूले छेकेर धनमाल लुटे । उनीहरूले बाबुलाई पाता कसेर रुखमा बाँधे तर छोरोलाई छुरी धसेर मारी दिए । बिचरा बाबु आफ्नै आखाँ अघि छोरोको विभत्स हत्या भएको हेर्न विवश भए र रातभर रुँदै उज्यालो पारे ।

जव बिहान भयो, खोला छेउको खेतीमा काम गर्ने मानिसहरू देखा परे । उनीहरूले कता कता मानिस कोहोलो हाल्दै रोएको जस्तो सुने । कसैले त्यस आवाजलाई तर्साएको भने कसैले पशुपन्क्षीको आवाज हो भने तर एकजना मानिसलाई पत्यार नलागेर आवाज आएका दिशातर्फ खोज्दै हिड्दा रुखमा बाँधिएको जिउँदो मानिस र थोरै पर पेटमा छुरा धसेर मृत अवस्थामा रहेको अर्को मानिस भेटाए । व्यापारीले सबै कुरा भनेपछि गाउँले सबै मिलेर छोराको सद्गत गरे । त्यसरी रुखका फेदमा व्यापारीको छोराको हत्या भएपछि त्यहीँ रुखलाई ढालेर व्यापारीले छोराको नाममा एउटा धर्मशाला बनाउन लगाएछन् । धर्मशाला बनिसकेपछि व्यापारीले पनि त्यहीँ आफ्नो देहत्याग गरेछन् । बनको माझमा धर्मशाला बनेपछि बाटो हिड्ने बटुवा ढाक्रेका हुलहरू बास बस्न लागे तर उनीहरूलाई रातभर तर्साएर सुत्न दिदैनथ्यो । ठुलो आगोको धुनी जगाएर बस्दा पनि कसैको ओढ्ने तानेर, कसैलाई सुतेको ठाउँबाट घिसारेर पर लगेर, कसैलाई उडाएर माथि पुऱ्याएर तसाई रहन्थ्यो । त्यसकारण बास बस्ने बटुवाको हुल राती नै भागेर आफ्नो बाटो तताउँथे । त्यहाँ धर्मशाला

बनेपछि खोला छेउमा खेती गर्ने मानिसहरू आएर बस्ने गर्थे तर बस्नै सक्दैनथे । रातमा मात्र नभएर दिउँसो पनि तर्साउन थाले पछि मानिसहरू दिउँसै त्यो धर्मशाला पस्न डराउन थाले । गाउँलेहरूले नतर्साओस् भनेर स्वस्तिशान्तिको लागि कति सप्ताह, वेद, रुद्री पाठ लगाए तर तर्साउन भने कति पनि कम भएन । एकदिन एकजना मानिस ससुराली जान भनेर घरबाट हिँडेछ । उसको ससुराली पुग्न त्यहीँ धर्मशालाको बाटो भएर हिडेनु पर्थ्यो । उसको ससुरालीलाई कोसेली स्वरुप खोलाको ताजा माछा पनि बोकेको थियो । विवाहपछि ससुराली उसो नगएको हुनाले बाटो कतापट्टि हो भुलेर जङ्गलको लामो बाटो पुगेछ । रात छिप्पिदै गएको हुनाले जङ्गलका जनावरको डर बढ्दै गएको थियो । ऊ कतै सुरक्षित बासस्थानको खोजीमा थियो । अचानक उसका अगाडि देखिएको त्यो धर्मशाला नै उसका लागि उचित आश्रयस्थल थियो । धर्मशालाभित्र माथिल्लो चोटाबाट कसैले खोकेको आवाज पनि सुन्थ्यो । यसो चोटातिर चियाएको त एउटा मानिस पिलपिल आगो बालेर एक्लै धुमधुम्ती बसिरहेको रहेछ । पाटीमा साथी भेटियो भनेर ऊ ढुक्क भयो । ऊ पनि माथि उक्लेर ऊसँगै गएर आगो ताप्दै बस्यो । रात छिपिदै गएपछि धर्मशालामा भएको मान्छेले भन्यो । 'त्यो के हो ? माछामाछाको गन्ध आउछ नि।' ससुराली जाने मान्छेले भन्यो । 'हो अलिकति माछा छन् तपाई नि चाख्नुहुन्छ ?

गोडादशेक माछा झिकेर उसका अगाडि राखिदियो । त्यो मान्छेले यसो सेकाए झै गरेर ती माछा कप्ल्याककुप्लुक एकै सासमा खाएसक्यो र फेरि माग्यो । त्यो पनि खाएपछि चुपचाप पेरुङ्गोबाटै आफै माछा झिकेर खान थाल्यो । त्यो मान्छेले एकैछिनमा सबै माछा सिध्यायो । त्यसपछि त्यो परदेशीलाई शङ्का लागेछ र नियालेर हेरेको त भयङ्करको अनुहार त्यसमा तीनओटा आँखा, कहिले नाक बिलाउने, कहिले मुख बिलाउने हुँदो रहेछ । त्यसपछि मात्र परदेशीलाई यो त मान्छे होइन रहेछ भन्ने शङ्का लाग्यो । नभन्दै त मुर्कट्टा रहेछ । परदेशीले अब मरिने भइयो विचार गऱ्यो तै पनि यसो पछाडि हेर्दा भ्याल खुल्लै देख्यो र जे पर्ला भनेर " हे भगवान् बचाऊ" भन्दै भ्यालबाट हाम फाल्यो र नजिकैको बुट्यानमा घोप्टो परेर सुत्यो । भोलिपल्ट बिहान खोला छेउमा खेतीगर्न आउने मानिसले अचेत अवस्थामा लडिरहेको त्यो परदेशीलाई भेटाए । उसको धुकधुकी मात्र बाँकी भएकाले धामी जैसी अनेक उपायद्वारा होस खुलाइयो । त्यसपछि उसले राती भएका सबै घटना एकै सासमा ती मानिसलाई बतायो । ती मानिसले उसलाई "किन त्यस ठाउँमा बसेको, त्यस त दिउसै तर्साउछ" भने पछि त्यो परदेशीले पनि आतिएको आतियो आँखै चिम्ल्यो । ती

मानिसले नै उसको पनि सद्गत गरी दिए र त्यो पाटीले धेरैको ज्यान लियो भनेर पूरै पाटी जलाई दिए । खोला छेउका मानिस पनि एक्लै खेती गर्न आउन छाडे र त्यो पाटीको छेउबाट पनि हिँड्न छाडी दिए ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला

यो कथा बैकुण्ठ जाला, भन्नेवेलामा सुटुक्क आइजाला ।

स्रोत व्यक्ति : प्रेमकुमार श्रेष्ठ

उमेर : ५९ वर्ष

ठेगाना : खोटाङ जिल्ला दिक्तेल-रूपाकोट-मझुवागढी नपा वडा नं ११ खार्मी

७. दाजु र भाइ

कुनै गाउँमा दाजुभाइ बसेका थिए । अंश बराबरी भए पनि भाइ अलि धनी थिए भने दाजु केही गरीब थिए । भाइले असारमा बेठी लगाउने विचार गरेछन् र गाउँका सबैलाई बोलाएछन् । यो थाहा पाएर उसका दाजुभाउजू पनि बेठीमा आएछन् । दिउँसो खाजा दिंदा पनि दाजु भाउजू घरको मानिस पछि खानुहुन्छ भनेर दिएनन् । अरू सबैले देऊ न दिनभरि काम गर्नुपर्छ किन दाजुभाउजूलाई नदिएको भन्दा घरको मानिस अहिले खानुहुन्छ भनेर खाजा दिएनन् । बेलुका भात पनि त्यही भनेर अरू खेतालालाई दिंदा दिएनन् । त्यसपछि ती जोडीलाई रिस उठ्यो र श्रीमान् दिउँसो लगाएको आली भत्काउने अनि श्रीमती आफूले रोपेको धान उखल्ने भनेर खेतमा पुगेर हातमात्र के लगाएका थिए, एउटा साक्षात्कार भगवान् उनीहरूका अगाडि देखिएर भने- तिमीहरू यस्तो काम नगर, यो मूर्खले गर्ने काम हो । यो सुनेर श्रीमान्ले सोधे तपाई को हो ? उत्तर पाए-म तिम्रो भाइको भलाई गर्ने भगवान् हुँ । तिमीहरू यस्तो काम गर्दा विग्रन्छौ भनेपछि ती श्रीमान् चाहिले सोधे-अनि मेरो भगवान् काहाँ हुनुहुन्छ ? एकपटक देखाइ दिनुहोस् न त ? भन्दा त्यहाँ उपस्थित भगवान्ले परको वरको रूख देखाउँदै त्यही रूख निर पहरामा छन् भनेर देखाइ दिएछन् ।

त्यसपछि श्रीमतीलाई घरमा लिपपोत गर्दै गर, म भगवान् लिएर आउँछु भनेर हिडेछन् । उसले भनेको ठाउँमा हेर्दा त नाग झलल बत्ती बालेर बसेको देखेर त्यही नजिकै कोदालीले खाल्डो खनेर लुकेर खाल्डामा बसेछ । त्यसपछि त्यहाँ सिंह, लम्बा (सर्प), जबमु (स्याल) श्री सूर्य र मुसा जम्मा भएछन् । त्यसपछि उनीहरूको कुराकानी सुरु भयो । ए लम्बाज्यू कसो छ, तपाईको हालचाल भने, सिंहले उत्तरमा लम्बाले आराम छु, सन्चै छ भनेछन् । श्रीसूर्यलाई लम्बाले सोधे- तपाईलाई कस्तो छ ? सूर्यले उत्तर दिए - रानी बिरामी छिन् । उनी बिरामी हुँदा मलाई आराम छ । त्यसै गरी लम्बाले बाघलाई पनि सोधे- बाघले उत्तर दिए - सत्र ढुकुटी सम्पत्ति छ मलाई धन्दा छैन भन्ने उत्तर दिए । मुसालाई सोध्दा मुसाले पनि नब्बे ढुकुटी धन छ खानाको पीर छ भन्यो । त्यसपछि यी सबै कुरा सुनेका मानिस खाल्टाबाट कुरा सुन्दा सुन्दै मुस्काइरहेका थिए । त्यही समयमा बाघले जम्बूलाई - जाऊँ मनुखे, मनुखे गन्हाउँछ एक पटक बाहिर हेरेर आऊ भन्दा जम्बू बाहिर आयो र हेऱ्यो कहीँ मानिस नदेखेपछि मानिस छैन भनी फर्कियो । केही समयपछाडि नाग बाहेक सबै आ-आफ्नो घरमा फर्किए । बेलुका एकपटक जम्मा हुनेहरूको चलन त्यो दिनको लागि सकियो त्यही समयमा पहराको टाकुराको रूखमा एउटा चरो आएर बस्थ्यो । त्यो चरा खान नाग

जाँदा बत्ती छोडियो । त्यही समयमा बत्ती टिपेर मानिस हिड्यो । जाँदा जाँदा सहरमा पुग्यो । सहर पुग्दा केही नखाएको कारण भोकले मर्न आँट्यो । साथमा बत्ती छ तर खाना केही छैन । प्रत्येक ठाउँमा गएर बत्ती राख, खान देऊ भन्दा कोही मानेनन् । कसैले पनि उनीहरूको धनले नपुग्ने भएको कारण त्यो बत्ती राख्न मानेनन् । एउटा घरमा छोराछोरी नभएका बूढाले ढुकुटीमा राख र चाहिने जति लैजाऊ भनेछन् र उसले सोही गरेछ । त्यहाँबाट रानी कहाँ गयो । त्यहाँ उसलाई सोधियो रानीलाई ठीक पार्न रानीलाई निको पार्न सक्छौ कि त भन्दा एकपटक कोसिस गर्छु भनेछ र रानीको कोठामा गयो अनि अरू केही चाहिन्न धागो लेऊ भनेर अह्रायो । राजाले बिरामी ठीक भएमा जे चाहिए पनि दिने भनेका थिए । त्यो धागो दाहिने हातको चोर औलामा बाँध्यो अनि त्यसको अर्को छेऊ लिस्नु कुनामा किला ठोकेर बाँध्यो । त्यसपछि यहाँ नलिहाड छ । त्यसलाई झिक्नुपर्छ भनेर खन्ती कोदाली लिएर खन्न थाल्यो । केही समय खनेपछि त्यो हाडको अवशेष पाइयो । त्यो झिकेपछि रानीलाई निको हुँदै गयो । राजा खुशी भएर के माग्छौ भन्दा मलाई त पाँच सय फौज सरकार भनेछ । यी पाँच सय फौजले बाघ कहाँबाट सत्र ढुकुटी धन लगे । त्यसपछि मुसाकहाँ गएर ढुकुटीको धन सबै लगे । यी सबै ठाउँबाट धन जम्मा पारेपछि भाइकहाँ पाथी माग्न गयो । उसलाई पनि लाग्यो, आफूले जम्मा पारेको सम्पत्ति कति भएछ, एक पटक भरेर हेर्नुपऱ्यो । भाइकी श्रीमती बाठी रहिछिन् ।

उनले पाथी दिंदा पाथीको छेउमा खोटो टाँसेर दिइछन् । सम्पत्ति भरेर फिर्ता गर्दा एउटा पैसा पाथीमा टाँसिएर फिर्ता गएछ । त्यसपछि बुहारीले उनका श्रीमान्लाई दाइले पैसा कमाएर ल्याएर पाथीले भर्न थाले । अब तपाई पनि पैसा कमाउन जानुहोस् भनी सल्लाह दिइन् । भाइले एकपटक दाजुलाई पैसा कमाउने उपाय सोध्यो । दाजुले पनि सोझो उपाय बताए । नजिकैको वरको रूखनिरको पहरो थियो भाइ पनि त्यही गए । सधैं जसरी नाग सिह, मुसो, जम्बू जम्मा भए । उनीहरूको बीचमा कुराकानी चल्यो । नागले अँध्यारो भयो मेरो उज्यालो चोरियो भने । बाघ, सिंहले पनि सबै चोरियो । मुसाले पनि त्यही भने । श्रीसूर्यले पनि रानीलाई निको भयो म त भुतुक्कै मरें भनेछ । किन भनेर सिहले सोध्दा उनले उत्तरमा भनेछन् । रानी घरमा बिरामी हुँदा चारैतर्फबाट मानिसहरू उनलाई हेर्न आउँथे, विभिन्न प्रकारका फलफूल ल्याउँथे । घरमा मानिसको कहिले खाँचो हुँदैनथ्यो । सधै नयाँ अनुहार हेर्न पाइन्थ्यो । अब त रानी एक्लै घरमा अरू कोही छैनन् । त्यही समयमा सिँहले जम्बूलाई मनुखे-मनुखे गन्हाउँछ, जाऊ, जाऊ बाहिर हेर भनेर अह्राएछ । नभन्दै

जम्बूले आज्ञा पालन गरेर बाहिर निस्कँदा त्यही भाइलाई देख्यो । सिंहले त्यसलाई झिरिप्प पारिदियो अनि सबै सम्पत्ति दाजु भाउजूको जिम्मामा गयो ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला ।

यो कथा बैकुण्ठ जाला, भन्नेवेलामा सुटुक्क आइजाला ।

स्रोत व्यक्ति : मिना चाम्लिङ

उमेर : ४७ वर्ष

ठेगाना : खोटाङ जिल्ला दिक्तेल-रूपाकोट-मझुवागढी नपा वडा नं १५ वाक्लिम

८. बुद्धिको खेल

कुनै गाउँमा युवायुवतीका जोडी बसेका थिए । श्रीमती चाहि साह्रै अल्छे थिइन् । एक दिन यी दुईका बिचमा ठ्याकठुक परेछ । श्रीमान्चाहीँ एउटी अर्की स्वास्नी नभइ भातै खान्न र आगै फुक्दिन भनेर श्रीमतीलाई छकाएर घरको ध्वासिमा लुकेछ । श्रीमती पनि श्रीमान् नभएको मौका पारेर तीनमाना चामलको भात पकाउन बसालिन् । माथिल्लो तल्लामा गएर एकमाना चामल एकमाना सिलाम पोल्टामा हाली र दुई मानाको मुड्ग्रे रोटी हाली । त्यसपछि उखु बारीमा गएर तीन लाकुरा उखु काटी उखु, रोटी, सिलाम, चामल सबै खाई । त्यसपछि आज तिहुन के खाँ है भनेर सोची अनि नजिकैको तीनकाने बाखाको कान खाँ भनेर आइलागी । यो सुनेर लोग्ने माथिबाट तल झरेछ अनि श्रीमतीलाई भनेछ आगो फुक्दिन भनेर बसेको हैन । किन फुकेको भन्दा त झोलामा जुम्रा परेछ । तीन लाकुरा उखु जस्तो सर्प, दुई मानाको रोटी जस्तो कान भएको दुई माना सिलाम र चामल जस्तो थेग्ला भएको सर्प देखे । यति अर्थ जाने जान नजाने नजान तीन काने बाखाको कानले धान्- म त आएँ भन्यो ।त्यसपछि आगो पुक्दिन भन्थिस आगो छ त भन्यो । त्यसपछि श्रीमतीले दिइन् झोलामा जुम्रा परेछन् । जुम्राले खायो अनि चोलो पकाउन बसालेकी भनी । मेरो लमौटी पनि चिलाएको छ । भनेर त्यही बहानमा हाल्दियो अनि ऊ चोली धुन गइन । सबै भात खाई भातले नअघाएर लमौटीमा लगेका भातका सिता टिप्दै खान थाली ।

यो कुरा श्रीमतीको श्रीमान्ले देखेछ । यो देखेर बडो राक्षस रहिछ भनेर ढुगाले हानेर श्रीमती चाहिँलाई सिध्यायो अनि त्यसको लास खाल्टोमा लुकाएर राखेछ । त्यसपछि घरमा आएर तलामाथि चढेर छोराछोरी नभाकी आमा कहाँ गइस् भनेर श्रीमतीलाई बोलाउन थाल्यो । ठूलो स्वरले बोलाएर गाउँलेलाई विश्वास दिलायो । बेलुका त्यहीँ खाल्टाको लास उठाएर ढोकामा झुण्ड्याएछ, पछि झुण्डिएर मरिछ भनेर गाउँलेले विश्वास गरे ऊ जोगियो । केही समयपछि उसलाई श्रीमतीको अभाव महशुस भयो र श्रीमती खोज्न गए । हिड्दा हिड्दै आमाका जुम्रा छोरी र छोरीका जुम्रा आमाले हेर्ने घरमा काम केही नगर्ने, भात पनि नपकाउने, पानी पनि नल्याउने, दाउरा पनि नखोज्ने आमा छोरी फेला पऱ्यो । ती छोरीका बाबु दाउरा खोजेर आए । पाहुना आएको देखेर केही पाक्यो होला कि भनेछ । यही समयमा श्रीमतीले झम्टिई । खाना सोध्दा बसी खाने गरिन् । गाग्रामा पानी सोध्दा गएर हेर भनी । पानी नभएको गाग्री बोकेर पानी लिन गयो अनि श्रीमतीले पाहुनासँग भनिन् । हाम्रो श्रीमान्को क्या निको बानी, दाउराबाट आइगए त गइगए पानी लिएर आएपछि श्रीमान्ले

श्रीमती छोरी पाउना र आफूलाई भात पकाए । भात खाएपछि तपाई किन मेरा घरमा आउनु भएको भनी सोधे पाहुनालाई सोध्दा पाहुनाले म तपाईकी छोरी माग्न आएको भन्यो । उसले भन्यो यो अल्छी छ तर पाहुनाले अल्छी पनि स्वीकाऱ्यो । बाबुचाहीँले म टीका टाला गर्छु भनेर छोरी र ज्वाइँलाई टिकाटाला गरिदियो । त्यहीँ मानिसले नयाँ श्रीमती लिएर घर गयो । त्यो घरमा एउटा कुकुर, बिरालो र पाठो रहेछन् । एक दिन त्यो मानिसले पका है कुकुर भात भनेछ । बाहिरबाट फर्केर आउँदा पाकेको पाएन । त्यो कुकुरलाई कुटेर पहराबाट फालिदिएछन् । त्यसपछि अर्को दिन बिरालोलाई भात पकाउन भनेर बाहिर निस्केछन् । बाहिरबाट आउँदा भात पकाएको पाएन । त्यसलाई पनि काटेर फालिदिएछ । अर्को दिन बाहिर निस्कने समयमा बाख्राको पाठालाई भात पकाउनु भनेर निस्केछन् । त्यसले पनि मानिस फर्कदा भात पकाउने कुरै भएन । पाठालाई पनि काटिदियो अनि श्रीमतीलाई भन्यो । तँ नहुँदा यी सबैले काम दिन्थे । तँलाई देखेर पकाएनन् । मेरो रीस मापाको छ । मेरो पारा यही हो । देखिहालिस् अब तँ भात पकाउने कि नपकाउने ? भनी पाठाको मासुको चौरासी थोक बनाउनु भनेर लगायो । अगाडिका सबैको हालत देखेकी ती दुलहीले भने बमोजिम गरिन्र जागरिया भइन् । गाउँलेले ती अल्छीका पीतालाई गाली गरेछन् । त्यो श्रीमती मार्नेलाई किन छोरी दिएको त्यो फटाहा छ । यो सुनेर हतार हतार छोरीको घरमा गएछन् । आएको समयमा छोरी चाहिँले मीठा मीठा परिकार खान दिइछ अनि उसले ज्वाइँलाई छोरी जाँगरिली कसरी भइ मेरो जहानलाई पनि यो औषधी गरिदिनु भनी बिन्ति बिसाए ।

ज्वाइँले ससुरालाई दश धार्नीको खसी, एउटा भाले कुखुरो, एक जोर परेवा खोजेर ठीक्क पार्नुहोस् म ओखती गरौला भनेर केही दिनपछि उपचार गर्न गएछ । दशधार्नीको खसी माझा आँगनमा काटेछ । भाले अँगेनामा काट्न लगाएछ । परेवा दलानमा काटेछ । बीस दिन बसेर खाएछ । भाले पनि निखो, परेवा पनि निखो खसी पनि निखियो अनि ससुराले खोइ त हजुर औषधी भनेर सोधेछ अनि ज्वाइँले अगेनाको एक धार्नी माटो खन्न लगायो र मुछ्न लगायो । परेवा काटेका ठाउँमा कुट्न लगायो । खसी काटेको ठाउँ आँगनको पनि एक धार्नी माटो जोख्न लगायो र पानी हालेर मुछ्न लगायो । त्यसपछि यी दुबै ठाउँको माटोलाई डल्लो पार भनेर लगायो । आँगनको माटो डल्लो पाऱ्यो तर अँगेनाको माटो डल्लो पार्न खोज्दा परेन अनि ज्वाइँसँग सोध्दा यो अँगेनाको माटो डल्लो भएन भने यो पनि तपाईकी छोरी र श्रीमती जस्तै फरक छ । आँगनको माटो काँचो थियो त्यो डल्लो भयो । अर्थात् तपाईकी छोरी काँचो माटोसरह हुन् भने । तपाईकी श्रीमती अँगेनाको माटो सरह

पाकेकी थिइन् । त्यही भएर उनलाई ठीक बाटोमा लगाउन सकिदैन । यो सुनेपछि ससुरा झल्याँस्स विउँझिए झैं भए र चुपचाप रहे ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला ।

यो कथा बैकुण्ठ जाला, भन्नेवेलामा सुटुक्क आइजाला ।

स्रोत व्यक्ति : सुमन पौडेल

उमेर : ४६ वर्ष

ठेगाना : खोटाङ जिल्ला दिक्तेल-रूपाकोट-मझुवागढी नपा वडा नं १२ जालपा

९. मुसा र मानिस

एकादेशमा एउटा बुढो र दुईवटा श्रीमती थिए । बुढाका श्रीमतीहरू मिलेर बसेका थिए तर अचम्म के थियो भने बुढाका कान्छी श्रीमतीबाट जन्मिएका सन्तानहरू मुसाको रूपमा थिए । अब बुढालाई अप्ठ्यारो परेको थियो । तैपनि खेतीपाती सबै जेठीका छोराहरूलाई दिए । कान्छीका सन्तान मुसा भएका कारण केही दिएनन् । जेठीका छोराले खेतीपाती गर्दा मुसाले पनि वनका रूखको जरा काटेर लौका लगाएका थिए । दुवै पक्षले बाली भित्र्याउने बेला भयो । मानिस पक्षका दाइहरूले बाली भित्र्याउँदा बालीका रूपमा भुसमात्र भयो भने मुसाको लौकामा चामलै चामल मात्र भएको पाइयो । केही समयपछि जेठीका छोराहरूले विवाह गरे, रमाइलो मनाए । यो देखेर कान्छीले आफ्ना छोरालाई भनिन् । हेर बाबु हो, तिमीहरूको विवाह हुदैन । जेठीका छोराहरूको विवाह भयो । बुहारीहरू आए काममा सघाउने भए तर तिमीहरूलाई कसले छोरी दिन्छ ? यो सुनेर मुसाले भने आमा म राजाकी छोरीसँग विवाह गर्छु ।

एकपटक दाजुभाउजू ससुराली जाँदा उनीहरूले थाहा नपाउने गरी मुसो पनि पछि-पछि लाग्यो । जाँदा जाँदा एउटा कोशी आयो । दाजुभाउजूसँग नदेखिने गरी पारि कसरी जाने उसलाई आपत पऱ्यो । तैपनि उपाय निकाल्यो । दाजुभाउजू डुङ्गामा चढेर अलिपर पुगेपछि मुसो पनि उनीहरूले नदेख्ने गरी बुर्लुक्क उफ्रेर नदीको डुङ्गामा गयो । दाजु भाउजूले थाहा नपाउँदै मुसो पनि नदी पारि पुग्यो । दाजु भाउजू नदीपार गरेर दक्षिणतर्फ लागे भने मुसोचाहिँ उत्तरतर्फ लाग्यो । मुसो जाँदा-जाँदा राजाको दरबारमा पुग्यो । दरबारको ढोका ढोका चोक चोकमा कराउन थाल्यो । यो मुसाले के खोजेको भनेर दरबारका पालेले भन्दा म राजाकी छोरी विवाह गर्न आएको, एकपटक राजासँग भेट्न देऊ भनेछ र पालेले पनि राजासँग भेट्ने व्यवस्था मिलाइ दिएछन् । त्यसपछि राजाले मुसालाई भित्र बोलाए र सबै कुरा सुने । कुरा सुनिसकेपछि राजाले आफ्ना पाँच छोरीहरूलाई पालैपालो सोधे तर चारओटीले मानेनन् तर कान्छीले मुसालाई वर स्वीकारिन् र विवाह भयो । राजाकी छोरी मुसासँग विवाह भयो भनेर सबैतिर हाँसो छायो ।

राजाले पनि छोरीलाई खुसी पारेर धन-दौलत, लावा-लस्कर लगाएर विदा गरे । जन्तीहरू बिस्तार बिस्तारै फर्कदै थिए । आधाबाटोमा आइपुग्दा बेहुला मुसा जुनारको रूखमा चढ्यो अनि जन्तीलाई तलबाट आगो लगाउन भन्यो । राजाकी छोरी पनि आश्चर्यले

हेरिरहेकी थिइन् । सबै डराएका थिए तर एकजनाले बेहुलाको आज्ञा मानेर आगो लगाइदियो । आगोको रापले मुसो फुट्यो अनि त्यसबाट सुन्दर राजकुमार निस्कियो । जन्तीहरू खुशी भएर त्यहीँ सुन्दर युवकलाई राजकुमारीका साथमा घर लिएर गए । केही समयपछि ती दुवै राजाको दरवरमा फर्किए अनि राजाले यो कसरी भयो भन्दा उनकी छोरीले सबै अगाडिको घटना दोहोरऱ्याइन । यो जानेर राजाले ती छोरी-ज्वाइँलाई आधा राज्य दिएर राखे । यसरी ती दम्पति आरामले जीवन निर्वाह गरेर रमाउँदै बसे ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला

यो कथा बैकुण्ठ जाला, भन्नेवेलामा सुटुक्क आइजाला

स्रोत व्यक्ति : सुमन पोखरेल

उमेर : ३५

ठेगाना : खोटाङ जिल्ला दिक्तेल-रूपाकोट-मझुवागढी नपा वडा नं ३ बाम्म्राङ

१०. स्त्रीको खेल

एकादेशमा राजाको छोरा सिकारमा गएका थिए । उनले सिकार खेल्न जाँदा वनमा कहिँ पानी भेट्टाएनन् । यो के कारणले पानी भएको भनी सोद्धा ज्योतिषले सात पोखरी सात इनार खन्नु अनि पानी पाइन्छ भनी बताएछन् । ज्योतिषकोअनुसार उनले सात पोखरी सात इनार खनाएछन् तर पानी आएनछ फेरि ज्योतिष कहाँ गएर पानी आएन भन्दा अब पानी निकाल्ने हो भने तपाईको कान्छी बुहारी भोग दिनुपर्छ भनेछन् । राजाले पनि सोचेछन् -सारा प्रजाले पानी खान पाउँछन् भने कान्छी बुहारीको भोग दिनुपऱ्यो । बुहारी त अर्कोपटक विवाह गर्न पनि पाइन्छ । यही कुरा ती कान्छी बुहारीले थाहा पाइछन् अनि बेलुका श्रीमान् बाहिरबाट फर्कने समयमा बत्तीसमेत नबालेर रोएर बसिछन् । उनका श्रीमान्ले उनको यो अवस्थाबारे बुझ्दा उनले पिताको योजना बताइन् । यो सुनेर राजकुमारले राजकुमारीलाई त्यहींको सातकोठे भवनमा छोडेको थियो । त्यही नजिकैको कोठामा केही समय पहिले राजकुमारले एउटा राक्षस थुनेर राखेको थियो । त्यो राक्षसको आगो लिन गएको समयमा राजाको छोरा र राक्षसको बिचमा ठूलो युद्ध भयो । युद्धमा राजकुमारले राक्षरलाई जिते अनि आगोसहित राक्षसलाई ल्याएर त्यहीँ सातकोठा मध्ये एक कोठामा थुनेर राखेका थिए । यो कुरा उनकी पत्नीलाई पनि थाहा थिएन । एक दिन उनी सिकारमा जाने समयमा श्रीमतीलाई लुगा धुन दिएका थिए, लुगा धुन दिंदा त्यसमा त्यो राक्षस बन्द गरेको कोठाको साँचो छुटेछ । उनकी श्रीमतीले पनि मलाई समेत नदेखाउने यो कोठामा के रहेछ भनी खोलेर हेर्ने चेष्टा गरिन् र खोलिन् । खोल्दा राक्षस पो रहेछ उनी आत्तिइन् । राक्षसले उनीलाई भन्यो- मलाई मान, लोग्ने बनाऊ अनि त्यो दिनको सल्लाह उनीहरूको मिल्यो । यो कुरा राजाको छोरालाई थाहा थिएन । भोलिपल्ट ऊ फेरि सिकारमा गयो । राक्षस र राजाकी बुहारी मिलेर राजकुमारलाई मार्ने योजना बनाए अनि ती महिला बिरामी परेको बहाना गर्न लागिन् । राक्षरले भनेको थियो-मलाई बिरामी पर्दा बघिनीको दूध चाहिन्छ भन्नु बाघको दूध लिन जाँदा बाघले त्यसलाई सक्छ अनि बसेर मोज गरौंला । बघिनीको दूध लिएर आए तर उनी मरेनन् । राजकुमार कम्मरमा खुकुरी भिरेर नागको खाजीमा गए । एक ठाउँमा नाग पोखरी नजिक नागहरू चरिरहेका रहेछन् । एउटा ठूलो नागले राजकुमारलाई निल्न लाग्यो । राजकुमारले कम्मरको खुकुरीले नागले जति निल्छ त्यति काटेझै गयो । नागको पुछारमा पुग्दा फिज पनि आयो अनि नाग पनि मऱ्यो । त्यहीँ फिज ल्याएर दिए । त्यसले पनि उनीलाई निको भएन । अब राक्षस र राजाकी बुहारी भएर

ऊ आउने बाटोमा एउटा खाल्टो खने । केही गरी पनि नमर्नेलाई यहीँ खाल्टोमा पारेर मार्नुपर्छ भनेर योजना बनाए । दिनभरि सिकारमा जाने राजकुमार अनि राक्षस र श्रीमती घरमा योजना बनाउने उसलाई थाहा भएन । एक दिन खाल्टोमा पऱ्यो । खाल्टामा परेको राजकुमारलाई राक्षस र जहानले मार्न लागे । यही समयमा राजकुमारले भने मलाई एक पटक बोल्न दिइयोस् उनले बोल्न पाए । खाल्टाबाट बोले "मलाई मारेपछि मुटु कलेजो झिकेर नदीमा बगाउनु" । उनीहरूलाई झन् सजिलो भयो के खोज्छस् कानो आँखा भनेझै भयो अनि राजकुमारलाई मारेर मुटुकलेजो नदीमा बगाइदिए । ठहर (टपरीं) मा हालेर बगाएको त्यो मुटु कलेजो अर्को देशका राजाकी छोरीले स्नान गरेको ठाउँमा पुगेछ । समाउन खोज्दा भाग्ने तर बिस्तारै नजिक आउने फेरि समाउन खोज्दा भाग्ने गर्दागर्दै बल्लबल्ल समाएर हेरिछन् । हेरेर बाबुलाई देखाउन हतारहतार बोलाइन् । हेर्दाहेर्दै त्यहाँ सानो केराऊ जत्रो टल्किने बस्तु थियो, त्यही बढेर गुच्चा जत्रो भयो । पछि मानिस नै भयो । बाबु आइपुगे । मेरी छोरीको विवाह गर्नपर्छ भनेर बाबुले त्यो मानिससँग प्रस्ताव राखे । उसले आइमाईको विश्वास गर्दिन भनेछ तर विवाह गरौला पहिला मेरो लास जलाउन पाऊँ भनेछ । अनि लाश जलाउन विदा लिएर गएछ । ऊ सरासर त्यहीँ सातकोठे दरबारमा पुगेछ, बाहिरबाट आएको मानिसलाई नदेखी उनीहरू (राजकुमारकी श्रीमती र राक्षस) गाला जोडेर रसरङ्गका कुरामा मस्त थिए । त्यहीँ मौकामा राजकुमारले आफ्नो लास देख्यो । पालेपहरा कुकुरले रुँघेका त्यो लासलाई आफ्नो परम्पराअनुसार जलायो अनि ती राक्षस दम्पत्तिलाई त्यहीँ खाडलमा हालेर पुरिदियो र फर्किएर आएर नयाँ राजकुमारीसँग विवाह गऱ्यो । यताका नयाँ ससुराले उनलाई आधा राज्य दिए । उनको त्यो सात कोठाको राज्यसमेत कसैले आफ्नो नयाँ राज्यमा मिलाएर शान्तिपूर्ण रूपमा राज्य गरेर आनन्दले दिन विताउन थाले ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला

यो कथा बैकुण्ठ जाला, भन्नेवेलामा सुटुक्क आइजाला

स्रोत व्यक्ति : लङ्क चाम्लिङ

उमेर : ४७ वर्ष

ठेगाना : खोटाङ जिल्ला दिक्तेल-रूपाकोट-मझुवागढी नपा वडा नं १५ वाक्लिम

परिशिष्ट (ख) स्रोतव्यक्तिको नामावली

क्र.सं	स्रोतव्यक्तिको नाम	लिङ्ग	उमेर	स्थायी ठेगाना	मिति
१.	सुमन पोखरेल	पुरुष	३५ वर्ष	दिरूम नपा.३,बाम्राङ, खोटाङ	२०८१/०२/४
२.	मिना चाम्लिङ	महिला	४७ वर्ष	दिरूम नपा.१५,वाकलिम,खोटाङ	२०८१/०२/२१
३.	जनक श्रेष्ठ	पुरुष	४७ वर्ष	दिरूम नपा.८, दोर्पा, खोटाङ	२०८१/०२/१५
४.	लङ्क चाम्लिङ	पुरुष	५४ वर्ष	दिरूम नपा.१०, पाथेका,खोटाङ	२०८१/०२/२३
५	सुमन पौडेल	पुरुष	४६ वर्ष	दिरूम नपा.१२,जालपा, खोटाङ	२०८१/०२/१३
६	बेदकुमार श्रेष्ठ	पुरुष	५५ वर्ष	दिरूम नपा.१३,नुनथला, खोटाङ	२०८१/०२/२५
७	गोविन्द नेपाल	पुरुष	५९ वर्ष	दिरूम न.पा.१, आचार्य, खोटाङ	२०८१/०२/२८
८	प्रेमकुमार श्रेष्ठ	पुरुष	६९ वर्ष	दिरूम न.पा.११, खार्मी, खोटाङ	२०८१/०२/३०

परिशिष्ट (ग) दिक्तेल-रूपाकोट-मझुवागढी नगरपालिकाको नक्सा



सन्दर्भ सामग्रीसूची

अवस्थी, कृष्णा (२०७७), *"डोटेली लोककथाको विधातात्विक अध्ययन"*, अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय कीर्तिपुर ।

ओझा, पूर्णानन्द (२०७४), *"डोटी क्षेत्रमा प्रचलित लोककथाको संरचना"*, अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग ।

कार्की, सन्तोष (२०७९), *"सङ्खुवासभाको धर्मदेवी क्षेत्रमा प्रचलित लोककथाको संरचनात्मक अध्ययन"*, अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

गिरी, जीवेन्द्रदेव (२०५०), *लोकसाहित्यको अवलोकन*, काठमाडौँ : एकता प्रकाशन ।

घर्ती, दुर्गाबहादुर (२०७९), *केही दृष्टिकोण केही विश्लेषण*, ओरिएन्टल प्रकाशन, काठमाडौँ

घिमिरे, कृष्णप्रसाद, (२०६९), *अनुसन्धानात्मक समालोचना*, कीर्तिपुर : केबीसी पब्लिकेसन

थापा, धर्मराज र सुवेदी, हंसपुरे (२०४१), *नेपाली लोकसाहित्यको विवेचना,* काठमाडौँ : पाठयक्रम विकास केन्द्र, त्रिभुवन विश्वविद्यालय ।

दाहाल, इन्दिरा (२०८०), "दमक क्षेत्रका धिमाल जातिमा प्रचलित नेपाली लोककथाको संरचनात्मक अध्ययन", अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय कीर्तिपुर ।

दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका, राष्ट्रिय जनगणना २०७८, काठमाडौँ : केन्द्रीय तथ्याङ्क विभाग ।

दिवस, तुलसी (२०३२), *नेपाली लोककथा : एक अध्ययन*, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

पराजुली, मोतीलाल (२०५४), *"नेपाली लोककथाका अभिप्रायको अध्ययन"*, अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग ।

पराजुली, मोतीलाल (२०७१), *नेपाली लोककथा : सिद्धान्त र विश्लेषण*, काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन प्रा. लि. ।

पौडेल, ईश्वरा (२०७६), *"ट्याम्केमैयुङ क्षेत्रमा प्रचलित लोकगीतको संरचनात्मक अध्ययन"*, अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग ।

पौडेल, द्रोणकुमार (२०७४), *लोकवार्ता सिद्धान्त र नेपाली सन्दर्भ*

पौड्याल, षडानन्द (सन्२०२१ पृ.१५४-१५६), 'कथाको सैद्धान्तिक विमर्श' त्रिभुवन विश्वविद्यालय, अनुसन्धान शाखा (https://www.researchgate.net/search.Search. Search.html), DOI:10.3126/ijmss.v2i2.42624

बन्धु, चूडामणि (२०५८), *नेपाली लोकसाहित्य*, काठमाडौं : एकता बुक्स ।

भट्ट, नवराज (२०७४) "डोटी जिल्लाको डुम्राकोट क्षेत्रमा प्रचलित लोककथाको अध्ययन", अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग कीर्तिपुर ।

भट्टराई, तीर्थराज (२०८०), *वार्षिक नगर विकास योजना,* दिक्तेल : नगर कार्यपालिकाको कार्यालय ।

लामिछाने, कपिलदेव (२०७७), *लोकसाहित्य सिद्धान्त*, काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६०), *नेपाली कविताको इतिहास,* काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६२), *कविताको संरचनात्मक विश्लेषण*, काठमाडौं : रत्न पुस्तक भण्डार ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६३), *कविताको संरचनात्मक विश्लेषण*, काठमाडौं : रत्न पुस्तक भण्डार ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६८), *लोकसाहित्य परिचय,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

लुइटेल, खगेन्द्रप्रसाद, (२०६८), संरचनाको स्वरूप र विशेषता, सम्पा. राजेन्द्र सुवेदी र

शर्मा, मोहनराज (२०४८), *शैलीविज्ञान* काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

शर्मा, मोहनराज (२०५५), *समकालीन समालोचना : सिद्धान्त र प्रयोग*, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज (२०७९), *शैलीविज्ञान,* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

Bal,M. (2017). Narrotology: Introduction to the Theory of narrative (4th ed) University of Toronto Press.

Chatman, S. (1978). Stoty and discourse: Narrative structure in fiction and film. Cornell University Press.

Fludernik,M. (2009).An introduction to narratology (Patricia H.G.and Monika F.,Eds.) (pp 99).Routledge

Labov, W. (1972). Language in the inner city: Studes in the Black English vernacular (pp 370). University of Pennsylvania Press.

Todorov, T. (2005). Reading as construction. In M.j. Hoffman and P.D. Murphy (Eds.), Essentials of the theory of fiction (pp.153-154). Duke University Press.